# पोखरा महानगरका पाँच वर्ष



## पोखरा महानगरका पाँच वर्ष

| | | |
|---|---|---|
| **सल्लाहकार** | : | मानबहादुर जिसी प्रमुख |
| | | मञ्जुदेवी गुरुङ, उपप्रमुख |
| | | बलराम रिज्याल, प्रमुख प्रशासकीय अधिकृत |
| **लेखन/सम्पादन** | : | झलक सुवेदी |
| **सम्पादन सहयोगी** | : | माधव बराल |
| | | लक्ष्मण तिमिल्सिना |
| **रिर्पोटिङ** | : | नवराज सापकोटा |
| | | एकराज गिरी |
| | | प्रकाश ढकाल |
| | | धन बस्नेत |
| **तस्वीर** | : | जीवन सुवेदी |
| **लेआउट** | : | प्रदिप कुमाल |
| **व्यवस्थापक** | : | किरण कोइराला |
| | : | भरतराज पौडेल |
| | : | अशोककुमार सुनार |
| **प्रकाशक** | : | पोखरा महानगरपालिका |
| **सर्वाधिकार** | : | पोखरा महानगरपालिका, न्युरोड, पोखरा |
| **प्रकाशन मिति** | : | वैशाख २०७९ |




## प्रकाशकीय

# महानगरले लय समातेको कार्यकाल



**मानबहादुर जिसी**
प्रमुख
पोखरा महानगरपालिका

नेपालको संविधान २०७२ जारी भएसँगै नेपाल संघीय शासन प्रणाली भएको राज्य व्यवस्थामा प्रवेश गरेको हो । स्थापना कालदेखि नै केन्द्रिकृत शासन प्रणाली अप्नाइएकोले शक्ति र स्रोतको अत्यधिक केन्द्रीकरण हुने गरेको थियो । त्यसले काठमाडौंमा समग्र देशको अर्थतन्त्रको ठूलो हिस्सा केन्द्रित हुने, वृत्त या मोफसलको आयस्ता उहिले उहिले भूमि करका माध्यमबाट र पछिल्लो समयमा बसाइ सराइ र वस्तु तथा सेवाको खरिदका माध्यमबाट काठमाडौंमै सोहोरिँदै आयो । वृत्त या मोफसल गरिब रहने, सिमान्तीकरण हुँदै जाने र काठमाडौंमा सुविधा केन्द्रित हुँदै जादा समग्र विकासका प्रतिफलहरु काठमाडौं भरिए, काठमाडौंको पनि एउटा हिस्साले सोहोर्ने र अरु ठाउँमा झरि बन्द भइसकेपछि खरको छानोबाट चुहेको बलेंसी जस्तो थोपा थोपा खस्ने अवस्था भयो । यसका विरुद्ध उठेका माग र समानुपातिक विकासका लागि भएका दबाबका बीच संविधानले तीन तहका अधिकार सम्पन्न सरकारको परिकल्पना गरेको हो । यसै क्रममा पहिले स्थानीय निकायका रुपमा प्रत्यायोजित सीमित अधिकार प्रयोग गर्ने परम्परा रहेको ठाउँमा संघीय प्रणाली अनुरुपको अधिकार सम्पन्न स्थानीय सरकारहरुको परिकल्पना भएको हो । संविधानको त्यही परिकल्पनालाई व्यवहारिक रुपमा लागू गर्ने क्रममा स्थानीय तहहरुको पुनर्संरचना गरिएको हो । पोखरा महानगरपालिका त्यसैक्रममा स्थापना भएको देशकै ठूलो महानगर हो । ३३ वडामा फैलिएको पोखरा गण्डकी प्रदेशको राजधानी र काठमाडौं उपत्यका बाहिरको सबैभन्दा महत्वपूर्ण आर्थिक केन्द्र पनि हो । छिट्टै सञ्चालनमा आउन थालेको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, खुल्न लागेको कोरोला नाका र चिनको तिब्बतदेखि भारतसँगको प्रत्यक्ष सम्पर्क मार्गको संगमस्थलका रुपमा पोखराका सम्भावनाहरु थप मजबुत हुँदैछन् । त्यस्तो समयमा स्थानीय तहको पहिलो निर्वाचनमा विजयी भएर आएसँगै २०७४ जेठ बाट हाम्रो टिमले महानगरको नेतृत्व सम्हालेको थियो । महानगरमा नेकपा एमालेबाट निर्वाचित

जनप्रतिनिधिहरुको बहुमत रहेपनि नेपाली कांग्रेसको पनि सम्मानजनक उपस्थिति रहेको छ । यसैले हाम्रो पाँचवर्षे कार्यकालका नीतिहरुमा नेकपा एमालेको छाप अवस्य छ तर हामी दुई पार्टीका प्रतिनिधिहरुको अन्तर्क्रिया र सहमतिका आधारमा नै यो महानगरका नीति तथा कार्यक्रम र योजनाहरु अघि बढेका हुन् । पाँचवर्षको अवधिमा भएका काम र उपलब्धिहरु तथा गर्न बाँकी रहेका या नसकिएका कामहरुको समीक्षा सहितको यो पुस्तक हाम्रो पाँच वर्षे कार्यकालको अभिलेख हो ।

हामीले जनताका बीचमा जे जस्तो प्रतिवद्धता गरेर निर्वाचित भएका थियौं त्यसको परीक्षण गर्ने समय पनि आएको छ । यहि महिनाको अन्त्यमा सबै स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न हुँदैछ । यस अवसरमा हामी विगत पाँच वर्षका काम र अनुभवहरु सबै महानगरवासीसँग बाँड्न चाहन्छौं । त्यसैका लागि यो अभिलेख पुस्तक तयार पारिएको हो । पाँच वर्ष अगाडिसम्म पहिले भिन्ना भिन्नै गाउँ विकास समितिहरु, लेखनाथ नगरपालिका र पोखरा उपमहानगरपालिकका रुपमा अलग अस्तित्वमा रहेका, सोही अनुरुपको मनोविज्ञान भएका नागरिकहरुलाई एउटै महानगरका नागरिकका रुपमा एकतावद्ध पार्नुपर्ने एउटा महत्वपूर्ण दायित्व हाम्रो काँधमा थियो । कमसेकम उपत्यका वरपरका पहाडी भेग र पूर्वाधारहरुमा पछि परेका क्षेत्रका नागरिकलाई महानगरको नागरिक हुँ भन्ने आभाष दिलाउन सडक सम्पर्क सञ्जालमा जोड्नु आवश्यक थियो । त्यसका लागि हामीले २७ वटा मुख्य सम्पर्क सडकहरुमा काम गऱ्यौं । अहिले सबैलाई मुख्य सहरसँगको सहज पहुँचमा ल्याइएको छ ।

हाम्रो अर्को मुख्य काम भनेको १६ वर्षसम्म कर्मचारी प्रशासनबाट गरिएको नेतृत्वका कारण उत्पन्न मनोविज्ञान बदल्नु थियो । कर्मचारीहरु र राजनीतिक नेतृत्वका बीच निर्णय प्रक्रियादेखि निर्णय कार्यान्वयन र सेवा प्रवाहसम्मका काममा रहेको नोकरशाही ढर्रा बदल्नु पर्ने थियो । त्यो काममा वडाका जनप्रतिनिधिहरुले महत्वपूर्ण भूमिका खेल्नु भयो । कर्मचारीहरुलाई समेत आफ्नो नेतृत्व जनप्रतिनिधिरुमा पुगेको स्वीकार गर्न समय लागेको थियो । यसले पनि हाम्रो सोंचाइलाई व्यवहारमा रुपान्तरण गर्न समय लाग्यो ।

हाम्रो कार्यकालको अर्को समस्या संघीयता कार्यान्वयनका लागि आवश्यक कानुनहरुको तर्जुमा र कर्मचारी समायोजनमा संघीय तथा प्रदेश सरकारहरुले गर्नुपर्ने निर्णय ढिलो भएकोले सिर्जना भएको थियो । दर्जनौं कानुनहरु निर्माण गर्न हामी भन्दा झण्डै एकवर्ष पछि निर्वाचित भएर आएको संघीय सरकारलाई नै थप एकवर्ष लाग्यो । कर्मचारी समायोजनको काम अर्को दुईवर्षसम्म पनि पूरा भएन ।

यही बीचमा आएको कोरोना महामारीले विकास निर्माण र आर्थिक गतिविधिहरुलाई ठप्पै पाऱ्यो । महानगरको स्रोत समेत महमारीका उपचारात्मक र प्रतिकारात्मक कार्यमा प्रयोग गर्दा सोचे जति काम हुन सम्भव नै थिएन ।

यसका बाबजुद हामीले वडाबाट हुने सेवा प्रवाहलाई पहिले रहेका भवनको स्तरोन्नति र नयाँ भवनहरुको निर्माण गरेर सहज बनायौं । वडाध्यक्ष र वडासदस्यहरुले आफूलाई जनताका दैनिक काम र वडाका पूर्वाधार निर्माण तथा सहरको ब्युटिफिकेसन गर्नमा लगाउनु भयो । कार्यपालिका र नगर सभाले आवश्यक कानुनहरु बनाएर र बजेटको उच्चतम प्रतिफल आउने गरी विनियोजन गरेर नगरवासीका अपेक्षा र जनतासँग गरिएका प्रतिवद्धता पूरा गर्ने अथक प्रयास गरिए । संस्थागत रुपमा शिक्षा, स्वास्थ्य, खानेपानी, सामाजिक सुरक्षा समेतका क्षेत्रमा महत्वपूर्ण कामहरु भएका छन् । ज्येष्ठ नागरिक, बालबालिका र विपन्न असहायहरुलाई राज्यले संरक्षण गर्छ, हेर्छ भन्ने सन्देश प्रवाह गर्ने गरी काम भएका छन् । सार्वजनिक निजी साझेदारी (सानिसा) अवधारण स्थापित गरी केही परियोजनाहरु कार्यान्वयनको तहमा पुगेका छन् । फोहोर व्यवस्थापनका लागि ल्यान्डफिल साइट निर्माण गर्ने जग्गाको निर्धारण गरिएको छ । सहरका चोकहरु फराकिलो पार्ने, पार्कहरु निर्माण, राष्ट्रिय विभूति पार्क व्यवस्थित हुँदै गएको छ । सहरभित्रका विद्युत लाइनलाई अन्डरग्राउन्ड गर्न साझेदारीमा बोलपत्र आह्वान भएर अगाडि बढेका छन् ।

जनतालाई सुलभ र छिटो न्याय दिन महानगरको न्यायिक समितिले देशभरमै उदाहरणीय काम गरेको छ । उपमेयरसँग महिला कार्यक्रमले सयौं विपन्न र असहाय महिलाहरुलाई स्वरोजगार बन्न आधारभूत सहयोग गरेको छ ।

सडकमा हाम्रा लागि नयाँ मानिएको अस्फाल्ट प्रविधि प्रयोग गरेर विस्तार गरिएको छ । महानगरले आफ्नै लगानीमा पुलहरु निर्माण गरेको छ । संस्थागत रुपमा गण्डकी प्राविधिक विद्यालय सञ्चालन गरिएको छ, शैक्षिक पूर्वाधारमा पर्याप्त काम भएका छन् । स्वास्थ्य सेवालाई जनताको पहुँचमा पुऱ्याउन सेवा इकाइहरुको विस्तार र अस्पतालको सञ्चालन गरिएको छ । समग्रमा महानगरको भौतिक तथा मानवीय विकासका क्षेत्रमा महत्वपूर्ण काम यस अवधिमा भएका छन् । तर यति नै हाम्रो लक्ष्य थिएन, अझ थप गर्न नसकिएको मैलाई अनुभूति हुन्छ । महानगरको संस्थापक प्रमुख हुनुको नाताले समृद्ध महानगर निर्माणका लागि जग बसाउने महत्वपूर्ण कामहरु भएका छन् । यस बीचमा गत साउन १ गते मेरो स्वास्थ्यमा अचानक आएको घातक अवस्थाले नगरको कामलाई केही समय गतिहीन बनायो । उपमेयर मञ्जु गुरुङ, नगरपालिकाका सबै जनप्रतिनिधिहरु र कर्मचारीहरुको सहयोगमा त्यसलाई छिटै लयमा ल्याइयो ।

हाम्रा सबै सफल काम र उपलब्धिमा हरेक वडामा निर्वाचित जनप्रतिनिधिहरु र महानगरका मेयर तथा उपमेयरसहित समग्र कर्मचारी प्रशासनको योगदान छ । हामीलाई मार्ग निर्देश गर्ने संघीय तथा प्रदेश सरकार, यस जिल्लाबाट प्रतिनिधित्व गर्ने तीन वटै निर्वाचन क्षेत्रका माननीय सदस्यहरु, प्रदेश सभाका माननीय सदस्यहरु, विभिन्न समयमा नगरपालिकाको प्रशासनिक नेतृत्व गर्नुभएका प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतज्यूहरु, समग्र कर्मचारी संयन्त्र, हामीलाई सहयोग र सुझाव दिने, आलोचना गर्ने नगरवासी सबै नागरिकको सहभागितामा यो पाँच वर्षका उपलब्धि हासिल भएका हुन् । जे जति कमजोरी भएका छन् त्यसका लागि प्रमुखका रुपमा म जिम्मेवारी लिन्छु ।

यस क्रममा सहयोग गर्नुहुने महानगरवासीहरु उपमेयरसहित सम्पूर्ण जनप्रतिनिधिहरु र यसको विकासमा चिन्ता लिएर सहयोग गर्ने, सल्लाह दिने, योजना निर्माणमा सहभागी हुनुहुने सबै सबैलाई म हार्दिक धन्यवाद दिन्छु ।

यो कार्यकाल महानगरको संस्थागत विकास र एकीकृत भावनाको थालनीको कार्यकाल पनि हो । यो कार्यकाल नेपालको इतिहासमा पहिलोपटक भुइँतहका नागरिकले आफ्नो नजिक सरकार भएको महसुस गर्ने गरी आएका परिवर्तनको संस्थागत विकास गर्ने अवसर पनि थियो । वेवास्ता गरिएका नागरिकले आफूलाई सार्वभौम भएको अनुभूति गर्ने गरी संघीयता कार्यान्वयनको पहिलो चरणमा काम गर्न पाउँदा हामी आफूलाई गौरवान्वित महसुस गर्छौं ।

पुस्तक तयारी र प्रकाशनको काममा सहयोग गर्ने उपमेयर मञ्जु गुरुङ, प्रमुख प्रशासकीय अधिकृत बलराम रिज्याल, महानगरका सबै वडाध्यक्षहरु, जनप्रतिनिधिहरु, कर्मचारी साथीहरु मेरो सचिवालयका सहयोगीहरु सबैलाई धन्यवाद । अन्तमा यो अभिलेख तयार पार्ने काममा लेखन तथा सम्पादनको काम गरेर लेखक तथा मेरा पूराना मित्र झलक सुवेदीले महत्वपूर्ण सहयोग गर्नुभएको छ । वहाँलाई विशेष धन्यवाद दिन चाहन्छु ।

पोखरा
वैशाख २०७९

खण्ड १ परिचय

खण्ड २ महानगरको संगठनात्मक संरचना

खण्ड ३ परिकल्पना, प्राप्ति र भविष्य

खण्ड ४ मुख्य उपलब्धिहरू

खण्ड ५ अनुभूति

खण्ड ६ विविध गतिविधि/कार्यहरू

खण्ड ७ विभिन्न क्षेत्रका व्यक्तित्वहरूको विचार

खण्ड ८ ३३ वडाका पाँच वर्ष



महानगरका पाँच वर्ष



# खण्ड १

# महानगरको परिचय

# राजनीतिक तथा भौगोलिक अवस्था



पोखरा नेपालकै सबैभन्दा ठूलो महानगरपालिका हो । नेपालको संविधान २०७२मा तीन तहका सरकारसहितको संघीय प्रणालीको व्यवस्था गरियो । त्यसैअनुरुप भएको राज्य पुनर्संरचनाका क्रममा ३३ वटा वडा रहेको पोखरा लेखनाथ महानगरपालिका बनेको थियो । स्थानीय तहको संरचना बनाउन गठित राज्य पुनर्संरचना अयोगको सिफारिसका आधारमा २०७३ फागुन २७ गते साविकका पोखरा उपमहानगरपालिका र लेखनाथ नागरपालिकासहित भरतपोखरी, निर्मलपोखरी, कृष्ति नाच्नेचौर, पुम्दीभुम्दी, चापाकोट, कास्कीकोट, सराङकोट, हेमजा, पुरन्चौर, लामाचौर, अर्मला, भलाम, मौजा, काहुँ, आर्वाविजय गाविसका साथै तत्कालीन कालिका गाविसका १ र ५ नम्बर वडाहरु, माझठानाका १, ४ र ९ नम्बर वडाहरु र भदौरे तामागीका ३ र ९ नम्बर वडाहरु मिलाएर यो महानगर बनाइएको हो । पहिले पोखरा लेखनाथ नाम राखिएकोमा नगर सभाको बैठकबाट माग भए बमोजिम २०७५ साउन २३ को मन्त्रिपरिषद्को निर्णय अनुसार पोखरा महानगरपालिका नामाकरण भएको हो ।

महानगरका ३३ वडाहरु कास्कीका तीन वटा प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र तथा ६ वटै प्रदेश सभा निर्वाचन क्षेत्रमा विभाजित छन् । अर्थात महानगरलाई कास्कीबाट निर्वाचित हुने सबै संघीय र प्रदेश सांसदहरुले प्रतिनिधित्व गर्छन् । गण्डकी प्रदेशको राजधानी पनि पोखरा नै रहेकोले यसको राजनीतिक प्रशासनिक र आर्थिक महत्व झन बढेको छ ।

पोखरा महानगरपालिका कास्की जिल्लाका ५ वटा स्थानीय तहमध्ये एक मात्र नगर हो । यसको पूर्वमा मादी र रूपा गाउँपालिका, पश्चिममा अन्नपूर्ण गाउँपालिका, पर्वतको मोदी गाउँपालिका र कुश्मा नगरपालिका तथा स्याङ्जाको आँधीखोला गाउँपालिका, दक्षिणमा स्याङ्जाकै फेदीखोला गाउँपालिका, पुतलीबजार नगरपालिका र तनहुँको शुक्लागण्डकी नगरपालिका तथा उत्तरमा कास्कीकै माछापुच्छ्रे र मादी गाउँपालिका छन् ।

सेती नदी, विजयपुर खोला, फुस्रे खोला, याम्दी, हर्पन, कालीखोला, भलाम खोला, काहुँखोला, बुलौंदी, तालखोला, सुरौदी, कोत्रे र गढुवा खोला यहाँका मुख्य नदी प्रणालीका रुपमा रहेका छन् ।

फेवा, बेगनास, रुपा, दिपाङ, खाष्टे, गुँदे, मैदी, न्यूरेनी ताल र कमलपोखरी यहाँका ताल तलैया र सिमसारहरु हुन् । ती सबै विश्व रामसार सूचीमा सूचीकृत छन् । केही वर्ष यता सहरीकरण र मानवीय हस्तक्षेपका कारण यी ताल तलैयाको क्षेत्रफल घट्दै गएको छ । संरक्षणका प्रयासहरु पनि भइरहेका छन् ।

महानगरको कुल क्षेत्रफल ४६४.२४ वर्गकिमी छ । पोखराको भूगोल समुद्री सतहबाट ५०९ मिटरदेखि २६२५ मिटर उचाइमा फैलिएको छ । उचाइको यही विविधता अनुसार यहाँको जलवायु र हावापानीमा



विविधता पाइन्छ । उत्तरमा उच्च पहाडी भाग र पञ्चासे क्षेत्रमा लेकाली चिसो हावापानी छ भने दक्षिणका वेंसीहरु र नदी किनारमा समशितोष्ण हावापानी पाइन्छ । पञ्चासेको लेक र अर्मला भन्दा माथिको कालीमुडेको लेकमा हिउँदमा कहिलेकाहीँ हिउँ पर्दछ । नेपालमा सबैभन्दा धेरै पानी पर्ने स्थानका रूपमा पनि पोखराको नाम आउँछ । यहाँ वार्षिक रूपमा औसत ४ हजारदेखि ४ हजार ५ सय मिलिलिटरसम्म वर्षा हुन्छ ।

पोखरालाई अन्नपूर्ण श्रृंखलामा उत्पत्ति भएर यस क्षेत्रबाट बहने सेती नदीको आसपास भुस्खलन हुँदा पानीसँग मिसिएर आएको चुना मिश्रित चट्टान थेग्रिएर बनेको उपत्यका मानिन्छ । चुना मिश्रित चट्टानमा पानी मिसिदा पग्लने र चुन पग्लेपछि भूसतह मुनी खोक्रोपन बनेर सतह भासिने गरेकोले भौगर्भिक विभाजन अनुसार घाचोक खण्ड जोखिमयुक्त रहेको मानिन्छ । पोखरा उपत्यका निर्माणको यो प्रकृतिका कारण यहाँ ताल तलैया बनेका, अहिले पनि कतै कतै भासिने गरेको र सतहमुनि कमजोर रहेको मानिन्छ । यही उपत्यकाको बीचबाट बहने सेती नदीले पोखराको मध्य भागमा गहिरो गल्छी बनाएको छ जुन रहस्यपूर्ण आकर्षणका रुपमा मान्छेहरुलाई लोभ्याइरहन्छ । यही भूवनोटका कारण प्राकृतिक रुपले बनेका गुफा पनि यहीँ रहेका छन् ।*

पोखरामा मानिसहरुको बसोबास कहिलेदेखि भयो भन्ने यकिन इतिहास नभएपनि यहाँ कम्तीमा ७ सय वर्ष यता खस आर्य समुदायको बसोवास रहि आएको मानिन्छ । त्यस अघि यसको वरपरका क्षेत्रमा मगरहरुको वस्ती रहेको र उपत्यकामा निकै ढिलो गरेर वस्ती बसेको मानिन्छ । उत्पादक जमिन, अनुकूल मौसम र हावापानीका कारण यहाँ छिटो छिटो बस्ती विस्तार भएको थियो । कास्की राज्यको हिउँदे राजधानी बाटुलेचौरमा थियो, कास्कीकोट कस्केली शाहवंशको राजधानीका रुपमा नेपाल एकीकरण अघिसम्म कायम रहेको थियो । पोखरामा काठमाडौं उपत्यकाबाट नेवारहरुलाई झिकाइ उद्योग व्यापारमा लगाउने काम कास्कीकै शाह राजाहरुले गरेका थिए ।

गण्डकी प्रश्रवण क्षेत्रमा पर्ने पोखरा वरपरका उच्च भेगलाई गुरुङ आदिवासीहरुको थलो मानिन्छ । दोस्रो विश्वयुद्धपछि पोखरामा सोल्जरबोर्ड हाइस्कुल, सोल्जरबोर्ड अस्पताल र भारतीय पेन्सन क्याम्पको स्थापनासँगै पोखरामा यस वरपरका गुरुङ र मगरहरुको बसाइसराइ आरम्भ भएको हो । ब्रिटिस गोर्खा भर्ती केन्द्रका रुपमा दिपमा ब्रिटिस क्याम्पको स्थापना भएसँगै फैलिएको गुरुङ र मगरहरुको वस्ती पछि ब्रिटिस गोर्खाहरुलाई ब्रुनाइमा सेकेन्ड करियरमा जाने अवसर मिलेसँगै तीव्र रुपमा विस्तार भएको हो । * अहिले पोखरा मुख्यतया खस आर्यहरु, गुरुङ, नेवार र मगरहरुको अधिक संख्या रहे पनि मुस्लिम, थकाली, ठकुरी, दलित समेत विभिन्न जातिहरुको मिसमास स्थलका रुपमा विकास भएको छ ।

---

- डा. विश्व शाक्य, पोखराको भौगोलिक संरचना र विकास, स्वर्ण जयन्ती स्मारिका, पृथ्वीनारायण क्याम्पस पोखरा ।
- थप जानकारीका लागि हेर्नुहोस् झलक सुवेदीद्वारा लिखित पुस्तक ब्रिटिश साम्राज्यका नेपाली मोहरा, गोर्खा भर्तिको नालीबेली ।

# पोखरा महानगरका
# मुख्य नदी/खोला/झरना

- » सेती नदी
- » सुरौदी खोला, काँहु खोला, फुस्रे खोला, हर्पन खोला, विजयपुर खोला, गढुवा खोला, कालीखोला, स्याङ्खुदी खोला, स्यानी खोला, बुलौदी खोला, भोटी खोला, घोरकुना खोला, खोलावेशी खोला, बगादी खोला, फिर्के खोला, घ्याङ खोला, लौरुख खोला, वेतेनी खोला, अँधेरी खोला, ठूलढुंगा खोला, पुँढी खोला, खार खोला
- » पाताले छाँगो (डेभिजफल्स)





## गुफाहरू

- महेन्द्र गुफा
- चमेरे गुफा
- हरिहर गुफा
- गुप्तेश्वर गुफा
- सिद्ध गुफा, भलाम
- सीता गुफा
- वीरेन्द्र गुफा भलाम







## ताल/पोखरी

- फेवाताल
- बेगनासताल
- रूपाताल
- मैदीताल
- खाष्टेताल
- गुँदेताल
- न्यूरेनी ताल
- दिपाङ ताल
- पञ्चासे ताल
- कश्यप ताल
- कमल पोखरी















## कोट/धरहरा/भ्यु टावर

- कास्कीकोट
- हुँडीकोट
- पुम्दीकोट
- अर्मलाकोट
- भुम्दीकोट
- ठूलाकोट
- काहुँ धरहरा
- सराङकोट भ्यू टावर
- मट्टिखान भ्यू टावर
- पञ्चासे भ्यू टावर
- सुन्दरी डाँडा भ्यू टावर








## संग्रहालय

- अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय
- गोर्खा संग्रहालय
- अन्नपूर्ण पुतली संग्रहालय
- पोखरा स्मृति संग्रहालय
- क्षेत्रीय संग्रहालय











## सांस्कृतिक पर्व



यस महानगरका वासिन्दा दसैं, तिहार, तीज, ल्होछार, माघे संक्रान्ती वा माघी, शिवरात्रि, फागु पूर्णिमा, रामनवमी, चण्डी पूर्णिमा, जनैपूर्णिमालगायत चाडपर्व मनाउँछन् । समुदाय अनुसार बुद्ध जयन्ती, ल्होसार, बकर इद र क्रिसमस पनि उत्तिकै धुमधामका साथ मनाइन्छ ।

विन्ध्यवासिनी, ताल वाराही, भद्रकाली, नारायणस्थान, रामघाटको क्होइवो, कास्कीकोट र कालिकास्थानको कालिका, माटेपानी गुम्वा, भैरवटोलको भैरव मन्दिर र मियाँपाटनका मदरसाहरुले पोखराका साँस्कृतिक परम्परा र यसको इतिहास देखाउँछन् । जनसंख्याको वृद्धि र सहरीकरणको विस्तारसँगै राममन्दिर, केदारेश्वर, गुप्तेश्वर र विभिन्न बौद्ध गुम्बा तथा स्तूपहरूका साथै मस्जिद र चर्चहरूसमेत बन्दै आएका छन् । ढुंगेसाँघुको माघेसंक्रान्ती जात्रा, रामघाट, बाराहीघाट, बाटुलेचौरलगायतका स्थानमा परम्परागत स्थानीय मेला तथा जात्राहरू समेत लाग्ने गरेको छ ।



## मन्दिर/गुम्बा/बिहार







- विन्ध्यवासिनी मन्दिर
- ताल बाराही मन्दिर
- भद्रकाली मन्दिर
- अकलादेवी मन्दिर
- केदारेश्वर मन्दिर
- गुप्तेश्वर महादेव मन्दिर
- नारायणस्थान मन्दिर
- गीता मन्दिर
- राम मन्दिर, रामघाट
- कोटभैरव भरतपोखरी
- कास्कीकोट दरबार
- रत्न मन्दिर, बाराहीघाट
- कालिका मन्दिर, कालिका
- माटेपानी गुम्बा
- मनकामना मन्दिर (कटुचे-५, बयली-२१, माझठाना-२८)
- जामे मस्जिदे अक्सा मस्जिद







## पार्क, उद्यान, बाटीका




- कोमागाने मितेरी पार्क (बैदाम)
- वसुन्धरा पार्क (बैदाम)
- चिल्ड्रेन पार्क (पर्स्याङ)
- फूलबारी पार्क
- मनकामना पार्क
- शान्ति वन बाटिका (वडा नम्बर ९ र १०)
- राष्ट्रिय विभूति तथा सहिद पार्क (वडा नम्बर १८)
- जनता पार्क (वडा नम्बर ३०)
- विकल्प पार्क (वडा नम्बर ३०)







## पोखरेली साहित्य रत्न




कवि शिरोमणि लेखनाथ पौडेल



मुक्तिनाथ तिमिल्सिना
(उपन्यासकार)



भूपी शेरचन
कवि



अलि मिया
लोक कवि



धर्मराज थापा
जनकवि केशरी

## गीत/संगीत



झलकमान गन्धर्व

## विशेष खेल

- प्याराग्लाइडिङ
- बञ्जी जम्प
- अल्ट्रालाइट
- पोनी ट्रेक
- फिसिङ
- जिप फ्लायर
- ट्रेकिङ
- हाइकिङ
- र्‍याफ्टिङ
- फुटबल
- भलिबल, क्रिकेट लगायत अन्य
- खेलका राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतियोगिताहरू








# जनसांख्यिक अवस्था

**राष्ट्रिय जनगणना २०६८ अनुसार**

» पोखरा महानगरपालिकामा १ लाख ५ हजार घरधुरी छन् ।

» ४ लाख २ हजार जनसंख्या छ ।

» सोही जनगणनाको तथ्यांकअनुसार वार्षिक ४ दशमलव ५ प्रतिशतका दरले वृद्धि भइरहेको प्रक्षेपण महानगर योजना आयोगले गरेको छ । उक्त वृद्धिदरका आधारमा २०७७ मा पोखराको जनसंख्या करिब छ लाख पुग्ने प्रक्षेपण गरिएको थियो ।

» राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँको जनसंख्या ५ लाख१८ हजार ४ सय ५२ छ ।

» २०६८ को जनगणनाअनुसार आर्थिक रूपमा सक्रीय (१५ वर्षदेखि ६९ वर्ष) समूहको जनसंख्याको अनुपात ६८ प्रतिशत छ ।

» १५देखि ४९ वर्ष समूहका युवा जनसंख्याको अनुपात ५७ प्रतिशत छ ।

**८८ जातजाति र ८६ भाषाभाषीका समुदाय पोखरा महानगरमा बसोबास गर्छन्। सरकारी कामकाजको भाषाका रूपमा खस नेपाली रहेको छ। बोलीचालीमा गुरुङ, नेवार, मगर, तामाङ जस्ता भाषाहरू प्रचलनमा छन्।**

» पोखराको जनसंख्यामा हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको बाहुल्यता छ । मुस्लिम समुदायको बसोबास समेत पूरानै भएको मानिन्छ । खासगरी महानगरको वडा नं १२ र १३ मा मुस्लिम समुदायको बाक्लो बसोबास देखिन्छ ।

**राष्ट्रिय जनगणना २०७८ सम्पन्न भएपनि जनसंख्याको पूर्ण विवरण नआएकोले सामाजिक बनोटको आधारमा थाहा पाउन सजिलो होस् भनेर यो विवरण राखिएको हो।**


### पोखराको जनसंख्यामा

| | |
|---|---|
| बाहुन | २८.० प्रतिशत |
| गुरूङ | १६.१ प्रतिशत |
| क्षत्री | १५.४ प्रतिशत |
| मगर | ९.१ प्रतिशत |
| कामी | ६.८ प्रतिशत |
| नेवार | ५.४ प्रतिशत |
| दमाइ | ३.३ प्रतिशत |
| तामाङ | २.८ प्रतिशत |
| सार्की | २.० प्रतिशत |
| घर्ती भुजेल | १.४ प्रतिशत |
| ठकुरी | १.४ प्रतिशत |
| मुसलमान | ०.९ प्रतिशत |
| अन्य | ७.४ प्रतिशत |

जनसंख्या विवरण (राष्ट्रिय जनगणना २०६८ अनुसार)


| वडा | घरधुरी | महिला | पुरूष | जम्मा |
|---|---|---|---|---|
| १ | ४५४१ | ७६१७ | ७८९६ | १५५१३ |
| २ | २४६४ | ४२६१ | ४४६८ | ८७२९ |
| ३ | २७५० | ४५४३ | ४९१९ | ९४६२ |
| ४ | २४९१ | ४३८८ | ४७३१ | ९११९ |
| ५ | ३९७३ | ७४३० | ७३७३ | १४८०३ |
| ६ | ३८६९ | ७००८ | ७७२१ | १४७२९ |
| ७ | ३४५१ | ६५४० | ६३३५ | १२८७५ |
| ८. | ७१३८ | १२५४१ | १३५३९ | २६०८० |
| ९ | ४२९५ | ८०५३ | ८५७३ | १६६२६ |
| १० | ४९१२ | ९५२२ | ८९४८ | १८४७० |
| ११ | ४०२३ | ७५९७ | ७११९ | १४७१६ |
| १२ | ३०१४ | ६१७२ | ५४४१ | ११६१३ |
| १३ | ४१४९ | ९२६५ | ७८१२ | १७०७७ |
| १४ | ३३०५ | ६९६५ | ६२६० | १३२२५ |
| १५ | ४३२८ | ९२४७ | ७७८० | १७०२७ |
| १६ | ५४६२ | १०४४८ | ९८३० | २०२७८ |
| १७ | ६९४४ | १३९८२ | १२७७० | २६७५२ |

| वडा | घरधुरी | महिला | पुरूष | जम्मा |
|---|---|---|---|---|
| १८ | २०८० | ४४५५ | ३८९९ | ८३५४ |
| १९ | २६१० | ५८०४ | ४८२० | १०६२४ |
| २० | १०२७ | २२०८ | १८१४ | ४०२२ |
| २१ | २४३२ | ५२०४ | ३८८६ | ९०९० |
| २२ | १८३७ | ४०३३ | ३३५८ | ७३९१ |
| २३ | १३०० | २७२१ | २१९६ | ४९१७ |
| २४ | १५०८ | ३३०१ | २५९१ | ५८९२ |
| २५ | ३०१९ | ६६२९ | ५६३३ | १२२६२ |
| २६ | २९०३ | ६१५४ | ५२४० | ११३९४ |
| २७ | २३५८ | ५१०६ | ४४७७ | ९५८३ |
| २८ | १३०३ | २६८० | २०४७ | ४७२७ |
| २९ | २२६१ | ४९९३ | ३९६८ | ८९६१ |
| ३० | २७८६ | ५७३२ | ५०९१ | १०८२३ |
| ३१ | १९०८ | ४०४४ | ३३३४ | ७३७८ |
| ३२ | २७२१ | ५९२२ | ४७५५ | १०६७७ |
| ३३ | २४६८ | ५४५३ | ४३५३ | ९८०६ |
| **जम्मा** | **१०५,६३० ।** | **२१०,०१८ ।** | **१९२,९७७ ।** | **४०२,९९५** |



# महानगरभित्रका सहरी, उपसहरी र ग्रामीण क्षेत्र

महानगरका वडा नम्बर १ देखि १० र १७ वडाका इलाका पूर्ण सहरीकरणको क्रममा छन् । पृथ्वी राजमार्गसँग जोडिएका क्षेत्र बाहेक वडा नम्बर ११ देखि १५ सम्मका इलाका अर्ध सहरी क्षेत्रका रुपमा छन् । महानगरपालिकाको गठनका समयमा साविकको पोखरा उपमहानगरपालिकामा थप गरिएका लेखनाथ नगरपालिकाका राजमार्गसँग जोडिएका र तालचोक बेगानसताल सडक लाइन भन्दा अन्य क्षेत्र र सबै गाविसहरु मूलत: ग्रामीण कृषि अर्थतन्त्रमा आधारित वस्तीहरु हुन् । वडा नम्बर २६, २७, ३०, ३२ तथा ३३ को बागमारा क्षेत्र, हेमजा, चापाकोटको पामे इलाका, सराङकोटका केही भाग, आर्वाको वेसी क्रमश: उपसहरी क्षेत्रका रुपमा विकास हुन थालेका छन् । यसरी हेर्दा महानगर तीन वटा चरित्रका वस्तीहरुबाट बनेको छ । मुख्य सहरी क्षेत्र, सहरोन्मुख उपसहरी क्षेत्र र ग्रामीण क्षेत्रका रुपमा नगर विभाजित छ । सहरको अर्थतन्त्र उत्पादनमूलक उद्योग र सेवामूलक व्यवसायमा आधारित छ । उपसहरी क्षेत्रहरु आवासीय इलाकाका रुपमा रहेका छन् जहाँ सेवामूलक क्षेत्रको विस्तार भइरहेको छ । बाँकी क्षेत्र मूलत: कृषि अर्थतन्त्रको चरित्रमा आधारित छ जहाँ केही उपसहरी या काँठ चरित्रको अर्थतन्त्र र संस्कृतिको विकास भइरहेको छ । सहरी क्षेत्र, अर्धसहरी र ग्रामीण क्षेत्रमा वडागत रुपमा यसरी विभाजन गर्न सकिन्छ :




**सहरी क्षेत्र** : १, २, ३, ४, ६, ७, ८, ९, १०, १७ वडाहरू
**अर्ध सहरी क्षेत्र** : ५, ११, १३, १४, १५, १६, १८, १९, २५, २६, २७, २९, ३० र ३२
**ग्रामीण क्षेत्र** : २०, २१, २२, २३, २४, २८, ३१ र ३३

## अव्यवस्थित वस्ती

**अव्यस्थित वसोवासीहरु र सुकुम्वासी बस्तीहरु पोखराको महत्वपूर्ण हिस्सा बनेका छन् । सहरीकरणसँगै जबरजस्त रुपमा आउने यी वस्तीहरु समग्र विकासोन्मुख विश्वमादेखिने पुँजीवादी विकासका सह उत्पादनहरु हुन । पोखरामा हाल सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरुको ९ हजार ७ सय ५२ घरधुरी रहेको छ । यस्ता वस्तीहरु महानगरका २ सय १२ ठाएँमा छरिएर रहेका छन् । सिद्धार्थ राजमार्गको निर्माणसँगै यस्ता वस्तीहरु बन्न थालेको मानिन्छ । सबैभन्दा धेरै सुकुम्बासी बस्ती वडा नम्बर १४ मा रहेका छन् ।**

### भौगोलिक अवस्थिति

अक्षांश : २८०४"१०" उत्तरदेखि २८०२०"३०" उत्तरसम्म
देशान्तर : ८३०४८"४०" पूर्वदेखि ८४००९"५०" पूर्वी देशान्तरहरू

### औषत तापक्रम

अधिकतम : ३५ डिग्री
न्युनतम : ३ देखि ४ डिग्री

### औषत वार्षिक वर्षा

४ हजारदेखि ४५ सय मिलिलिटर
(२४ घण्टामा) हालसम्मको अधिक
३५७ मिलिलिटर (अगष्ट २००१)

### क्षेत्रफलका हिसाबले सबैभन्दा सानो र ठूलो वडा

क्षेत्रफलका हिसाबले सबैभन्दा सानो वडा : वडा नं. ४ क्षेत्रफल – ०.५१ वर्ग किमी
क्षेत्रफलका हिसाबले सबैभन्दा ठूलो वडा : वडा नं. २३ क्षेत्रफल : ४७.४८ वर्ग किमी

# सडक सम्पर्क सञ्जाल (कनेक्टिभिटी)

पोखरालाई पृथ्वी राजमार्गले काठमाडौंसँग जोडेको छ । पोखरालाई सिद्धार्थ राजमार्गले स्याङ्जा पाल्पाहुँदै भारतीय सिमाना सुनौलीसम्म जोड्छ । यो पश्चिम पहाडकै सबैभन्दा पुरानो राजमार्ग हो । यही राजमार्गले बुटवलमा पुगेर पूर्वपस्चिम राजमार्गसँग पोखरालाई जोड्छ । पोखरा मुग्लिन नारायणगढ हुँदै पूर्वका सबै क्षेत्रमा पुग्ने सुविधा पनि उपलब्ध छ । पोखरा जोमसोम कोरोला सडकले पोखरालाई तिब्बतसँग सिधा जोड्ने छ । मध्यपहाडी लोकमार्गले पोखराका केही वडा भएरै बागलुङ र त्यहाँबाट पश्चिम पहाडसँग जोड्ने छ ।


महानगरपालिकाभित्र सबै वडाहरूमा सडक सञ्जाल पुगेको छ । २०७८ सम्ममा महानगरभित्र विभिन्न वर्गका गरी कुल १ हजार ५ सय ३५ किमी सडक विस्तार भएको तथ्यांक छ ।

यति हुँदाहुँदै पनि पोखरा उपत्यका भित्रै र वरपरका वडाहरुमा साँझ परेपछि नियमित यातायात सञ्चालन हुने गरेको छैन । महानगरलाई सुविधायुक्त वस्ती मान्ने र महानगरका नागरिकका रुपमा उनीहरुले उपभोग गर्ने सेवाहरुको स्तरलाई हेर्ने हो भने यातायातको व्यवस्था प्रारम्भिक चरणमा नै रहेको मान्नुपर्ने हुन्छ ।




विजयपुर बेगनास सडक खण्ड अन्तर्गत वडा नं. २६ नरसपुर सडक ।

# महानगरपालिकाभित्र सडक सञ्जालको अवस्था




स्रोत : पोखरा महानगरपालिका

जम्मा : २५६७ किमी

# हवाई यातायात

नेपालको आन्तरिक हवाई सेवामा पोखराको स्थान महत्वपूर्ण रहेको छ । नेपालकै सबैभन्दा पुरानो मध्येको एक पोखरा विमानस्थलबाट काठमाडौं, विराटनगर, जनकपुर, भरतपुर, जोमसोम, नेपालगञ्ज, भैरहवा, धनगढी, भद्रपुर झापासम्म हवाई उडान हुने गरेको छ ।

पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्न हुने चरणमा छ । विमानस्थल निर्माण सम्पन्न भएर सञ्चालनमा आएसँगै पोखरालाई भारत, चीन र अरु सार्क राष्ट्रसहित दक्षिणपूर्वी एसियाका थाइल्यान्ड, मलेसिया र सिँगापुरसँग जोड्न सकिनेछ । नेपालमा महत्वपूर्ण सेवा दिइरहेका खाडी मुलुकसम्म यो विमानस्थललाई जोड्ने सम्भावना छ । यसो हुनासाथ सिधै पोखरा आउने विदेशी पर्यटक मात्र होइन विदेश आउजाउ गर्ने नेपालीहरुको एउटा हिस्साले पोखरालाई गन्तव्य बनाउने छ जसले पोखराको पर्यटनमा एउटा फड्को मार्न सहयोग पुग्ने विश्वास गरिएको छ ।

## महानगरको आर्थिक अवस्था

पोखरा सहरी योजना आयोगको कार्यालयले नेपालको पहिलो आर्थिक गणना २०७५ का तथ्यांक, महानगरको कृषि तथा पशु विकास महाशाखाको तथ्यांक, र महानगरले २०७७ मा गरेको घरधुरी सर्वेक्षणको तथ्यांकका आधारमा महानगरमा सञ्चालित उद्योग व्यवसायहरूको उत्पादनको आकार अनुमान गरेको थियो ।

» पोखरा महानगरपालिकाको कुल उत्पादन रु. १ खर्ब १० अर्ब ५४ करोड रहेको अनुमान गरिएको छ ।
» नेपाली रुपैयाँ र अमेरिकी डलर बीचको क्रयशक्ति समता (पिपिपी)मा आधारित विनिमय दर अनुसार प्रति पोखरेलीको वार्षिक आय ५ हजार ५ सय ९ अमेरिकी डलर रहेको अनुमान छ ।

## महानगरको कुल आयमा क्षेत्रगत योगदान

» व्यावसायिक क्षेत्रको ५७ प्रतिशत,
» घरपरिवार क्षेत्रको १८ प्रतिशत,
» सरकारी क्षेत्रको १४ प्रतिशत र
» कृषि तथा पशुपालन क्षेत्रको ११ प्रतिशत योगदान रहेको देखिन्छ ।
» महानगरको अर्थतन्त्रमा निजी क्षेत्रको योगदान ८६ प्रतिशत, सरकारी क्षेत्रको १४ प्रतिशत रहेको अनुमान छ ।

## राष्ट्रिय आर्थिक गणना २०७५ अनुसार पोखरामा,

» २८ हजार दुई सय १५ विभिन्न स्तरका उद्योग-व्यवसायहरू रहेका छन् ।
» तिनले कुल १०४४६९ रोजगारी सिर्जना गरेका छन् ।
» ५४.१५ प्रतिशत थोक तथा खुद्रा व्यापारको क्षेत्रले ओगटेको छ ।
» यस क्षेत्रले ३१.७३ प्रतिशत रोजगारी सिर्जना गरेको छ ।
» श्रमशक्ति सर्वेक्षण २०७५ ले मूलधारका आर्थिक गतिविधिमा २६ प्रतिशत महिला र ५४ प्रतिशत पुरुषको प्रतिनिधित्व रहेको देखाएको छ ।

यी व्यवसायहरु आधुनिक ढंगले सञ्चालित औपचारिक क्षेत्रका व्यवसाय हुन । यस बाहेक ग्रामीण क्षेत्रका परम्परागत कृषि र पशुपालन तथा अनौपचारिक क्षेत्रहरु अझै पनि यहाँको आय आर्जन र रोजगारीका महत्वपूर्ण क्षेत्रका रुपमा रहेका छन् ।

## सामाजिक श्रम विभाजनको अवस्था

| पेशा तथा व्यवसाय | व्यवसायको संख्या | | रोजगारी | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| कृषि तथा वन | ३१५ | १.१२ | १५१५ | १.४ |
| उत्पादन तथा प्रशोधन | २,६७९ | ९.४९ | ११४३ | १०.६७ |
| खनिज, ऊर्जा, पानी तथा निर्माण | १४२ | ०.५० | ११३० | १.०८ |
| थोक तथा खुद्रा व्यापार | १५,२७९ | ५४.१५ | ३३,१४६ | ३१.७३ |
| यातायात भण्डारण र सूचना प्रविधि | १४८ | ०.५२ | १६२० | १.५५ |
| पर्यटन तथा आतिथ्य उद्योग | ५३०४ | १८.८० | १९४८९ | १८.६६ |
| बैंक, वित्त तथा बिमा सेवा | ५४३ | १.९२ | ५८९८ | ५.६५ |
| शिक्षा क्षेत्र | ८०० | २.८४ | १६९५८ | १६.२३ |
| स्वास्थ्य सेवा | ५१३ | १.८२ | ६,०३१ | ५.७७ |
| अन्य | २४९२ | ८.८३ | ७५३९ | ७.२२ |
| जम्मा | २८२१५ | १०० | १०४४६९ | १०० |

*स्रोत : राष्ट्रिय आर्थिक गणना २०७५, पोखरा महानगरको त्रिवर्षीय योजना ।*

## आन्तरिक राजश्वको स्थिति (०७४/७५ देखि ०७८/७९ सम्म)

| सि. नं. | आ.व. | आन्तरिक स्रोत/ राजश्वको अनुमान | आन्तरिक स्रोत/ राजश्वको यथार्थ | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७४/७५ | १३८४००००००।०० | ९१०९९७५०१।२६ | ६५।८२ |
| २ | २०७५/७६ | २२६५१५७९२०।०० | १३९८२२४१७०।६१ | ६१।७३ |
| ३ | २०७६/७७ | २७४२९१७०००।०० | १२३७२४१९९१।०० | ४५।११ |
| ४ | २०७७/७८ | २३६५१११००० | १८४३१९६४९०।०० | ७७।९३ |
| ५ | २०७८/७९ | २२११४७३०००।०० | | ०।०० |

## वित्तीय पहुँच

नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार २०७८ असार मसान्तसम्म पोखरा महानगरपालिका क्षेत्रमा बैंक वित्तीय संस्थाहरू (बिमा कम्पनी र स्थानीय सहकारी बाहेक)

» ३ सय २१ शाखा कार्यालय,
» ७ शाखारहित सेवा केन्द्र
» ३४१ सहकारी
» २ सय ६४ एटिएम बुथ सञ्चालनमा ।
» पछिल्लो समय बिमा कम्पनीका शाखाहरूको संख्या पनि उल्लेख्य मात्रामा वृद्धि भएको छ, जसबाट पनि महानगरमा व्यावसायिक वातावरणमा सुधार हुँदै गएको संकेत मिल्दछ ।

## सामाजिक विकासका सूचक

» पाँच वर्षभन्दा माथिका जनसंख्या मध्ये ९८.५० प्रतिशत साक्षर छन् ।
» माध्यमिक शिक्षा परीक्षा (एसइई) उत्तीर्ण हुने दर ९५.४० प्रतिशत छ ।
» पुरुष साक्षरता दर ९९.७० प्रतिशत छ ।
» महिला साक्षरता दर ९७.४० प्रतिशत छ ।

## शैक्षिक संस्थाहरु

- सामुदायिक विद्यालय : २०६
- संस्थागत विद्यालय (मन्टेसरी समेत) : २४७
- विश्वविद्यालय : २
- सरकारी क्याम्पस : ५
- क्याम्पस (निजी) : १२
- धार्मिक विद्यालय (गुरुकुल र गुम्वा) : १०
- प्राविधिक शिक्षालय : १
- खुल्ला विद्यालय : २
- सामुदायिक सिकाई केन्द्र : १८

## विद्यार्थी संख्या

- प्रारम्भिक बालविकास केन्द्र जम्मा : १५८८६
- कक्षा १ देखि ५ सम्म : ४५१७०
- कक्षा ९ र १० : १९०५०
- कक्षा ११ र १२ : १७४०५
- सामुदायिक विद्यालयमा अध्ययनरत जम्मा विद्यार्थी : ५५७३५
- संस्थागत विद्यालयमा अध्ययनरत जम्मा विद्यार्थी : ७०४१३
- कुल विद्यार्थी संख्या (सबै तहको) : १२६१४८

## सामाजिक परिसूचक

- महानगरपालिकाका जनसंख्याको औसत आयु ७०.५१ वर्ष
- पाइप-वितरीत पानीमा पहुँच भएको परिवार ९२.६०
- विद्युतमा पहुँच भएको परिवार ९९.१०
- शौचालयमा पहुँच भएको परिवार ९९.१०
- पक्की छानो भएका घरको प्रतिशत ५९.८०
- आफ्नै घर भएको घरपरिवार ६५.८

## महिला र बालबालिकाबारे थप सूचक

- १५ वर्षदेखि ४९ वर्षका समूहका ८४.४३ प्रतिशत महिलाहरूले मोबाइल प्रयोग गर्दछन् ।
- सोही उमेर समूहका ३८.०७ प्रतिशत महिलाहरूले इन्टरनेट प्रयोग गर्दछन् ।
- १८ वर्षभन्दा कम उमेरमा विवाह गर्ने महिलाको संख्या ३१.७ प्रतिशत छ ।
- १५ वर्षभन्दा कम उमेरमा विवाह गर्ने महिलाको संख्या ७.५ प्रतिशत छ ।
- १५ देखि ४९ वर्ष उमेर समूहका २८ प्रतिशत महिलाहरूमा रक्त अल्पता छ ।
- ५ वर्षभन्दा मुनिका ४६ प्रतिशत बालबालिकामा रक्त अल्पता छ ।



## पोखरेली मिडिया

- टेलिभिजन च्यानलहरु ४ वटा
- एफएम रेडियो ३२ वटा
- दैनिक पत्रिका ५ वटा
- साप्ताहिक पत्रिका १२ वटा
- एक दर्जन बढी अनलाइन छन् ।

## स्वास्थ्य संस्थाहरु

**महानगरमा रहेका सरकारी स्वास्थ्य संस्थाहरुको विवरण :**

- प्राथमिक अस्पताल १
- स्वास्थ्य चौकी १९
- सहरी स्वास्थ्य केन्द्र -२३
- खोप क्लिनिक -१२० वटा
- प्राथमिक स्वास्थ्य केन्द्र २
- सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र १
- आयुर्वेदिक अस्पताल -२



## पोखरा नगरका प्रमुख तथा उपप्रमुखहरु

पोखरालाई २०१६ सालमा नगर पञ्चायत घोषणा गरिएको थियो । २०५२ सालमा पोखरा उपमहानगर पालिका बन्यो र नेपालको संविधान २०७२ अनुसार मुलुक संघीय शासन प्रणालीमा गएपछि २०७३ सालमा महानगरपालिका बन्यो । २०१६ देखि अहिलेसम्म पोखरा महानगरपालिकामा जिम्मेवारी सम्हालेका प्रधानपञ्च, उपप्रधानपञ्च, प्रमुख, उपप्रमुखको नामावली ।

२०१६-२०१८
प्रमुख : शिवबहादुर थापा
उपप्रमुख : भक्तबहादुर भट्टराई

२०१९-२०२४
प्रधानपञ्च : नगेन्द्रबहादुर रायमाझी
उपप्रधान पञ्च : अम्बरबहादुर कार्की

२०२४-२०२८
प्रधानपञ्च : अम्बरबहादुर कार्की
उपप्रधानपञ्च : विश्वमोहन गौचन

२०२८-२०३१
प्रधानपञ्च : रूद्रबहादुर कार्की
उपप्रधानपञ्च : दिलीपकुमार पालिखे

२०३१-२०३३
प्रधानपञ्च :दिलीप कुमार पालिखे (२०३१-३२)
उपप्रधान पञ्च : डम्बरबहादुर कार्की (२०३१-२०३३)
प्रधानपञ्च : रमेश बहादुर भट्टराई (७ महिना मात्र)

२०३२-२०३८
प्रधानपञ्च : गणेश शेरचन (२०३२-२०३८)
उपप्रधान पञ्च : डम्बरबहादुर कार्की २०३१-२०३८)

२०३८-२०३९
प्रधानपञ्च : श्रीप्रसाद गुरूङ
उपप्रधानपञ्च : लक्ष्मण कार्की

२०३९-२०४१
प्रधानपञ्च : उत्तम पुन
उपप्रधानपञ्च : डम्बरबहादुर कार्की

२०४१-२०४४
प्रधानपञ्च : सूर्यबहादुर केसी
उपप्रधानपञ्च : काजीमान गुरूङ

२०४४-२०४६
प्रधानपञ्च : सूर्यबहादुर केसी
उपप्रधानपञ्च : तीर्थ श्रेष्ठ

२०४९-२०५४ (नेपाली कांग्रेसबाट निर्वाचित)
प्रमुख : भोला थापा
उपप्रमुख : नरेशशंकर पालिखे

२०५४-२०५९(नेपाल कम्युनिष्ट पार्टी एमालेबाट निर्वाचित)
प्रमुख : कृष्णबहादुर थापा
उपप्रमुख : मानबहादुर गुरूङ

२०६० (राजाबाट मनोनीत)
प्रमुख : हर्कबहादुर गुरूङ
उपप्रमुख : गणेशबहादुर भट्टराई

२०६२ (राजाबाट मनोनीत)
प्रमुख : भीमसेन थापा
उपप्रमुख : जयलाल पुन

२०७४ देखि हालसम्म (एमालेबाट निर्वाचित)
प्रमुख : मानबहादुर जिसी
उपप्रमुख : मञ्जुदेवी गुरूङ

लेखनाथ नगरपालिकामा निर्वाचित प्रमुख र उप्रमुख
(०५४ मा एकपटक मात्र निर्वाचत भएको)
प्रमुख : शलिकराम पौडेल
उपप्रमुख : गोपाल गुरूङ



# खण्ड २

महानगरको
# संगठनात्मक संरचना




स्थानीय तह निर्वाचनपछि २०७४ जेठ १४ गते पदभार ग्रहण गर्दै प्रमुख मानबहादुर जिसी



स्थानीय तह २०७४ को चुनावमा उपप्रमुखमा निर्वाचित भएपछि सपथ ग्रहण गर्दै मञ्जुदेवी गुरुङ



सपथ ग्रहण गर्दै वडाध्यक्ष तथा जनप्रतिनिधिहरु






# महानगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरू

पोखरा महानगरपालिका बनेपछि नेपालको संविधानअनुसार २०७४ वैशाख ३१ मा पहिलो चरणको स्थानीय तह निर्वाचन सम्पन्न भयो । सो निर्वाचनबाट निर्वाचित प्रमुख/प्रमुख/वडा अध्यक्ष र वडा सदस्यहरु यस प्रकार छन् ।

| क्र. स. | वडा अध्यक्ष | महिला सदस्य | दलित महिला सदस्य | खुल्ला सदस्य १ | खुल्ला सदस्य २ |
|---|---|---|---|---|---|
| १ | श्री शारदा पराजुली | श्री प्रेमकुमारी शाही | श्री प्रेमदेवी परियार | श्री रुद्रप्रसाद च्वाई | श्री शहारा प्रधान |
| २ | श्री रामेश्वर मल्ल | श्री गोमा सुवेदी | श्री सुनिता वि.क.सुनार | श्री गौतम बिजुक्छे | श्री प्रमोद पराजुली |
| ३ | श्री रवीन्द्रबहादुर प्रजू | श्री लक्ष्मी पराजुली | श्री सबि परियार | श्री जितेन्द्र कायस्थ | श्री रबिन कायस्थ |
| ४ | श्री शंकरप्रसाद बास्तोला | श्री सरिता पराजुली | श्री विष्णुमयाँ परियार | श्री सुवर्ण के.सी. | श्री पुष्करबहादुर श्रेष्ठ |
| ५ | श्री धनबहादुर नेपाली | श्री अञ्जु के.सी. | श्री हरिमाया वि.क. | श्री उज्वल खत्री | श्री पुष्पराज बराल |
| ६ | श्री जगतबहादुर पाहारी | श्री पुष्पा घले पाहारी | श्री राममाया वि.क. | श्री विष्णुबहादुर भट्टराई | श्री हरिकृष्ण पाहारी |
| ७ | श्री रामचन्द्र बराल | श्री प्रभा पन्त | श्री सुकमाया नेपाली | श्री दिनबन्धु पौडेल | श्री किसोर बराल |
| ८ | श्री रुद्रनाथ बराल | श्री किरण गौतम | श्री लक्ष्मी कौसल | श्री कृष्णमान ठूसाजु | श्री पुष्पराज सिग्देल |
| ९ | श्री रामराज लामिछाने | श्री राममाया मानन्धर | श्री गीता चर्माकार | श्री नन्दराम गिरी | श्री सुरेश खवास |
| १० | श्री राजकुमार गुरूङ | श्री निशा मल्ल | श्री प्रतिभा वि.क. | श्री दीपकबहादुर थापा | श्री सम्मरबहादुर श्रेष्ठ |
| ११ | श्री मोहनप्रसाद बास्तोला | श्री तीर्थकुमारी गुरूङ | श्री टुकुरादेवी परियार | श्री जंगबहादुर हमाल ठकुरी | श्री मिनबहादुर गुरूङ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | श्री रामबहादुर कार्की | श्री सीता बास्तोला | श्री विष्णु वि.क. | श्री निर्मलबहादुर थापा | श्री देशभक्त के.सी. |
| १३ | श्री लेखबहादुर तामाङ | श्री कृष्णकुमारी गुरूङ | श्री कमला वि.क. | श्री रहिमुल्लाह मियाँ | श्री टंकप्रसाद भट्टराई |
| १४ | श्री प्रेमबहादुर कार्की | श्री यशोदा के.सी.भट्टराई | श्री सुनकमली वि.क. | श्री ढोलबहादुर गुरूङ | श्री जीतेन्द्रजंग थापा |
| १५ | श्री प्रकाश पौडेल | श्री पार्वती कार्की | श्री मन्दिरा परियार | श्री तोरणबहादुर वानियाँ (जिसस गएको) | श्री रूकबहादुर गुरूङ |
| १६ | श्री जिवनप्रसाद आचार्य | श्री गुमादेवी अधिकारी गौतम (जिसस गएको) | श्री विष्णुदेवी नेपाली | श्री राजेश गुरूङ | श्री मेहरमान थापा |
| १७ | श्री तीर्थराज अधिकारी | श्री राधिका शाही योगी | श्री तारादेवी परियार | श्री शान्ता देवी गुरूङ | श्री वैकुन्ठ भण्डारी |
| १८ | श्री रणबहादुर थापा | श्री भोजकुमारी थापा | श्री सरला नेपाली | श्री हरिप्रसाद लम्साल | श्री ज्ञानबहादुर थापा |
| १९ | श्री शोभामोहन पौडेल | श्री कोपिला के.सी. | श्री तारादेवी परियार | श्री कृष्णप्रसाद गौतम | श्री कमलप्रसाद बास्तोला |
| २० | श्री सीमबहादुर गुरूङ | श्री लक्ष्मी सुवेदी | श्री मनबुजा वि.क. | श्री मोतीप्रसाद पौडेल | श्री भीमप्रसाद बास्तोला |
| २१ | श्री खगराज आचार्य | श्री अम्बिका थापा | श्री सीतादेवी वि.क. (जिसस गएको) | श्री नन्दलाल अधिकारी | श्री रामबहादुर गुरूङ |
| २२ | श्री मित्रलाल बराल | श्री ओम कुमारी गुरूङ | श्री सीता वि.क.कामी | श्री मातृकाप्रसाद बराल | श्री चेतभक्त शर्मा बराल |
| २३ | श्री विष्णुप्रसाद पराजुली | श्री गीता भट्टराई क्षेत्री | श्री यामकुमारी सुनार | श्री भरतराज भण्डारी | श्री दुर्गाबहादुर घले |
| २४ | श्री ओमप्रसाद सुवेदी | श्री सन्तुदेवी सुवेदी | श्री मीना नेपाली | श्री सोबनाथ भट्टराई | श्री अग्निधर त्रिपाठी |
| २५ | श्री शोभाकर तिमिल्सिना | श्री लक्ष्मी अधिकारी | श्री तारा विश्वकर्मा | श्री दलबहादुर कुवँर | श्री जीतबहादुर कार्की |
| २६ | श्री नारायणप्रसाद बराल | श्री मुरली थापा | श्री शर्मिला विश्वकर्मा | श्री रामकृष्ण जि.सी. | श्री खड्कबहादुर रानाभाट |
| २७ | श्री पूर्णकुमार गुरूङ | श्री बुद्धिमाया रिजाल | श्री सरस्वती सार्की | श्री प्रेमप्रसाद बराल | श्री शेखरनाथ लामिछाने |
| २८ | श्री निर्मल दियाली | श्री अम्बिका बुढाथोकी | श्री कल्पना परियार | श्री विष्णुप्रसाद तिवारी | श्री बैनबहादुर अधिकारी क्षेत्री (जिसस गएको) |
| २९ | श्री चेतबहादुर गुरूङ | श्री निर्मला पौडेल | श्री मनकुमारी सुनार | श्री थलबहादुर पांडे थापामगर | श्री हेमबहादुर बानियाँ |
| ३० | श्री श्रीराम पोखरेल | श्री शारदा बास्तोला | श्री रमा नेपाली | श्री सोमलाल कडेल | श्री चोलाप्रसाद बराल |
| ३१ | श्री कमलबहादुर थापा | श्री सावित्री भण्डारी (जिसस गएको) | श्री विष्णु सुनार | श्री विण्णुबहादुर भुजेल | श्री पूर्णखर पाण्डे |
| ३२ | श्री अक्कलबहादुर कार्की | श्री विष्णुमाया धमला | श्री सुनमाया नेपाली | श्री विष्णुप्रसाद तिवारी | श्री धर्मबहादुर वस्नेत |
| ३३ | श्री शिवप्रसाद आचार्य | श्री शान्ति आचार्य | श्री शोभा सार्की | श्री दीपक लामिछाने | श्री लिलबहादुर श्रेष्ठ |



**बुधराज भुजेल (भीमसेन)**
**कार्यपालिका सदस्य**



**ओमप्रसाद गौचन**
**कार्यपालिका सदस्य**



**चतुरे विक**
**कार्यपालिका सदस्य**





# पोखरा महानगरपालिका नगर कार्यपालिकाका सदस्यहरु

**प्रमुख : मानबहादुर जिसी**
**उपप्रमुख : मञ्जुदेवी गुरुङ**

| सदस्यहरु |
|---|
| शारदाकुमारी पराजुली |
| रामेश्वर मल्ल |
| रवीन्द्रबहादुर प्रजु |
| शंकरप्रसाद बास्तोला |
| धनबहादुर नेपाली |
| जगतबहादुर पहारी |
| रामचन्द्र बराल |
| रुद्रनाथ बराल |
| रामराज लामिछाने |
| राजकुमार गुरुङ |
| मोहनप्रसाद बास्तोला |
| रामबहादुर कार्की |
| लेखबहादुर तामाङ दर्शन |
| प्रेमबहादुर कार्की |
| प्रकाश पौडेल |
| जीवनप्रसाद आचार्य |
| तीर्थराज अधिकारी |
| रणबहादुर थापा |
| शोभामोहन पौडेल |
| सिमबहादुर गुरुङ |
| खगराज आचार्य |
| मित्रलाल बराल |
| विष्णुप्रसाद पराजुली |
| ओमप्रसाद सुवेदी |
| शोभाकर तिमिल्सिना |
| नारायणप्रसाद बराल |
| पूर्णकुमार गुरुङ |
| निर्मल दियाली सुनार |
| चेतबहादुर गुरुङ |
| श्रीराम पोखरेल |
| कमलबहादुर थापा |
| अक्कलबहादुर कार्की |
| शिवप्रसाद आचार्य |
| पुष्पा घले |
| बुधराज भुजेल भीमसेन |
| ओमप्रसाद गौचन |
| यशोदा भट्टराई |
| राधिका साही योगी |
| मनबुजा विक |
| सन्तु सुवेदी |
| चतुरे विक |

# समूहगत प्रतिनिधित्वको चित्र




| महिला : ६९ | पुरूष : १०१ |
|---|---|

## पोखरा महानगरपालिकाको

# संगठन संरचना

- **नगरसभा** — लेखा, विधायन, सुशासन तथा विकास समिति
- **नगर कार्यपालिका** — आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास , संस्थागत विकास तथा सेवा प्रवाह, वातावरण तथा विपद् व्यवस्थापन समिति,गण्डकी बहुप्राविधिक शिक्षालय व्यवस्थापन समिति, युवा परिषद, पोखरा प्रज्ञा प्रतिष्ठान, सहकारी समिति, महानगर शिक्षा समिति, सहरी योजना आयोग
- **प्रमुख**
- **उपप्रमुख** — न्यायिक समिति
- **प्रमुख प्रशासकीय अधिकृत**<br>**सहायक प्रमुख प्रशासकीय अधिकृत**

**प्रशासन महाशाखा प्रशासकीय निर्देशक**
- मानव संसाधन तथा कर्मचारी प्रशासन शाखा
- सामान्य प्रशासन तथा वडा समन्वय शाखा
- भण्डार शाखा
- दर्ता चलानी तथा सोधपुछ इकाई
- पञ्जीकरण शाखा
- कानून तथा मुद्दा शाखा
- नगर प्रहरी शाखा
- भूमि प्रशासन शाखा (सम्पत्ति संरक्षण समेत)
- विपद व्यवस्थापन शाखासमेत)
  - अग्नि नियन्त्रण इकाइ

**योजना अनुगमन तथा सुचना प्रविधि महाशाखा (योजना निर्देशक)**
- योजना तथा अनुगमन शाखा
- सार्वजनिक खरिद शाखा
- सूचना प्रविधि शाखा
- अभिलेख तथा तथ्यांक शाखा
- अन्तर्राष्ट्रिय सम्बन्ध तथा समन्वय शाखा

**पूर्वाधार विकास महाशाखा**
- सडक तथा यातायात शाखा
- खानेपानी, सिंचाइ, तथा ढल शाखा (ताल संरक्षण समेत)
- भवन तथा अन्य पूर्वाधार बिकास शाखा
- मेकानिकल तथा यान्त्रिक शाखा
- गुणस्तर तथा मर्मत शाखा (पूर्वाधार विकास कम्पनी समेत)

**सहरी विकास, पर्यटन तथा वातावरण महाशाखा**
- सहरी विकास शाखा
- घर नक्शा शाखा, क र ख
- पर्यटन विकास शाखा
- वन तथा वातावरण शाखा
- सरसफाइ शाखा

**वित्त व्यवस्थापन महाशाखा**
- बजेट तथा कोष व्यवस्थापन शाखा
- ठूला करदाता सेवा शाखा
- आय ठेक्का व्यवस्थापन शाखा
- राजस्व संकलन शाखा

**वडा समिति**
- वडा कार्यालय कर्मचारी प्रशासन

**आर्थिक विकास महाशाखा**
- कृषि विकास शाखा (सेवा केन्द्र समेत)
- पशुपंक्षी तथा मत्स्य शाखा (सेवा केन्द्र समेत)
- सहकारी तथा रोजगार प्रवर्द्धन शाखा
- उद्योग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित शाखा
- खाद्य पदार्थ तथा गुण नियन्त्रण इकाई

**शैक्षिक प्रशासन महाशाखा**
- आधारभूत तथा माध्यमिक शिक्षा शाखा
- योजना, कार्यक्रम तथा तथ्यांक शाखा
- युवा तथा खेलकुद शाखा
- परीक्षा शाखा

**सामाजिक विकास महाशाखा**
- महिला तथा बालबालिका विकास शाखा
- सामाजिक सुरक्षा शाखा
- सामाजिक परिचालन तथा गरिबी न्यूनीकरण शाखा
- गैसस समन्वय शाखा

**स्वास्थ्य महाशाखा**
- स्वास्थ्य सेवा तथा रोग नियन्त्रण शाखा
- परिवार कल्याण शाखा
- आयुर्वेद तथा वैकल्पिक चिकित्सा शाखा
- स्वास्थ्य प्रवर्द्धन तथा नियमन शाखा

**आन्तरिक लेखा तथा राजश्व परीक्षण शाखा**

# महानगरपालिका अन्तर्गतका विषयगत समितिहरू

### संस्थागत विकास तथा सेवा प्रवाह समिति

| क्र.सं. | नामथर | समिति |
|---|---|---|
| १ | श्री जगतबहादुर पहारी | संयोजक |
| २ | श्री खगराज आचार्य | सदस्य |
| ३ | श्री रामबहादुर कार्की | सदस्य |
| ४ | श्री शारदा पराजुली | सदस्य |
| ५ | श्री चेतबहादुर गुरूङ | सदस्य |
| ६ | श्री रामचन्द्र बराल | सदस्य |
| ७ | श्री निर्मल दियाली | सदस्य |
| ८ | श्री पुष्पा घले पहारी | सदस्य |
| ९ | श्री भरतराज पौडेल | सदस्य सचिव |



### वातावरण तथा विपद् व्यवस्थापन समिति :-

| क्र.सं. | नामथर | समिति |
|---|---|---|
| १ | श्री शिवप्रसाद आचार्य | संयोजक |
| २ | श्री तीर्थराज अधिकारी | सदस्य |
| ३ | श्री अक्कलबहादुर कार्की | सदस्य |
| ४ | श्री रामेश्वर मल्ल | सदस्य |
| ५ | श्री नारायणप्रसाद बराल | सदस्य |
| ६ | श्री सिम बहादुर गुरूङ | सदस्य |
| ७ | श्री शोभाकर तिमिल्सिना | सदस्य |
| ८ | श्री प्रकाश पौडेल | सदस्य |
| ९ | श्री बुधराज भुजेल (भीमसेन) | सदस्य |
| १० | श्री मनबुजा विश्वकर्मा | सदस्य |
| ११ | ई. श्री विवेक खत्री | सदस्य सचिव |





### पूर्वाधार विकास समिति :-

| क्र.सं. | नामथर | समिति |
|---|---|---|
| १ | श्री ओमप्रसाद सुवेदी | संयोजक |
| २ | श्री धनबहादुर नेपाली | सदस्य |
| ३ | श्री लेखबहादुर तामाङ | सदस्य |
| ४ | श्री मित्रलाल बराल | सदस्य |
| ५ | श्री राजकुमार गुरूङ | सदस्य |
| ६ | श्री मोहन बास्तोला | सदस्य |
| ७ | श्री कमलबहादुर थापा | सदस्य |
| ८ | श्री राधिका शाही योगी | सदस्य |
| ९ | ई. पूर्णबहादुर गुरूङ | सदस्य सचिव |



### सामाजिक विकास समिति :-

| क्र.सं. | नामथर | समिति |
|---|---|---|
| १ | श्री शंकरप्रसाद बास्तोला | संयोजक |
| २ | श्री रणबहादुर थापा | सदस्य |
| ३ | श्री रविन्सन प्रजु | सदस्य |
| ४ | श्री जीवन आचार्य | सदस्य |
| ५ | श्री प्रेम कार्की | सदस्य |
| ६ | श्री यशोदा भट्टराई | सदस्य |
| ७ | श्री निर्मला शर्मा | सदस्य सचिव |



### आर्थिक विकास समिति :-

| क्र.सं. | नामथर | समिति |
|---|---|---|
| १ | ओम गौचन | संयोजक |
| २ | श्री शोभामोहन पौडेल | सदस्य |
| ३ | श्री रूद्रनाथ बराल | सदस्य |
| ४ | श्री पूर्णकुमार गुरूङ | सदस्य |
| ५ | श्री श्रीराम पोखेल | सदस्य |
| ६ | श्री विष्णुप्रसाद पराजुली | सदस्य |
| ७ | श्री सन्तु सुवेदी | सदस्य |
| ८ | श्री चतुरे विश्वकर्मा | सदस्य |
| ९ | श्री मनहर कडरिया | सदस्य सचिव |



राजश्व परार्मश समिति :

| क्र.स. | नामथर | समिति |
|---|---|---|
| १ | श्री मञ्जुदेवी गुरूङ | संयोजक |
| २ | श्री प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | श्री शारदा पराजुली | सदस्य |
| ४ | श्री रवीन्द्रबहादुर प्रजु | सदस्य |
| ५ | श्री स्थानीय उद्योग वाणिज्य संघ | सदस्य |
| ६ | श्री राजश्व शाखा प्रमुख | सदस्य सचिव |

लेखा समिति

| क्र.स. | नामथर | समिति |
|---|---|---|
| १ | पूर्णकुमार गुरूङ | संयोजक |
| २ | नारायणप्रसाद बराल | सदस्य |
| ३ | चेतबहादुर गुरूङ | सदस्य |
| ४ | मोहन बास्तोला | सदस्य |
| ५ | राममाया विक | सदस्य |

विधायन समिति

| क्र.स. | नामथर | समिति |
|---|---|---|
| १ | शोभामोहन पौडेल | संयोजक |
| २ | धनबहादुर नेपाली | सदस्य |
| ३ | शंकर बास्तोला | सदस्य |
| ४ | मोहन बास्तोला | सदस्य |
| ५ | खगराज आचार्य | सदस्य |
| ६ | नारायणप्रसाद आचार्य | सदस्य सचिव |

श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति :

| क्र.स. | नामथर | पद/तह | समिति |
|---|---|---|---|
| १ | श्री मानबहादुर जि.सी. | प्रमुख | संयोजक |
| २ | श्री मञ्जुदेवी गुरूङ | उप-प्रमुख | सदस्य |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | पो.म.न.पा.कार्यालय | सदस्य |
| ४ | नगर प्रमुखले कार्यपालिका सदस्यबाट तोकेको महिला, दलित र अल्पसंख्यबाट प्रतिनिधितव हुने गरी मनोनीत सदस्य | नगर प्रमुख ज्यूबाट मनोनीत गर्ने | सदस्य ३ |
| ५ | सहरी पूर्वाधार विकास (योजना) महाशाखा प्रमुख | पो.म.न.पा.कार्यालय | सदस्य सचिव |

बजेट तथा कार्यक्रम तर्जुमा समिति :

| क्र.स. | नामथर | पद/तह | समिति | कैफियत |
|---|---|---|---|---|
| १ | श्री मञ्जुदेवी गुरूङ | उप-प्रमुख | संयोजक | |
| २ | श्री नारायणप्रसाद बराल | वडा अध्यक्ष वडा नं. २६ | सदस्य | |
| ३ | श्री शारदा पराजुली | वडा अध्यक्ष वडा नं. १ | सदस्य | |
| ४ | श्री तीर्थराज अधिकारी | वडा अध्यक्ष वडा नं. १७ | सदस्य | |
| ५ | श्री मोहनप्रसाद बास्तोला | वडा अध्यक्ष वडा नं. ११ | सदस्य | |
| ६ | श्री जगतबहादुर पाहारी | वडा अध्यक्ष वडा नं. ६ | सदस्य | |
| ७ | श्री धनबहादुर नेपाली | वडा अध्यक्ष वडा नं. ५ | सदस्य | |
| ८ | प्रमुख प्रशासकीय अधिकृत | पो.म.न.का.पा.कार्यालय | सदस्य सचिव | |

# खण्ड ३

नेतृत्वले गरेका

# परिकल्पना प्राप्ति र सम्भावना

# परिकल्पना, प्राप्ति र सम्भावना

नेपालमा महानगरको परिकल्पना गर्दा जे जस्तो सिद्धान्तहरु अपनाइएको भएपनि पोखरा अझै पनि महानगरको आरम्भिक यात्रामा छ । जनसंख्या र केही वडाहरुको जनघनत्व, आर्थिक क्रियाकलाप र विस्तार हुँदो सहरी जीवनशैलीले यसलाई महानगरउन्मुख सहरका रुपमा चित्रित गर्छन् । यसलाई नगर सभ्यताका दृष्टिले विश्वका अरु महानगरका विशेषता पछ्याउँदै गरेको सहर भन्न सकिन्छ ।

नेपालकै मुख्य सहरका रुपमा पोखराको राजनीतिक, आर्थिक तथा सांस्कृतिक क्षेत्रमा महत्वपूर्ण स्थान छ । पोखरा गण्डकी प्रदेशको राजधानी पनि हो । जिल्ला सदरमुकाम यहीं छ । विश्वकै मुख्य पर्यटकीय गन्तव्य मानिने अन्नपूर्ण सर्किटका लागि पोखरा नै एउटा प्रवेश विन्दु हो । अन्नपूर्ण र धवलागिरि या नीलगिरि आरोहणका बाटो यतै भएर जान्छन् । आन्तरिक पर्यटनका लागि त पोखरा एउटा अनिवार्य गन्तव्य हो । बन्दै गरेको क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, कोरला नाका खुलेपछि हुने तिब्बतसँगको व्यापारिक सम्पर्क, जोमसोम लुम्बिनी सर्किट जस्ता पूर्वाधार विस्तारले राष्ट्रिय अर्थतन्त्रमा पोखराको स्थान थप वर्चश्वशाली हुनेछ । यसैले पोखरा महानगरको विकास, यसको सम्पन्नता, यहाँका नागरिकहरुको जीवनस्तर र मानवीय विकासको स्तरले राष्ट्रिय जीवनमा महत्वपूर्ण अर्थ राख्छन् ।

महानगरको विकासले धेरै हदसम्म यसको वृत्तलाई अघि बढ्ने आधार दिन्छ । यसको अर्थ हो मादी, रुपा, अन्नपूर्ण र माछापुच्छ्रे



बेगनास तालचोक सडकको डिजाइन

# समृद्धिको जग बसालेका छौं



मानबहादुर जिसी
प्रमुख
पोखरा महानगरपालिका

हामी संघीयता कार्यान्वयन हुँदै गरेको परिवेशमा निर्वाचित भएका थियौं । संविधानले हामीलाई कार्यपालिका, न्यायपालिका र एक खालको संसदीय अधिकार पनि दिएको छ । पहिलो चरणमा हामीले कानुन बनायौं । सुगम दुर्गम, सहर गाउँ, निकट विकट भएकाले मनोविज्ञान फरक थिए । फरक मनोविज्ञानलाई मेटेर लैजानुपर्छ र सबैलाई महानगरवासी हौं भनेर गर्व गर्ने बनाउनु पर्छ भन्ने सोचका साथ अघि बढ्यौं ।

कतिपय ठाउँमा वडा कार्यालय भाडामा थिए, इन्टरनेटको व्यवस्था पनि थिएन । सूचना प्रविधिमार्फत नै सुशासन कायम गर्न सकिन्छ । अहिले सबै वडामा इन्टरनेट पुगेको छ । वडामै योजना सम्झौता गर्न सकिने गराएका छौं । वडाबाटै चेक काट्न सकिने बनाएका छौं । चुनावका बेलामा नागरिकसँग जुन प्रतिवद्धता गरेका थियौं, त्यसलाई नै पच्छ्याएर हिँडेका छौं । एकदम चकाचक भयो त भन्दैनौं तर धेरै राम्रो गरेका छौं । आशा जगाउन सकेका छौं ।

महेन्द्रपुल, पृथ्वीचोक, लेकसाइड पनि महानगर सुरौंदी, पञ्चासे, मादी सिमासम्म पनि महानगर । समानुपातिक विकास गर्ने उद्देश्यले विकटलाई निकट ल्याउने अभियान थालनी गर्‍यौं । १२ ९ किलोमिटर कनेक्टिङ रोड बनाएर सबैलाई जोड्यौं ।

अर्को कुरा, चुनावमा २४ घन्टामा बाटाका खाल्डाखुल्डी पुर्ने भनेका थियौं । पछि निधार खुम्च्याएर हेर्दा सडक टालेर मात्र पुग्दैन भन्ने थाहा पायौं । राम्रो र पक्की बनाएरमात्र सडक टिकाउ हुन्छ भन्ने बुझेपछि ५० किलोमिटर बाटोलाई अस्फाल्ट बनायौं ।

गाउँपालिका लगायत पर्वत, स्याङ्जा, तनहुँ र लमजुङका पोखरा निकटका क्षेत्रहरुको भविष्य पोखराको विकाससँग गाँसिएको हुन्छ । पोखरा महानगरले आगामी पाँच या दश/बीस वर्षभित्र कस्तो परिवर्तनको बाटो लिन्छ त्यसले यसका वरपरका क्षेत्रको सम्भावनाहरुको दिशा निर्देश गर्छ ।

यही भएकैले पनि पोखराको राजनीतिक नेतृत्वले यसका विकास र रुपान्तरणका सम्भावना केलाउँदा अल्पकालीन र कामचलाउ साँचाइका आधारमा निर्णयहरु गर्न पाउँदैन । दीर्घकालीन र रणनीतिक सोचाइका आधारमा गरिने योजनावद्ध विकासले मात्र यसको समृद्धलाई सुनिश्चित गर्छ । यस अघिका समयमा नगर आफैमा स्रोतको सीमितता र सम्भावनाको आँकलनको कमिको शिकार रही आएको थियो । महानगर बनिसकेपछि भने स्रोत साधनको कमि छैन, जे जस्तो कमि छ त्यसलाई पूरा गर्न महानगरले आफ्नै नागरिकहरुसँग भर पर्न सक्ने अवस्था छ ।

पोखरा आफैमा तीन भिन्ना भिन्नै प्रकृतिका वस्तीहरुको समग्रता हो । वडा नम्बर १ देखि १७ सम्म घना वस्तीहरु विकास भइरहेका छन् । वडा नम्बर १ देखि ११ सम्म र १७ नम्बरमा शिक्षा, स्वास्थ्य सेवाको उपलब्धता तथा उद्योग व्यवसाय सघन हुँदै गएका छन् । मानिसहरुको दैनिक जीवनचर्या र साँस्कृतिक पक्षलाई सहरका विशेषताले खिचिरहेका छन् ।



कला र साहित्यका गतिविधिहरु, रात्रि जीवन, यातायातको सुविधा उद्योग र व्यवसाय सबै दृष्टिले यसले महानगरका विशेषता पछ्याइरहेको छ । यो भाग महानगरको केन्द्रीय भाग हो । यहाँ जनघनत्व अत्यधिक रुपमा केन्द्रित भएको छ । यसैको वरपर उपसहरी इलाकाहरु विस्तार भएका छन् । त्यस भन्दा बाहिर गाउँहरु छन् जसको चरित्रमा क्रमशः सहरका छाप विस्तार भइरहेका छन् ।

पोखराको विकास र समृद्धिका योजनाले मुख्य सहर, उपसहरी क्षेत्र र गाउँको समानुपातिक विकासको माग गर्छ । गाउँको उत्पादनले सहरको माग पूरा गर्ने, गाउँमा बसेर सहरमा रोजगारी गर्न या शिक्षा र स्वास्थ्य सेवको सुविधा उपभोग

अहिले हाम्रा सबै वडाका कार्यालय छन् । वास्तवमा महानगरको कार्यालयभन्दा वडा कार्यालय राम्रा छन् । ३ वर्षीय योजना बनाएर क्रमिक विकासलाई पद्धति सम्मत बनाएका छौं ।

हाम्रा तालहरु भद्रगोल थिए । हामीले सिमांकन गर्‍यौं, मापदण्ड तोक्यौं । यसरी सधैंभर तालको खेती गरेर खानेको दिन अन्त्य गरेका छौं ।

महानगरका कार्ययोजना, नीति बनाउँदा घोषणापत्र पल्टाएर हेर्ने गरेका छौं । हामीले गरेका कामले रिजल्ट निकाले निकालेनन् भनेर हेरिरहेका छौं । हाम्रा घोषणापत्र अनुसार हेर्दा ७० प्रतिशत बढी काम गरेको देखिन्छ । गर्न नसकेका काम पनि छन् । यही कार्यकालमा महानगरको नयाँ प्रशासनिक भवन निर्माण सकेर जानुपर्थ्यो । सुरु त गर्दैछौं, सम्पन्न चाही नहुने भयो । तालचोक-वेगनास तालको सडक निर्माण पनि सक्नुपर्थ्यो । विभिन्न कारणले त्यो



ढिला भयो । यो काम पनि सुरु हुँदैछ ।

हामीले व्यवस्थापन गर्न नसकेको सिटी बसपार्कको काम हो । सिटी बसपार्क हामीले चाहँदा चाहँदै पनि नसक्ने देखियो । प्रयासरत त छौं । घोषणापत्रमा राखेर सुरु गर्न नसकेको अर्को काम मोनो रेलको हो । मोनो रेलको अध्ययन त गर्‍यौं, तर कार्यान्वयन गर्न सकेनौं । अहिले नै त्यो आवश्यक हो कि होइन भन्ने बहस पनि छ ।

स्मार्ट सिटी भन्ने बित्तीकै सडक, शिक्षा, स्वास्थ्य, वातावरण जस्ता पक्ष जोडिएका हुन्छन् । सार्वजनिक यातायातहरु र माथि भनिएका कम्पोनेन्टलाई सिस्टमले ड्राइभ गर्न थालेपछि मात्र स्मार्ट हुन्छ । त्यसतर्फ जान उन्मुख छौं, कार्यक्रम त्यस्तै छन् । परिणाम आउन केही समय लाग्छ ।

खानेपानी अझै सबैको घरघरमा पुगेको छैन ।

गर्न सकिने र यातायातको सञ्जालले घेरिएको महानगरका गाउँ हुन सक्छन् । उपसहरी क्षेत्रका रुपमा गाउँहरुको विस्तार हुन्छ । उपसहरी क्षेत्रमा कृषि आधारित उद्योगहरुको विस्तार हुन्छ । अहिले केन्द्रभागमा रहेका पर्यटकीय क्षेत्रको वरपरका डाँडा पाखामा विस्तार हुन थालेको छ । यसले सिर्जना गरेको अवसरलाई स्थानीय समुदायसँग सहकार्यका माध्यमबाट अवसरहरुको न्यायोचित वितरण गर्नु पोखराको समानुपातिक र समावेशी विकासका आधार हुन् ।

पोखराको सपना भनेको यहाँका मानिसहरुको सहज र समृद्ध जीवन, त्यस्तो जीवनका लागि आवश्यक पर्ने आर्थिक उपार्जनको अवसर, भौतिक सुविधा, वातावरणीय दृष्टिले बसोबास योग्य, शिक्षा र स्वास्थ्य तथा खानेपानी लगायतका सुविधामा सबैको पहुँच भएको र सबैलाई आधारभूत मानवीय सुविधाहरु पुगेको सुन्दर सहर हो । राजनीतिक दलहरु या सहरी विकासका विज्ञहरुले पोखराको भविष्य परिकल्पना गर्दा उपरोक्त कुरालाई ध्यानमा राखेका हुन्छन्, हुनुपर्छ । दलहरु र उमेद्‌वारका रुपमा नेताहरुले भिन्न भिन्न ढंगले आम साधारण जनताका यी आकाँक्षाहरुलाई सम्बोधन गर्न खोजेको पाइन्छ । यद्यपि विकास सम्बन्धी राष्ट्रिय बहसमा रहेका सिमाबाट यहाँको नेतृत्व पनि मुक्त छैन । स्रोतको वितरणका प्राथमिकता कसरी निर्धारण गर्ने भन्ने विषयमा मूलधारका दलहरुमा साझा समस्या विद्यमान छ ।

सहरीकरणको तीव्र तर अव्यवस्थित गतिमा रहेको पोखराले जनसंख्याका दृष्टिले महानगरीय हैसियत बनाइसकेको छ । तर समग्र सुविधाका दृष्टिले, सुरक्षा समेतका दृष्टिले विकसित सहरको दाँजोमा पुग्न अझै धेरै वर्ष लाग्नेछ ।

अहिलेको पोखरा महानगर यहीं शदियौंदेखि बसेका वस्तीहरुले बनेको हो । पछिल्लो समयमा स्याङ्जा, पर्वत, कास्की, लमजुङ, तनहुँ, म्याग्दी, बागलुङ र मुस्ताङसहित देशका विभिन्न भागबाट आएर बसोबास गर्नेहरुले सहर विस्तार गरेका छन् । परम्परागत आयस्ताको मुख्य स्रोत रहेको खेत पाखो विस्तारै घर र सडक लगायतका संरचनाले विस्थापित हुँदै छ । ग्रामीण क्षेत्र बाहेक कृषि आयमा आश्रित जनसंख्याको दर एकदम कम छ । समग्र महानगरको आयमा कृषि तथा पशुपालन क्षेत्रको योगदान जम्मा ११ प्रतिशत रहेको छ । यो राष्ट्रिय आयमा कृषि क्षेत्रको योगदानको औषतभन्दा आधा पनि होइन । व्यावसायिक क्षेत्रको योगदान ५७ प्रतिशत हुनुले यहाँको समग्र अर्थतन्त्रले पछौटे कृषि प्रणालीबाट छुटकारा लिएर साना र मध्यम व्यवसाय आधारित पुँजीवादी अर्थतन्त्रमा प्रवेश गरेको देखाउँछ । अर्थात पोखराको विकास भनेको समग्रमा आधुनिक क्षेत्रको विकास हो, आधुनिक क्षेत्रले परम्परागत क्षेत्रलाई विस्थापित गर्दै लाने अवस्था हो । यसले खेतीपातीलाई निर्वाहमुखी उपार्जनको उपाय भन्दा व्यावसायिक

भइराखेको खानेपानीमा पनि बोतलबाट नभइ सिधै धाराबाट पिउने व्यवस्था गर्छौं भनेका थियौं । जाइकाले अहिले त्यसका लागि काम गरिरहेको छ । अब १देखि १८ वडासम्म सिधै खान मिल्ने गरी व्यवस्था हुन्छ । सहरी खानेपानी योजनाले काम गरिरहेको ठाउँमा भल बाढी आउने ठाउँमा शुद्धीकरणका काम प्रारम्भ भएको छ ।

हामीले चोकहरुलाई आइल्यान्ड सानो बनाएर ठाउँ फराकिलो बनाएका छौं । विस्तारै विस्तारै ट्राफिक लाइटको व्यवस्था गरेका छौं । ४ ठाउँमा लाइट राखेका छौं । पार्किङको समस्या भनेको सबैभन्दा बढी कोर सिटीमा हो । कोर सिटीबाट सिकेर भोलि सहर बस्ने ठाउँहरुमा अहिलेबाट नै व्यवस्थापन गर्नुपर्ने जरुरी छ । हामी त्यसलाई व्यवस्थापन गर्न काम थाल्दै छौं ।

पोखरा पुरानो सहर हो । ठ्याक्कै नयाँ सहर बनाए जस्तो हुँदैन । अब महानगरले सहरभित्र बनाउने सडक, खोल्साहरुको मापदण्ड बनाएको छ । अब नयाँ बन्ने सहर पहिलाको झैं भद्रगोल हुँदैन ।

ल्याण्डफिल साइटको विकल्प खोजेका छौं । कार्यपालिकाबाट निर्णय भइससकेको छ । यसै वर्ष टुंग्याएर जान्छौं । नटुंग्याइ सुखै छैन ।



४३ वर्षदेखि बाटो चक्लाबन्दी गर्न नसकिएको पृथ्वी राजमार्गदेखि विजयपुर ब्यारेक सिमानासम्म फराकिलो बनाइएको सडक।



कोत्रेबाट पोखरा सेती किनार हुँदै पोखरा आउने एउटा वैकल्पिक सडक र कोत्रेबाट पुँडिटार टक्सार हुँदै स्याङ्जा जाने सडक बन्नु पर्छ । यसैगरी सुरुङ मार्ग र फास्ट ट्र्याक महानगरलाई यसको वृत्तमा फैलाउनका लागि आवश्यक संरचना हुन् । पोखरा मुग्लिन सडक विस्तारले पोखराको पहुँच थप विस्ता हुने नै छ । रिंगरोडको परिकल्पना पनि हामीले गरेका थियौं तर पूरा गर्न सकिएन । आउने नेतृत्वले यता ध्यान देओस् भन्ने मेरो कामना छ ।

यो चुनावी वर्ष हो । हामीले आउने बेलामा एउटा प्रतिवद्धता गरेका थियौं- पोखरा सिस्टममा चल्छ भनेर । हाम्रो नेतृत्वले पोखरेलीको शिर झुक्ने काम गर्ने छैन भनेर पनि भनेका थियौं । आजको मितिसम्म शिर झुक्ने काम गरेका छैनौं । नगरवासीका तमाम समस्या छन् । पोखरालाई एडभान्स नगर बनाउन अझै यस्ता तिन कार्यकाल समय लाग्छ । अहिले जसरी पोखरा निर्माणमा पोखरेलीको सहभागिता छ, त्यति बेलासम्म रहनुपर्छ । हामीले गरेका काम नागरिकका अगाडि छँदैछन् । अझै धेरै काम गरे हुन्थ्यो भनेर गुनासो पनि होला । हामी नगरवासीको आलोचना सुन्न र आफूलाई सुधारेर जान तयार छौं ।

फर्महरुमा रुपान्तरण भएका आधुनिक किसानले गर्ने फार्मिङतिर लतारेर लान्छ । कृषिमा आधारित औद्योगिक उत्पादनतिर जान माग गर्छ । यो चरित्र ठम्याएर मात्र यहाँको आर्थिक विकासको मोडल तय गर्न सकिन्छ । यस्तो कृषि फार्मिङ एवं कृषि आधारित उद्योगले पर्यटन क्षेत्रको भागलाई सहयोग गर्नुपर्छ ।

सहरीकरणसँगै यहाँ शिक्षा, स्वास्थ्य, व्यापार, बैंकहरु, यातायात र अरु विभिन्न सेवा क्षेत्रको तीव्र विस्तार भएको छ । यसले दिने अवसर छोप्न मानिसहरु पोखरा ओइरिन थालेका छन् । यद्यपि यहाँको मुख्य जनसंख्या अहिले पनि रैथाने वासिन्दाहरु र वरपरका पहाडबाट आउनेहरुकै छ । जम्मा जनसंख्या ५ लाखभन्दा अलिक बढी छ । वार्षिक जनसंख्या वृद्धिदरमा पहाडका अरु सहरका तुलनामा पोखरा अगाडि छ । महानगरको एउटा विशेषता यसमा मिसिने भिन्न संस्कृति र सभ्यताका मानिसहरुको समरुपीकरण पनि हो । विज्ञान, कला, साहित्य मनोरञ्जनको केन्द्र बन्नु महानगरको विशिष्ट चरित्र हो ।

यसैले पोखरा महानगरको परिकल्पना गर्दा यी सुविधाहरु सहित सानो तर सुन्दर सहरका रुपमा गरिनु आवश्यक छ । पोखरालाई नमुना योग्य बसोबास र पर्यटनका लागि उत्कृष्ट सहरका रुपमा विकास गर्ने परिकल्पना गर्न सकियो भने मात्रै यसका सम्भावना पहिल्याउन सहज हुन्छ ।

नेपालमा विगत ७० वर्षमा धेरै राजनीतिक प्रयोगहरु भएका छन् । हरेक प्रयोगले नागरिक चेतना विस्तार गरेका छन्, सुविधायुक्त र अधिकारसम्पन्न नागरिकको हैसियतको खोजी गरेका छन् । पछिल्लो समय भएको राजनीतिक क्रान्तिको व्यवस्थापन गर्ने क्रममा नेपालको संविधान २०७२ जारी भएको छ जसले संघीय राज्य प्रणालीको परिकल्पना गरेको छ । यस्तो परिकल्पना अनुसार राज्यको पुनर्संरचना हुँदा स्थानीय तहहरुलाई जनताले राज्यबाट प्राप्त गर्ने आधारभूत सुविधाहरुको व्यवस्थापन गर्ने

# करको बोझ नबढाइकनै महानगरलाई समृद्ध बनाउन सकिन्छ



मञ्जुदेवी गुरुङ
उपप्रमुख
पोखरा महानगरपालिका

**न्यायिक समितिको संयोजकको रुपमा**

संविधानले उपमेयरलाई दिएको मुख्य भूमिका र परिभाषित काम पनि न्यायिक समितिको संयोजकको भूमिका हो । न्यायिक समितिको काम प्रतिको जिम्मेवारी भएकोले हप्ताको दुई दिन सोमबार र बुधबार पुरै समय इजलासमा बस्छु । धेरैजसो पालिकाले हप्ताको एक दिन यस्तो अभ्यास गर्ने गरेका रहेछन् । जनसंख्या धेरै भएकोले पनि यहाँ दुई दिन राखिएको हो ।

महानगर बन्नुभन्दा पहिलेदेखि नै नगरपालिकाको कानुन महाशाखा थियो । त्यहाँ कानुन अधिकृत थिए । इजलास राख्न थालेपछि यसको सचिवालयलाई प्रभावकारी बनाइयो । एकजना कानुन अधिकृतले इजलासमा बसेर हरेक विवादसँग सम्बन्धित न्यायिक प्रक्रिया र विवाद निरुपणका सम्बन्धमा विधिशास्त्रलाई अनुशरण गर्न सहयोग गरे ।

धेरैजसो पालिकामा त कानुन शाखा पनि थिएन, कानुन अधिकृत पनि थिएनन् । अहिले पनि छैनन् । कतिपयले यो कामलाई प्राथमिकता दिएर आवश्यक जनशक्ति व्यवस्थापन गर्नतिर पनि नलागेको पाइयो । विवादको पहिलो पक्षका कुरा सुनेपछि आफै उजुरी लेखर आफै निर्णय दिनुपर्ने अवस्था पनि विद्यामान छ । एक वर्षसम्म कैद सजाय हुने मुद्दामा पनि मेलमिलाप गर्न मिल्ने र न्यायिक समितिले हेर्न मिल्ने छ, तर यस्तोमा विधिपूर्वक अनुसन्धान गर्न समस्या छ । २५ लाखसम्मको बिगो भएको मुद्दामा निर्णय गर्न पाउने भनिएको छ । त्यसबाहेक संघ र प्रदेशले तोकेको काम भन्ने छ तर अहिलेसम्म तोकेर आएको छैन ।

हाम्रो सचिवालय नै १० जनाको बन्यो । साँध सिमाना जस्ता झगडा हेर्नलाई अमिन चाहियो त्यस्को बन्दोबस्त गरियो । कतिपय मुद्दामा इञ्जिनियर चाहियो, आवश्यकता अनुसार पालिकामा उपलब्ध इञ्जिनियर बोलाइयो ।

निर्णय गर्न पाउने र मेलमिलाप गर्नुपर्ने दुईथरी विवादहरु हामीकहाँ आउँछन् । निर्णय गर्नु अगाडि मेलमिलापको प्रयास गर्नुपर्छ । हरेक वडामा यस्तो मेलमिलापका प्रायस गर्ने मेलमिलापकर्ताहरु आवश्यक तालिम दिएर तयार पारिन्छन् । यस्ता मेलमिलपाकर्ता हरेक वर्ष सूचिकृत गरिन्छन् ।

साधारण तारिखको सूचना दिन र निर्णय तामेली गर्न पनि समस्या भएपछि एकजना तामेलदार



दायित्व सुम्पिएको छ । संविधानले प्रष्टसँग आधारतभूत शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, सार्वजनिक यातायात, लक्षित समूहको सुरक्षा र आर्थिक उत्थान, सामाजिक सेवा र सुरक्षाका मुख्य काम सहित धेरै विषयलाई स्थानीय तहको जिम्मा लगाएको छ । स्रोतमा अधिकार सहितको यो दायित्व निर्वाह गर्ने क्रममा नै महानगरले आफूलाई व्यवस्थित गर्ने हो, अरु ठाउँ भन्दा बस्न लायक बनाउने हो ।

गत २०७४ वैशाखमा सम्पन्न निर्वाचनबाट पोखरा महानगरको पहिलो स्थानीय सरकार गठन भएको थियो । उक्त निर्वाचनमा महानगर प्रमुख र उपप्रमुखसहित ३३ मध्ये २२ वडाध्यक्षमा नेकपा एमालेका उमेदवारहरु निर्वाचित




पोखरा २४ पामेखोलामा निर्माण गरिएको मोटरेबल पुल



राखियो । यसरी जनशक्ति सहितको सचिवालय बनेपछि काम गर्न सहज बन्यो । मेलमिलापमा टुंगिएको विवादमा थप मुद्दा हाल्न पाइँदैन । निर्णय गरेकोमा चित्त नबुझे अदालत जान पाउँछन् । हामीले अहिलेसम्म गरेका निर्णयमा चित्त नबुझेर १२ वटा विषयमा अदालतमा मुद्दा परेको छ । त्यसमा पनि ४ वटाको फैसला हामीले दिएको निर्णय अनुकुलकै आएको छ । बाँकी फैसला भएको छैन ।

हामीकहाँ माना चामल माग्न आउने पुरुषहरु पनि धेरै भेटियो, यो सुनेर बाहिरका उपप्रमुखहरु कतिपय छक्क पर्नुहुन्थ्यो । कतिपयलाई यस्तो माना चामल भरिमाग्न आउने त महिलाले मात्र हो भन्ने पर्दोरहेछ ।

न्यायिक समितिका असल अभ्यास र चुनौति बारे अध्ययन गर्न हामीकहाँ कैयन पालिकाबाट न्यायिक समितिका साथीहरु आउने गर्नुहुन्छ ।

**न्यायिक समितिहरुको राष्ट्रिय सम्मेलनमा उद्‌घाटन मन्तव्य व्यक्त गर्नु हुँदै सम्मानीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी**

भएका थिए । ११ वडामा नेपाली काँग्रेसका उमेदवारले विजय हासिल गरेका थिए । यसरी हेर्दा महानगरको पहिलो कार्यकाल सम्हालेको नेतृत्वको दृष्टिकोण भन्नाले मुख्यतया नेकपा एमालेले अघि सारेको निर्वाचन घोषणा पत्रमा गरिएको पोखराको परिकल्पना हो । सँगै एमाले र काँग्रेसका प्रतिनिधिहरुले संयुक्त रुपमा पास गरेका महानगरका कार्यपालिका र नगर सभाका प्रस्तावहरु हुन् । पहिलो कार्यकालमा महानगरको दृष्टिकोण र लक्ष्यहरु भन्नाले उपरोक्त अभिलेखहरुमा व्यक्त नेतृत्वका धाराणाहरु हुन् । यिनै धारणाका आधारमा लक्ष्यहरुको परीक्षण गरिने हो ।

पोखरा महानगरको पहिलो कार्यकालको नेतृत्व सोलोडोलो रुपमा दुई तिहाइभन्दा बढी सदस्य सहित नेकपा एमालेले गरेको थियो । त्यसैले नेकपा एमालले कस्तो पोखराको परिकल्पना गरेको थियो भन्ने कुराका आधारमा महानगरको पहिलो कार्यकालको सपना आँकलन गर्नु उपयुक्त हुनेछ । निर्वाचनका समयमा जनतासँग मत माग्न जाँदा नेकपा एमालेले जनतासँग गरेका प्रतिवद्धताहरु यस्ता थिए :



यहीँ अभ्यास र चुनौतिबारे छलफल गर्न भनेर न्यायिक समितिहरुकोसम्मेलन आयोजना गरिएको हो । पहिलो अभ्यास भएकाले समस्या र सम्भावना बारे छलफल र बहस भयो, केही निष्कर्षसहितका प्रस्तावहरु पास गरियो । साथै न्यायिक समितिहरुको महासंघ गठन गर्ने निर्णय भयो र तदर्थ समिति पनि गठन गरियो । यसले अब हुने निर्वाचनपछि आउने नेतृत्वका साथीहरुलाई पनि काम गर्न र असल अभ्यासबाट सिक्न मद्धत पुग्ने आशा मैले लिएको छु ।

**उपप्रमुखका रुपमा अन्य भूमिका**

स्थानीय सरकार सञ्चालन ऐनले उप-प्रमुखलाई केही महत्वपूर्ण जिम्मेवारी दिएको छ । राजश्व परामर्श समितिको संयोजक, योजना छनोट र बजेट विनियोजन, नगर सभामा बजेट प्रस्तुत गर्ने र योजनाहरुको अनुगमन गर्ने जिम्मेवारी पनि उपप्रमुखकै हुन्छ । संघीय सरकारले




**न्यायिक समितिहरुको राष्ट्रिय सम्मेलनमा कार्यपत्र पेश गर्दै उपप्रमुख मञ्जुदेवी गुरुङ**

» सहज, सरल, सुविधाजनक र पारदर्शी सेवा प्रवाह, भष्ट्राचार मुक्त प्रशासन

» स्थानीय सरकार विभिन्न जातजाति, भाषा, लिंग, धर्म, क्षेत्र वर्ग र प्रतिनिधित्व

» स्थानीय स्रोत साधनको प्रयोग, दक्ष जनशक्तिको उत्पादन, रोजगारी र उद्यमशिलताको विकास, पूर्वाधार निर्माण गर्दै आर्थिक समृद्धि हासिले गर्ने

» समाजमा विभेद, शोषण र उत्पीडनको अन्त्य,

» एक घर एक सिप, क्षमता अनुसारको रोजगार, बेरोजागरीलाई भत्ता

» निजी तथा सहकारी मार्फत् सहरी कृषि, जलस्रोत, ऊर्जा, पर्यटन, पूर्वाधार निर्माण र मानव संसाधनको विकासबाट आगामी २५ वर्षभित्र महानगरलाई अन्तर्राष्ट्रिय सहरको रुपमा विकास गर्ने

यसैगरी महानगरपालिकाको पहिलो नगरसभाले पोखराको विकास र समृद्धिका लक्ष्य किटान गर्दै केही नीतिगत निर्णयहरु गरेको थियो । त्यसलाई

तोकेकादेखि ऐनले तोकेकासम्म २५ भन्दा बढी समिति उपसमितिका संयोजक पनि उपप्रमुख नै हुन्छन् ।

राजश्व परामर्श समितिले कर निर्धारण लगायतका काम गर्ने, टेन्डर प्रक्रिया टुंगोमा पुऱ्याउने लगायतका काम गर्छन । उपप्रमुखको संयोजकत्वमा राजश्व परामर्श समितिको बैठक बसेर बजेटबारे छलफल गर्छ । प्रमुखको संयोजकत्वमा बजेटको सिमा निर्धारण गरिन्छ त्यसमा पनि उपप्रमुख सदस्य रहन्छन् । बजेटको सिमा निर्धारण भएपछि उपप्रमुखले विभिन्न ५ वटा विषयगत समितिहरुसँग परामर्श गरेर योजनाको प्राथमिकीकरण र बजेट बाँडफाँट गर्छन् । यसले गर्दा महानगरको योजना तर्जुमा र बजेट विनियोजनका सबै कामको नेतृत्व उपप्रमुखकै हुन्छ । प्रदेश र संघबाट बजेट तोकेर आउने योजनाहरुका अनुगमन गर्ने काम पनि उपप्रमुखहरुके हो ।

प्रदेश र संघबाट बजेट तोकेर आउने योजनाहरुका अनुगमन गर्ने काम पनि उपप्रमुखको हो । आर्थिक विकासको काम र पूर्वाधारको काममा उपप्रमुखकै जिम्मा हुन्छ । जे जसरी बाहिर उपप्रमुखको भूमिका कमजोर हुन्छ भनेर प्रचार गरिन्छ त्यस्तो हुँदै होइन । बरु काम गर्न समय पुग्दैन, कतिपय अनुगमन गर्न जान समेत सकिन्न । पचास लाख भन्दा कमका योजनामा विवाद भएमात्र अनुगमन गर्न जाने गरेको छु । समय नै पुग्दैन ।

राजस्व परामर्श समितिलाई भएको अधिकारमाथि कर्मचारीले हस्तक्षेप गर्ने, कतिपय उपप्रमुखहरुले पनि आफ्नो भूमिका अनुसार काम गर्न नचाहने पनि हुन्छ । मैले यी काममा पहिले कर्मचारीहरुबाट अवरोध व्यहोरेको थिएँ । यो काम तपाईंको होइन, तपाईंले सक्नुहुन्न भन्ने जस्तो गरेर प्रशासनका तर्फबाट जबर्जस्ती जिम्मेवारी खोस्ने प्रयास पनि गरियो । टेन्डरमा पनि कर्मचारीले आफै निर्णय लिन खोज्ने गरेको पनि थियो । पछि मैले आफूलाई ऐनले दिएको अधिकार प्रयोग गर्ने मेरो जिम्मेवारी हो भनेर टेन्डर प्रक्रियालाई पारदर्शी बनाएँ ।

सामाजिक शाखा संयोजकको भूमिका उपप्रमुखकै हुन्छ । यसमा महिला, विपन्न वर्ग, अपांग, ज्येष्ठ नागरिक, बालबालिका सबै पक्ष हेर्नुपर्ने हुन्छ । शिक्षा स्वास्थ्य जस्ता विषय पनि उपप्रमुखकै जिम्मेवारीमा पर्छन ।

अपांग परिचय पत्र वितरण गर्ने समिति संयोजकका रुपमा प्रत्येक महिनाको अन्तिम मंगलबार यस्तो परिचय पत्र वितरण गर्ने गरेका छौं । उक्त दिन म जहाँ भएपनि, आएकै हुन्छु । अहिलेसम्म यसमा कसैले गुनासो गरेको छैन । हिंसा पीडित उद्धार समितिको संयोजक, रासायनिक मल वितरणका कामको जिम्मेवारी, सेनिटरी प्याड वितरण समिति, पशु अनुदान तथा विकास समितिको संयोजक पनि उपप्रमुख नै हुन्छ । समय मिलाएर काम गर्ने गरेको छु ।

सुत्केरी महिलाको मृत्यु भयो भने सम्बन्धित पक्ष, अस्पताल र नगरपालिका बसेर छानबिन गर्ने कामको संयोजक पनि उपप्रमुख नै हुन्छ । यस्ता कतिपय घटना भएका छन् । मैले चासो दिएर काम गरेको छु । हामी आउँदा जनप्रतिनिधिप्रति अपेक्षा बढी थियो भने यता ऐन कानुनको अभाव र अरु समस्या थिए । काम सञ्चालन गर्न नै समय लाग्यो । हामी नेतृत्वमा आएको ६ महिनापछि मात्र स्थानीय तह सञ्चालन ऐन आयो । कर्मचारी व्यवस्थपनमा पनि संघीय सरकारले निकै समय लगायो ।

पनि वर्तमान उपलब्धिका सिमा निर्धारण गर्ने सूचकका रुपमा लिन सकिन्छ :

» सिंहदरबारको अधिकार महानगरका वडावडा र वस्तीवस्तीमा ल्याउन र नागरिकलाई सहज, सरल, सुविधाजनक र पारदर्शी ढंगबाट सेवा प्रवाह गर्दै भ्रष्टाचारमुक्त प्रशासन सञ्चालन गरिनेछ ।

» समावेशी लोकतन्त्रद्वारा स्थानीय सरकारमा विभिन्न जातजाति, भाषा, लिंग, धर्म, क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व गराउँदै प्रगतिशील आरक्षणको नीति कार्यान्वयन सहित राष्ट्रियताको प्रवर्धन गरिनेछ ।

» आर्थिक समृद्धि र विकासका लागि आफ्नो सहर आफै बनाउन तथा स्थानीय स्रोत साधनको प्रयोग, दक्ष जनशक्ति उत्पादन, रोजगारी र उद्यमशिलताको विकास, सहरी पूर्वाधार निर्माण र आधुनिकीकरणका लागि, समाजमा व्याप्त सबै प्रकारका विभेद, शोषण र उत्पीडनको अन्त्य गरी नागरिकलाई क्षमताअनुसारको रोजगारी उपलब्ध गराउँदै समृद्ध, समुन्नत र नेपाली विशेषताको समाजवाद एक घर एक सीप रोजगारीको आधार : समृद्ध पोखरा समाजवादको पूर्वाधार कार्यान्वयन गरिनेछ ।

**महानगर समृद्धिका लक्ष्यहरु**

» पोखरावासीको रहर, सुखी खुसी सभ्य र समृद्ध सहर भन्ने लक्ष्य पूरा गरी महानगरलाई सभ्य, सुखी, खुसी र समृद्ध नागरिकहरूको वैभवशाली सहर बनाइनेछ ।

» १५ वर्षभित्र यस महानगरपालिकालाई अन्तर्राष्ट्रियस्तरका पूर्वाधार सहित सुविधासम्पन्न सहरका रूपमा विकसित गरिनेछ ।

» साक्षरता, औसत आयु, प्रतिव्यक्ति वार्षिक आय आदिमा वृद्धि र मातृ/शिशु/बाल मृत्यु दर घटाई उत्कृष्ट मानव विकास सूचकांक भएको विभेद, जोखिम र असमानता मुक्त साथै सामाजिक न्याययुक्त नेपालको नमुना महानगरका रूपमा विकसित गरिनेछ ।

**महानगरको विकास नीतिहरू**

» सहरी विकास पूर्वाधार न्यून भएका वडाहरूमा महानगरस्तरीय विकासका विशेष कार्यक्रमहरू सञ्चालन गरी सबैवडाहरूलाई समानस्तरमा पुऱ्याउँदै सबैमहानगरवासीहरूलाई समृद्ध महानगरका गौरवशाली नागरिकको अनुभूति दिलाइनेछ ।

» सुगम यातायातको व्यवस्था सहितको एकीकृत सामूहिक आवास व्यवस्था मार्फत सुकुम्वासी एवं अव्यवस्थित बस्तीहरूको व्यवस्थापन गरिनेछ ।



» आवश्यकता अनुसार बस बिसौनी, प्रतीक्षालय, सवारी पार्किङ, जेब्रा क्रसिङ, पैदल मार्ग, साइकल लेन (अपांगमैत्री सहित), फ्लाइओभर, टनेल, ओभरहेड ब्रिजसहित वैज्ञानिक ढंगले ट्राफिक व्यवस्थापन गरिनेछ ।

» महानगर, सहकारी र निजी क्षेत्रको सहभागिता सहितको तीन खम्बे अर्थ नीतिमा आधारित आत्मनिर्भर र समृद्ध अर्थतन्त्रको निर्माण र विकास गरिनेछ ।

» नदी, खोला, ताल तथा जलाधार संरक्षण, जल-वायु-ध्वनि-स्थल (सबैखाले) प्रदूषण नियन्त्रणमार्फत पर्यावरण सन्तुलन गरी स्वच्छ, हरियालीयुक्त सहरका रूपमा विकास गरी सबै ठाउँबाट निलो आकाशसहित सेता हिमाल हेर्न मिल्ने वातावरणमैत्री महानगर बनाइनेछ ।

» महानगरलाई नेपालको पर्यटन, शिक्षा, स्वास्थ्य र मनोरञ्जनको प्रमुख केन्द्रका रूपमा विकसित गरिनेछ ।

» भ्रष्टाचार मुक्त राजनीति र कर्मचारी प्रशासन एवं जनताप्रति जिम्मेवार महानगर प्रशासन बनाउन भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

माथिका बुँदाहरुलाई महानगरको वर्तमान नेतृत्वले गरेको परिकल्पना हेर्दा समग्रमा नेपालको संविधान २०७२ ले कल्पना गरेजस्तो समानुपातिक प्रतिनिधित्व भएको, समावेशी



प्रमुख प्रशासकीय अधिकृत पटक पटक फेरिँदा पनि समस्या भयो । यसै बीचमा कोभिड आयो । कोभिडका समयमा भएको लकडाउनले गर्दा राजश्व संकलन र बजेट खर्च दुबैमा समस्या परेको थियो ।

महानगरले प्रचलित कानुन अनुसारको करको दायरमा सबैलाई ल्याउन सके मात्रै पनि थप करको बोझ नगरवासीलाई नपारी पार्यप्त राजश्व संकलन गर्न र महानगरको विकासका काम अघि बढाउन सम्भव छ । तर हामी सबै जनप्रतिनिधिले यसप्रति आफ्नो दायित्व निर्वाह गर्नुपर्छ ।

हाम्रो कार्यकालमा बालबालिकाका क्षेत्रमा, ज्येष्ठ नागरिकका क्षेत्रमा, विदालय शिक्षामा सुधार ल्याउने, स्थानीय पाठ्यक्रम लागू गर्ने जस्ता धेरै काम भएका छन् । उपप्रमुखसँग महिला कार्यक्रमले धेरै सिमान्त महिलाहरुलाई अवसर सिर्जना गरेको छ । उनीहरु महानगरसँग जोडिएका छन् ।

प्रतिकुलताका बीच हामीले राम्रो काम गरेका छौं भन्ने लाग्छ । आउने वर्षहरुका लागि तीनव र्षे योजना तर्जुमा गरी प्रकाशित गरिएको छ । त्यो नै हाम्रो महानगर कस्तो बनाउने भन्ने सम्बन्धमा हाम्रो दृष्टिकोण हो, सपना हो । हामी त्यही अनुरुप काम गरिरहेका छौं, आउने नेतृत्वले पनि यसलाई अगाडि बढायो भने पोखराको भविष्य राम्रो हुन्छ भन्नेमा मलाई विश्वास छ ।



लोकतन्त्रलाई अपनाएको, सेवा प्रवाहमा सुशासनको निश्चितता खोजेको, आर्थिक समृद्धिको लागि दक्ष जनशक्ति, स्थानीय स्रोतको परिचालन र उद्यमशिलतालाई प्रोत्साहित गरिरहेको तथा निजी क्षेत्र र सहकारीसँगको सहकार्यमा अघि बढ्ने सोच राखेको प्रष्ट हुन्छ ।

यसैगरी महानगरको नेतृत्वले शिक्षा, स्वास्थ्य, आवास, यातायात तथा मनोरञ्जनमा पहुँच भएका नागरिकहरुको परिकल्पना गरेको छ । पोखराको समृद्धिले वरपरका गाउँ तथा नगरहरुको सहभागिता खोज्छ । त्यस्ता क्षेत्रहरुलाई उपसहरी क्षेत्रका रुपमा विकास गर्न सकियो भने त्यसले गाउँ सहर अन्तर्क्रियालाई बलियो बनाउँछ, उपभोग्य माग बढाउँछ र प्रकारान्तरले उत्पादन तथा रोजगारी वृद्धि गर्न मद्धत गरेको हुन्छ । महानगरले स्याटालाइट सिटीहरुको परिकल्पना त्यही उद्देश्य प्राप्तिका लागि गरेको गरिएको थियो ।

माथि उल्लेख गरिएका समग्र नीतिगत प्रस्थापनाहरुको सापेक्षतामा पाँच वर्षमा आंशिक सफलता हासिल भएको हो ।

विगत पाँच वर्षमा भएका कामहरुका आधारमा महानगरले यस क्षेत्रमा मिश्रित उपलब्धि हासिल गरेको तथ्यहरुले देखाउँछन् । महानगरको वृत्तमा परेका पहाडी र ग्रामीण भेगका वडाका बासिन्दाहरुलाई मुख्य सहरसँग सडक सञ्जालबाट जोड्न भएका काम यस कार्यकालकै महत्वपूर्ण काम हुन् । यस्ता २७ वटा सडक निर्माण भइरहेका छन् । अझै पनि पूर्वाधारका क्षेत्रमा पछि रहेका २०, २३, २८, लगायतका वडाहरुमा सहज रुपमा यातायात सुविधा उपलब्ध वडाका रुपमा विकास गर्न थप प्रयासहरुको आवश्यकता छ । सहरभित्रको सडकलाई व्यवस्थित गर्न अस्फाल्ट प्रविधिको प्रयोग गरेर सडक विस्तार र स्तरोन्नति गरिएको छ । महानगरले आफ्नै लगानीमा कैयन पुलहरु बनाएको छ ।

शिक्षा क्षेत्रमा सामुदायिक विद्यालयको भौतिक पूर्वाधारमा भएको स्तरोन्नति उत्साहजनक छ । प्राथमिक स्वास्थ्य उपचार सेवाको पहुँच विस्तार भएको छ । ज्येष्ठ नागरिक र विपन्न वर्ग लक्षित कामले गति लिएका छन् । सडक किनारमा अपांगमैत्री फुटपाथहरु बन्दै गएका छन् । वडा मार्फत हुने नागरिकसँगको अन्तर्क्रिया र सेवा प्रवाहमा सकारात्मक परिणामा देखिएका छन् भन्ने कुरा वडाका प्रगति विवरणले पुष्टि गर्छन् ।

लिफ्टिङ प्रविधिबाट काँहु, कास्कीकोट, बेगनास जस्ता गाउँमा खानेपानीको व्यवस्था मिलाउने काममा पनि यस अवधिमा भएको महत्वपूर्ण उपलब्धि हो । यसैगरी कृषि तथा पशुपालनका क्षेत्रमा गरिएका प्रोत्साहनजन्य कार्यहरुले यान्त्रीकरण गर्न र कृषि तथा पशुजन्य व्यवसायको उत्पादकत्व वृद्धि गरी आय बढाउन मद्दत पुगेको छ ।

आमा समूहका भवनहरु, पार्कहरु, ज्येष्ठ नागरिक सेवा केन्द्रहरुले मानवीय क्षेत्रमा लगानी बढाउँदै गएको संकेत गर्छन् । विद्यालय शिक्षामा थप लगानी गरिएको छ । विद्यालय भवन, आइसिटी ल्याब, प्रयोगशाला, पुस्तकालय, शौचालय बनेका छन् । गण्डकी बहुप्राविधिक विद्यालयको स्थापना यस कार्यकालको अर्को महत्वपूर्ण उपलब्धि हो ।

प्रज्ञा प्रतिष्ठान, युवा परिषद, खेलकुद विकास समितिको गठन भएर क्रियाशील भएका छन् ।

उपमेयरसँग महिला कार्यक्रम अन्तर्गत मापदण्डका आधारमा विपन्न तथा सिमान्त वर्गका महिलाहरुलाई आय आर्जनका काममा जोडिएको छ । ज्येष्ठ नागरिक, अपांग तथा बालाबालिकाका हितमा कामहरु भएका छन् ।

देशभित्र र बाहिरका थप सहरहरुसँग भगिनी सम्बन्ध विस्तार भएको छ त्यसले अनुभवहरुको आदानप्रादान र आपसी सहयोगलाई बल पुगेको छ

पोखरा महानगरको न्यायिक समिति देशभरमै असल अभ्यास भएको समितिका रुपमा परिचित भएको छ । त्यसको संस्थागत ढाँचा बनेको छ ।

महानगरको तीन वर्षे योजना तयार भएको छ । यसले महानगरको योजनावद्ध विकासको आधार तयार पारेको छ । समग्रमा हेर्दा महानगरले यो पाँच वर्षमा समृद्धि र मानवीय विकासको आधार तयार पारेको छ ।

अहिले भएकै प्रयासहरु सम्पूर्ण आवश्यकताका तुलनामा अझै पनि कम छन् । स्वीकार गर्न



पोखरा अन्तर्राष्ट्रिय विमानस्थल

हिच्कीचाउन पर्दैन। अहिले हेर्दा जुन सैद्धान्तिक प्रतिवद्धता घोषणापत्रमा व्यक्त गरिएको छ त्यसको गणना योग्य प्राप्तिका लागि योजनावद्ध प्रयासहरुको गति आवश्यक थियो त्यो नभएको हो कि भन्ने लागेको छ। प्रशासनिक संयन्त्रबाट सेवा प्रवाहलाई सहज र सरल तथा पारदर्शी बनाउने अवरोध हुने गरेको भनेर हुने सार्वजनिक टिप्पणीको जवाफ कामले नै दिन पर्छ भन्नेमा हामी विश्वस्त छौं। वडाहरुबाट हुने सेवा प्रवाह पहिले भन्दा परिणाममुखी भएपनि महानगर प्रशासनबाट भने अझै परम्परागत तरिकाले काम गरिएको आम बुझाइलाई चिर्नुछ। यसले राजनीतिक नेतृत्वलाई परिणाममुखी काम गर्नमा बाधा सिर्जना गरेको छ।

यस बीचका राजनीतिक घटनाक्रमहरु खासगरी तत्कालीन नेकपा र एमालेको जीवनका आन्तरिक समस्याका छाँया महानगरका काममा पनि परेको हो। आन्तरिक राजनीतिका समस्याका कारण महानगरको नेतृत्व र सत्तारुढ दलका बीच पर्याप्त सम्वाद हुने र महानगरले गर्ने विकास निर्माणका कामहरुमा राजनीतिक परिचालन गर्ने वातावरणमा अवरोध आएको थियो।

कोरोना महामारी यस बीचमा लक्षित उद्देश्य हासिल गर्नमा बाधक रहेको थियो। लामो समयको पूर्ण लकडाउन र अरु आर्थिक गतिविधिलाई प्रभावित गर्ने निर्णयहरु, कोरोना महमारीको प्रतिकारात्मक र उपचारात्मक काम गर्नु परेको स्रोत परिचालनका कारण विकास निर्माणका काममा बाधा नपुगेको भए यो भन्दा बढी उपलब्धि हासिल हुन सक्थ्यो।

महानगरले पाँच वर्षमा गर्न नसकेका केही महत्वपूर्ण काममरु छन् जसले पोखराको ब्युटिफिकेसन, सहरी विकास र सुशासनका दृष्टिले महत्व राख्छन्। त्यसमा पोखरा बसपार्क पनि एउटा हो। दसकौंदेखि पोखरा नगर पालिका, स्थानीय जग्गाधनी र सुकुम्वासी वस्तीका बीच रहेका द्वन्द्वका कारण अलपत्र परेको यो बसपार्कका विकल्पमा लामे आहाल नजिक प्रदेश बसपार्क बनाउने कुरा भएपनि त्यो कार्यान्वयनमा आउन सकेको छैन। कम्तीमा बसपार्कका नाममा वडा नम्बर ९ मा प्रयोग भइरहेको क्षेत्रलाई व्यवस्थित गराउन सक्दा पनि त्यसले पोखराको बसपार्क सम्बन्धी समस्या केही हदसम्म समाधान हुन्छ। त्यो पनि अघि बढाउन सकिएन।

यस बीचमा राष्ट्रबैंक चोक नजिक रहेको महानगरको खाली जग्गामा पर्यटक बसपार्क निर्माण भएर सञ्चालनमा आएको छ। यस बसपार्कले पर्यटकहरुलाई धेरै हदसम्म पोखरा आउन र बाहिर जान सहज भएको छ।


पोखरा महानगरपालिकाको प्रशासनिक भवनको डिजाइन



फोहोरमैलाको समस्या समाधानका लागि अहिलेसम्म प्रयोग भएको ढाँचाले अब पोखरालाई धान्न सजिलो छैन। ल्यान्डफिल साइटहरु बनाउने र व्यवस्थापन गर्ने परम्परागत तरिका अनुसार अहिले वडा नम्बर १४ मा पर्ने भेडीफर्मभन्दा तलको सेतीकिनारको जमिन प्रयोग हुँदै आएको छ। अन्तर्राष्ट्रिय विमानस्थल बनेपछि त्यहाँको ल्यान्डफिल साइट अन्यत्र सार्नै पर्ने बाध्यता छ। विकल्पका रुपमा वडा नम्बर ३३ को पुँडीटार नजिक फिल्ड छनोटको काम सकिएको छ। त्यसको पूर्वाधार बनाउने काम भने बाँकी छ। फोहरमैलाको दीर्घकालीन समाधान भने यसको संकलन र व्यवस्थापन होइन प्रशोधनको प्रक्रियामा जानु नै हो। यसमा सार्वजनिक निजी साझेदारीको मोडल अपनाउँदा पोखरा सफा राख्न सहज हुने कुरामा महानगर विश्वास गर्छ। लोकतान्त्रीकरण र समावेशीकरण एउटा प्रक्रिया हो। सो अनुसारका प्रयास आरम्भ भएका छन्।

यस बीचमा महानगरको कार्यालय भवन बनाउने प्रयास सफल हुन सकेन। नयाँ टिमले नेतृत्व गर्ने वित्तिकै हालको कार्यालय भवनले महानगरका नागरिकका माग अनुसारको सेवा प्रवाह गर्न नसकिने निष्कर्ष निकालिएको थियो। त्यसका लागि संस्थागत प्रयास थालियो। आवश्यक जमिनको खोजी गरेर संघीय सरकारसँग उक्त जमिन माग गर्दा संघीय सरकारका तर्फबाट निर्णयमा गरिएको ढिलाइकै कारण समयमा जग्गा प्राप्त हुन सकेन। लामो प्रयासपछि वडा नम्बर १२ स्थित सेवा कार्यालयको केही जमिन महानगरलाई प्राप्त भएको छ। भवनको विस्तृत योजनाको प्रतिवेदन पनि बनिसकेको छ। शिलान्यास भएर कार्यालय भवन बनाउने प्रक्रियामा गएको छ।

महानगरका पाँच वर्षको समीक्षा गर्दा यो महानगरमा पछिल्लो पटक समावेश भएका गाउँलाई सहरसँग जोड्ने र संस्थागत विकासको आधार तयार पार्ने महत्वपूर्ण सफलता हासिल गरेको समय हो। तीन वर्षीय योजनाले हिँड्नुपर्ने बाटो देखाउने छ। प्रशासनिक भवन निर्माण हुँदा सेवा प्रवाह थप सहज हुनेछ। कोरोला नाका खुल्दै जाँदा र क्षेत्रीय विमानस्थलको निर्माण पूरा हुँदा पोखरामा थपिने पर्यटकको चापसँगै यहाँको आर्थिक कार्यकलापमा वृद्धि हुनेछ। यी सबैले पोखराको भविष्य सुन्दर र समृद्ध देखाउँछन्।

ऐन कानुनहरुको व्यवस्था कर्मचारी प्रशासनमा रहेका अन्योलको अन्त्य, पूर्वाधारको विकासमा भएको प्रगतिले एउटा जग हालेका छन्। आउने नेतृत्वले यसमा टेकेर पोखराको विकासको गतिलाई अघि बढाउन सक्छन्।

# वैभवको मार्गमा पोखरा नगरी



बलराम रिज्याल
प्रमुख प्रशासकीय अधिकृत
पोखरा महानगरपालिका

प्रकृतिको अनुपम वरदान पाएको पोखरा उपत्यका संसारकै उत्कृष्ट नगर हो । विश्वमा प्रमुख दश पर्यटकीय गन्तव्यमा पर्ने यो उपत्यकाको बनोट प्रकृतिको उत्तम शिल्प हो । एकै नजरमा सेता हिमालका हिम पहेली र बलौटे फाँटहरुका तातो हावाले उद्धेलित हुने पाटन र गर्जहरुले पोखरा धनी छ । यहाँका तालहरुले छर्ने इन्द्रियानन्द त सबैको मधुर मुग्धतामा पर्छ नै । समुद्र तट सरहको अनुभूतिमा रम्न पाइने अनि पहाडी र हिमाली जनजीवनको स्वादले आल्हादित हुन सकिने नेपालको एकमात्र थलोका रुपमा पोखरालाई लिइन्छ । हिउँदको कठाग्रिँदो दिनमा मन्द पवनले तातिने र वसन्तको शुभ बिहानीमा भद्र चिसोको श्वास लिन सकिने यो नगरी वास्तवमा खुला वातानुकूलित स्थल हो ।

पोखराले विकासका पथमा सनै सनै पाइला चालिरहेको छ । पर्यटन, धार्मिक, ट्रान्जिट र सभा सहरका रुपमा यसले वैभव हाँसिल गर्ने आधारशीला पाएको छ । महानगरपालिकाको सेवा प्रवाह तथा विकास अभियानको पछिल्लो अवस्थाले यहाँको वर्णीत सुरम्य प्राकृतिक सम्पदालाई अब सँगै वैभवतातिर लैजाने आभाष दिलाएको छ ।

पोखराको विविध अनुभूतिलाई उजागर गर्नुपर्दा यहाँका बहुआयामिक पक्षलाई मनन गर्नुपर्दछ । शुरु पदारोपणमा अन्यन्त मनमोहक र चित्ताकर्षक लाग्छ पोखरा । अलि अलि बुझ्दा राम्रो लाग्छ । गहिरिएर बुझ्दा विस्तारै थप गर्नुपर्ने रहेछ भन्ने महसुस हुन्छ । उन्नयनतर्फको शैशवकालमा रहँदा गरिएको अनुभूति यस्ता छन् । पोखरा उपत्यकाका नजिकका थुम्कामा भएका धार्मिक पर्यटकीय पूर्वाधार देख्दा सहर पहाड उक्लेको भान हुन्छ । विशाल पोखराका तेत्तीसै वटा वडाक्षेत्रहरु विचरण गर्दा सडक लगायतका पूर्वाधारको कनेक्टिभिटीको धुमधाम सुरु तथा फत्ते भएको देखिन्छ । अब गाउँ पनि सहर भएछन् भनेर जनता फुरुंग भएका छन् । तत्काललाई बजार क्षेत्रका बाटोघाटो खज्याँग खुजुँग भएतापनि बृहत खानेपानी योजनाको दीर्घकालीन व्यवस्था गर्न गरिएको सुकृत्यले आशालाग्दो खानेपानीको भविष्यद्रष्टी बनाउँछ । त्यसै अल्भिmरहेको र अजनबीलाई कुरेको भान हुने अनि अनाथ लाग्ने र अरु विकासलाई ठेस पुर्‍याइरहेका तालतलैयाका सीमांकन र मापदण्ड, फोहोरमैला व्यवस्थापन केन्द्र र सहरका काला वर्कसपहरुको व्यवस्थापनको कार्यको श्रीगणेश भएको देख्दा पदीय भन्दा असल नागरिकको दायित्ववोध हुन्छ । यसले सहरको सुन्दरतामा थप कसी लाउन सहायक भएको अनुभव भएको छ ।

लामो समयसम्म जनप्रतिनिधिविहीन अवस्थाबाट गुज्रेका स्थानीय तहमा संघीयतासँगै परिस्थितिको पहिचान, प्रणालीको स्थापना र कानुनी तथा संस्थागत अधिनिर्माणमा लागि पर्दा फट्ट केही नभएजस्तो देखिएतापनि नयाँ स्वरुप र संरचनामा छलाङ मार्दै पोखराले विकासको मार्ग पक्डीसकेको छ ।

कर्मचारीहरुको संगठन र दरवन्दी संरचनाले मूर्त रुप लिएको छ । वृत्ति विकास र उत्प्रेरणाका माध्यमबाट अब कार्यगत वैशिष्ट्यतातर्फ प्रशासनले दिशा लिएको छ । प्रणाली सुधारका रुपमा आर्थिक प्रशासन र राजस्वको स्वाचालित प्रणाली शुरुवात गरिएको छ । सबै वडाहरु आफ्ना काम कारवाही र सेवा प्रवाहमा पूर्णरुपेण अधिकार सम्मन्न भएका छन् । महाशाखाहरु अख्तियारी प्राप्त गरी परिणाम र नतिजाप्रति जिम्मेवार भएका छन् । महानगरस्तरीय स्वास्थ्यकेन्द्र र अस्पताल नमुनाका रुपमा रहेका छन् । शिक्षा क्षेत्रमा प्राविधिक शिक्षालयले उत्कृष्ट नतिजा ल्याइरहेको छ । कृषि, सहकारी लगायतका क्षेत्रमा अनुकरणीय कार्यहरु भएका छन् । यसर्थ, पोखरा महानगरपालिका समग्र संघीय सरकारको स्थानीय प्रतिरुपका रुपमा कहलिएको छ ।

नीतिगत सुधारका क्षेत्रमा विसासय भन्दा बढी त कानूनहरु तर्जुमा भई क्रियान्वित छन् । विविध संस्थाहरु जस्तैः समिति, परिषद्, आयोग र प्रतिष्ठानहरु स्थापना भई क्षेत्रगत रुपमा सक्रिय भूमिकामा छन् । मानव जीवनका हरेक पहलु जस्तैः शिक्षा, स्वास्थ्य, खेलकुद, युवावय, प्राज्ञिक क्षेत्र लगायतका समस्त तहमा राम्रो सुरुवात भएको छ ।

परियोजना विकास तथा सार्वजनिक निजी साझेदारीका परियोजनाहरुको नीति, कानुन र प्रक्रियाहरु हेर्दा देशकै निजी मुहारका रुपमा रहेका लगानी बोर्डको झझल्को यहाँको संस्थागत क्रियाशीलता र परियोजना विकासका लागि गरिएका कामले सिद्ध गरेको छ ।

महानगरले सेवा प्रवाहलाई केन्द्रविन्दूमा राखी सबै वडामा नयाँ भवन बनाउने अभियान शुरु गरेर करिब दुई तिहाई काम सम्पन्न गरेको छ। आधुनिक प्रविधिका सडक र संरचना निर्माणको प्राविधिज्ञतामा समेत पोखरा अग्रणी छ।

न्यायिक समिति र यसका काम कारवाही हेर्दा देशको नमुनाको रुपमा रहेको छ । यसको अभ्यासले स्थानीय न्यायपालिकाको प्रतिरुप त दिएकै छ। यसभन्दा माथि संघीय कानुनमा नै उचित प्रबन्ध गरी प्रभावकारी बनाउन अभ्यासगत दिशानिर्देश समेत गरेको छ। कानुनको सुधार र परिमार्जनबाट मात्र स्थानीय सरकारको न्याय सेवा प्रगाढ हुन्छ भन्ने मान्यतालाई यसले जोड दिएको छ।

जनप्रतिनिधि र राष्ट्रसेवकबीचको सौहार्दताले पोखराका सबै काम कारवाहीहरु चुस्त भएको अनुभूति हुन्छ। पूर्वाधार क्षेत्र, सेवा प्रवाह क्षेत्र र सामाजिक क्षेत्रमा पोखरा महानगरका संस्था, कानुन, नीति, आवधिक एवं रणनीतिक योजना र विभिन्न क्षेत्रका सुधार योजनाले पोखराको विकासका लागि महत्वपूर्ण आधार सिर्जना गरेका छन्। सुन्दर पर्यटकीय सहर पोखराको परिकल्पनामा यी आधार सहायक सिद्ध हुनेछन्।

विकास र परिवर्तन निरन्तर हुनुपर्दछ। सुधारको गुञ्जायस सदैव रहिरहन्छ। हालसम्म भएका यावत कार्यहरु भावी दिनमा गरिने सेवा प्रवाह, विकास तथा निर्माणका लागि बलियो जगका रुपमा रहेका छन्। यी जगका आधारमा हाम्रो पोखरा नगरी सुन्दर, समुन्नत र वैभवशाली पर्यटकीय सहर हुने स्वप्निल आकंक्षा सार्थक हुनेछ।





## खण्ड ४

# मुख्य उपलब्धि

पाँच वर्ष पहिले भएको निर्वाचनबाट महानगरमा निर्वाचित जनप्रतिनिधिहरुको नेतृत्वमा सम्पन्न भएका केही मुख्य काम र उपलब्धिहरुलाई यहाँ शुत्रवद्ध गरिएको छ । उक्त अवधिमा भएका नियमित र सहस्र कामहरु बाहेक पनि महानगरको पहलमा भएका यी कामहरुले महानगरको अन्तर सडक सञ्जाल विस्तार गर्न, सहरलाई ब्युटिफिकेसन गर्न, महानगरवासीहरुलाई खानेपानी लगायतका सुविधा उपलब्ध गराउन, शिक्षा तथा स्वास्थ्य सेवाको अवस्था सुधार गर्न र समग्रमा भौतिक तथा मानवीय विकास गर्न योगदान गरेका छन् ।

## सडक तथा पूर्वाधार



**सडक निर्माण**

**३२३ किमी सडक ग्राभेल,**
**४४७ किमी सडक कालोपत्रे,**
**२७८ किमी साना तथा मझौला सडक ढलान,**
**३७ किमी सडक मर्मत एवं स्तर उन्नति कार्य सम्पन्न**

» पाँच वर्षको अवधिमा वडा तथा महानगरपालिका स्तरका ३९१ सडक ढलान योजना, ८९३ साना तथा ठूला सडक कालोपत्रे एवं मर्मतका योजना, ३०१ सडक ग्राभेल तथा स्तर उन्नतिका योजना र ५७ वटा नयाँ ट्र्याकका योजना सम्पन्न भएका छन् ।

» महानगर क्षेत्रभित्र तीन वटै तहका सरकारका पहलमा ३२३ किमी सडक ग्राभेल, ४४७ किमी सडक कालोपत्रे, २७८ किमी साना तथा मझौला सडक ढलान, ३७ किमी सडक मर्मत एवं स्तरोन्नति कार्य सम्पन्न भएको छ ।



» मुख्य सहरी सडकहरुको स्तरोन्नति गर्ने क्रममा पोखरा महानगरपालिका, सडक विभाग र प्रदेश सरकारको सहकार्यमा २७ किमी सडक अस्फाल्ट कंक्रिट गर्ने काम अन्तिम चरणमा पुगेको छ । विजयपुर वेगनास सडक खण्डमा १४ किमी सडक अस्फाल्ट गर्ने योजना रहेको ८ किमी निर्माण सम्पन्न भएको छ र बाँकी निर्माण भइरहेको छ ।



» प्राविधिक कारणले रोकिएको मेयर नमुना सडक निर्माण अन्तर्गत वडा नं. १७ को बिरौटादेखि तीनकुनेसम्म (आरटिओ) सडक निर्माण, छोरेपाटन बिरौटा सडक निर्माणको काम भइरहेको छ । वडा नम्बर १० को राममार्ग, अमरसिंहचोक हुँदै रानीपौवा सडक स्तरोन्नतिको काम भई अस्फाल्ट हुने चरणमा छ । बैदाम घाँटीछिना खण्डको पामेसम्म कालोपत्रे भएको छ भने बाँकी खण्डमा अस्फाल्ट गर्ने कार्य अगाडि बढेको छ ।

» शान्तिनगरचोकदेखि बुलौंदीसम्म रंगिन क्लस्टर अन्तर्गत सडक पेटी निर्माण गरिएको छ । पालिखेचोकदेखि महेन्द्रपुल, चिप्लेढुंगासम्म, केआइसिंहपुलेदेखि नदीपुरसम्म अपांगमैत्री फुटपाथ



**वडाहरुको केन्द्रसम्म जोड्ने २७ वटा पहुँच मार्ग (कनेक्टिङ) निर्माण**

निर्माण गरिएको छ । यस अवधिमा साना तथा ठूला फुटपाथ निर्माणका ५३ योजना सञ्चालन भएका छन् ।

» महानगरपालिकाको कार्यालयबाट सबै वडाको केन्द्रसम्म जोड्ने २७ वटा पहुँच मार्ग (कनेक्टिङ रोड) निर्माण भएका छन् । प्राथमिकताका आधारमा पहिलो चरणको काम पूरा भइसकेको छ भने दोस्रो चरणको कार्य बहुवर्षीय ठेक्का मार्फत् चलिरहेका छन् । यो आयोजनाबाट खासगरी, सडक चक्ल्याउने, नाली र कल्भर्ट निर्माण, ग्राभेलिङ तथा कालोपत्रे गर्ने काम भइरहेको छ । सुरुको वर्षदेखि संचालित परियोजनाहरुको काम प्राय अन्तिम चरणमा पुगेका छन् ।


पर्यटन बसपार्क

| सडकको नाम | सडकको नाम |
|---|---|
| शिवालय बतासे मनिपाल सडक | विजयपुर सुर्केमैदान सडक २८ |
| पामेदेखि २४ नं. वडा कार्यालय जोड्ने सडक | वडा नम्बर १८ को देउराली-कमेरेगुण्डा मार्ग |
| छोरेपाटनदेखि वडा नं. २१ जोड्ने सडक | मनिपाल मौजा बिसौना सडक २० |
| खराने-राखीडांडा सडक | ३३ नं. वडाकार्यालयदेखि ठूल्ढुंगा सडक |
| झाझरमारे-देउमाणी-ओख्ले सडक २८ | कात्रे बाम्दी घाटछिना सडक |
| स्यांङखुदी कँडेल गाउँ सडक | चितेपानी-रैकर-माछापुच्छ्रे सडक |
| लेखनाथ शिरोमणि मार्ग | खत्री पहिरो-खोलाबेसी-बेत्यानी सौरे सडक |
| रतिखहरेघाट-निर्मलपोखरी मार्ग | महेन्द्रगुफा-अर्मलाकोट-मौजा सडक |
| घार्मीखोला-जुम्लेटी-ढिकीडांडा तितेपानी माग | तिलाहार-काउलेपानी-तारेभिर सडक |
| आपकुना-चिलिमेडांडा-गुन्टेचौर सेरा मार्ग | शिवालय थाप्ले -तिलाहार बासपानी चिलाउनेखर्क सडक |
| कुलायन मौजा सडक | आस्म्याटा कालिका सडक २८ |
| खपौदीदेखि १८ नं. वडासम्मको मार्ग | काहुँखोला पहिरोपानी चिसापानी मौजा डाँडागाउँ सडक १३ |
| अमलाबेसी तल्लाथर घार्मी सडक वडा १९ | बागलुङ बसपार्क कास्कीकोट सडक(२० करोडको निर्माण कार्य सम्पन्न गर्न लागिएको ) |
| ठूलाखेत चैनपुर हर्पन पञ्चासे सडक २३ | |

# पुल निर्माणमा महानगर

पोखरा महानगरपालिकाले पुल निर्माणमा संघ सरकारको मुख ताक्ने प्रथालाई तोड्दै ८ वटा पुल निर्माण गरेको छ । महानगरले ७ वटा मोटरेबल पुल र पोखराको सिर्जनाचोकमा एउटा आकाशे पुल निर्माणको काम सम्पन्न गरेको छ । कनेक्टिङ सडकको साथ साथै आवश्यकता अनुसार मोटरेबल पुल निर्माणलाई पनि प्राथमकितामा राखेर काम भएको छ । स्थानीय तहबाटै मोटरेबल पुल निर्माण गर्नेमा पोखरा महानगर पहिलो हो ।

## पाँच वर्षमा निर्माण भएका मोटरेबल पुल

### १. भोटीखोला पुल



वडा नम्बर १९ को पुरनचौरस्थित भोटीखोलामा मोटरेबल पुल निर्माण गरिएको छ । साविक लामाचौर र पुरञ्चौर गाविसको सिमानामा पर्ने भोटीखोलामा २५ मिटर लम्बाइ र ८ दशमल ४ मिटर चौडाइको पुल निर्माण गरिएको हो । पुलमा फुट ट्र्याक बनाइएको छ । पुलमा असर पर्न नदिन खोला नियन्त्रणका लागि आवश्यक संरचना पनि बनाइएको छ ।

### २. घोरकुना पुल



वडा नम्बर १६ को तुम्के घोरकुना खोलामा पक्की पुल बनेको छ । साविक अर्मला गाविसको घोरकुना खोलामा ३ करोड ३० लाख ३१ हजार ३ सय २५ रुपैयाँको खर्चमा पुल निर्माण भएको हो । पुल २५ मिटर लम्बाइ र ५ मिटर चौडाइको छ ।

## ३. स्यानी खोला पुल

वडा नम्बर २० को स्यानी खोलामा मोटरेबल पुल निमार्ण भएको छ । २५ मिटर लम्बाइ र ८ दशमलव ४ मिटर चौडाइको पुलसँगै फुटपाथ र खोला नियन्त्रणका लागि आवश्यक संरचना निर्माण गरिएको छ । पुलका लागि ३ करोड २ लाख ७५ हजार ५ सय ४९ रुपैयाँ लागत लागेको थियो ।



## ४. स्याङखुदी खोला पुल

वडा नम्बर २८ स्याङखुदी खोलामा २५ मिटर लम्बाइ र ८ दशमलव ४ मिटर चौडाइको मोटरेवल पुल निर्माण सम्पन्न भएको छ । पुललाई खोलाले असर पार्न नसक्ने गरी खोला नियन्त्रणको संरचना पनि बनाइएको छ । २ करोड ७५ लाख ९७ हजार ९ सय ८३ रुपैंयाको लागतमा उक्त पुलको निर्माण भएको हो ।



## ५. खोलावेसी पुल

वडा नम्बर ३१ स्थित खोलाबैँसीमा मोटरेबल पुल निर्माण भएको छ । विकटलाई निकट ल्याउने योजना अनुसार महानगरले खोलाबैँसीमा पुल निर्माण गरेको हो । १६ मिटर लम्बाइ र ८ मिटर ४ दशमलव चौडाइको पुलको लागत २ करोड १२ लाख रहेको छ ।



## ६. बगादी खोला पुल

वडा नम्बर २७ स्थित डाँडाकोनाक नजिकै बगादी गडुवा खोलामा मोटेरेबल पुल निर्माण भएको छ । ३ करोड ३ लाख ८६ हजारको लागतमा निर्माणाधीन पुलको लम्बाइ २० मिटर र चौंडाइ ८ मिटर रहेको छ ।



## ७. फिर्केखोला पुल

पोखरा महानगरपालिका वडा नम्बर ४ र ५ जोड्ने फिर्के खोलामा मोटरेबल पुल निर्माण भइरहेको छ । पुललाई खोलाले क्षति पुर्‍याउन नदिन खोला नियन्त्रणको संरचना पनि निर्माण गरिनेछ । ४ करोड लागतमा शान्ति आरोग्य जेभीले पुल निर्माण गरिरहेको छ ।



पोखरा ४ र ५ जोड्ने फिर्केखोला पुलको गत माघमा निरीक्षण गर्दै प्रमुख मानबहादुर जिसी । यो पुल अहिले ढलान भइसकेको छ ।

- » सुरौदी खोला पुल निर्माणका लागि काम सुरूवात गरिएको छ ।
- » संघ र प्रदेश सरकारको सहयोगमा ७ वटा पुल निर्माण कार्य सम्पन्न भएका छन् । बैदाम पामे सडक खण्डमा तीन वटा पुल निर्माण भएका छन् भने अरू पुल पनि बनिरहेका छन् ।
- » विजयपुरमा वडा न १३ र २८ जोड्ने एउटा र १३ र २६ जोड्ने गरी अर्को पुल निर्माण भएका छन् ।
- » काहुँखोला पुल, वडा नम्बर ३० र ३३ जोड्ने गरी सेती नदीमा लामगादी जाने पुल निर्माण भइरहेको छ ।
- » थप सात वटा मोटरेबल पुलको निर्माण कार्य अगाडि बढाउनका लागि डिपिआर तयार गरिएको छ ।
- » ७ वटा झोलुङ्गे पुल निर्माण गरिएको छ ।
- » गत पाँच वर्षमा कुल ३२ वटा साना खोल्साहरूमा कल्भर्ट निर्माण सम्पन्न भएका छन् भने यसै आवमा ७ वटा कल्भर्ट निर्माणको काम अगाडि बढेका छन् । यी आयोजनाहरू वडा र महानगरस्तरीय बजेटबाट कार्यान्वयनमा आएका हुन् ।



# जलाधार संरक्षण र तालहरूको मापदण्ड निर्धारण

| ताल | मापदण्ड |
|---|---|
| फेवा | ३० मिटर |
| बेगनास ताल | ५५ मिटर |
| रूपा ताल | ५५ मिटर |
| खाष्टे ताल | २० मिटर |
| दिपाङ ताल | २० मिटर |
| मैदी ताल | २० मिटर |
| न्युरेनी ताल | २० मिटर |
| गुँदे ताल | २० मिटर |

पोखरा महानगरभित्र रहेका तालहरू नेपालका लागि महत्वपूर्ण प्राकृतिक स्रोत हुन भने विश्व सिमसार सूचीमा सूचीकृत सिमसारहरू पनि हुन। पोखराको सुन्दरता र आकर्षणमा यी तालहरूको मुख्य भूमिका छ । पोखराको पर्यटनको ठूलो हिस्सा यी नै तालहरूको आकर्षणले तय गर्छ । पछिल्ला केही दशकमा बाढी पहिरोका कारण आउने लेदोले पुर्ने र मानवीय अतिक्रमणले समेत गर्दा तालहरू पुरिने र वरपरबाट मिचिदै जाने गरेको छ। पोखराको ढल सिधै फेवातालमा मिसाउने, तालको नजिकै लगेर व्यापार व्यवसाय गर्ने र त्यसबाट उत्सर्जन हुने फोहरले ताललाई छोप्दै जाने अवस्था बनेको छ । यसले गर्दा तालले ओगटेको समग्र क्षेत्रफल घट्दै गएको छ। विभिन्न अध्ययनहरूले यही प्रक्रिया निरन्तर रहेमा फेवातालको अस्तित्व आउने सय वर्ष अघि नै समाप्त हुने प्रक्षेपण गरिसकेका छन् । यसैले तालको क्षेत्रफलको निर्धारण गर्ने, ताल किनारमा मानवीय अतिक्रमणलाई नियन्त्रण गर्न मापदण्ड निर्धारण गर्ने र तालको वरपर पैदल मार्ग, हरित पेटि निर्माण गरेर संरक्षण गर्ने प्रयास पनि हुँदै आएका छन्। जलाधार तथा तालहरूको संरक्षण र भूक्षय नियन्त्रणको क्षेत्रमा भएको काम :

- » नदी तथा खोलाक्षेत्रको जमीन कटान, पहिरो नियन्त्रण लगायतको ३१ योजना सञ्चालन (सुइखेत खोला नदी कटान, सेती खोला, फिर्के खोला पहिरो नियन्त्रण, काली खोला लगायत नदी नियन्त्रण) का योजना सम्पन्न भएका छन् ।
- » फेवा जलाधार संरक्षण समिति गठन
- » बुलौदी र गाइघाटबाट तालमा थुप्रिएको माटो निकाल्ने काम
- » फेवातालको गैराको चौतारादेखि ड्यामसाइडसम्म फुटट्र्याक निर्माण तथा मर्मत

» प्रदेश र महानगरको साझेदारीमा २८ करोडको लागतमा ४ वटा सिल्ट्रेसन ड्याम निर्माण

» निर्मित सिल्ट्रेसन ड्यामको मर्मत सम्भार तथा संकलित नदीजन्य पदार्थ निकाल्नको लागि सार्वजनिक निजी साझेदारीमा काम भइरहेको

» फेवातालको सिमांकनको लागि सिमा निर्धारण गरी नेपाल सरकारलाई प्रतिवेदन बुझाइएको

» प्रदेश सरकारद्वारा गठित फेवाताल चार किल्ला सिमांकन तथा नक्सांकन समितिको काममा सहजीकरण गरिएको

» मापदण्ड निर्धारणको लागि वडा नम्बर १७ का अध्यक्ष तीर्थ अधिकारीको संयोजकत्वमा सिफारिस समिति गठन गरिएको

उक्त समितिको सिफारिसमा २०७८ चैत्र १६ गतेको कार्यपालिका बैठकबाट पोखराका तालहरुको मापदण्ड निर्धारण सम्बन्धी निर्णय गरिएको छ ।



'पोखरा महानगरपालिकामा रहेको र सिँगो नेपालको पहिचान बोकेका फेवातालको मापदण्ड सम्बन्धमा हालसम्मका विभिन्न कार्यदलको प्रतिवेदन, सम्मानित सर्वोच्च अदालतको फैसला र स्थानीय नागरिकहरुको भनाइ समेत अध्ययन गरी प्रतिवदन पेश गर्न महानगर पालिकाको २३ औं बैठकले वडा न १७ का वडाध्यक्ष श्री तीर्थराज अधिकारीको संयोजकत्वमा गठन गरिएको थियो । उक्त कार्यदलले दिएको प्रतिवेदनले यस अधिकार समिति तथा कार्यदलहरुको प्रतिवेदनसमेत अध्ययन गरी सोको आधारमा, सर्वोच्च अदालतको फैसला बमोजिम पोखरा महानगरपालिका, पोखरा उपत्यक नगर विकास समिति र राष्ट्रिय ताल संरक्षण समितिको समन्वयमा तालको मापदण्ड निर्धारण गर्न निर्देश गरेको थियो । सोही बमोजिम फेवा तालको मापदण्ड तालको सिमांकन अधिकार क्षेत्रबाट चारैतिर ३० मिटर कायम गर्न उल्लेखित निकायसँग समन्वय गर्ने भनी महानगर कार्यपालिकाको ०७८ चैत्र १६ गतेको बैठकले निर्णय गरेको छ । यसले कम्तीमा २०३२ सालदेखि सुरु भएको मापदण्ड सम्बन्धी विवादलाई किनारा लगाउने अपेक्षा गरिएको छ ।

कार्यपालिकाको ४३ औं बैठकबाट भूगर्वविद् डा सोमनाथ सापकोटाको संयोजकत्वमा गठित कार्यदलको प्रतिवेदन समेतको आधारमा उल्लिखित तालहरुको नेपाल सरकारको हालको मापदण्ड तालको किनाराबाट १०० मिटर कायम भई आएकोमा स्थानीय बासिन्दाहरुको अभिमत र ताल मापदण्ड अध्ययन कार्यदलको सिफारिस समेतको आधारमा सम्बन्धित निकायसँग समन्वय गरी तालसम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने महानगरले निर्णय गरेको छ ।









**पोखराको पालिखेचोक**

## ब्युटिफिकेसन

» वर्षौंदेखि समस्याको रुपमा रहेको पालिखेचोक क्षेत्रलाई फराकिलो पारी सौन्दर्यकरण गरिएको छ ।

» पृथ्वीचोक, अमरसिंहचोक, जिरो किमी, बिरौटाचोक, हरिचोक र मुस्ताङचोकका आइल्यान्डलाई घटाई ट्राफिक व्यवस्थापनलाई चुस्त र सुन्दर बनाइएको छ । विजयपुर माझठाना सडक खण्ड अन्तर्गत पर्ने विजयपुर ब्यारेक नजिकको सडक फराकिलो बनाइ कालोपत्रे गरिएको छ ।

» पोखरा १८ जामुनबोट ग्यारजातीमा जग्गा व्यवस्थापन गरी राष्ट्रिय विभूति तथा सहिद पार्क निर्माण गरिएको छ ।

» ड्यामसाइडमा माछापुच्छ्रे प्रतिबिम्ब पार्क,

» वडा न १ मा गाईघाट प्रवेश पार्क,



- वसुन्धरा पार्क फुटपाथ निर्माण लगायत वडा न ६ का साना पार्क सौन्दर्यीकरण
- वडा नं. ३० मा विकल्प पार्क, जनता पार्क,
- वडा नं. २९ मा लेखनाथ भ्यू पार्क, भण्डारढिक व्यायामशाला पार्क,
- वडा नं. ५ मा बगैंचा बाटिका, मनमोहन पार्क,

## रंगशाला र व्यायामशाला

- संघीय सरकारको विशेष पहलमा पोखरा रंगशालाले मुहार फेरेको छ ।
- वडा न ३, ५, ६, ७, ८, ११, १२, १४ (२ स्थानमा), १५, १६, १८, २५, २६, २९, ३० मा खुल्ला व्यायामशाला निर्माण ।
- १३९ सानाठूला पार्क तथा खेल मैदान निर्माण तथा मर्मत कार्य सम्पन्न भएको छ ।
- एक वडा एक खेल मैदान अन्तर्गत २९ स्थानमा ब्याडमिन्टन र भलिबल कोर्ट निर्माण भएका छन् ।
- पोखरा २० मौजामा हाइअल्टिच्युड खेल मैदान, वडा नं. १३ मा सेभेन ए साइड फुटबल मैदान निर्माणको काम अगाडि बढेको छ ।



- जनप्रतिनिधि निर्वाचित भएदेखि हालसम्म कुल ८९ वटा साना खोल्साहरुमा कल्भर्ट निर्माण सम्पन्न भएका छन् भने यस आवमा १५ वटा कल्भर्ट तथा पुल निर्माणका लागि बजेट व्यवस्था गरिएको छ ।
- यस अवधिमा ७ वटा झोलुङे पुल निर्माण हुनुका साथै संघ र प्रदेश सरकारको सहयोगमा ७ वटा पुल निर्माण कार्य सम्पन्न भएका छन । कनेक्टिङ सडक आयोजना अन्तर्गत ३ सय ४७ वटा कल्भेट निर्माण, ३१ वटा कजवे निर्माण, ३६ स्थानमा सिँचाइ पाइप क्रसिङ गर्ने कार्य सम्पन्न भएका छन् ।

## खानेपानी

- नेपाल सरकार र जाइकाको समन्वयमा पोखरा बृहत्तर खानेपानी आयोजनाको निर्माण कार्य धमाधम भइरहेको छ ।
- लेखनाथ साना सहरी, खानेपानी बेगनास, भरतपोखरी, माझठाना, सराङकोट, कास्कीकोट, अर्मला, पुरुन्चौर, काहूँ, निर्मलपोखरी, वडा नं ३१ का विविध ठाउँमा एक घर एक धारा अवधारणा अन्तर्गत १४३ साना तथा ठूला खानेपानी आयोजना सञ्चालनमा आएका छन । केही स्थानमा बोरिङ मार्फत् खानेपानी समस्या समाधान गरिएको छ ।



- पछिल्लो समय लिफ्टिङ प्रविधिका आधारम खानेपानी आयोजना अगाडि बढेका छन् । सराङकोट, कास्कीकोट, काँहु, बेगनास लगायतका ठाउँमा यो प्रविधिबाट खोलाहरुबाट पानी तानेर खानेपानी वितरण गरिएको छ । पानी संकलनका लागि ९७ वटा खानेपानी ट्यांकी निर्माण गरिएका छन् ।

## गुणस्तर मापन प्रयोगशाला



निर्माण सामग्रीको गुणस्तर कायम गर्नका लागि नयाँ बजारमा निर्माण सामग्री गुणस्तर मापन प्रयोगशाला स्थापना र सञ्चालन गरिएको छ ।

## उज्यालो पोखरा अभियान

उज्यालो पोखरा अभियान अन्तर्गत नेपाल विद्युत प्राधिकरणको सहकार्यमा १३ करोड लागतमा ८० किलोमिटर सडक बत्ती व्यवस्थापन कार्य अगाडि बढेको छ । पोखरा महानगरपापलिकाले विद्युत

शुल्क तिर्ने र व्यवस्थापन विद्युत प्राधिकरणले गर्ने गरी सम्झौता भई काम अगाडि बढेको छ ।

## समुदायसँग जोडिएको निर्माण

» 'हामी बनाउँछौं, हाम्रो महानगर' कार्यक्रम सञ्चालन गरी भित्री तथा साना सडक र खानेपानी आयोजना निर्माणको काम अगाडि बढाइएको छ ।

» स्थानीय उपभोक्तासँगको ५० प्रतिशत साझेदारीमा ४ सय ५१ वटा साना योजना सञ्चालित भएका छन्, यस अभियानले स्थानीय स्तरमा रोजगारी सिर्जना हुनुका साथै धुले सडक विस्थापन तथा सहरी खानेपानी समस्या व्यवस्थापनमा सहयोग पुगेको छ ।

## भवन तथा संरचना

» हरेक वडाहरुमा इन्जिनियर एवं जुनियर इन्जिनियरहरु व्यवस्थापन गरी योजना, घरनक्सा, राजश्व तथा वडा स्तरीय योजनाको भुक्तानी वडाबाट हुने गरी व्यवस्था मिलाइएको छ ।

» वडा नं. २, ७, ११, १२, १९, २२, २९, ३०, ३२ मा नयाँ भवन निर्माण कार्य सम्पन्न भएको छ

» वडा नं ६,८,१८,३१ का कार्यालय भवन निर्माण प्रक्रिया अगाडि बढेको छ ।

» वडा नं. ३, ४, ९, १०, १३, १५, १६, २४, २८ र ३३ को भवन मर्मत गरिएको छ

» वडा नं. ५, ९, १४, १७ ,२०,२६ र २७ मा नयाँ कार्यालय भवन बन्ने गरी प्रक्रिया अगाडि बढाइएको छ ।

» ६५ वटा आमा समूहका भवन निर्माण एंव मर्मतका लागि सहयोग गरिएको छ ।

» २८ स्थानमा सार्वजनिक शौचालय निर्माण गरेको भए पनि सहरी क्षेत्रमा पर्याप्त रुपमा शौचालय निर्माण गर्न नसकिएको ।

» भने १०४ वटा सामुदायिक भवन निर्माण तथा मर्मतका लागि सहयोग गरिएको छ ।





» संघीय सरकारको सहयोगमा पोखरा १० मा विद्युतीय शवदाह गृह निर्माणको काम अगाडि बढाइएको छ ।

» २४ स्थानमा दाहसंस्कार स्थल तथा घाट निर्माण गरिएको छ

## स्वास्थ्य

» वडा नं. ३, ४, ७, ८, ९, १०, १२, १८ र ३३ मा नयाँ सहरी स्वास्थ्य केन्द्र स्थापना गरी कर्मचारी व्यवस्थापन र सञ्चालन गरिएको छ । हाल आयुर्वेद अस्पतालसहित ४६ वटा स्वास्थ्य चोकी तथा सहरी स्वास्थ्य केन्द्र मार्फत् सेवा प्रवाह गरिरहेको छ ।

» अर्मला, लामाचौर, राखी, बेगनास, हेम्जा र कास्कीकोटमा नयाँ स्वास्थ्य चोकी भवन निर्माण गरिएको छ ।

» कोभिड संक्रमण र महामारीबाट नागरिकको सुरक्षाका लागि महानगरले आफ्नो छुट्टै कोभिड उपचार युनिट स्थापना गरेको छ । १५ शैय्याको शिशुवा अस्पतालमा विशेषज्ञ सेवासहित अहिले ५० शैय्या पुऱ्याइएको छ ।

» कोरोना संक्रमणका समयमा कोरोना रोकथाम तथा नियन्त्रणका लागि क्वारेन्टाइन र आइसोलेसन सञ्चालन, पिसिआर स्वाब संकलन लगायतका कामलाई निरन्तरता दिइएको थियो ।



» स्वास्थ्य संस्थाहरु मार्फत् ज्येष्ठ नागरिक स्वास्थ्य शिविर सञ्चालन निरन्तर गर्नुका साथै सरुवा रोग नियन्त्रणमा अग्रपंक्तिमा रही कार्य गरिरहेको छ । २८ वटा वडाहरुमा आधारभूत स्वास्थ्य केन्द्रको स्थापना एवं व्यवस्थापन गरी वडास्तरमा नागरिकहरुलाई निशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गरिएको छ भने ६ वडामा मुख स्वास्थ्य कार्यक्रम सञ्चालन गरिएको छ ।

» समुदायस्तरमै महिलाहरुको विशेष स्वास्थ्य समस्या जस्तैः पाठेघरको मुखमा हुने क्यान्सर, स्तन क्यान्सरको स्क्रिनिङ गरी थप तथा उपचारको लागि रेफर गर्ने व्यवस्था मिलाइएको छ । निशुल्क औषधी तथा स्वास्थ्य सामग्रीको नियमित आपूर्तिको सुनिश्चितता गरिएको छ ।

» गर्भवती एवं सुत्केरी महिला तथा शिशुहरुको पोषण प्रवर्द्धन एवं खोप सेवाको नियमितता गरिएको छ । वडा स्तरमै बर्थिङ सेन्टर सञ्चालन गरिएको छ ।

» मातृ शिशु मृत्युदरलाई शून्यमा पुऱ्याउन सहयोग होस भन्ने हेतुले स्वास्थ्य संस्थामा प्रसूति

हुने आमा तथा जन्मिने बच्चाको स्वास्थ्य रक्षाको लागि न्यानो कपडा एवं यातायात खर्चको व्यवस्था गरिएको छ ।

» महानगरको सहयोग तथा व्यवस्थापनमा ५ वटा एम्बुलेन्स सञ्चालन गरिएको छ भने थप एक शव वाहन र एक एम्बुलेन्स खरिद कार्य अन्तिम चरणमा पुगेको छ ।

## शिक्षा

» महानगरभित्र सञ्चालित ९० वटा सामुदायिक विद्यालयको भवन मर्मत गरिएको छ

» ४६ विद्यालयमा ४ कोठे तथा ८ कोठे भवन निर्माण भएको छ ।

» चीनको गोन्जाओ सहरको सहयोगमा वडा नं. २२ मा रहेको शुक्रराज बलभद्र माविमा अत्याधुनिक छात्रावास भवन निर्माण गरिएको छ । भवन निर्माणका लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम तथा पुनर्निर्माण प्राधिकरणसँग विशेष साझेदारी गरिएको थियो ।

» संघ सरकारसँगको साझेदारीमा कुल ४० वटा विद्यालयहरुमा शौचालय निर्माण ।

» १९ वटा विद्यालयहरुमा कम्प्युटर ल्याब निर्माण गरिएको छ ।


» १३ वटा विद्यालयमा विज्ञान प्रयोगशाला ।

» शीतलादेवी सामुदायिक विद्यालय, श्रीकृष्ण मावि र जनप्रकाश माविमा नमूना आइसिटी ल्याब निर्माण कार्य सम्पन्न भएको छ ।

» कालो पाटी विस्थापन कार्यक्रम अभियानकै रुपमा सञ्चालन गरी धुलो मुक्त कक्षा कोठा अभियान सम्पन्न भएको छ । कुल ४५७ कक्षाकोठाको कालोपाटी विस्थापन गरिएको छ ।

» संघ सरकारसँगको साझेदारीमा सबै सामुदायिक विद्यालयमा सुरक्षित सेनिटरी प्याड व्यवस्थापन गरिएको छ । इसिडी सञ्चालन गरिएका विद्यालयमा शिक्षिका तथा सहयोगी कार्यकर्ताहरुलाई नेपाल सरकारले दिएको तलबमा महानगरले अतिरिक्त रकम थप गरिदिएको छ । २१३ शिक्षिका र सहयोगीहरु यसबाट लाभान्वित भएका छन् ।

» गण्डकी बहुप्राविधिक शिक्षालय स्थापना गरी डिप्लोमा इन सिभिल इन्जिनियरिङ र डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङको पढाइ सुरु गरिएको छ । आगामी शैक्षिक सत्रदेखि थप ४ वटा विषयमा (एचए,फार्मेसी, जियोम्याटिक इन्जिनियरिङ र वन विज्ञान) पढाइ थाल्ने गरी सिटिइभिटीसँग विषय थपको माग गरिएको छ ।




» गण्डकी बहुप्राविधिक शिक्षालयमार्फत् ११ वटा विषयमा निशुल्क तीन महिने तालिम सञ्चालन गरिएको र २२० जनालाई निशुल्क तालिम लिई स्वरोजगार बन्न सहयोग गरिएको छ ।

» बहुप्राविधिक शिक्षालयको ल्याब, शैक्षिक तथा प्रशासकीय भवन निर्माणको लागि जग्गा खोजी गरी भवन निर्माण कार्य अगाडि बढाइएको छ । पोखरा २९ खल्याँडमा ल्याब भवनको निर्माण सुरु भएको छ ।

» महानगरपालिकाले स्थानीय पाठ्यक्रम तयार गरी १ देखि ५ कक्षासम्म यसै शैक्षिक सत्रदेखि लागू गरेको छ । ६देखि ८ कक्षासम्म आगामी शैक्षिक सत्रमा पाठ्यक्रम तयार गरी कार्यान्वयनमा लगिने छ । १० वर्षे महानगर शैक्षिक योजना तयार गरी कार्यान्वयनको चरणमा छ ।

## सुशासन तथा सेवा प्रवाह

» नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, संघ तथा प्रदेश कानुनले निर्देश गरे बमोजिम २५ वटा ऐन, १६ वटा नियमावली, २८ वटा कार्यविधि, २१ निर्देशिका गरी ९० वटा ऐन कानुन निर्माण गरी कार्यान्वयनमा लगिएको छ ।

» महानगरपालिकाको संगठन संरचना व्यवस्थित गर्न संगठनात्मक मानव संशाधन पदपूर्ति तालिका तयार गरी कर्मचारी व्यवस्थापन सोही अनुसार गर्न सुरुवात गरिएको छ । साथै कर्मचारीहरुको क्षमता विकासका लागि छोटो अवधिका तालिमहरु सञ्चालन गरिएको छ ।

» स्मार्टसिटी पूर्वाधार अन्तर्गत सबै वडा कार्यालयमा केन्द्रिकृत इन्टरनेट इन्ट्रानेट प्रणाली जडान गरी महानगर र वडाका सेवालाई प्रविधि मैत्री बनाउँदै लगिएको छ । मुख्य चोकहरुमा सिसिटिभी क्यामरा जडान गरिएको छ ।

» व्यक्तिगत घटना दर्ता, घरनक्सा पेश एवं कर प्रणालीलाई सूचना प्रविधिको उपयोग गरी विद्युतीय पद्धतिमा लगिएको छ । पूराना कागजातहरुलाई (घरनक्सा तथा पञ्जीकरण) डिजिटल अभिलेखीकरण गरिएको छ । भण्डारढिकमा रहेको दीपशिखा पुस्तकालयमा आरएफआइडी जडान गरिएको छ ।





» न्याय सम्पादनको जिम्मेवारी स्थानीय तहलाई दिइएकोमा न्यायिक समिति गठन भई जिम्मेवारी अनुसार नियमित कार्य सम्पादन भइरहेको छ । वडा स्तरमा मेलमिलाप केन्द्र स्थापना गरी मेलमिलाप कर्ता सूचीकृत गरिएको छ । जसले स्थानीय स्तरमा हुने सामान्य बेमेलका घटनाहरु समाधान भइरहेका छन् । साथै पोखराको न्यायिक इजलास र न्याय सम्पादनबारे अध्ययनका लागि देशभरबाट न्यायिक समिति र जनप्रतिनिधिहरु अध्ययनका लागि आउने क्रम बढेको छ ।

## न्यायिक समितिहरुको सम्मेलन




नेपालको संविधानले अदातल बाहेक न्यायिक निर्णय गर्न र कानुन बमोजिम मुद्दा हेर्न स्थानीय तहमा न्यायिक निकाय वा विवाद समाधानको लागि न्यायिक समिति व्यवस्था गरेको छ । पोखरा महानगरपालिकाको न्यायिक समिति र इजलास न्याय सम्पादनका कार्यमा अरु पालिकाका लागि समेत नमुना बनेको छ । अन्य स्थानीय तहका न्यायिक समितिहरु यहाँ सिक्न आउने गरेका छन् । यहाँ आउनेहरु प्रभावित भएर यहीको जस्तै गर्ने योजना बनाएर फर्कने गरेका छन् । यहाँ कानुन महाशाखा छ । न्याय सम्पादन र कानुनी प्रक्रियाका बारेमा जानकार अनुभवी अधिवक्ता सहितको समूह कार्यरत छ । हरेक साता सोमबार र बुधबार नियमित इजलास बस्छ । उपप्रमुख मञ्जुदेवी गुरुङको अध्यक्षतामा बस्ने इजालसमा वडा सदस्य किशोर बराल र वडा सदस्य पार्वती कार्की सदस्य रहनु भएको छ । इजलासमा एक जना कानुन अधिकृत रहन्छन् । मुद्दा दर्ता, सुनुवाई, वकालत र निर्णय सबै अदालती प्रक्रिया अनुसरण गरेर नै हुन्छ । देशैभर यो प्रक्रारको व्यवस्थित अभ्यास गर्नेमा पोखराको न्यायिक इजलास पहिलो नम्बरमा पर्ने गरेको छ ।


पोखरा महानगरको न्यायिक समितिको उदाहरणीय कामलाई अरु पालिकाले पनि अनुशरण गरुन्, पालिकाहरुको न्यायिक निरुपण प्रक्रियाम एकरुपता आओस्, र उपप्रमुखहरुमा यसप्रकारको अनुभवको आदानप्रदान होस् भन्ने उद्देश्यले पोखरा महानगरको न्यायिक समितिको आयोजनामा ०७८ चैत १४ गते देशभरका न्यायिक समितिहरुको सम्मेलन आयोजना गरियो । सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गर्नु भएको उक्त सम्मेलनले पोखराको न्यायिक इजलासको महत्व अझ स्थापित गरेको छ । यो ५ वर्षमा न्यायिक समितिको अभ्यास, काममा देखिएका चुनौति र अवसरहरुको बारेमा अनुभव आदान प्रदान गर्न गत २०७८ साल चैत १४ गते न्यायिक समिति सम्मेलन सम्पन्न




## पोखरा महानगरपालिका न्यायिक समिति


मञ्जुदेवी गुरुङ
संयोजक


पार्वती कार्की
सदस्य


किशोर बराल
सदस्य


नारायणप्रसाद शर्मा
उजुरी प्रशासक


राममणि अधिकारी
इजलास सहायक


सोम लम्साल
अभिलेख संरक्षक

भएको छ । सम्मानीय राष्ट्र्यपति विद्यादेवी भण्डारीले उद्घाटन गरेको सम्मेलनमा देशका ७ सय ५३ वटा स्थानीय तह मध्ये ५० प्रतिशत बढीको सहभागिता रहेको थियो ।

## महिला ज्येष्ठ नागरिक र सामाजिक सुरक्षा



» महिलाहरुको क्षमता अभिवृद्धि गरी आर्थिक रुपमा सवल र सक्षम बनाउन उद्यमशिलताको विकास गराउने उद्देश्यले उपप्रमुखसँग महिला कार्यक्रम सञ्चालन गरिएको छ। यो कार्यक्रमबाट ३ सय ३५ जना महिला लाभान्वित भएका छन्।

» हिंसामा परेका महिलाहरुको सहायताको लागि निशुल्क कानुनी परामर्श सेवा प्रदान गर्नुका साथै महिला हिंसा न्यूनीकरणको लागि पुरुष ऐक्यवद्धता कार्यक्रम अभियानको रुपमा सञ्चालन गरी पुरुष समसचेतता कार्यक्रम सञ्चालन गरिएको छ।

» जनप्रतिनिधिले जिम्मेवारी सम्हालेपछिको पहिलो निर्णय अनुसार पोखरा महानगरपालिका भित्रका ज्येष्ठ नागरिकलाई नेपाल सरकारले दिएको सामाजिक सुरक्षा भत्तामा १० प्रतिशत थपेर वितरण गर्दै आएको छ। अपांगता भएकाहरुलाई नियमित परिचयपत्र वितरण गर्दै आएको छ।

» प्रदेश सरकारसँगको समन्वयमा महिला सुरक्षित आवासगृह सञ्चालन गरिएको छ।

» महानगरभित्रका ८९ जना सडक बालबालिकाको उद्धार गरी पुनर्स्थापना गरिएको छ।

» पोखरालाई कार्यक्षेत्र बनाई कार्यरत पत्रकारहरुको सामाजिक सुरक्षाको लागि पत्रकार महासंघ कास्कीसँगको सहकार्यमा पत्रकार कल्याणकारी कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ। आगामी दिनमा मजदुर तथा श्रमिकहरुको सामाजिक सुरक्षा कार्यक्रम लागू गर्ने नीति लिइएको छ।

## सहकारी

» महानगरभित्र रहेका सहकारीहरुलाई व्यवस्थित गर्नका लागि छुट्टै सहकारी समिति गठन गरिएको छ। प्रत्येक सहकारीलाई उत्पादनमुलक क्षेत्रमा लगानी बढाउन प्रेरित गरिएको छ भने सहकारी संस्थालाई उत्पादनको आधारमा अनुदानको व्यवस्था गरिएको छ। नयाँ सहकारी दर्ता कार्यलाई समेत सहजीकरण गराई उत्पादन समूह गठनमा सहयोग गरिएको छ।

## फोहोर मैला व्यवस्थापन



» हाल सञ्चालनमा रहेको ल्यान्डफिल साइटलाई विस्थापित गरी वडा नम्बर ३३ कुमालटारमा नयाँ ल्यान्डफिल साइट बनाउनका लागि निर्णय गरी विस्तृत सम्भाव्यता अध्ययनको तयारी थालिएको छ।

» सेन्ट्रल ट्रिटमेन्ट सुविधाबाट नेपालमै पहिलो पटक अस्पताल जन्य फोहोर मैलाको व्यवस्थापन निजी क्षेत्रसँगको सहकार्यमा अगाडि बढाइएको छ।

## छाडा चौपाया व्यवस्थापन

» सडकमा छोडिएका चौपायाका कारण दैनिक दुर्घटना बढिरहेको अवस्थामा छाडा चौपायालाई नियन्त्रण गर्नका लागि पोखरा १४ मा छाडा चौपाया व्यवस्थापन केन्द्र सञ्चालन गरिएको छ।

## कृषि तथा पशु सेवा



» कृषकहरुलाई सहज उपकरण प्रदान गर्न कस्टम हायरिङ सेन्टर स्थापना गरिएको छ। कृषक परिचय पत्र वितरण थालिएको छ। सहरी क्षेत्रमा कौशी खेतीतर्फ आकर्षण बढाइएको छ। अर्गानिक उत्पादनमा किसानलाई जोडिएको छ। उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई बढवा दिइएको छ।

» किसान र उपभोक्तालाई जोड्न ५ स्थानमा किसान बजार निर्माण र सञ्चालन गरिएको छ। पोखराको ब्रान्डको रुपमा रहेको जेठोबुढो धान, हेमजाको आलूको न्युनतम मूल्य निर्धारण गरी सहकारीमार्फत् ब्रान्डिङ गर्ने काम सुरु भएको छ।

» मेयर प्रविधि मैत्री परियोजना सञ्चालन गरी किसानलाई आर्थिक सहयोग गरिएको छ भने पशु पन्छीको निशुल्क उपचार तथा अनुदानमा आधारित बिमा कार्यक्रमलाई सञ्चालनलाई गरिएको छ।

## सार्वजनिक निजी साझेदारी




» सार्वजनिक निजी साझेदारी कार्यक्रम अन्तर्गत फेवा तालको स्रोत नदीमा बनेका सिल्टेसन ड्यामको मर्मत र थप पूर्वाधार निर्माण आयोजनाको सम्झौता भएको छ भने अन्य २ वटा आयोजना (पाताले छाँगो र सेती खोंच) सम्झौता भइ कार्यान्वयनको चरणमा रहेको छ । अन्य आयोजनाहरु सञ्चालनका लागि थप अध्ययन भइरहेको छ । यसबाट पोखरामा पर्यटकीय गन्तव्य थप हुनेछ भने आम्दानी समेत बढ्ने विश्वास लिइएको छ ।

## मठ मन्दिर, चौतारी निर्माण तथा सार्वजनिक शौचालय



» यस अवधिमा ७७ वटा साना ठूला गरी मठ, मन्दिरका योजना सम्पन्न भएका छन् भने सराङकोटको शिव मन्दिर, पुम्दीभुम्दीकोटको विशाल शिव मन्दिर निर्माणमा महानगरको साझेदारी रहेको छ । साना तथा ठूला गरी ६० वटा चौतारा निर्माण र ३४ वटा चौतारा मर्मत गरिएको छ । साना तथा ठूला गरी ६० वटा चौतारा निर्माण र ३४ वटा चौतारा मर्मत गरिएको छ । चार वर्षको अवधिमा वडास्तर तथा महानगर स्तर गरी ५८ वटा सार्वजनिक प्रकृतिका शौचालय निर्माणका योजना सम्पन्न भएका छन् ।

## मेयर सम्मेलन




» स्थानीय तहबीचको अनुभव आदान प्रदान तथा सम्बन्ध विस्तारको लागि वार्षिक रुपमा राष्ट्रिय मेयरसम्मेलन आयोजना गर्ने कार्य थालनी भएको छ । उक्त अवसरमा स्थानीय तहका प्रमुखहरुको साइकल दौड प्रतियोगिता गरी पोखराको पर्यटन प्रवर्द्धन गरिएको छ ।

## जग्गा प्राप्तिका लागि सिफारिस

» गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र सञ्चालनको लागि वडा नम्बर १५, प्रदेश ट्राफिक प्रहरी कार्यालय स्थापनाको लागि वडा नम्बर ३०, वडा प्रहरी कार्यालय बैदामको भवन निर्माणको लागि वडा नम्बर ६ मा जग्गा व्यवस्थापन गरी संघ सरकारलाई सिफारिस गरेको छ ।

» वडा नम्बर १ मा रहेको साइनिङ अस्पतालको जग्गामा मुटु उपचार केन्द्र बनाउने गरी पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई, वडा नम्बर ३२ मा गण्डकी विश्वविद्यालय स्थापना र सञ्चालनको लागि गण्डकी विश्वविद्यालयलाई, वडा नम्बर २६ मा गण्डकी आयुर्वेद औषधालय स्थापनाको लागि, वडा नम्बर ३० मा मालपोत कार्यालय लेखनाथ र नापी कार्यालय लेखनाथको लागि, वडा नम्बर ३३ मा विद्युत प्राधिकरणको सब स्टेसन निर्माणको लागि, वडा नम्बर ३३ मा विद्याश्रम निर्माणको लागि, वडा नम्बर ३३ मा औद्योगिक क्षेत्र निर्माणको लागि जग्गा व्यवस्थापन गरी संघ सरकारलाई सिफारिस गरिएको छ ।

## कार्यालय भवन

» साँघुरो भवनबाट काम चलाउनुपर्ने, ठाउँठाउँमा कार्यालय चहार्दा नागरिकलाई परेको सास्ती निराकरण गर्दै एकीकृत सेवा दिनका लागि महानगरपालिकाका महाशाखाहरु एकै ठाउँमा राख्ने गरी पोखरा ८ को पुरानो दमकलको जग्गामा नयाँ भवन निर्माणको प्रक्रिया सुरु भएको छ । यसका लागि २२ करोड लागतमा बोलपत्र समेत आह्वान भइसकेको छ ।

» पोखरा १२ माटेपानीमा महानगरको प्रशासकीय भवन सहितको सचिवालय क्षेत्र निर्माण गर्न जग्गा प्राप्ति प्रक्रियासँगै निर्माणका लागि डिपिआर तयार भएको छ ।



# ऐन, नियमावली, कार्यविधिहरू

## सुशासन

कानुनी शासन पारदर्शी र भन्भटरहित सेवा प्रवाह नागरिक र राज्यका बीच सहज संवाद सुशासनका आधार हुन् । महानगर बनेपछि बनाइएका ऐन, कार्यविधि र निर्देशिकाहरुले काम कारबाहीमा एकरुपता स्थापित गरेका छन् ।

वडाहरुबाट प्रभावित हुने सेवा मार्फत जनतालाई राज्यका सहज संवादको अवसर दिएको छ । सेवा प्रवाहलाई विद्युतीय माध्यमबाट थप सहज बनाउने प्रयोस भइरहेको छ । घरनक्सा पासको कार्य वडाले गर्ने भएपछि जनतालाई थप राहत भएको छ । पालिकाको प्रशासनिक भवन बनेपछि सेवा प्रवाहलाई प्राविधिक नागरिकमैत्री बनाउन मद्दत पुग्नेछ ।



## पोखरा महानगरपलिकाबाट बनाइएका ऐनहरुको विवरण

१ आर्थिक ऐन, २०७४
२ विनियोजन ऐन, २०७४
३ न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७४
४ बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन, २०७४
५ कृषि व्यवसाय प्रवर्धन ऐन, २०७४
६ सार्वजनिक निजी साझेदारी ऐन, २०७४
७ विपद् व्यवस्थापन ऐन, २०७५
८ पोखरा महानगरपालिका सहकारी ऐन, २०७५
९ पोखरा महानगरपालिका खेलकुद विकास ऐन,२०७५
१० पोखरा महानगरपालिकाको आर्थिक कार्यविधि ऐन, २०७५
११ पोखरा महानगरपालिकाको नगर प्रहरी व्यवस्थापन ऐन, २०७५
१२ पोखरा महानगरपालिकाको पूर्वाधार विकास ऐन, २०७५
१३ पोखरा महानगरपालिका सुशासन ऐन, २०७५
१४ पोखरा महानगरपालिका आर्थिक ऐन, २०७६
१५ गण्डकी बहुप्राविधिक शिक्षालय ऐन, २०७६
१६ पशु स्वास्थय तथा पशु सेवा ऐन, २०७६
१७ पोखरा प्रज्ञा प्रतिष्ठान ऐन, २०७६
१८ सार्वजनिक यातायात व्यवथा ऐन, २०७६
१९ कर्मचारी सेवा ऐन , २०७६
२० आर्थिक ऐन, २०७७
२१ विनियोजन ऐन, २०७७
२२ कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७७
२३ पर्यटन विकास ऐन, २०७७
२४ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७७
२५ वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन, २०७७
२६ कृषि ऐन, २०७७
२७ पोखरा महानगरपालिका विकास निगम ऐन, २०७७

## नियामावलीहरु

१ फोहोरमैला व्यवस्थापन नियामावली, २०७४
२ सहकारी नियामावली, २०७४
३ शिक्षा नियमावली, २०७४
४ सहरी योजना आयोग गठन तथा सञ्चालन नियामावली, २०७४
५ खरिद नियमावली, २०७६
६ विधायन समिति नियामावली,२०७४
७ विपद् व्यवस्थापन कोष सञ्चालन नियामावली, २०७५

८ सार्वजनिक निजी साझेदारी समबन्धी नियामावली, २०७५
९ पोखरा महानगरपालिकाको मापदण्ड सम्बन्धी बनेको नियम, २०७५
१० पोखरा महानगरपालिका सहकारी नियमावली,२०७६
११ आय ठेक्का बन्दोबस्त नियामावली, २०७७
१२ गण्डकी बहुप्राविधिक शिक्षालय सञ्चालन नियमावली, २०७७
१३ सार्वजनिक खरिद नियामावली, २०७७

## कार्यविधिहरु

१ नगर सभा सञ्चालन कार्यविधि, २०७४
२ नगर कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४
३ बजार अनुगमन निर्देशिका, २०७४
४ उप-प्रमुखसँग महिला कार्यक्रम सञ्चालन कार्यविधि, २०७४
५ भवन नियमित तथा अभिलेखीकरण कार्यविधि, २०७६
६ स्थानीय राजपत्र प्रकाशन समबन्धी कार्यविधि, २०७४
७ 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५
८ संस्थागत विद्यालय छात्रवृति वितरण कार्यविधि, २०७५
९ उपभोक्ता समिति गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५
१० सम्पति कर र भूमिकर (मालपोत) व्यवस्थापन कार्यविधि, २०७५
११ नक्सा पास परामर्श सेवा कार्यविधि, २०७५
१२ नगर युवा परिषद सञ्चालन कार्यविधि, २०७५
१३ पोखरा महानगरपालिका अपांगता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५
१४ पोखरा महानगरपालिकामा स्वास्थ्य संस्था दर्ता, नवीकरण स्तोरान्नती तथा सेवा थप सम्बन्धी कार्यविधि, २०७५
१५ पोखरा महानगरपालिका टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७५
१६ पोखरा महानगरपालिकाको पशु विकास अनुदान कार्यविधि, २०७५
१७ पोखरा महानगरपालिका लेखा समिति कार्यविधि, २०७६
१८ बाल गृह सञ्चालन र व्यवस्थापन कार्यविधि, २०७६
१९ संस्था दर्ता तथा नवीकरण समबन्धी कार्यविधि, २०७६
२० कोरोनो भाइरसको संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण र उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन कार्यविधि, २०७६
२१ उप-प्रमुखसँग महिला कार्यक्रम कोष सञ्चालन कार्यविधि, २०७७
२२ घर बहाल कर व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७
२३ विज्ञापन कर संकलन कार्यविधि, २०७७
२४ निजी जग्गाबाट प्राकृतिक श्रोत साधनको संकलन, उत्खनन् तथा ओसार पोसरको लागि इजाजत प्रदान गर्ने कार्यविधि, २०७७
२५ बालमैत्री वडा घोषणा कार्यविधि, २०७७
२६ लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि,
२७ खानेपानी तथा सरसफाइ उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७८



## निर्देशिकाहरु

१ बजार अनुगमन निर्देशिका,२०७४
२ तालिम, गोष्ठी, कार्यशाला तथा अध्ययन भ्रमण खर्च सम्बन्धी निर्देशिका,२०७४
३ उर्जा विकास सम्बन्धी निर्देशिका, २०७५
४ पोखरा महानगरपालिकाको अनौपचारिक शिक्षा शिक्षण सहयोग सञ्चालन निर्देशिका, २०७५
५ पोखरा महानगरपालिका अस्पताल व्यवस्थापन समिति गठन निर्देशिका, २०७५
६ कृषि बजार निर्देशिका, २०७७
७ व्यवसाय कर सम्बन्धी निर्देशिका, २०७७
८ वालसमूह तथा बालमञ्च परिचालन निर्देशिका, २०७७

## आचार संहिताहरु

१ पोखरा महानगरपालिका नगर कार्यपालिकाको आचार संहिता, २०७५
२ पोखरा महानगरपालिका पदाधिकारीको आचार संहिता, २०७५

## मापदण्डहरु

१ पोखरा महानगरपालिकाको सन्क्षिप्त वातावरणिय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण मापदण्ड, २०७७
२ विद्युतीय सूचना पाटी मार्फत विज्ञापन सामग्री प्रसारण गर्ने सम्बन्धी मापदण्ड,२०७८

## नीतिहरु

१ कृषि नीति २०७४
२ पशु पन्छी पालन नीति २०७४
३ सार्वजनिक निजी साझेदारी नीति २०७४
४ विज्ञापन बोर्ड तथा प्रचार सामग्री नियमन गर्ने नीति २०७४
५ स्वास्थ्य नीति २०७४

# उपप्रमुखसँग महिला कार्यक्रम




- स्थानीय तह निर्वाचनमा गरिएको प्रतिवद्धता अनुसार महिलाहरुको क्षमता अभिवृद्धि गरेर आर्थिक रुपमा सवल र सक्षम बनाउँदै उद्यमशिलताको विकास गराउने उद्देश्यले उपप्रमुखसँग महिला कार्यक्रम सञ्चालन गरिएको छ ।
- यो कार्यक्रमबाट आर्थिक वर्ष २०७८/७९ सम्म ४८ वटा महिला सहकारीहरु मार्फत ५ सय ६२ जना लक्षित वर्गका महिलाहरुलाई ऋण लगानी गरिएको छ ।
- यो कार्यक्रमबाट आ.व. २०७८/०७९ सम्म ११ करोड ७४ लाख ७५ हजार रुपैयाँ लगानी भएको छ ।
- आमा समूह, टोल विकास संस्था र व्यक्तिले गरी ५१४ जनाले ऋण लिएर उद्यमी बनेका छन् ।
- यो कार्यक्रममार्फत् बाख्रा, भैसी, बंगुर, कुखुरा पालन, खाजा घर, किराना पसल, टेलर्स, ब्युटिपार्लर, फेन्सी, कृषि फर्म, कस्मेटिक पसल, सिलाई कटिङ सेन्टर, च्याउ खेती, मेटल उद्योग, गार्मेन्ट उद्योग सञ्चालनमा रहेका छन् ।
- यो कार्यक्रमबाट एकल महिला, अपांग परिवारको महिला, विपन्न महिला, हिंसा, द्वन्द्व पीडित, दलित र जनजाति समेत गरी झण्डै चार हजार जना महिला आत्मनिर्भर बनेका छन् ।
- यो कार्यक्रम मार्फत् महिलाहरुको आर्थिक जीवनमा सकरात्मक प्रभाव पारेको छ भने ऋण फिर्ता नियमित र राम्रो छ । कार्यक्रम प्रभावकारी बनेको छ । सीप सिकेर लगानीका लागि पुंजी नभएकाहरुका लागि उद्यमी र आत्मनिर्भर बनाउन कार्यक्रमले सहयोग गरेको छ ।

### कानुनी सचेतना

- हिंसामा परेका महिलाहरुका लागि महिला सहायता कक्ष स्थापना गरी निशुल्क कानुनी परामर्श सेवा र विपन्न महिलालाई आर्थिक सहयोग समेत गरिएको छ । महिला हिंसा न्यूनीकरणका लागि महानगरले महिला हिंसा विरुद्ध पुरुषको ऐक्यबद्धता समसचेतना कार्यक्रम सञ्चालन गरेको छ । सोही कार्यक्रम अन्तर्गत २९ वटा कानुनी सचेतना कार्यक्रम सम्पन्न भएका छन् । यो कार्यक्रमबाट २ ९ सय जना लाभाविन्त भएका छन् ।
- विभिन्न कारणले पढाई छाडेका महिलाहरुलाई विभिन्न वडामा ५ वटा शैक्षिक सहजता कार्यक्रम सञ्चालन भयो । यो कार्यक्रमबाट झण्डै ५ सय जना लाभान्वित भएका छन् ।

### सहायता कक्ष

- विभिन्न कारणले हिंसामा परेका तर न्यायिक समितिको क्षेत्राधिकार भन्दा बाहिरका विवादलाई ठाडो उजुरीका आधारमा उपप्रमुखले हेर्नेगरी कानुनी सहायता कक्ष निर्माण गरिएको छ । कानुनी सहायता कक्ष मार्फत् निवेदन लेख्न नजान्नेहरुलाई निशुल्क निवेदन लेखिदिने, मुद्दा लडनका लागि आर्थिक सहयोग प्रदान गर्ने कार्य हुँदै आएको छ ।
- सहायता कक्षमार्फत् झण्डै ४ सय जनाको निशुल्क निवेदन लेखिदिने र कानुनी परामर्श दिने काम भएको छ । उनीहरुमाध्ये केहीलाई आर्थिक सहयोग उपलब्ध गराइएको छ ।





# "उपमेयरसँग महिला" कार्यक्रमले बदलेको जीवन

मनमा जोस र जाँगर तर शारीरिक तथा आर्थिक अवस्था कमजोर । आफूमा अपांगता भएपनि केही गर्नुपर्छ भन्ने अठोट बोकेकी मिना कोइराला अहिले इच्छाशक्ति भएमा गर्न सकिँदो रहेछ भन्ने उदाहरण बनेकी छन् । मीनाको कर्मठ शैली र परिश्रमी बानीले अपांगता भएर पनि व्यावसायिक क्षेत्रमा सफल भएकी छन् ।

पोखरा १५ टुटुंगामा बस्ने मीना समान्य मानिस झै हिँड्डुल गर्न सक्दिनन् । उनको देब्रे खुट्टामा समस्या छ । उनको व्यावसायिक यात्रा तब सुरु भयो, जब उनका श्रीमानले कोरोना महामारीका कारण जागीर गुमाउन बाध्य हुनुपर्‍यो । एकमात्र आयस्रोत श्रीमानको जागिर छुटेपछि आर्थिक समस्या देखिन थाल्यो । श्रीमान अर्को रोजगारीको खोजी गर्दै थिए । मीनालाई लाग्यो मैले पनि सानोतिनो जागीर गर्न सकेँ भने घर व्यवहार चलाउन सहायोग हुन्छ । यही कुरा मनमा सोचेर उनी जागीरको खोजिमा भौंतारिन थालिन् । तर भने जस्तो र आफूले गर्न सक्ने जागीर भेट्न निकै गाह्रो भयो । अपांगता भएकै कारण कति ठाँउमा उनलाई विश्वास गरिएन पनि ।

'त्यो बेलामा निकै आत्तिएकी पनि थिएँ जस्तोसुकै जागीर भएपनि गर्ने थिएँ जस्तो भएको थियो', उनले विगत सम्झिँदै भनिन्, 'कति ठाउँमा त यस्तो अपांग रैछ्यौ के काम गर्न सक्छ्यो र ? समेत भने ।'

अन्तमा उनी कम्तिमा आफ्नो समस्या जनप्रतिनिधिले बुझ्लान्, वडा कार्यालयमा कुनै काम पाइएला कि भन्ने आसमा पोखरा माहानगरपलिका वडा नं. १५ को कार्यालयमा पुगिन् । वडाध्यक्ष प्रकाश पौडेललाई आफ्ना सबै समस्या बताइन् ।

'वडाध्यक्षलाई भेटेर मलाई जागीर दिनुस् पनि भनैं, अनि उहाँले पढाई र योग्यता सोध्नुभयो म कक्षा १२ पनि पास हुन पाएकी थिइन, घरमा के गरेर बस्नुहुन्छ भनेर सोध्नुभयो, मैले दुईवटा बाख्रा छन् त्यही हेरेर बस्छु भनें ।' मीनाले भनिन् । वडामा उनको शैक्षिक योग्यता, अनुभवको आधारमा उनका लागि कुनै काम थिएन । तर वडा अध्यक्षबाट उपमेयरसँग महिला कार्यक्रमबारे जानकारी पाइन् । सोही दिन भएको कुराकानीले उपमेयरसँग महिला कार्यक्रममा जोडिएकी मीनालाई अहिले पछाडि

फर्केर हेर्नुपर्ने अवस्था छैन ।

उपमेयरसँग महिला कार्यक्रममा आर्थिक अवस्था कमजोर भएका महिलाहरुलाई उनीहरुको अवस्था हेरेर कसैलाई बिना व्याजदर कसैलाई अनुदान स्वरुप उत्पादनमुखी व्यावसाय सञ्चालन गर्न पोखरा महानगरपालिकाले रकम उपलब्ध गराउँछ ।

मीनाले पनि सोही कार्यक्रमबाट दुई लाख रुपैयाँ प्राप्त गरिन् । उक्त रकम पाएपछि त मलाई निकै आँट पनि आयो, अब केही गर्छु भन्ने अठोट पनि गरेँ र साँच्चै पोखरा महानगर अभिभावक नै रहेछ भन्ने पनि महसुस भयो मीनाले भनिन् त्यसपछि ८० हजारका बाख्रा किनेँ, खोर बनाएँ र बाँकी पैसा बाख्राकै अन्य खर्चका लागि भनेर बैंकमा पनि राखेँ मुख उज्यालो पार्दै मीनाले भनिन् ।

उनीसँग अहिले १६ वटा बाख्रा छन् । 'केही बाख्रा भने उपचार विधि ढिला हुँदा मरे, तर अब भने खोर पनि व्यवस्थित बनाएकी छु, उनले भनिन्, 'पहिले अलि धेरै ज्ञान भएन अहिले सबै बुझियो अब बाख्राबाट राम्रै हुन्छ भन्ने विश्वास लागेको छ ।'

अहिले मीनालाई अरुको जागीर खानैपर्छ भन्ने लाग्न छाडिसक्यो । 'विगत जस्तो कसैलाई काम देउ भन्दै हिँड्न परेन, यिनै बाख्रासँग रमाइरहेकी छु, आफ्नै छोराछोरीजस्तो माया लाग्छ, अरुले मासुका लागि काटेर खान्छन तर आफ्नै खोरमा पालेको हुनाले काटेर खान मलाई भने मन लाग्दैन' मीना थोरै भावनामा डुबिन् । उनले अहिले बाख्रापालन व्यबसायबाट राम्रो आम्दानी पनि गरिरहेकी छन् । यो व्यवसायलाई अझ ठूलो रुपमा लैजाने उनको सोच छ । उनलाई अहिले यो काममा उनकी सासु आमा र फुर्सदको समयममा उनका श्रीमानले पनि सहयोग गर्छन् । मीनाले उपमेयरसँग महिला कार्यक्रमले आफ्नो जीवन नै बदलिएको बताइन् ।

## उपमेयरसँग महिला कार्यक्रम सञ्चालक समिति


मञ्जुदेवी गुरुङ
संयोजक


राधिका शाही योगी
सदस्य


सन्तु सुवेदी
सदस्य


मनबुजा विक
सदस्य


यशोदा भट्टराई
सदस्य


पुष्पा पहारी घले
सदस्य


पवित्रादेवी गुरुङ
सदस्य


कुमारी मुना बास्तोला
सदस्य


विष्णुमाया पौडेल
सदस्य सचिव



# खण्ड ५

# महिला जनप्रतिनिधिका अनुभूति



**निर्मला पौडेल, (५८)**
वडा सदस्य, वडा नम्बर २९,
भण्डारढिक

०४५ मा तत्कालीन नेकपा मालेको पार्टी सदस्य भएर नेकपा एमालेमा निरन्तर सक्रिय भएँ । २०७४ मा वडा नम्बर २९ को वडा सदस्य बने । अहिले पार्टीको कुनै कमिटीमा नरहेपनि पार्टी काममा निरन्तर खटिरहेको छु । स्थानीय तह लामो समय जनप्रतिनिधि विहीन भएकोले एक प्रकारको नेतृत्व विहीनताको अवस्था थियो । निर्वाचन आएपछि मलाई पनि सदस्यमा साथीहरुले उठ्न प्रस्ताव गर्नुभयो ।

राजनीतिमा रहेर समाजमा सक्रिय भएको कारण स्थानीय जनताले वडा सदस्यमा निर्वाचित गरेको जस्तो लाग्छ ।

सुरुसुरुमा त के कसरी काम गर्ने भन्ने पनि थाहा भएन, कर्मचारीले चलाइ आएको पालिका र वडा, भ्रष्टाचार र वेथिति मौलाएको । पोषण भत्ता पनि हिनामिना भएको, पूरा नदिएर ठगिएको । पहिले नै मरिसकेका मान्छेका नाममा पनि भत्ता बाँडेको देखाएर खल्तीमा हाल्ने गरेको पनि पाइयो । हामी निर्वाचित भएर गएपछि महिलाहरु पनि आफ्ना आवाज लिएर आउन थाल्नु भयो । हामीले विस्तारै वेथिति रोक्यौं ।

उपमेयरसँग महिला कार्यक्रम अन्तर्गत आय आर्जन कार्यक्रमहरु लगियो । केही तालिमहरु दिने व्यवस्था मिलाइयो । तर महिला दिदी बहिनीहरुलाई थोरै भएपनि कलकारखाना बनाएर रोजगारी दिन पाए हुन्थ्यो त्यसो गर्न नसकेकोमा पछुतो छ । आमाको नामबाट नागरिकता दिने कुरा अझै पनि लागू भएको छैन । यो एकदम ठूलो समस्याका रुपमा रहेको छ ।

वैदेशिक रोजगारीमा गएर आउँदा जन्मेको बच्चा या बाबुको पत्तो नभएकाहरुको जन्मदर्ता पनि छैन । नागरिकता नभएकाले बैंक खाता खोल्न नपाएर बचत गर्न नसकेर समस्यामा छन् । श्रीमानहरुले नागरिकता बनाउँदा वास्तविकता भन्दा फरक विवरण दिने पिन्सन बनाउँदा समेत यस्तो विवरणले गर्दा समस्या परेको छ ।

मतदाता नामावली बनाउने बेलामा लालपुर्जा नभएकालाई मतदाता बन्न समस्या थियो,

त्यसमा संघर्ष गरेर समावेश गरियो ।

कोभिडका समयमा मृत्यु भएका, बिरामी भएका व्यक्तिका परिवारलाई वरपरको समाजले गरेको हेला, होचो तिरस्कार देखेर निकै हैरान भइयो । विद्यालयमा क्वारेन्टाइन राख्न नदिने, लास जलाउन लैजाँदा पनि अवरोध गर्ने अवस्था थियो । त्यस्तो समयमा जनप्रतिनिधिका रुपमा राति दिउँसो जतिबेला पनि सक्रिय भइयो । समस्यामा परेकालाई सहयोग गर्न पाउँदा सन्तुष्टि मिलेको छ ।

महिला सदस्य र पुरुष सदस्यका बीच भेद गरिन्छ । महिलालाई कम आँक्ने, वडाध्यक्षहरुले आफूलाई अलि विशिष्ट ठान्ने गरेको पनिदेखियो । तर मैले हीनता वोध नगरी काम गरें, यसभित्रको अवस्था जान्न पाएँ, बुझ्न पाएँ, काम गरेकोमा सन्तुष्ट छु ।



**निशा मल्ल ठकुरी (४२)**
महिला वडा सदस्य, वडा नम्बर १०

मेरो पारिवारिक पृष्ठभूमि राजनीतिक खालको थियो । बुबा गाविस अध्यक्ष हुनुहुन्थ्यो। मलाई सामज सेवामा रुची छ । जहाँ हुन्छु त्यही अरुलाई सहयोग गर्छु । पारिवारिक रुपले विभिन्न चुनौती र कठिनाइसँग जुध्न परेपनि मैले समाज सेवा छाडिँन । म सामाजिक सेवामा जतिवेला पनि तयार छु, मलाई पद चाहिन्न भन्दै थिएँ, मेरो सक्रियता देखेर होला साथीहरुले करै गरेर महिला संघको इकाइ सभापति बनाउनु भयो । त्यसपछि क्षेत्रीय प्रतिनिधि बन्न दबाब आयो । २०७२ मा नेपाली काँग्रेसको क्षेत्रीय प्रतिनिधि भएपछि राजनीतिमा अलिकति सक्रियता बढ्यो । स्थानीय तहको निर्वाचन आएपछि वडाका नागरिकहरुबाट वडासदस्य उठ्नका लागि दबाब नै आयो । हुन्छ भनेर स्वीकार गरें । वडा सदस्य हुनु भनेको पनि समाजसेवाकै अर्को पाटो हो । काम गर्दै गएँ । पार्टीमा पनि विश्वास आर्जन गरें । वडाबाट समर्थन नहुँदा पनि मैले दाबी गरें र नेपाली काँग्रेसको महाधिवेशन प्रतिनिधि निर्वाचित भएको छु ।

महिला वडासदस्यका रुपमा धेरै मानिसहरुसँग चिनजान गर्न पाइयो, सबैको सेवा गर्न पाएकोमा खुसी छु । हाम्रो वडामा ३४ वटा आमा समूह र ३४ वटा टोल विकास संस्था रहेका छन् । हामी निर्वाचित भएपछि आमा समूहका धेरै सदस्यले उद्घोषण तालिमको माग गर्नुभयो । यस्तो तालिमले वहाँहरुलाई समाजमा आफ्ना कुरा प्रभावकारी ढंगले राख्न मद्दत गऱ्यो । टोल विकास संस्था र आमा समूहलाई संयुक्त रुपमा चेतनामुलक कार्यक्रमका रुपमा कानुनी शिक्षा तालिम दिइयो ।

महिलाहरुलाई उद्यमशील बनाउनु आवश्यक छ भन्ने लाग्यो र माला, चुरा, चप्पल बनाउने तालिम दिइयो । । ३५ जना जति आफैले खर्च गर्न नसक्ने गरिब परिवारका महिलाहरुलाई ब्युटिपार्लरको लेवल १ को तालिम दिइयो । अहिले लेबल टु को तालिम दिने तयारीमा छौं ।

मैले आफूलाई महिला वडासदस्य भएकोले कुनै विभेद व्यहोरेको छैन । म सबैलाई सम्मान गर्छु । अरुले पनि सम्मान गरुन भन्ने चाहन्छु । म सिधा सिधा कुरा गर्छु । कसैले मलाई हेपेर बोलेको छैन ।

महिलाका लागि बजेट छुट्याउन भने झगडा भइरहन्छ । म जुधी रहन्छु । बजेट माग गर्दा कहिले कहिले मेयरज्यूसँग पनि चर्काचर्की गरियो ।

मलाई राति राति कसैले सहयोग माग्यो भने पनि जान्छु । यो उ पार्टी नभनी सबै पक्षका मानिसहरुलाई म समान व्यवहार गर्छु । वहाँहरुले पनि मलाईसम्मान गर्नुहुन्छ । म त सबै पार्टीका मतदाताको प्रतिनिधि हुँ भन्ने ठान्छु । यसलै मलाई वडामा सम्वाद गर्न समस्या छैन ।

थप तालिमहरुको व्यवस्था गरेर, आय आर्जनका काममा लगाएर महिलाहरुलाई उद्यमी बनाउन पाएँ हुन्थ्यो भन्ने लागि रहन्छ । साथीहरु मलाई महाधिवेशन प्रतिनिधि भएपछि माथिल्ला पदमा जान भन्छन् तर मलाई भने वडाध्यक्ष भएर वडावासीको सेवामा एक कार्यकाल विताउन मन छ ।



**शान्तादेवी गुरूङ, (६०)**
वडा सदस्य, वडा नम्बर १७

कम्युनिस्ट नेता चित्रबहादुर गुरुङ मेरो हजुरबा हुनुहुन्थ्यो । मैले पनि लामो समयदेखि पार्टी राजनीतिका गतिविधि र संगठनामा सक्रिय रहेर काम गर्दै आएकी थिएँ । २०७४ को स्थानीय निर्वाचन आएपछि एकदिन वडा नम्बर १७ मा कार्यकर्ता भेला बोलाइयो । सोही भेलामा पार्टीका साथीहरुले मलाई वडा सदस्यको खुला सिटमा चुनाव लड्न प्रस्ताव गर्नुभयो । मैलेपनि यसलाई जनताको सेवा गर्ने अवसरका रुपमा लिएर निर्वाचन लडें । मलाई के लाग्यो भने पहिले यसो गर्देउ उसो गर्देउ भनेर मागपत्र बोकेर हिँडिरहिन्थ्यो ।

निर्वाचित हुन पाउँदा अब पहिले आफैले माग गरेको योजना सम्पन्न गर्छु, सबैको माग पूरा गर्छु भन्ने उत्साह थियो । तर पछि यति धेरै माग आउन थाले कि सबै काम गर्न असम्मभव हुन थाल्यो । पहिलो वर्षका माग नै पूरा गर्न पाएको छैन, अहिले फेरि थप माग आएका छन् कसरी पूरा गर्न सकिएला भन्ने पिरलो पो लाग्न थाल्यो । अहिले पाँच वर्षपछि पनि निर्वाचनका समयमा जनतासँग गरिएका सबै वाचा पूरा गर्न सकिएन भन्ने लाग्छ । अझै धेरै गर्न पाए हुन्थ्यो भन्ने छ । वडा नम्बर १७ मा खानेपानीको समस्या लगभग सबै ठाउँको हल भएको छ । सडकको अवस्थामा सुधार आएको छ ।

घरको नक्सालाई व्यवस्थित गर्न पाएको छैन । सै घरलाई करको दायरामा ल्याउन सकियो भने महानगरलाई आर्थिक स्रोताके कुनै दुःख हुँदैन । पहिले आफ्नो पार्टीमा मात्र चिनिन्थ्यो, अहिले सबैसँग परिचय भयो । पार्टीले नै मलाई यो अवसर दिएको हो । पार्टी र समाजको सबै पक्षसँग परिचित भएकोमा खुसी छु ।





**प्रतिभा विश्वकर्मा (५८)**
वडा सदस्य, वडा नम्बर १०

मेरो बाबा हिरालाल विश्वकर्मा पहिले नेपाली काँग्रेसको नेता हुनुहुन्थ्यो । जेल परिरहनुहुन्थ्यो । वहाँको भाषण गर्ने कला राम्रो थियो । पछि राजा महेन्द्रले वहाँलाई बोलाएर मन्त्री बनाइदिनु भयो । यसले मलाई राजनीति सिक्न मद्धत गरेको जस्तो लाग्छ । पछि सानै उमेरमा नेपाली काँग्रेसको परिवारका सदस्यसँग बिहे भयो । ससुरा पनि पर्वतमा काँग्रेसको नेता हुनुहुन्थ्यो । श्रीमान नेपाली काँग्रेसको नेता हुनुहुन्छ । त्यसैले पनि होला गत स्थानीय निर्वाचनमा मलाई पार्टीले दलित महिला सदस्यमा वडा नम्बर १० मा चुनाव लडायो ।

पाँचवर्षको कामले मलाई खुसी लागेको छ, दिदीबहिनीसँग मिलेर काम गर्न पाइएको छ । बरु अब सदस्यबाट हटियो भने वहाँहरुसँग काम गर्न नपाइएला भन्ने पिर लाग्छ ।

मलाई दलित महिला सदस्य भएकोले कुनै पनि समस्या परेन, कसैले पनि विभेद गर्नु भएको छैन । वडावासीहरुले पनि हामी कसैलाई विभेद गर्दैनन् । सरकार, महानगर र राजनीतिक दलहरुले दलितहरुलालई अरु सरह बनाउन थप प्रोत्साहन गर्नुपर्छ । म अब वडा सदस्य उठ्ने हैन बरु वडाध्यक्ष र त्यो भन्दा माथि जाने प्रयास गर्ने हो ।



**हरिमाया विश्वकर्मा (४०)**

वडा सदस्य, वडा नम्बर ५

विद्यालय जीवनबाटै राजनीतिमा जोडिएको हो । बुवा पहिले नै राजनीतिमा हुनुहुन्थ्यो । वडा नम्बर ५ मा बस्न थालेपछि नै अनेमसंघमा काम गरिरहेको थिएँ । नेपाल रेडक्रसमा जागिरे थिएँ । म शिक्षाले सिएमए हुँ ।

निर्वाचनमा अनेमसंघले सिफारिस गरेको थियो । त्यसपछि दलित महिला सदस्यका रुपमा निर्वाचित भएँ । पाँच वर्षमा समाजको संरचनागत अवस्था बुझ्न पाएँ, खुसी छु ।

दलित महिलाका बीचमा अशिक्षा, गरिबी छ, सहर धनि छ तर दलितहरु गरिब छन् । सहर भएपनि दलितहरुमाथि जातीय विभेद छ । छुवाछुतको समस्या छ । मलाई कार्यालयमा र समाजमा काम गर्दा विभेद महसुस हुन्न तर समाजका अरु जातिका घरपरिवारमा त्यस्तो विभेद महसुस गरेको छु । मलाई नभएपनि अरु दलितमाथि विभेद हुँदा चित्त दुख्छ ।

हामी दुवै दलित भएपनि धनबहादुर नेपाली र मेरो बीचमा मलाई विभेद बढी हुन्छ ।

निर्वाचित भएपछि टोलमा महिला विकास समिति खोलें । उत्पिडित समूहका महिलाहरुलाई पदाधिकारीमा राखें । बचत संकलन गर्ने र खाँचो पर्नेलाई ऋण दिने काम गर्छ । त्यसमा उपमेयरसँग महिला कार्यक्रमबाट बिउ पुंजी लगियो । काम गर्दै गएँ । समूहले राम्रो काम गरेको छ । किराना पसल खाजा पसल खोल्ने गरेका छन् । धारापानी सहकारी खोलेर पनि काम गरिरहेको छ । मलाई अब फेरि दलित आरक्षणको कोटामा काम गर्ने रहर छैन । अब अलि माथिको जिम्मेवारी माग गर्ने हो । हामी पनि समाजका लागि केही गरेर देखाउन सक्छौं भन्ने आत्मविश्वास बढेको छ ।



**पार्वती कार्की थापा (४८)**

वडा सदस्य, वडा नम्बर १५

विद्यालय जीवनदेखि नै अनेरास्ववियुका गतिविधिमा सहभागी हुन्थें । राजनीतितिर चासो राख्थें । बिहे भएर घरमा बस्न थालेपछि विस्तारै सामाजिक काममा सक्रिय हुन थालें । वडाका आमा समूह, रेडक्रस लगायत विभिन्न संघ संस्थाहरुसँग काम गरिरहेको थिएँ । ०५८ मा आमा समूहको अध्यक्ष भएँ । प्रत्यक वडामा वडा महिला समन्वय समिति भनेर बनाइएको थियो । हाम्रो वडामा ३५ वटा आमा समूह थिए । २९ जनाको उपस्थितिमा भएको भेलामा २४ जनाले मलाई अध्यक्ष बनाउन विश्वास गर्नुभयो । त्यसपछि महानगरस्तरीय समितिको कोषाध्यक्ष भएर काम गरें ।

। महिला सशक्तिकरण कार्यक्रम सञ्चालन गरियो । त्यही वर्ष भएको **'तीज तारा'** प्रतियोगिता १५ नम्बर वडाको विश्वकर्मा महिला समूहले जित्यो, त्यो गीत पनि मैले नै लेखेको थिएँ ।

यही बीचमा निर्वाचन आयो । मलाई पार्टीभित्र मात्र होइन बाहिरका महिलाहरुको पनि समर्थन थियो । अत्यधिक मत ल्याएर महिला वडा सदस्यमा निर्वाचित भएँ ।

पहिलो वर्ष धेरैजसो तालिम र गोष्ठीमा बित्यो । पछि महिलाहरुको आर्थिक सशक्तिकरणको पाटोलाई अघि बढाउन आवश्यक छ भनेर आय आर्जनमुखी तालिमहरु गर्न ध्यान दिइयो ।

चुरा, पोते, माला उन्ने, गुडिया बनाउने लगायतका तालिम दिइयो । घरेलु कर्यालयसँगको सहकार्यमा बुटिक तालिम, सिलाई कटाइको तालिम दिइयो ।

अहिले धेरैजसोले आय आर्जनका लागि तालिमको उपयोग गरेर राम्रो उपलब्धि गरिहरहनु भएको छ ।

उपमेयरसँग महिला कार्यक्रम अत्यन्त प्रभावकारी भयो । यो कार्यक्रमका केही मापदण्ड छन् । अपांग, गरिब र सीमान्त अवस्थाका महिलालाई आयआर्जनको काम गर्न बिउ पुंजी प्रदान गरिन्छ । उनीहरुले कमाएर तिर्नुपर्छ । कुखुरा

पालन, बाख्रा पालन गरेर राम्रो आय आर्जन गर्नुभएको छ। खाजा पसल, टनेल खेती, कौसी खेतीको काम गर्नुभएको छ।

वडा शिक्षा समितिका सदस्य, विद्यालय व्यवस्थापन समिति सदस्य बनेर काम गरेको अनुभव छ। विद्यालयमा खाजा लगायतको अनुगमन गरियो र त्यसमा सुधार गरियो।

महिलाहरुमा ठूलो समस्याका रुपमा रहेको पाठेघरको क्यान्सरको पहिचान गर्न १५ नम्बर वडाका २५० महिलाहरुले पाठेघरको क्यान्सर सम्बन्धी टेस्ट गराइयो। उनीहरु मध्ये ९ जनामा क्यान्सरदेखियो। त्यस मध्य २ जनाको मृत्यु भयो बाँकी उपचार गरेर सहज बन्नु भएको छ। वहाँहरुको जीवन बचेकोमा मलाई सन्तुष्टि मिलेको छ।

ज्येष्ठ नागरिकलाई आँखा जाँच गरियो। केहीलाई आँखा अस्पताल पठाएर उपचार गराइयो। वहाँहरु पनि खुसी हुनुहुन्छ। मलाई अब वडाध्यक्ष बनेर काम गर्ने इच्छा छ। म त्यसका लागि योग्य पनि छु।

# खण्ड ६

# विविध



न्यायिक समिति राष्ट्रिय सम्मेलनमा पोखरा महानगरको प्रथम त्रिवर्षीय आवधिक योजना पुस्तक विमोचन गर्दै राष्ट्रपति विद्यादेवी भण्डारी ।

# योजनावद्ध विकासको थालनी

पोखरा महानगरपालिकाको पहिलो कार्यकाल यसले तयार पारेको त्रिवर्षीय योजनाका कारणले पनि सम्झिइने छ । योजनाको निर्माण, त्यसका उद्देश्य लक्ष्य र रणनीतिमा प्रष्टता र स्रोत परिचालन सुशासनका दृष्टिले पनि र स्रोतको उच्चतम प्रयोगका दृष्टिले पनि अत्यावस्यक मानिन्छ । आधुनिक राज्य प्रणालीका केही दशक विताएको नेपालले २०१३ साल देखि नै योजनावद्ध विकासको थालनी गरेको भएपनि स्थानीय तहमा यस्तो अभ्यास हुने गरेको थिएन । २०७४ पछि भने पालिकाहरुले पार्श्वचित्र तयार पार्ने र योजना बनाएर काम गर्ने अभ्यास थालेका छन् । पोखरा महानगरपालिकामा २०७६ मा सहरी योजना आयोग बन्यो । महानगर प्रमुखको नेतृत्वमा रहेको आयोगले त्रिवर्षीय योजना तयार पारेको छ । आर्थिक वर्ष २०७८/०७९ देखि २०८०/०८१ का लागि तयार पारिएको उक्त योजना सम्बन्धी पुष्तकको सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले २०७८ चैत्र १४ गते पोखरामा एउटा कार्यक्रमका बीच विमोचन गर्नुभएको थियो ।

प्रथम योजनामा पोखराको वर्तमान सामाजिक आर्थिक अवस्थाको चित्रण गदै समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय लक्ष हासिल गर्न महानगरले लिनुपर्ने बाटो किटान गरिएको छ । नगरको योजनावद्ध विकास र सुसासनका लागि यो एउटा महत्वपूर्ण दस्तावेज बन्नेछ । आगामी निर्वाचनबाट आउने नेतृत्वका लागि यसले दिशानिर्देश गर्नेछ ।

# बसपार्क

- जनकपुर चुरोट कारखानाको जग्गालाई माइक्रो बस पार्कको लागि प्रयोग गरिएको
- पर्यटन विभागसँगको समन्वयमा पर्यटन बसपार्क निर्माण कार्य सम्पन्न गरिएको
- नगरका ३ स्थानमा बस पकेट निर्माण गरिएको
- पृथ्वीचोक बसपार्क निर्माणका लागि रामराज लामिछानेको संयोजकत्वमा अध्ययन समिति गठन गरिएको र समितिको प्रतिवेदनमा अव्यवस्थित बसोबास गर्नेहरुको विवरण समेटिएको
- अव्यवस्थित बसोबासको व्यवस्थापनका लागि राष्ट्रिय भूमि आयोग बनेता पनि व्यवस्थापनको काम नटुंग्याएकाले गर्दा बसपार्क निर्माण कार्य अगाडि बढ्न नसकेको
- पोखरा ३२ लामे आहालमा क्षेत्रीय बसपार्क निर्माणका लागि सहरी विकास मन्त्रालय अन्तर्गत रही विस्तृत परियोजना प्रतिवेदन तयार पारिएको र मुआब्जाको लागि संघ सरकारसँग रकम माग गरी पठाइएको
- पोखरा १४ छबिसेमा सिटी बस टर्मिनलको लागि विस्तृत परियोजना प्रतिवेदन तयार पारी निर्माण कार्य सुरु गर्नका लागि १ करोड बजेट विनियोजन गरिएको



# सरसफाइ तथा फोहोर व्यवस्थापन

फोहोर व्यवस्थापनका क्षेत्रमा महानगर टोलवासीहरुबीच सहकार्य गर्ने मोडालिटी अनुसार पहिले केही वडामा लागू भएको सार्वजनिक निजी साझेदारी कार्यक्रम महानगरभर लागू गरिएको छ । यसले फोहोर संकलन र व्यवस्थापनमा सहजता ल्याएको छ ।

ल्यान्डफिल साइटमा केन्द्रीय प्रशोधन प्रणालीद्वारा नेपालमै पहिलो पटक सानिसा अन्तर्गत अस्पताल जन्य फोहोर मैला व्यवस्थापन प्लान्ट निर्माण गरी काम भइरहेको छ । ल्यान्डफिल साइटमा रहेको फोहोरबाट कवाडी संकलनको लागि पहिलो पटक खुल्ला प्रतिस्पर्धा मार्फत् काम सुरु गरिएको छ । मलमुत्र जन्य फोहोर व्यवस्थापनको लागि पहिले हचुवाको आधारमा भएको सम्झौता तोडी खुल्ला प्रतिस्पर्धाको आधारमा काम भएको छ ।



# रिङरोड

रिङरोड निर्माणको लागि प्रारम्भिक सम्भाव्यता अध्ययन सकिएको छ । अब डिपिआर बनाएर काम अघि बढाउने हो भने पोखराको यातायात सञ्जाललाई थप व्यवस्थित गराउन र सहरलाई काँठतिर विस्तार गर्न सहयोग पुग्नेछ । सहरीकरणको विस्तारसँगै जनघनत्व बढ्दै जाँदा हुनसक्ने सवारी चापलाई व्यवस्थित गर्न रिङरोडले मद्दत पुग्नेछ ।

## कार्यालय भवन

न्युरोडस्थित हाल कायम रहेको महानगरको मुख्य कार्यालय भवन जीर्ण र अत्यन्त पूरानो खालको छ । यो भवन तत्कालीन पोखरा नगर पञ्चायतको सानो जनसंख्याको आवश्यकता पूरा गर्ने ढंगले निर्माण भएको थियो । अहिले महानगरको जनसंख्या १० गुणाभन्दा बढी वृद्धि भइसकेको छ । सेवा प्रवाह र संवैधानिक जिम्मेवारीका दृष्टिले महानगरको कार्यक्षेत्रमा ठूलो विस्तार भएको छ । स्थानीय सरकारका रुपमा महानगरका दैनिक कार्य सञ्चालन गर्न, जनतालाई प्रदान गरिने सेवा प्रवाहलाई सहज बनाउन र प्रशासनिक कार्यलाई प्रभावकारी बनाउन पनि नयाँ कार्यालय भवन निर्माण नगरी नहुने भएको छ ।

नयाँ कार्यालय भवन निर्माणका लागि जग्गा छनोट समिति गठन गरेर काम आरम्भ गरेको थियो । छनोट समितिले पोखरा महानगरपालिका वडा नम्बर १२ मा रहेको पशु चिकित्सालय पोखराको नाममा रहेको जग्गामा भवन निर्माणको लागि जग्गा प्राप्ति गर्न सिफारिस गरेको थियो । सोही अनुरुप कार्यपालिकाले निर्णय गर्‍यो र जग्गा प्राप्तिका लागि नेपाल सरकारसमक्ष माग गरेर पठायो । समयमा नै नेपाल सरकारले जग्गा उपलब्ध नगराएकोले कार्यालय भवन बनेको छैन ।

यसैबीच महानगर अन्तर्गतका विभिन्न महाशाखाहरु रहने गरी अर्को कार्यालय भवन निर्माणको लागि पूरानो दमकल रहेको जग्गामा टेन्डर गरी काम अगाडि बढाइएकोमा केही स्थानीयले राजनीतिकरण गरेर अवरोध गर्दा काम अघि बढ्न सकेको छैन ।

## भू उपयोग नीति

महानगरलाई व्यवस्थित गर्न भू-उपयोग नीति प्रारम्भ विन्दु हो । कहाँ व्यापारिक क्षेत्र मान्ने, कता आवासीय क्षेत्र मान्ने, कता मनोरञ्जन स्थल र पार्कहरु बनाउने, कुन क्षेत्रलाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने, विद्यालय या शिक्षाका लागि कुन क्षेत्रलाई तोक्ने, फोहोर व्यवस्थापन कता गर्ने, हरियाली क्षेत्र कता बनाउने, कृषि र पशुपालनका लागि कताको भूमिलाई प्राथमिकता दिने, खेलकुद मैदान र उद्योग ग्राम कता बनाउने भन्ने जस्ता विषयलाई पहिले नै तय गरेर सहरको विकास गर्दा मात्र यसले व्यवस्थित सहरीकरणको रुप लिन्छ । हालैका वर्षहरुमा पोखरामा ढलमा परेर मानिसहरुको ज्यान जाने गरेका घटना बढेका छन् । यसले सहज रुपमा पानी निकासको माग गर्छ । यी सबै कुरालाई व्यवस्थित गर्न पनि भू-उपयोग नीति बनाएर लागू गर्नु ढिलो भइसकेको छ । महानगरले युएनडिपीको सुदृढ परियोजनासँगको साझेदारीमा भू-उपयोग तयारी समिति निर्माण गरेको थियो । उक्त समितिले यससम्बन्धी प्रस्तावको ड्राफ्ट तयार गरेको छ । त्यसलाई आवश्यक संसोधन र परिमार्जन सहित पारित गर्न र लागू गर्न बाँकी नै छ ।

# देश भित्र र बाहिरका नगरहरुसँग सम्बन्ध




पोखरा महानगरपालिकाको अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्न महानगरपालिका प्रमुखको नेतृत्वमा अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालय छ । यस सचिवालयले अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्न विभिन्न कार्यहरु गर्छ जसमध्ये विश्वका विभिन्न सहरहरुसँग भगिनी सम्बन्ध कायम गर्ने कार्य पनि पर्छ । हालसम्म पोखरा महानगरपालिकाले विभिन्न सहरसँग भगिनी सम्बन्ध कायम गरी सम्बन्ध विस्तार गरिसकेको छ ।



### भगिनी सम्बन्ध कायम भएका विभिन्न मित्र राष्ट्रका सहरहरु

१. **कोमागाने, जापान**
२. **लिंजी, चीन**
३. **आडालर, टर्की**
४. **कुनमिंग, चीन**
५. **गोन्जाओ, चीन**
६. **यिबिन, चीन**
७. **छुसाओ, चीन**
८. **हाइकाओ, चीन**
९. **ग्यान्बुक गु, दक्षिण कोरिया**
१०. **नानइंग, चीन**
११. **Ganzhi Municipality, Tibet Province, Republic of China**
१२. **London Borough of Barnet, UK**

### नेपाल भित्रका भगिनी नगरहरु :

१. भरतपुर महानगरपालिका
२. धरान उप-महानगरपालिका

# रंगशालाले बढाएको शान

पोखरा आफैमा खेलकुदको सहर । खेलकर्मी र खेलकुदप्रेमीको शब्दमा खेलकुद्को राजधानी । यसलाई रंगशालाले थप पुष्टि गरेको छ ।

पोखरा रंगशाला देशकै ठूलो रंगशाला हो । ४१५ रोपनी क्षेत्रफलमा अधिकांश खेल खेल्न मिल्ने पूर्वाधार निर्माण गरिएको छ । थप दुई पूर्वाधार तयार भए पोखरा रंगशाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता खेलाउने महत्वपूर्ण गन्तव्य बन्ने छ ।

१३ औं दक्षिण एशियाली खेलकुद प्रतियोगिताको समयमा यहाँका धेरै पूर्वाधार बने, केहीको स्तरोन्नति गरिएको थियो । पोखरा रंगशालाको मुहार फेरिने काम भने २०६०/०६१ सालदेखि हो ।

२०६४/६५ बाट क्रिकेट मैदान निर्माण सुरु गरियो । क्रिकेट मैदानका दृष्टिले अन्तर्राष्ट्रियस्तरको गन्तव्य तयार भएको छ । पोखरामै नेपालको एकमात्र अन्तर्राष्ट्रिय आर्चरी मैदान बनेको छ ।

कास्की जिल्ला टेनिस संघले ५ वटा क्ले कोर्ट निर्माण गर्‍यो । राष्ट्रिय खेलकुद परिषदको लगानीमा अफिसियल भवन (चेन्जिङ रुम, शौचालय, फिड ब्याक रुम) सहित एउटा क्ले र हार्ड कोर्ट निर्माण गर्‍यो । वर्षेनी अन्तर्राष्ट्रिय टेनिस महासंघको कार्यक्रम आईटिएफ जुनियर-५ उमेर समूहको प्रतियोगिता आयोजना हुँदै आएको छ ।

बास्केटबल, भलिबल, व्याडमिन्टन, मार्शल आर्ट्स एवं स्क्वासका पूर्वाधार समेत तयार छ । मुआथाई सिक्न विदेशी समेत आउने गरेका छन् । साढे १५ करोड रुपैयाँमा एक दशक अघि नेपालकै ठूलो २ हजार दर्शक क्षमताको बहुउद्देश्यीय कभर्ड हल निर्माण गरिएको छ । जहाँ अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको रुपमा महिला तथा पुरुष साग गेम्स ह्याण्डबल प्रतियोगिता सम्पन्न गरियो ।

फुटबल मैदान र प्यारापिटले यसलाई अनेक प्रतियोगिता आयोजना स्थलमा बदलिदिएको छ । २०७६ मंसिरमा निर्माणाधीन फुटबल मैदानमा साग गेम्स अन्तर्गत महिला फुटबल प्रतियोगिता आयोजना गरियो । १ अर्ब २८ करोडको लगानीमा थपिएको पूर्वाधारले पोखरा रंगशाला नेपालकै उत्कृष्ट 'स्पोर्ट्स सेन्टर' को रुपमा विकास हुन पुगेको छ । सबै खेलकुद पूर्वाधारसम्म पुग्ने कालोपत्रे सडक निर्माण गरिएको छ ।

पोखरा रंगशालामा स्केट पार्क समेत बनाइएको छ । स्वदेशी तथा विदेशी स्केट खेल्नकै लागि आउने गरेका छन् । विभिन्न देशका स्केटरले स्वयंसेवा गरी निर्माण गरिएको पार्क नयाँ खेलकुद गन्तव्य बनेको छ । अब पोखरा रंगशालामा पौडी पोखरी र सुटिङ रेन्ज निर्माण गर्नुपर्ने खाँचो छ । ती दुई पूर्वाधारको लागि पोखरा रंगशालाभित्र जग्गा छुट्टाइसकिएको छ ।

राष्ट्रिय खेलकुद परिषदको स्वामित्वमा रहेको भएपनि पोखरा रंगशाला पोखरा महानगरको महत्वपूर्ण गहना बनेको छ । अब महानगरले हरेक वडामा खेल मैदान र रंगशाला निर्माणमा ध्यान दिँदा पोखराले खेलकुदमा प्रतिस्पर्धात्मक श्रेष्ठता हासिल गर्ने छ ।

**महागरमा खेलकुद सम्बन्धी गतिविधिहरू सञ्चालन गरी प्रतिस्पर्धात्मक रूपमा सक्षम खेलाडी उत्पादन गर्न तथा खेलकुदका पूर्वाधारमा समेत अग्रसरता लिन गरिएको एउटा नगर खेलकुद समिति गठन गरिएको छ । समितिका पदाधिकारी तथा सदस्यहरूको विवरण यसप्रकार छ :**

## पोखरा नगर खेलकुद विकास समिति

**अध्यक्ष** : दीपक गोदार

**सचिव** : सुवाष खड्का

**सदस्यहरू**

» श्री राजेन्द्र जि.सी, पोखरा २६

» भलिबल खेलाडी श्री ऋषिसरा थापा पोखरा -१५

» श्री प्रीति बराल पोखरा -७

» राष्ट्रिय खेलाडी तथा प्रशिक्षक श्री जीवन बाटाजु पोखरा -३

» श्री दिनेशबाबु खड्का, पोखरा - २८

» श्री कुसुम गुरूङ पोखरा- १३

» श्री भरत बानियाँ, पोखरा-९

» श्री अनुप पौडेल, पोखरा-१७



# महामारीको समयमा जनतासँग

विश्वव्यापी रुपमा कोभिड १९ महामारी देखापरेसँगै पोखरा महानगरले स्वास्थ्यकर्मीहरुलाई कोरोना सम्बन्धी अभिमुखीकरण गराई स्वास्थ्यकर्मी मार्फत महिला स्वास्थ्य स्वयंसेविका, जनप्रतिनिधिहरु, टोलका प्रतिनिधिहरु लगायत समाजसेवीको माध्यमबाट जनसमुदायमा चेतना फैलाउने काम गरेको थियो ।

पहिलो चरणमा पोखरा विमानस्थल र पोखरा भित्रिने नाकाहरु मजुवा, छोरेपाटन, हेम्जा, बेगनास लगायतका स्थानमा हेल्थ डेस्कको स्थापना गरियो । यस्तो डेस्कका स्वास्थ्यकर्मिहरुले स्वास्थ्य परीक्षण, परामर्श तथा कोरोना सम्बन्धी जानकारी दिने काम गरेका थिए ।

पोखरा महानगरभित्रका विभिन्न संचार माध्यम, पत्र-पत्रिका तथा मिडियामा कोरोनाको बारेमा नियमित जानकारी दिने र फ्लेक्स, पम्प्लेट, पोस्टरको माध्यमबाट समुदायमा सचेतना फैलाउने कार्यहरु गरियो । साथै पोखरा महानगरभित्र विभिन्न ठाउँहरुमा हात धुने स्टेसनहरुको निर्माण गर्ने लगायतका कार्यहरु गरियो ।

पहिलो लकडाउनका समयमा पोखरा महानगरले १२ वटा क्वारेन्टाइन होम सञ्चालन गर्दै विदेश वा अरु जिल्ला बाट



आउनेहरुलाई १४ दिन अनिवार्य क्वारेन्टाइन राख्ने र परीक्षण गरेर पोजिटिभ देखिएकालाई आइसोलेसनमा पठाउने व्यवस्था गरेको थियो । पोखरा महानगरको क्वारेन्टाइनमा कुल १३९६ जनाले सेवा लिएका थिए भने २४३ जनालाई आइसोलेसनको व्यवस्था गरिएको थियो । यसको साथै निशुल्क हटलाइन नम्बर उपलब्ध गराई पोखरा महानगर स्वास्थ्य महाशाखाबाट परामर्श सेवा दिने गरिएको थियो ।

डायलाइसिस गर्नुपर्ने बिरामी, गर्भवती, सुत्केरी र कोभिडका बिरामीहरुलाई निशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिएको थियो ।

प्रत्येक वडामा स्वास्थ्यकर्मीबाट प्रत्येक दिन देखिएका कोरोना संक्रमित व्यक्तिहरुलाई टेलिफोन सम्पर्क गरी वहाँहरुको सम्पर्कमा आउनुभएका व्यक्तिहरुको पहिचान गर्ने, निजहरुको लक्षण र सम्पर्क अवधिको आधारमा वर्गीकरण गर्ने र प्रत्यक्ष सम्पर्कमा आएकाहरुलाई क्वारेन्टाइनमा रहन सुझाव दिने तथा परीक्षणको लागि पठाउने कार्य गर्दै आएको थियो ।

**५० शैय्याको कोभिड अस्पताल**

शिशुवा अस्पताल १५ शैय्याको रहेकोमा लायन्स क्लबको विशेष सहयोगमा २०७७ मा ५० शैय्याको अस्पतालको रुपमा रहेकोमा त्यसलाई विकास गरी प्रसुति शल्यक्रिया सेवा, स्वास्थ्य बिमा कार्यक्रम, कोभिड आइसोलेसन तथा हाइ फ्लो अक्सिजन सहितको सेवा दिने व्यवस्था मिलाइयो ।

**पहिलो चरणका प्रतिकार्यहरु**

» कोरोना कोभिड १९ को बारेमा जनचेतनाको लागि माइकिङ गर्ने, पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने, रेडियो एफएममा जनचेतनामूलक सामग्री प्रशारण गरेको ।

» लकडाउनको कारण रोजगार गुमाएका दैनिक मजदुरी गर्ने मानिस लगायत करिब ३२ हजार घर परिवारलाई राहत वितरण गरेको

» २ करोडको राहत कोष स्थापना गरेको

» सुत्केरी महिलाहरुलाई पोषण सामग्री वितरण गरेको ।

» मिर्गौलाका रोगी, गर्भवती महिला, र कोरोना शंकास्पद मानिसहरुलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराएको । ती सवारी साधनलाई पूर्णतया Sanitise गरी सञ्चालन गरिएको ।

» कास्की जिल्ला तथा पोखरा महानगरपालिका प्रवेश विन्दुमा Fever Clinic सञ्चालन गरिएको ।

» सम्भावित जोखिमको अनुमान गरी बाहिरबाट आउने मानिसहरुलाई विभिन्न वडामा रहेका १२ वटा क्वारेन्टाइनमा राख्ने व्यवस्था गरिएको र यसरी क्वारेन्टाइनमा बसेका मानिसहरुलाई पिसिआर परीक्षण पश्चात मात्र घर तथा समाजमा जान दिइएको ।

» लकडाउनको समयमा संचालित विकास निर्माणका कार्यहरु स्वास्थ्य प्रोटोकल अनुसार सञ्चालन गरिएको ।

» संक्रमितहरुको लागि छुट्टै आइसोलेसन केन्द्र स्थापना गरी सेवा प्रदान गरेको ।

**दोस्रो चरणमा गरिएका प्रयासहरु**

» नियमित रुपमा पिसिआर परीक्षण कार्य गरिएको, परीक्षणबाट संक्रमित देखिएका बिरामीहरुका लागि स्वास्थ्य परामर्श सेवा सञ्चालन गरिएको ।

» संक्रमितको उपचारमा खटिन पश्चिमाञ्चल क्षेत्रीय अस्पताल र संक्रामक तथा सरुवा रोग अस्पताललाई थप जनशक्ति उपलब्ध गराएको ।

» पश्चिमान्चल क्षेत्रीय अस्पतालामा कोरोना उपचार वार्डमा अक्सिजन लाइनको व्यवस्था गर्न आर्थिक सहयोग उपलब्ध गराएको ।

» वडा नं. १६ मा रहेका मातृशिशु मितेरी कोमागाने अस्पतालमा कोरोना संक्रमितको उपचार गर्न आवश्यक व्यवस्था मिलाइएको ।

» नेपाल सरकारबाट प्राप्त खोप वडाहरुमा नै लगाउने व्यवस्था मिलाइएको ।

» कोरोना संक्रमितको उपचार गर्न महानगरपालिकाले वडा नं. २७ मा १०० बेडको कोरोना उपचार अस्पताल सञ्चालन गरिएको ।

» कोभिड संक्रमणको कारण मृत्यु भएका मानिसको शव महानगरपालिकाको साधन, स्रोत, जनशक्ति र नेपाली सेनाको सहयोगमा छुट्टै स्थानमा व्यवस्थापन गरिँदै आएको ।

» कोरोना संक्रमितहरुलाई उपचार गर्न अस्पतालमा भर्ना लिन बेड/अक्सिजन/ ICU\ Ventilater भए नभएको विषयमा सर्वसाधारणलाई जानकारी गराउन मोबाइल सूचना प्रणाली सञ्चालन गरिएको ।





# पोखरा प्रज्ञा प्रतिष्ठानको गठन



पोखरा महानगरलाई कार्यथलो बनाएर नेपालकै साहित्य, कला तथा संस्कृतिको प्रवर्द्धन गर्न महानगरले प्रज्ञा प्रतिष्ठान ऐन २०७६ निर्माण गरी २०७८ वैशाखमा पोखरा प्रज्ञा प्रतिष्ठान गठन गरिएको हो ।

यसमध्ये उपकुलपतिमा नियुक्त गरिनु भएको मेनकाजी गुरुङ्ले नियुक्तिपत्र बुझ्न अस्वीकार गर्नुभएको थियो । वहाँको गतवर्ष कोभिड संक्रमण भएका कारण मृत्यु भइसकेको छ । यसैगरी सदस्य धनबहादुर गायकको पनि निधन भएको छ ।

प्रज्ञा प्रतिष्ठान सम्बन्धी ऐनले महानगरको प्रमुख प्रशासकीय अधिकृत नै प्रतिष्ठानको पनि सदस्य सचिव रहने व्यवस्था गरेको छ । यो व्यवस्थाले एकातिर प्रतिष्ठानका गतिविधिलाई प्रशासनको कतै न कतै नियन्त्रण रहने सम्भावना रहेको अर्कोतिर प्रशासकीय अधिकृत अत्यन्त व्यस्त रहने भएकोले समय दिन नसक्दा प्रतिष्ठानको काम अघि बढाउन समस्या परेको पनिष्ठानका पदाधिकारी ले महानगरको ध्यानाकर्षण गराउनु भएको छ । पोखरा महानगरपालिकाको उद्देश्य बमोजिम पोखरेली स्थापनापछि यस बीचमा प्रतिष्ठानले लेखनाथ जयन्ती, अलिमियाँ जयन्तीमा विविध कार्यक्रम गरेको थियो । यसैगरी गण्डकी प्रज्ञा प्रतिष्ठान र पोखरा थिएटरसँग मिलेर नाटक, नाटक लेखन कार्यशाला र प्रदेशस्तरीय नाटक महोत्सवको पनि आयोजना गरेको थियो ।

**पोखराको पहिलो प्रज्ञा प्रतिष्ठानका सदस्य तथा पदाधिकारीहरू**

**कुलपति :** पद्मराज ढकाल
**उपकुलपति :** मेनकाजी गुरुङ

**सदस्यहरु:**

» सरस्वती श्रेष्ठ सरु,
» प्रकाश ज्ञवाली,
» धनबहादुर गायक,
» जीवन दाहाल,
» कृष्णप्रसाद भण्डारी,
» मिलन शेरचन,
» मोतीबहादुर कार्की,
» सुरज उपाध्याय,
» प्रतीक थापा

# पोखरा महानगरपालिका
# न्यायिक समितिमा आएका विवादहरु

आ.व. २०७५।०७६ देखि २०७८।०७९ सम्मको विवरण

| क्र.सं. | आर्थिक वर्ष | दर्ता भएका विवादको संख्या | निरुपण संख्या |
|---|---|---|---|
| १ | ०७५/०७६ | ३२ | २६ |
| २ | ०७६/०७७ | २६ | १७ |
| ३ | ०७७/०७८ | ८३ | २८ |
| ४ | ०७७/०७९ (चैतसम्म) | ९५ | ७९ |
| जम्मा | | २३६ | १५० |

८६ वटा प्रक्रियामा रहेको

पोखरा महानगरमा दर्ता भएका उजुरी निवेदनको विवरण

| क्र.सं. | आर्थिक वर्ष | उजुरी/निवेदन दर्ता | निर्णय मिलापत्र |
|---|---|---|---|
| १ | ०७५/०७६ | १०९ | ६५ |
| २ | ०७६/०७७ | ११५ | ७९ |
| ३ | ०७७/०७८ | १७५ | ११२ |
| ४ | ०७७/०७९ (फागुनसम्म) | १०४ | ५८ |
| जम्मा | | ५०३ | ३१४ |

पोखरा महानगरपालिकासँग सम्बन्धित विभिन्न अदालतमा रहेका मुद्दाहरूको विवरण :

| क्र.सं. | अदालत | दर्ता भएका मुद्दा | फैसला भएका मुद्दा | चलिरहेका मुद्दा |
|---|---|---|---|---|
| १ | सार्वोच्च अदालत | २८ | ४ | २४ |
| २ | उच्च अदालत | ६५ | ४४ | २१ |
| ३ | जिल्ला अदालत | ९ | २ | ७ |
| जम्मा | | १०२ | ५० | ५२ |

कानुन कार्यविधि निर्देशिका एवं नम्स तयारी सम्बन्धी विवरण

| विवरण | ऐन | नियमावली | कार्यविधि | निर्देशिका | मापदण्ड | आचार संहिता | नीति | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| कार्यान्वयनमा भएको कानुन कार्यविधि निर्देशिका एवं नम्सको संख्या | २७ | १६ | २८ | ९ | २ | २ | ४ | ८८ |





# सडकमा अस्फाल्ट प्रविधि

अस्फाल्ट (Asphalt) सडकको टपमा प्रयोग हुने निर्माण सामग्रीलाई एकआपसमा बलियोसँग जोड्ने मिसावट प्रविधि हो । यसले अहिलेसम्म प्रयोगमा आएको कालोपत्रे भन्दा टायरको घर्षण कम गर्छ, यस्तो घर्षणबाट आउने आवाजको डेसिमल घटाउँछ । सामान्य कालोपत्रे भन्दा यो बलियो र टिकाउ पनि हुन्छ । यसको अर्को विशेषता भनेको सवारीको ब्रेकसंग सम्बन्धित छ । अरु पिचमा भन्दा अस्फाल्ट भएको सडकमा सवारीको साधनले ब्रेक लगाउँदा नियन्त्रण गर्न सहज हुन्छ, ओरालोमा पनि ब्रेकले सजिलै काम गर्छ र दुर्घटना कम गर्न मद्दत गर्छ । हामीकहाँ प्रयोगमा रहेको परम्परागत कालोपत्रेको तुलनामा अस्फाल्ट प्रायेग भएको सडकमा सवारी चलाउँदा सहज र सलल बगेको जस्तो अनुभव हुन्छ । सय वर्ष अघि नै युरोपमा प्रचलनमा आउन थालेको भएपनि नेपालमा यो प्रविधि भरखर भित्रिँदै छ । पोखराले पछिल्लो पटक मुख्य सडकहरु यस्तो प्रविधि प्रयोग गरेर कालोपत्रे गर्न थालेको छ ।

अहिले नयाँ सडकसँगै महानगरपालिकाले मुस्ताङ चोक, लेकसाइड, हल्लनचोक, जिरोकिलोमिटर, बुद्धचोक, रानीपौवा, वन क्याम्पस र महेन्द्रगुफासम्मका सडकमा १७ किमि अस्फाल्ट पिच भएको छ । विजयपुर हुँदै कालिका जाने सडकको ५ किमि खण्ड पनि अस्फाल्ट गरिसकिएको छ । अब ९ किमि अस्फाल्ट हुने गरी काम भइरहेको छ ।

पर्स्याङ – सिद्धार्थचोक, चिप्लेढुंगा–महेन्द्रपुल, बगर, दीप, पामे-घाँटी छिना, रानीपौवा र अमरसिंह चोकसम्मको सडक अस्फाल्ट प्रविधिको बनाइदै छ ।

पोखराका सडकलाई अस्फाल्ट पिच गर्न प्रदेश सरकार र सडक डिभिजन कार्यालय पोखराले पनि बजेट विनियोजन गरेका थिए । हाल पोखरामा भइरहेको खानेपानीको लाइन विस्तार गर्ने कामका कारण अस्फाल्ट गर्ने कार्य पूरा हुन पाएको छैन ।

# प्राविधिक शिक्षालय

**पोखरा म.न.पा. मा रहेका प्राविधिक धारका सामुदायिक विद्यालयहरू**

| क्र.सं. | विद्यालयको नाम | पढाइ हुने विषय |
|---|---|---|
| १ | जनप्रिय मा.वि. सिलमचौर | सिभिल इन्जिनियरिङ |
| २ | महेन्द्र मा.वि. भलाम | कृषि |
| ३ | शुक्रराज मा.वि. पुम्दी | पशुपालन |
| ४ | अम्बिका मा.वि., हेमजा | कम्प्युटर इन्जिनियरिङ |
| ५ | ब्रह्मरूपा मा.वि., राजाको चौतारा | सिभिल र कम्प्युटर इन्जिनियरिङ |

*स्रोत : पोखरा महानगरपालिका, शिक्षा महाशाखा*

**CTEVT बाट सम्बन्धन प्राप्त**

| नाम | ठेगाना | सञ्चालित विषय | प्रकार |
|---|---|---|---|
| गण्डकी बहुप्राविधिक शिक्षालय | पोखरा २९, भण्डारढिक | सिभिल, अटोमोवाइल इन्जिनियरिङ | साझेदार |
| पोखरा प्राविधिक शिक्षालय | पोखरा ११, फूलबारी | अटोमोवाइल, इन्जिनियरिङ, होटल म्यानेजमेन्ट, अप्थाल्मिक साइन्स | आंगिक, |
| श्री आनन्दज्योति मावि | पोखरा ३१, बेगनास | बाली विज्ञान | टेक्स |
| श्री सरस्वती टीका मावि | पोखरा ३३, भरतपोखरी | सिभिल इन्जिनियरिङ | टेक्स |
| श्री सहीद स्मृति आवि | पोखरा १४, मझेरीपाटन | सिभिल, जियोम्याटिक्स, हाइड्रो, इन्जिनियरिङ | टेक्स |

*स्रोत - सिटिइभिटि गण्डकी प्रदेश कार्यालय*

## गण्डकी बहुप्राविधिक शिक्षालय

पोखरा महानगरपालिका र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् नेपाल बीच सम्झौता भई हाल गण्डकी बहुप्राविधिक शिक्षालय सञ्चालनमा आएको छ । यसमा डिप्लोमा इन सिभिल इन्जिनियरिङ र डिप्लोमा इन अटोमोवाइल इन्जिनियरिङ विषयका कक्षाहरु सञ्चालित छन् । आगामी वर्षहरुमा एचए, फार्मेसी, जियोम्याटिक इन्जिनियरिङ र वन विज्ञान विषयका कक्षाहरु सञ्चालन गरिने छन् । हाल पोखरा २९ खल्याण पोखरा महानगरपालिका क्षेत्रभित्र यसको भवन निर्माणको काम भइरहेको छ ।

प्राबिधिक शिक्षा प्रदान गरी पोखरा महानगरपालिका क्षेत्रलाइ प्राबिधिक शिक्षाको केन्द्र बनाउनुका साथै यस क्षेत्रका नागरिकको आर्थिक उन्नयनको दिर्घकालिन लक्ष्य लिई गण्डकी बहु प्राबिधिक शिक्षालय सञ्चालनमा ल्याइएको हो ।






**उद्देश्य र कार्यक्रमहरु :**

- पोखरा महानगर क्षेत्रभित्र सञ्चालन गर्न सकिने सम्भाव्य प्राविधिक कार्यक्रमहरू र त्यसका लागि आवश्यक भौतिक पूर्वाधारहरू, जनशक्तिको विश्लेषण गर्ने ।
- गुणस्तरीय तथा जीवन उपयोगी शिक्षा प्रदान गर्न अवलम्बन गर्नुपर्ने कार्यहरू, अनुगमन तथा मूल्यांकन पद्धति एवम् सम्भाव्य चुनौतिहरूको विश्लेषण गरी प्राविधिक शिक्षाको माध्यमबाट रोजगारीको अवसर सिर्जना गर्ने सम्बन्धमा आवश्यक नीति तयार गर्ने ।
- स्थानीय बजार र सम्बन्धित प्रतिष्ठानहरूको माग अनुसारका व्यावसायिक विषयहरूको अल्पकालिन एवम् मध्यकालिन तालिमहरू सञ्चालन गर्नका लागि आवश्यक रणनितिक योजना तयार गर्ने ।
- स्थानीय राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारमा खपत हुने स्तरीय र दक्ष प्राविधिक जनशक्तिको उत्पादन गर्न आवश्यक प्रयोगात्मक सिप सिकाउन Non-credit course हरू सञ्चालन गर्ने ।

शिक्षालयमा सञ्चालित डिप्लोमा इन अटोमोवाइल इन्जिनियरिङतर्फ प्रथम ब्याच प्रथम खण्डमा ३५ जना विद्यार्थी परीक्षामा सहभागी भएकामा २८ जना उत्तीर्ण भएका छन् भने डिप्लोमा इन सिभिल इन्जिनियरिङतर्फ ४८ जना सहभागी भएकोमा प्रथम खण्डमा ४७ जना उत्तीर्ण भएका छन् । अटोमोवाइलतर्फ ८६.२२ अंकसहित उजेन उदास प्रथम भए भने सिभिलतर्फ ८९.५७ अंकसहित सन्तोष पौडेल प्रथम भएका छन् । यसले महानगरबाट सञ्चालित सार्वजनिक विद्यालयले पनि उत्कृष्ट नतिजा ल्याउन सक्छ भन्ने प्रमाणित गरेको छ ।



**सन्तोष पौडेल**



**उजेन उदास**



# महानगरमा युवा परिषद्

पोखरा महानगरपालिकाका ३१ वटा वडामा नगर युवा परिषद् वडा समिति गठन गरिएको छ । महानगरपालिका भित्रका युवाहरुको क्षमता अभिवृद्धि र सिपमूलक कार्यक्रममा जोड्ने उद्देश्य सहित गत वैशाखमा महानगर युवा परिषद् गठन गरेपछि वडास्तरीय समिति गठन कार्य अगाडि बढाइएको हो । मेयर मानबहादुर जिसीको अध्यक्षतामा गठित ४३ सदस्यीय महानगर युवा परिषद्को कार्यकारी उपाध्यक्षमा हरिबोल गौतम रहनु भएको छ ।

निकट भविष्यमा परिषद्ले युवालाई लक्षित गरी युवा उद्यम तथा स्वरोजगार सम्बन्धी तालिम आयोजना गर्ने छ । महानगर पालिकाका युवाहरुलाई उत्पादनमा जोड्दै राज्यको नीति निर्माणमा सहभागी गराउने लक्ष्य महानगर युवा परिषद्ले लिएको छ । परिषद्का उपाध्यक्ष र सदस्यहरुलाई महानगर प्रमुख तथा परिषद्का अध्यक्ष मानबहादुर जिसीले सपथ ग्रहण गराउनु भएको थियो ।



# खण्ड ७

## महानगरबारे
# विभिन्न क्षेत्रका व्यक्तित्वहरूको भनाइ

# वातावरणीय स्वच्छताका क्षेत्रमा थप ध्यान दिइनुपर्थ्यो



नारायण कार्की,
वरिष्ठ पत्रकार
(बिबिसी नेपाली सेवा)

महानगरको प्रथम दायित्व नगरको सरसफाइ हो । वातावरण संरक्षण हो । घरभित्रै फोहोर व्यवस्थापन गर्न सक्ने कार्यका लागि कौसी खेती हुनु राम्रो हो । निजी क्षेत्रलाई संलग्न गराएर फोहोरलाई मोहोर बनाउन लाग्नुपर्छ । ल्यान्डफिल साइट निर्माण ढिला हुनु हुँदैनथ्यो ।

पर्यटकीय केन्द्र भएको हुँदा पनि वातावरणीय स्वच्छता पोखराका लागि अनिवार्य हो । पोखरामा ओर्लेका पर्यटकले नाक खुम्च्याउने अवस्था आउन दिनु हुन्न । हरियाली प्रवर्द्धन आवश्यक छ । पार्कहरुको संरक्षण गर्न र बालउद्यानका क्षेत्रमा आवश्यक काम हुनुपर्थ्यो । महानगरले गरेको अस्फाल्ट पिच राम्रो छ । ग्रामीण भेगमा कताकति सडक बनेका छन् ।

बसपार्क, पार्किङ्का लागि ध्यान पुगेको भए पोखरा थप राम्रो बनाउन सकिन्थ्यो । बस टर्मिनलका लागि छुट्टयाइएको जग्गामा भएका सुकुम्बासीको व्यवस्थापन हुन नसक्नु पोखराको लागि एउटा क्रोनिक समस्या हो, यसमा महानगरले परिणाम दिने गरी काम गर्नुपर्थ्यो ।

# आजको पोखरा




वद्रीविनोद प्रतीक
वरिष्ठ पत्रकार

विश्वका दशौ सुन्दर सहरहरुको सूची भित्र पर्ने पोखरा महानगर हो । यो हामी सबैको गर्वको कुरा हो । गणतन्त्र पछिको पहिलो स्थानीय सरकारले जनताका असीमित आकांक्षा परिपूर्ति गर्न नसके पनि स्रोत र साधनको सीमा भित्र रहेर जे जे काम गरेका थिए ती कामको परिणाम देखिन थालेका छन् । स्थानीय ऐन कानुन निर्माण संगै केही महत्वकाक्षी योजनाहरु पनि थालिए । सुरुमा पत्यार नलागेका योजनाहरु अहिले सम्पन्न भएर जनताले लाभ लिइरहेका छन् ।

महानगरको नेतृत्वले पहिलो चरणमा आवश्यक ऐन कानुन र पोखराको गुरुयोजना बनायो । यो नदेखिने जग

भित्रको काम हो । महानगरमा लेखनाथ नगर पालिका र आसपासबाट गाभिएका दर्जनभन्दा बढी गाउँहरुमा पूर्वाधारका केही काम भएका छन् । विद्युत, खानेपानी शिक्षा स्वास्थ्य जनताको पहुँचमा पुऱ्याइएको पाए । खाने पानीको प्रोजेक्ट त आँखा अगाडि चालु नै छ । गाउँ जोडने कच्ची सडकहरु स्तरोन्नति सहित कालो पत्रे भएका छन् । दुई लेनका सडकमा गाडी गुडाएर सरररर यात्रा गरेर गाउँ पुगेका छु । टेलिफोन इन्टरनेट महानगरका कुना कुनासम्म पुगेका छन् । यी पाँच वर्षले पोखराको चित्र नै बदल्ने खालका केही कामहरु भएका छन् । जस्तै जिरो किमीदेखि हेम्जासम्म ६ लेनको सडक देखिन्छ । विदेशबाट फर्केकाहरुले यो सडकलाई युरोप अमेरिकको सडकहरु दाजेको पाईन्छ । केन्द्रीय योजना अन्तर्गत बनेको सडक भए पनि यो सडक पोखराको पाँच, दुई, एक र पच्चीस वडाका जनताको घर छेउबाट गएको छ । यस्तै अर्को संरचना पोखरा रंगशाला हो, जीर्ण अवस्थाको रंगशालाले यति चाडै यति सुन्दर रुप धारण गर्ला भन्ने लागेको थिएन तर इच्छा शक्ति भए हुँदो रहेछ । अर्को योजना छ सराङकोटमा बनेको विभूति पार्क, यति बेला यो पार्क पर्यटकहरुको रोजाइको थलो भएको छ । निजी क्षेत्रबाट निर्मित नै किन नहोस् पोखरा महानगर क्षेत्रभित्र निर्मित फेवाताल सरागकोट केबुलकार पनि यही पाँच वर्ष भित्रै तयार भएको हो । अन्तर्राष्ट्रिय विमानस्थल, गण्डकी विश्वविद्यालय, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, सिर्जनाचोकमा आकासे पुल, गुणस्तरीय पीचसहितका चाक्ला सडक, टोल टोलमा सडक खानेपानी, बिजुली सहित सरसफाइ योजना मेरो नजरमा हमेसा परिरहेका योजना हुन । शिक्षा स्वास्थ्य मात्र होइन साहित्य कला र संस्कतिको विकासका लागि पोखरा प्रज्ञा प्रतिष्ठानको स्थापना, फेवा तालमा चेक ड्याम, रुपामा बाँध बाध्ने काम सुरु, खास्टे, दिपाङ, मैदी लगायतका तालहरुमा फुटट्र्याक र पार्क निर्माण, बन्जिजम्प, प्याराग्लाइडिङ, जिपफ्लायर, भ्यूटावर, पुम्दीकोटमा भूमेश्वर महादेवको भीमकाय मूर्ति स्थापना र पार्क जस्ता कामहरु हामी सबैका आँखाले देख्न सकिन्छ ।

साना मसिना मेरो नजरमा नपरेका कामहरु पनि सम्पन्न भएका होलान् । पोखरामा ठडिएका बहुतले भवनले पनि पोखराको स्वरुपलाई परिवर्तन गरिदिएको पाइन्छ । यसरी नै विकास हुँदै गयो भने हामीले कल्पना गरेको स्मार्टसिटी देख्न धेरै समय लाग्ने छैन ।



# ट्राफिक व्यवस्थापनको योजना आउँदै छ

**किसानसिंह गुरुङ**
**इन्जिनियर**

पोखराका समस्याहरु जति पनि छन् । समेटेर दीर्घकालीन योजना बनाऔं । मास्टर प्लान जति पनि छन्, तिनको समीक्षा गरौं । राम्राराम्रा काम लिएर जाऔं । हरेकपटक ५ वर्षमा नयाँनयाँ जनप्रतिनिधि आउने र फरकफरक योजना बनाउने गर्दा पोखरा कहिल्यै बन्दैन । पुराना योजनाका राम्रा काम लिएर जाऔं भनेर प्रस्ताव गरेको थिएँ । तर त्यो प्रस्ताव सुनुवाइ भएन । पोखराका घरहरुको मापदण्ड निर्माण सम्बन्धी समितिमा रहेर काम पनि गरें । हाम्रा केही सुझाव उहाँहरुले लिनुभयो । केही सुझाव कार्यान्वयन भएका छन् । केही बाँकी छन् ।

पोखराको ट्राफिक व्यवस्थापन बिग्रँदै गएको छ । यस्तै रह्यो भने आगामी दिनमा पोखरा बस्न लायक सहर हुँदैन । एउटा समिति बनाएर सुझाव दियौं । कोरियाको विज्ञान तथा प्रविधि मन्त्रालयको संस्थाबाट ६ अर्ब रुपैयाँ जति सहयोग जुटाएर पोखराको ट्राफिक व्यवस्थापनको काम हुँदै पनि छ । त्यो काम भएपछि हाम्रो यातायात प्रणाली राम्रो हुनेछ । पोखरा बजारभित्रका मुख्य सडकमा अस्फाल्ट पिच बनाउने काम पोखरा महानगरपालिकाले गरेको एउटा राम्रो काम हो ।

आजसम्म हामीले जोगाएका कुरालाई छाडा छोड्ने भन्दा जोगाएरै जानुपर्छ भन्ने लाग्छ । हाम्रो सहर सुरक्षित हुनुपर्‍यो । हाम्रा संरचना भूकम्प प्रतिरोधी हुनुपर्‍यो । खोलानाला र तालतलैयाहरु जोगाउनुपर्‍यो । अनि सुन्दरता हुनुपर्‍यो । सबैभन्दा पहिला त सुरक्षा नै हो । त्यसका लागि हाम्रा संरचनाहरु बलिया हुनुपर्छ । हामीले हाम्रा कामबाट कार्बन उत्सर्जन सकेसम्म गर्नुहुँदैन । नसके कम गर्नुपर्छ । हरियाली हुनुपर्छ । हाम्रा फाँटहरु जोगाउनुपर्छ । कंक्रिट जंगल बन्न दिनु हुँदैन ।



# फुटबल एकेडेमीको अपनत्व लिनुपर्छ



विक्रम थकाली
पूर्वअध्यक्ष
सहारा क्लब

जनप्रतिनिधि आएपछि खेलकुद क्षेत्रमा गतिविधि बढेका छन् । संघसंस्थालाई जनप्रतिनिधिले सहयोग गर्ने काम भएका छन् । जनप्रतिनिधिले यो संस्थाले यस्तो काम गरेको छ भनेर बुझेको पाइन्छ । कसले कसरी सामाजिक क्षेत्रमा काम गरेको छ भन्ने थाहा भएको छ । सहारा क्लबले गर्दै आएको आहा गोल्डकप फुटबल प्रतियोगितालाई बजेट किताबमै समेटिएको छ । हाम्रो खर्च १ करोड रुपैयाँ छ । महानगरपालिकाले भने जम्मा २ लाख रुपैयाँ दिएको छ ।

यो प्रतियोगिताले पोखराकै नाम फैलाउन सहयोग गरेको छ । यो नमुना प्रोजेक्ट हो । बालबालिकाका क्षेत्रमा महानगरपालिकाले बजेट छुट्ट्याएको हुन्छ । तर सहारा जस्तो अन्तर्राष्ट्रियस्तरमै नाम कमाएको संस्थाका लागि भने सहयोग हुन सकेको छैन । अन्तर्राष्ट्रियस्तरकै उल्लेख गर्न लायक यो प्रतियोगितालाई अघि बढाउन महानगरापलिकाले अपनत्व ग्रहण गरेर सहयोग गर्नुपर्छ भन्ने मलाई लाग्छ ।



# पानी रंगको सहरमा छैन आर्ट ग्यालरी



सरस्वती प्रतीक्षा
पूर्व अध्यक्ष
पोखरेली युवा सांस्कृतिक परिवार

देशकै ठूलो महानगरका रुपमा रहेको पोखरा महानगरपालिकाले आफू ठूलो महानगर हुनुको गरिमा कायम राख्न पनि वाङ्मयको क्षेत्रमा गर्नुपर्ने थुप्रै कामहरु बाँकी नै रहेको देख्छु । गत स्थानीय निर्वाचनपश्चात केही महत्वपूर्ण नीतिगत कामहरु नभएका पनि होइनन् । प्रक्रिया जे सुकै भए पनि कला, साहित्य र सँगीतको उत्थानका लागि महानगरकै पहलकदमीमा पोखरा प्रज्ञा प्रतिष्ठान र गण्डकी प्रदेश सरकारले स्थापना गरेको गण्डकी प्रज्ञा प्रतिष्ठान एउटा ऐतिहासिक कदम हो । तथापी यसले गर्ने काम र यसको भूमिकाबारे अहिले नै ढुक्क भैसक्ने स्थिति भएको छैन । विद्यालय स्तरीय नाटक महोत्सव, पोखरामा नेपाल साहित्य महोत्सवको आयोजनाका लागि गरिएको सहयोग लगायतका अन्य फूटकर कामहरु सम्पन्न भए पनि महानगरले गर्नु पर्ने थुप्रै कामहरु बाँकी नै छन् ।

महानगरको तर्फबाट कुनै कलाकार्यशालाका कार्यक्रमहरु र कलासम्बन्धी छलफल नै आयोजना भएका छैनन् । झलकमान, धर्मराज थापा, अलिमियाको वीरासतमा उभिएको पोखरामा न सारंगी सिकाउने कुनै ठाउँ छ, न लोक भाकाको प्रर्वद्धनका लागि पर्याप्त कार्यक्रम भएका छन् । सांस्कृतिकपर्व र उत्सवहरुमा बजाउने ढोलक, दमाहा र ट्याम्को बजाउने जनशक्ति विस्तारै सकिदैछ । जात्राहरुको सांस्कृतिक मूल्य बिर्सदै गइरहेको छ सहर । महानगरले यहाँको स्थानीय लोकभाका र वाद्यवादनको संरक्षण र नयाँ पुस्तामा हस्तान्तरणका लागि ठोस योजना बनाउनुपर्ने देखिन्छ ।

साहित्यका निधिहरुको जन्मस्थल आफैमा कला र साहित्यप्रेमीहरुको लागि अमूल्य तीर्थ हो । लेखनाथको जन्मघर होस वा धर्मराज थापा वा झलकमानको, पं मुक्तिनाथ शर्माको निवास होस भूपिको, यी र यस्ता अमूल्य निधिलाई उहाँहरुको कृति र अन्य जानकारीसहितको संग्रहालयमा विकसीत गर्न सके त्यसले स्रष्टाको सम्मान र साहित्यिक पर्यटनको समेत प्रर्वद्धनमा सहयोग पुग्नेछ । त्यसबाहेक विभिन्न सहरबाट लेख्नका लागि पोखरा आउने लेखकहरुलाई मध्यनजर गर्दै सुविधासम्पन्न सिर्जना-ग्रामको स्थापना गर्न सके सिर्जनात्मकतालाई थप बल पुग्ने देखिन्छ । महानगरले आफ्नो सहरका स्रष्टाहरुलाई विभिन्न अन्य सहर र केही अन्य देशका स्रष्टाहरुसँग समेत अन्तरक्रिया र छलफल हुने गरी स्रष्टा संवाद कार्यक्रम गर्न सके त्यसले यहाँको कला र संस्कृतिलाई साट्न र फैलन समेत सहयोग गर्दछ । महानगरका स्रष्टाका महत्वपूर्ण कृतिलाई महानगरले विभिन्न भाषामा अनुवादको काम समेत गर्न सके त्यसले समेत यहाँको साहित्य र कलाको विकासका लागी थप योगदान पुग्नेछ ।

# विशेषज्ञ सेवासहितको मेट्रो अस्पताल चाहिन्छ



डा. सरोज पोखरेल
कन्सल्टेन्ट फिजिसियन
चरक अस्पताल पोखरा

महानगरको स्वास्थ्य सेवा सुधार गरेर पोखराका नागरिकलाई सहज र भरपर्दो स्वास्थ्य सेवा उपलब्ध गराउन तत्काल एउटा मेट्रो अस्पताल स्थापना गर्नु आवश्यक छ । अहिले पोखरामा मुटुको सल्यक्रिया, बालबालिकाका रोगहरु, ब्रेन ह्यामरेज या पक्षघात तथा अरु कतिपय जटिल रोगको उपचारमा विशिष्ट सेवा उपलब्ध छैन । सबैजसो यस्तो रोगका उपचारका लागि काठमाडौं जानै पर्ने अवस्था छ । त्यसैले कमसेकम अहिले चिकित्सा विज्ञानले उपलब्ध गराएका मुख्य रोगको उपचार पोखरामा हुने अवस्था आयो भने पोखरामा मानिसहरु जीवन सुरक्षित महसुस गर्नेछन् ।

हरेक वडामा मेडिकल अफिसर या जनरल फिजिसियन सहितका स्वास्थ्य केन्द्रहरु बनाउनु पर्छ र त्यहाँबाट आधारभूत उपचार उपलब्ध हुने व्यवस्था गर्नुपर्छ । उसले रिफर गरेपछि मात्र मेट्रो अस्पतालमा उपचार गर्ने व्यवस्था हुनुपर्छ ।

अहिले स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारिताबारे प्रश्न उठिरहेको छ । भनेको समयमा औषधी पाइन्न, औषधी पनि सीमित संख्याका मात्र पाइन्छ, पालो कुर्नुपर्छ, ल्याबको सुविधा पनि कम छ । यसलाई मेट्रो अस्पताल या वडा स्तरका स्वास्थ्य केन्द्रसँग जोडेर हुन्छ कि अन्य विधि अपनाएर सबैलाई स्वास्थ्य उपचारमा पहुँच हुने अवस्था सिर्जना गरिनुपर्छ ।

यसैगरी सार्वजनिक स्वास्थ्यका प्रतिकारात्मक उपायहरुका बारेमा समुदायमा आधारित स्वास्थ्य चेतना र नियोजनका उपायहरु अपनाइनुपर्छ । खोप लगायत अहिले उपलब्ध मातृ शिशु उपचारका उपायहरु विस्तार गर्ने, जेरेन्टोलोजिष्टहरु मार्फत वृद्धवृद्धालाई टोलमा उपचार सेवा पुऱ्याउने व्यवस्था गर्न सकियो भने महानगरका नागरिकहरु स्वस्थ रहन्छन् । स्वास्थ्य उपचारका नाममा हुने असीमित खर्चका कारण अप्ठेरोमा पर्ने लाखौं मध्यम तथा न्युन आय भएका नागरिकको परिवारको अवस्थामा सुधार आउँछ ।

# पोखराका सम्भावना



डा. रामचन्द्र लामिछाने
पूर्व उपाध्यक्ष
पोखरा नगर योजना

पोखरा प्रचुर सम्भावना भएको देशको आकर्षक र मनोरम महानगरपालिका हो। यस महानगरको विकासको आधार भनेको नै जनशक्ति, पर्यटन, कृषि र लघु उद्यम हुन। प्राकृतिक रुपमा मनोरम र सुन्दर यस महानगरमा प्रदुषण फैलाउने कुनै पनि उद्योगहरुको स्थापनामा कडाईका साथ प्रतिवन्ध लगाउनु पर्दछ। भौगोलिक, सांस्कृतिक, आध्यात्मिक तथा प्राकृतिक सम्पदाको अनुपम संगमस्थलको रुपमा रहेको यो महानगर, मानवशास्त्र, प्राकृतिक श्रोत व्यवस्थापन, भौगर्विक शास्त्र, कला, सूचना तथा प्राविधिक, पर्यटन तथा पत्रकारिता जस्ता विषयका शिक्षाको हब बनाउन सकिन्छ। शैक्षिक गन्तव्यस्थलको रुपमा विकास भयो भने मात्रै पोखरामा गुणस्तरीय र क्षमतावान पर्यटक आगमन हुन सक्दछ।

कृषि उपजको उत्पादन तथा उद्यमशीलता यहाँको अर्को अवसर हो। समग्र महानगरलाई उच्च मूल्य प्रजातीका जैविक वस्तु उत्पादन क्षेत्रको रुपमा विकास गर्न आवश्यक छ। प्राविधिक, उद्यम तथा बजारीकरणका सबै क्षेत्रमा किसानलाई विज्ञ बनाएर आवश्यक पर्ने भौतिक पूर्वाधारमा सरकारले लगानी गर्नु पर्दछ।

असंगठित नागरिकहरुलाई संगठित गरी पुँजीको संकलन गर्ने र उद्यम तथा उद्योगको विकास गरी बजारमा पहुँच सुनिश्चित गर्नुपर्छ। महानगरपालिकाका प्रत्येक नागरिकहरुलाई संगठित गरी स्थानीय तहमा नै पुँजीको निर्माण गरे उत्पादनका साधनहरुमा संयुक्त स्वामित्व सुनिश्चित हुन्छ र उद्योग तथा उद्यम विकास हुन्छ। उत्पादीत वस्तुहरुको बजारको सुनिश्चितता गरी प्राप्त मुनाफालाई प्रत्येक घर धुरीमा पुऱ्याउने गरी पोखरा पूर्वाधार विकास निगम स्थापना गरिनुपर्छ। यसमा महानगरपालिका, महानगरपालिकामा कार्यरत सहकारीहरु र महानगरवासीहरुको संयुक्त लगानी रहनु पर्छ। यो उत्पादनको साझा संयन्त्र हो र यसले नै पोखरा महानगरपालिका र पोखरेली नागरिकहरुको समृद्धिको मार्गचित्र कोर्न सक्नेछ।



# कर प्रणाली व्यवसायीमैत्री बनाउनु पर्छ

दामु अधिकारी
पूर्वअध्यक्ष
पोखरा उद्योग वाणिज्य संघ

पोखरा उपमहानगरपालिकाबाट महानगरपालिका बनिरहँदा साविकको लेखनाथ नगरपालिका र साविक गाविसका बासिन्दाले विकासको अनुभूति गर्न पाएका छन् । विकासको फड्को मारेको महसुस त्यहाँका जनताले गरेका छन् । यो जनप्रतिनिधिको सवल पक्ष हो । महानगरपालिकाभित्र विद्युत र खानेपानी छिटफुटबाहेक समस्या छैन । त्यो पनि राम्रो पक्ष हो । पोखराका कतिपय सडकमा अस्फाल्ट पिच बनेको छ । त्यो सकारात्मक छ ।


महानगरका पाँच वर्षलाई हेर्दा मलाई लागेको के भने यहाँको प्रशासनलाई प्रविधिमैत्री बनाउन ध्यान पुगेन । कर प्रणालीका बारेमा धेरै गुनासा थिए । करका दर व्यवसायीमैत्री बनाउन ध्यान पुगेन । घरधनीले तिर्नुपर्ने बहाल कर पनि व्यवसायीमाथि थुपार्ने काम भइरहेको छ ।

कर तिर्दा नगद भुक्तानी नगरी डिजिटल माध्यमबाट तिर्ने व्यवस्था हुनु पर्छ । खानेपानी, बिजुली र रेस्टुरेन्टको बिल डिजिटल भुक्तानी गर्न सकिन्छ, गर्न नसकिने होइन । तर महानगरपालिकाको प्रणाली डिजिटल किन भने नगद कारोबार रोके भ्रष्टाचार न्यूनीकरणमा सहयोग पुग्छ ।

कतिपय निर्णय धेरै ढिला आए । सेती नदीको मापदण्ड, फिर्केखोलाको मापदण्ड र फेवातालको मापदण्ड चित्तबुझ्दो छैन ।

महानगरपालिकाले घाटको ठेक्का दिन्छ ठेक्का लगाएका ठाउँमा ढुंगा बालुवा गिटीमा कहीँ पनि ठेकेदारले भ्याट दिँदैन । ठेकेदारले भ्याट बिल दिँदैन । ट्राफिकले भने सडकमा भ्याट बिल खै भन्छ ।

सोलार बत्तीका पोलमा विज्ञापन राख्ने र त्यसको आम्दानीबाटै मर्मत सम्भार गर्ने भन्ने थियो । पोखरा उद्योग वाणिज्य संघलाई पनि केही पोलमा विज्ञापन राख्न दिने भन्ने थियो । त्यो योजना कार्यान्वयनै भएन । कतिपय निर्णयहरु राम्रा भएपनि समयमा नहुँदा परिणाम दिन सकेका छैनन् ।



# महानगर र पर्यटन

वासु त्रिपाठी
पर्यटन व्यवसायी

पर्यटन र पर्यटकीय गतिविधिहरु विश्वभरि नै जीवनशैलीको रुपमा विकसित र परिभाषित हुन थालेका छन् । हरेक मानिसको उद्देश्य कुनै न कुनै नयाँ स्थानको भ्रमण गर्ने र नयाँ अनुभव लिने हुन्छ । यही चाहना र अभिलाषाको कारणले विश्वमा पर्यटनको ठूलो सञ्जालको विकास भएको छ ।

सुरुमा पोखरा अन्नपूर्ण हिमाल आरोहण तथा त्यस क्षेत्रमा पदयात्रामा जानका लागि प्रवेश द्वारको रुपमा चिनिन्थ्यो । तर आजको पोखरा ट्रेकिङ, हाइकिङ, प्याराग्लाइडिङ, अल्ट्रालाइट, बन्जिजम्प, जिपफ्लायर, केबलकार, गल्फ, साइटसिन, र्‍याफ्टिङ, बोटिङ, कायाकिङ लगायतका गतिविधिहरुको कारणले नेपालको पर्यटनको राजधानीको रुपमा विकास भएको छ । कर्णाली र सुदूरपश्चिमको पर्यटनको विकासको समेत नेतृत्व पोखराले गर्ने सम्भावना बढेको छ । तीव्र रुपमा निर्माण हुँदै गरेको मध्य पहाडी लोकमार्ग, सम्पन्न हुन लागेको पोखरा अन्तर्राष्ट्रिय बिमानस्थलले गर्दा यी सबै ठाउँसँगको पहुँच सहज हुँदैछ । तसर्थ पोखरा महानगरपालिकाका जनप्रतिनिधिहरु पर्यटनका बहुआयामिक पक्ष बुझेको र आत्मसात गर्न सक्ने व्यक्ति हुँदा उपयुक्त हुन्छ ।

बीस वर्षसम्म कर्मचारीले मात्र चलाएको महानगरको नेतृत्वमा जन निर्वाचित प्रतिनिधि आए पछिका अपेक्षा सघन प्रकृतिका हुनु स्वाभाविकै हो । यो नेतृत्वले पर्यटनका केही काम गरेको छ भने नगरी नहुने केही काममा उचित ध्यान नदिएको र गम्भीर बन्न नसकेको देखिएको छ । ट्राफिक जामलाइ कम गर्न सडकमा मुख्य चोकमा भएका इजल्याण्डहरुलाई सानो बनाउनु, विभूति पार्क बनाउनु, पर्यटन विकासको गुरु योजना बनाउनु, सडकमा अस्फाल्ट पिच गर्नु, पर्यटक बस पार्क निर्माण गर्नु, फेवाको सिरानमा चेक ड्याम निर्माण, फेवा किनारमा सौन्दर्यकरण, ग्रामीण सडकको स्तरोन्नति आदि केही देखिने कामहरु भएका छन् ।

**भावी नेतृत्वले गर्नुपर्ने कामहरु :**

१. फेवा लगायतका ताल तथा नदी लगायतका सम्पदाहरुको संरक्षण
२. बिमानस्थलबाट प्रमुख पर्यटकीय गन्तव्यसम्म फराकिलो बाटो निर्माण
३. सेती किनारलाई व्यवस्थित गर्ने
४. अन्तर्रास्ट्रिय स्तरको सभा स्थल बनाउने
५. चिडियाखाना स्थापना गर्ने
६. ल्याण्डफिल स्थल स्थानान्तरण गर्ने
७. सात वटै प्रदेशसँग हवाई तथा स्थल यातायात सञ्जाल स्थापित गर्ने

*(त्रिपाठी नेपाल पर्यटन बोर्डको पूर्व सदस्य हुन्)*

# खण्ड ८


# ३३ वडाका ५ वर्ष



श्री प्रेमकुमारी शाही
वडा सदस्य



श्री प्रेमदेवी परियार
वडा सदस्य



श्री रूद्रप्रसाद च्वाई
वडा सदस्य



श्री शहारा प्रधान
वडा सदस्य


वडा १

# मेरो लागि विद्यालय



**शारदाकुमारी पराजुली (५५)**
वडाध्यक्ष वडा नम्बर १
(एक मात्र महिला वडाध्यक्ष)





वडामा सार्वजनिक जमिन कम छ । अहिले सम्मको वडा कार्यालय २०२८ सालमा बनेको निकै साँघुरो र पूरानो थियो । बालज्योति प्रावि पहिले नै राष्ट्रिय माविमा मर्ज भइसकेको थियो । स्कुल खाली भएको र अरु विकल्प पनि कम भएकोले केही साता अघि मात्र मैले रातारात गरेर सारें । अहिले काम गर्न सहज भएको छ । हामी निर्वाचित भएर आएपछि लामपाटनदेखि हाइवेसम्म ९ सय मिटर सडक नाला र पेटीसहित स्तरोन्नति गरेर उदाहरणीय काम गरेका छौं । पृथ्वी नारायण क्याम्पस अगाडि सडक पेटीसहित अपांग मैत्रीबाटो बनाएका छौं । थप एक किमी सडक स्तरोन्नति गरेको छौं । कसेरी, सिमलबोटबाट तुलसीघाट र शान्ति टोलमा सडक ढलानको काम सम्पन्न भएको छ ।

कसेरीमा खानेपानी पाइप बीचछ्याएर एक घर एक धारा कार्यक्रम लागू गरेका छौं । अधिकारी टोल, नयाँ गल्ली धोवी गौंडामा खानेपानी लाइन विस्तार गरिएको छ । स्वास्थ्यको भवन स्तरोन्नति गरेर सेवा सञ्चालन गरिएको छ ।

पुनर्निर्माण प्राधिकरण र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट आएको अनुदानबाट राष्ट्रिय माविमा १६ कोठाका भवन पुस्तकालय भवन र शौचालय निर्माण भएको छ । कम्प्युटर ल्याब बनेको छ, विद्यालयभित्र पार्क निर्माण तथा खानेपानीको व्यवस्था गर्ने काम पनि सम्पन्न भएको छ ।

कसेरीको रत्न आधारभूत विद्यालय भवनको छाना ट्रस राखेर मर्मत गरी सभा हलको निर्माण गरिएको छ । संस्कृत माविमा पुनर्निर्माण प्राधिकरणको सहयोगमा ४ कोठे भवन र शौचालय निर्माणको काम भएको छ । यसैगरी बटुकहरुलाई पोसाक र फर्निचर व्यवस्था, सोलार जोडेर तातो पानीले नुहाउन मिल्ने व्यवस्था गरिएको छ ।

सामाजिक सुरक्षा तथा लक्षित कार्यक्रमतर्फ २५० विपन्न नागरिकको स्वास्थ्य बिमा गरिएको छ । गर्भवती महिलालाई मापदण्डका आधारमा पोषण आहारका रुपमा रु. ५ हजार दिने व्यवस्था मिलाइएको छ । सिलाइकटाइ तालिम, नेतृत्व विकास तालिम महिला पुरुष समविकास तालिम तथा कानुनी साक्षरता कार्यक्रमहरु गरिएको छ ।

यसै वर्षभित्र दलित महिलाहरुलाई आय आर्जन गर्न दोस्रो चरणको सिलाइकटाइ तालिम दिएर राम्रो गर्ने मध्येका ७ जनालाई मेसिन वितरण गर्ने योजना छ । पहिलो लकडाउनको समयमा रोजगारी गुमाएका मजदुरहरुलाई विभिन्न संघ संस्थाको सहयोग लिएर राहत दिन विभिन्न सहयोग गरियो ।

लामपाटन मार्गमा पार्क निर्माण गरिएको छ । संस्कृत माविभित्र र गाईघाटमा मन्दिर निर्माण गरिएको छ । टुँडिखेलको संरक्षण र स्तरोन्नति गर्ने काम भइरहेको छ ।

रत्न आधारभूत विद्यालयमा खेल मैदानको निर्माण, सार्वजनिक जग्गा संरक्षण, वडा कार्यालय अगाडि, केआइसिंह पुल र क्याम्पस अगाडि चौतारी मर्मत तथा निर्माणको काम सम्पन्न भएको छ ।

वडाका महिला र ज्येष्ठ नागरिकहरु मलाई वडाध्यक्ष पाएर खुसी हुनुभो । समस्याहरु लिएर सहज रुपमा म भएको ठाउँमा आउनु भयो । ज्येष्ठ नागरिक भत्ता पाउन बनाउनु पर्ने कागजात र नागरिकता बनाउन आउनेहरुले सहज रुपमा सेवा पाउन थाले । गर्भवती पोषण भत्ता पाउन वडा नम्बर एकको नागरिक या यहाँ विवाह दर्ता भएको हुनुपर्ने मापदण्ड बनाएपछि धेरै जना नागरिकता बनाउन र विवाह दर्ता गर्न आउनु भयो । यसले वहाँहरुलाई भविष्यमा सरकारी सुविधा लिन सहज हुन्छ ।

वडा अध्यक्ष भएपछिको ५ वर्षको अनुभव सुखद र रमाइलो लाग्यो । यो मेरो लागि एउटा सिकाइ हो, विद्यालय हो । आउने दिनमा राज्य र पार्टीले मेरो सिकाइको उपयोग गर्न चाहियो भने म तयार नै छ ।







**श्री गोमा सुवेदी**
**वडा सदस्य**



**श्री सुनिता वि.क.सुनार**
**वडा सदस्य**



**श्री गौतम बिजुक्छे**
**वडा सदस्य**



**श्री प्रमोद पराजुली**
**वडा सदस्य**

**वडा २**

# वडाको सौन्दर्यकरण अबको प्राथमिकता



**रामेश्वर मल्ल**
वडाध्यक्ष वडा नम्बर २



पहिलो स्थानीय तहको निर्वाचनबाट हामी वडाका सबै प्रतिनिधि एउटै पार्टीबाट प्रतिनिधित्व गरेर निर्वाचित भएका हौं । १५ वर्षजति जनप्रतिनिधि विहीन अवस्थामा कर्मचारीले स्थानीय निकाय चलाए । जनताहरु यसबाट सन्तुष्ट थिएनन् । आफूले चुनेको जनप्रतिनिधि आएपछि बढी भरोसा थियो । सुरुको वर्ष भौतिक पूर्वाधार निर्माणको काममा लाग्यौं । पहिले पनि जनप्रतिनिधि भएर काम गरेकोले अनुभव थियो । अकस्मात महामारी आयो, यसले केही विचलित बनायो ।

यसका बाबजुद आम नागरिकको दैनिकी सहज बनाउन भरमग्दुर प्रयास गर्‍यौं । लकडाउनका बेला निम्न वर्गका नागरिकलाई राहत उपलब्ध गरायौं । यो ५ वर्षमा वडाबाट दिने सेवालाई सर्वसुलभ बनायौं । वडा कार्यालय सानो थियो, पछि भाडाबाट चलायौं । अहिले भव्य वडा कार्यालय बनेको छ । सहरी स्वास्थ्य केन्द्र सञ्चालन गरेका छौं । वडाका बाटाघाटा प्राय: सकिएको छ । केही टेन्डरमा गएको छ, केही महिनामै वडा धुलोमुक्त हुनेछ । महिला विकास, सशक्तीकरण, क्षमता अभिवृद्धि, स्वास्थ्य जस्ता कार्यक्रम गरेका छौं । ज्येष्ठ नागरिक र बालबालिकाका लागि छुट्टाछुट्टै कार्यक्रम गरेका छौं ।

वडा नम्बर २ सांस्कृतिक सम्पदा धेरै भएको वडा हो । यहाँको सुन्दरीकरण गर्ने, बसपार्क व्यवस्थित गर्ने र राजमार्गलाई स्तरवृद्धि गर्ने क्रममा हामीले धेरै सहजीकरण गर्‍यौं । नगरपालिकाबाट पनि खासै असहयोग भएन । बजेट निर्माणको एउटा शुत्र थियो, सोही शुत्र अनुसार काखापाखा नगरी बजेट विनियोजन भयो । नियुक्ती र अन्य कुरामा राजनीतिक प्रभाव बढी भयो । त्यसमा नगरसभा पनि अवरुद्ध गर्‍यौं, धर्ना बस्यौं । अरु सबै राम्रो भयो । सडकहरु साँघुरा थिए, सबै फराकिलो भयो । ४ मिटरको बाटो, ६ मिटरको बनायौं । स्कुलहरुको भौतिक सुधार र कम्पाउन्ड लगाएका छौं । भलको व्यवस्थापन राम्रोसँग गर्‍यौं । पोखरी र वातावरणीय संरक्षणमा काम गर्‍यौं । पार्कहरु बनाएका छौं ।


यो धार्मिक पर्यटक आउने वडा हो । पूरानो बजार भएकोले त्यहाँ फुटपाथलाई वाकिङ रुट बनाउन सकिँन । भौतिक विकास निर्माणको काम प्राय: सबै सकियो । सौन्दर्यीकरण नै हो बढी गर्नुपर्ने । पोखरा बागलुङ बसपार्कलाई सुधार राम्रोसँग गर्न सकेका छैनौं । आउने जनप्रतिनिधिले त्यसमा ध्यान दिनुहुन्छ भन्ने विश्वास छ । विन्ध्यवासिनी मन्दिरलाई अझै राम्रो र उत्कृष्ट गन्तव्य बनाउनु पर्छ । हामीले गरेको कामबाट वडाबासी धेरै सन्तुष्ट छन् । वडा सदस्यको पनि ठूलो सहयोग पाएँ । कर्मचारीहरुले सहयोग नगरेको भएपनि अलमलिन्थ्यौं । तथापि सबैको आकांक्षा पूरा गर्न सकिँदैन । मैले डिस्ट्रिङसन ल्याएँ भन्ने लाग्छ ।

**पाँच वर्षमा वडा नम्बरमा भएका महत्वपूर्ण काम**

» अर्चलबोट मार्ग २ बाटो ढलान ०७४।०७५
» मिरुवा हिमाली टोलमा ग्याबिन बक्स निर्माण
» मिरुवामा पहिरो नियन्त्रण
» मोहोरिया टोलमा ग्राबेलिङ
» वडा नं.२ को विभिन्न ठाउँमा सडक बत्ती जडान
» वरपाटन मार्ग बाटो ढलान
» नहर मार्ग बाटो ढलान
» परम्परागत तिहारको मण्डप बनाउने तालिम तथा प्रतियोगिता
» ज्ञानुबाबा मार्गमा ढलान बाटो निर्माण
» अर्चलबोट आमा र पुन समाज अगाडि बाटो स्तरोन्नति
» वरपाटन मार्गमा ढलान बाटोमा रंगरोगन
» रत्न मार्ग मिरुवामा नाली निर्माण तथा सडक स्तरोन्नति
» भैरवटोल भित्री बाटोमा नाली तथा बाटो स्तरोन्नति
» गुहेवश्वरी मार्ग बाटो पिच नाली
» विन्ध्यवासिनी वरपाटन अर्चलबोट पिच गटर निर्माण
» कौशिक मार्ग बाटो नाली स्तरोन्नति
» धारापानी मार्गमा रिटेनिङ वाल निर्माण
» गौरी प्रगति मार्ग पिच मर्मत
» हित मार्ग बाटो पिच गटर नाली निर्माण
» ऋषिराम मार्ग बाटो ढलान
» मिरुवामा भित्री पोल सार्ने कार्य
» भूपी मार्गमा कंक्रिट बाटो निर्माण
» पुष्पकमल सुवेदी स्मृति प्रतिष्ठानमा विविध कार्य
» भूपी मार्गमा नाला तथा बाटो निर्माण
» कौशिक मार्गमा नाला निर्माण
» शेराको पोखरीमा नाली निर्माण
» जयमूल मार्गमा सडक तथा ढल निर्माण
» हित मार्गमा गटर नाली निर्माण
» बागलुङ बसपार्कमा रेलिङ निर्माण
» मिरुवा महिला सहकारीलाई तालिम सञ्चालनका लागि आर्थिक सहयोग
» विवेक सहकारीलाइ तालिम सञ्चालनका लागि आर्थिक सहयोग
» निशुल्क स्वास्थ्य जाँच तथा रगत परीक्षण कार्यक्रम
» स्तन पाठेघरको मुखको क्यान्सर सम्बन्धी परीक्षण
» पोते तथा क्रिस्टलबाट निर्मित गरगहना बनाउने ७ दिने तालिम



श्री लक्ष्मी पराजुली
वडा सदस्य



श्री सबि परियार
वडा सदस्य



श्री जीतेन्द्र कायस्थ
वडा सदस्य



श्री रविन कायस्थ
वडा सदस्य

वडा
३

# जनताप्रति उत्तरदायी भएर काम गरेका छौं



**रवीन्द्रबहादुर प्रजु**
वडाध्यक्ष वडा नम्बर ३



दुई दशकसम्म स्थानीय तह जनप्रतिनिधि विहीन थिए । एक प्रकारको अस्तव्यस्त अवस्थामा नयाँ संवैधानिक ढाँचा अनुसार भएको निर्वाचन पछि हामी जिम्मेवारीमा आइयो । हामी आउँदा संघ र प्रदेशको निर्वाचन भएको थिएन । नियम कानुन, आफैले बनाउनुपर्ने भयो । २ वर्ष राम्रो काम गरेका हौं । कोरोनाकालमा विकास निर्माण ठप्प भयो । बजेट खर्च गर्न सकिएन । तत्कालीन अवस्थामा जनप्रतिनिधिको हैसियतले राहत वितरणदेखि खोप वितरणमा बढी खट्यौं । जनप्रतिनिधिसँग जनताको अपेक्षा धेरै छ । वडामा बजेट धेरै छैन, त्यसबाट सबैलाई मिलाएर लगें । बाटो नयाँ बनाउनुपर्ने छैन, खानेपानी र बिजुली पहिले नै विस्तार भैसकेको छ । तर हामीले त्यसलाई चौविसै घण्टा बत्ती बल्ने र पानी पुग्ने अवस्था बनायौं । वडाको आफ्नो विकाससँगै संस्कृति र पर्यटकीय क्षेत्रको विकासमा लाग्यौं ।

सामाजिक विकास अर्को पाटो रहेछ । लक्षित वर्गसम्म बजेट पुगेको छ । नारायणस्थानलाई धार्मिक पर्यटकीय गन्तव्यको रुपमा परिचित गराउनुपर्ने छ । केही सुरुवात त यो कार्यकालमा सकियो । अरु वडाका कुनाकुनामा अस्फाल्ट कंक्रिट भयो । कोर सिटीमा भनेजस्तो हुन सकेको छैन । संविधानले दिएको अधिकार अनुसार काम त गरेका छौं । समग्रमा आउँदा दिनहरुमा महानगरको भिजनअनुसार काम होस् भन्ने मेरो सुझाव छ ।

धेरैतिर जनप्रतिनिधलाई भ्रष्टाचारको आरोप लगाएका छन् । सबैतिर खराव मात्रै छैनन् । जनताप्रति उत्तरदायी भएर सुशासनमा लागेका पनि छन् । अब बजेट महानगरले खर्च गर्ने हो भने

संघ र प्रदेशले पनि वडाका प्रतिनिधिसँग समन्वय गर्नैपर्छ । पहुँचका भरमा बजेट ल्याउँछन्, सिफारिस वडाले बनाइ दिनुपर्छ । यसरी लुकेर काम कसलाई गर्ने हो र ? खुला छलफलबाट बजेट बनाऔं न ।

पानीको अतिवृष्टिको कारण बढी समस्या भएको छ । नाला राम्रो व्यवस्थापन हुन सकेको छैन । जनप्रतिनिधिले सहज किसिमले छिटोभन्दा छिटो काम गरेका छौं । अप्ठ्यारा फुकाएका छौं । विकास नै सबैथोक होइन, शिक्षा र स्वास्थ्य राम्रो बनाएका छौं । चोकचोकमा सिसी क्यामेरा राखेर सुरक्षित बनाएका छौं । विकट वडाहरुमा पूर्वाधार चाहिएला, हामी अब सिँगारे पुग्छ । अझै राम्रो बनाउने प्रयास गरेका छौं ।

**विगत पाँच वर्षमा वडाभित्र भएका मुख्य १० कामहरु :**

- बालविकास केन्द्रमा खेलकुद सामान र पर्दा/ कार्पेट
- बालश्रममुक्त वडा घोषणा
- कौशीखेती कार्यक्रम सुरु
- सेनेटरी प्याड बनाउने तालिम
- ज्येष्ठ नागरिक सम्मान तथ स्वास्थ्य परीक्षण
- सप्तधारा सम्रक्षण तथा निर्माण
- सहरी स्वास्थ्य केन्द्र स्थापना
- पालिखेचोक दुवै तर्फ अन्डर ग्राउन्ड ढल निर्माण
- बालमन्दिर अगाडि फुट ट्र्याक निर्माण
- अपांगता संघ PRBT को लागि सामान (अटिजम)

**क. पूर्वाधार विकास**

**सडकः**

- भिसी मार्ग सडक तथा ढल
- रत्नश्रीनेर बाटो ढलान
- पलिखेचोक दुवैतर्फ अन्डर ग्राउन्ड ढल निर्माण
- कन्यामार्ग ढल तथा सडक
- गुठीपारी खानीपानी पाइप विस्तार
- कन्यामार्ग पुन पिच
- भिसीमार्गदेखि भिमसेन टोल बाटो ढलान
- नारायणथान पुलबाट चोकसम्म दुई तर्फ बाटो ढलान
- मिलन टोल बाटो ढलान
- गुठीबारी मार्ग पुन पिच
- हमाल टोल मार्ग बाटो पुन पिच
- मिसीमार्ग कोपील ढुङ्गा ढल निकास
- नेपाल बैंक अगाडि देखि जल विनायक मध्यसम्म अन्डरग्राउन्ड नाली
- बालमन्दिर अगाडि फुट ट्र्याक निर्माण
- निलगिरि मार्गभित्र बाटो ढलान
- नारायणथान भन्याङ निर्माण
- सार्वजनिक शौचालय निर्माण
- नारायणथान गेट निर्माण
- सप्तधारा सम्रक्षण निर्माण
- आलधारा निर्माण
- सरस्वती मन्दिर संरक्षण ममत
- भगवती मन्दिर संरक्षण मर्मत
- बुद्धविहार अनुदान
- सत्यसाई मन्दिर अनुदान
- सनिसरी गुठी सहयोग
- सूर्यदय पार्कमा खुला व्यायामशाला निर्माण
- सडकबत्ती मर्मत सम्भार निरन्तरता
- सुवास परियार घरअगाडि बाटो ढलान
- सरस्वती मन्दिर टुँडाल
- ५०/५० मिलिजुली मार्ग खोलिएका
- भगवती मन्दिरमा द्वार पुनर्निर्माण
- कदम बोट चौतारा निर्माण
- परियार टोल बाटो ढलान
- करपाकेली समाज घर अगाडि ढल निर्माण
- विपी स्मृति भवन सार्दीखोला सहयोग
- उद्योग वाणिज्य संघ बाटो १२ बाट सोलार बत्ती जडान



» करपाकेली समाज घर अगाडि ढल निर्माण
» कोभिडका कारण गरिएको लकडाउनमा महानगरका साथै वडास्थित व्यक्ति तथा संस्थाबाट सहयोग जुटाइ राहत वितरण

**संघीय तथा प्रदेश स्तरीय योजना**
» कोपिलढुंगा अन्डरग्राउन्ड ढल
» तुलसीघाट बाटो ढलान
» संगमचोक नाली तथा बाटो ढलान
» नारायणथानमा बाटो पिच
» साइ टोल ६ इन्च पाइप लाइन विस्तार
» बाल मन्दिर भवन तथा शौचालय
» ज्ञानभूमि मा.वि. नयाँ भवन

**२. भवन**

यथावत भवनमा तीन कोठा निर्माण गरिएको
वडा कार्यालयमा सहरी स्वास्थ्य केन्द्र स्थापना

**३. पुल तथा कल्भर्ट निर्माण**

कोल्ट विहारनेर कल्भर्ट निर्माण
सरस्वती मन्दिर कल्भट निर्माण
बालमन्दिर अगाडि नहर माथि फुटपाथ पुल निर्माण

**ख) सामाजिक विकास:**

सहरी स्वास्थ्य केन्द्र स्थापना
शिक्षा समिति गठन
स्वास्थ्य समिति गठन
महिला तथा संघ संस्थाहरुलाई विभिन्न तालिम
कानुनी सचेतना तथा परामर्श
कौशीखेती कार्यक्रम सुरु
नेतृत्व विकास तालिम
सेनेटरी प्याड बनाउने तालिम
चुरापोते बनाउने तालिम
सनिसरी माई गुठीलाई बाजा वितरण
महपुजा
रेखी तालिम
सेनिटाइजर बनाउने तालिम
नेवा छे लाई संस्कृति संरक्षण
तीजे प्रतियोगिता कार्यक्रम
बालश्रम मुक्त वडा घोषण
मिजार समाजको लागि ठाउँ उपलब्ध
सिर्जनशील अपांगता समितिका लागि आधुनिक उपकरण सहयोग
ज्येष्ठ नागारिक सम्मान
ज्येष्ठ नागरिक आँखा परीक्षण
बालबालिका एकता क्लब गठन
बालधारा पुन निर्माण

**ग) आर्थिक विकास:**

सहकारी पर्यटन विकासमा कुनै कार्य नभएको कृषि, पशुपालन तथा सांस्कृतिक सम्पदा भएका कार्यहरु:
कौशी खेती कार्यक्रम
बिउ बिजन वितरण
सूर्यदय क्लबलाई झाडी फडानी गर्ने मेसिन वितरण
आमा समूहलाई खैजरी मुजुरा कुर्चीं टेबल वितरण

**संस्थागत विकास तथा सेवा प्रवाह :**

जेसिससँग नेतृत्व क्षमता कार्यक्रम
अपांगताहरुको लागि भवन उपलब्धता
नागरिक वडापत्र निर्माण
संघ संस्था सहयोग / करपाकेली साउन्ड सिस्टम शनिश्वरी गुठी पन्चेबाजा / नेवा पुच मृदंग र ढ्यालाी / स्पा युवा क्लब भलिबल / नदीपुर क्लबलाई फुटबलमा सहयोग खोलाको छेउ युवा क्लब भलिबल ।



वडा
४

# गर्व गर्न लायक कार्यकाल



**शंकर बास्तोला**
वडाध्यक्ष वडा नम्बर ४



**श्री सरिता पराजुली**
**वडा सदस्य**



**श्री विष्णुमाया परियार**
**वडा सदस्य**



**श्री सुवर्ण के.सी.**
**वडा सदस्य**



**श्री पुष्करबहादुर श्रेष्ठ**
**वडा सदस्य**



संविधानले स्थानीय तहलाई दिएको अधिकार पनि केन्द्र र प्रदेशले दिएन । अलिअलि अधिकार पनि पोखरा महानगर कार्यालयमा राखियो । पोखरेली नागरिकसँग विभिन्न नाममा कर लिइन्छ । विकास निर्माणमा जनसहभागिताको रकम लिनु हुँदैन भन्ने मेरो माग थियो । तर सुनुवाइ भएन । पोखरा महानगरले नै गौरव गर्ने काम वडाले गरेको छ ।

पालिखेचोक (साँधुमुख) चाक्लो बनायौं । सिद्धार्थचोकको नाला र चोक फराकिलो बनायौं, गणेशटोलमा सहरी स्वास्थ्य केन्द्र ल्याउन सफल भयौं । हिजो निकै साँघुरो र अव्यवस्थित वडा कार्यालय सुन्दर बनाएका छौं । पोखराको वडा नम्बर ४ छिर्नुभयो भने हाम्रो फुटपाथकै कारण एउटा पहिचान थपेका छौं । अपांगता मैत्री फुटपाथ बनाएका छौं । गणेश गुठीमा योग केन्द्र निर्माण गरिएको छ, वडा भित्रका साना र साँघुरा बाटो फराकिलो र स्तरोन्नतिको काम गरिएको छ । सामुदायिक विद्यालयको गुणस्तरीयतामा ध्यान दिएर काम गरेका छौं । ज्येष्ठ नागरिक मिलन केन्द्र निर्माण भएको छ भने वडाभित्र करिब ९० प्रतिशत ठाउँमा सेन्सर बत्ती जडान गरेका छौं ।

२५ वर्षदेखि विवादित रहेको वडा कार्यालयदेखि पूर्वपट्टीको जग्गा कार्यालय मातहत ल्याएर बाटिका बनाइएको छ । वडाका सडकहरुलाई अस्फाल्ट कंक्रिटिङ गरिएको छ । फिर्के पुल टेन्डरमा गएर निर्माणको अन्तिम चरणमा पुगेको छ । बुढा नीलकण्ठ नजिकको फिर्के खोलामा पहिरो नियन्त्रणको काम अघि बढेको छ भने बालगोपाल मार्ग, गणेश मार्ग र गैह्रापाटन रिसोलिङको काम पनि थालिएको छ । वडा सरकार जनताको घर आँगनको सरकार हो भन्ने महसुस हामीले गरायौं । संघीयता संस्थागत गर्ने जग हालेका छौं । यो कार्यकाल देशकै लागि एउटा गर्व गर्न लायक कार्यकाल बनेको छ । तर माथिल्ला सरकारहरुले अधिकार मुठ्ठीमा कसेर राख्दा अझै सोचेजति गर्न भने सकिएन । आगामी दिनमा ती समस्या सुधारेर एउटा उन्नत शासन व्यवस्था लागू गर्नुपर्छ, जनताले साँच्चै व्यवस्थामाथी विश्वास गर्ने छन् ।



महेन्द्रपुलमा निर्माण गरिएको अपांगमैत्री फुटट्र्याक



श्री अञ्जु के.सी.
वडा सदस्य



श्री हरिमाया वि.क.
वडा सदस्य



श्री उज्वल खत्री
वडा सदस्य



श्री पुष्पराज बराल
वडा सदस्य

वडा
५

# सिमान्त पंक्तिको विकासलाई प्राथमिकता



**धनबहादुर नेपाली (४९)**
वडाध्यक्ष वडा नम्बर ५,
प्रवक्ता, पोखरा महानगरपालिका



म सानो उमेरदेखि सामाजिक परिवर्तनका पक्षमा थिएँ । विभेद नभए हुन्थ्यो, सबैका बीच सामाजिक समानाता भइदिए हुन्थ्यो भन्ने लाग्थ्यो। सानै उमेरमा राजनीतिक गतिविधिकमा लागेकोले वडाको नेतृत्व गरेर विकास गर्न र सामाजिक समानताका पक्षमा लाग्न सक्छु भन्ने आत्मविश्वास थियो । मेरो चाहनालाई पार्टीले पनिसम्मान गरेकोले उम्मेदवार भएँ । जनताले विश्वास गरेकोले निर्वाचित पनि भएँ । आफ्ना योजनालाई व्यवहारमा उतार्न प्रयास गरिहरेको छु ।

सामाजिक समानता भन्नाले लैंगिक, जातीय तथा सिमान्त क्षेत्रको विकास हुनुपर्छ, विकासको स्रोत विनियोजन गर्दा यो पंक्तिले प्राथमिकता पाउनुपर्छ भन्ने मेरो धाराणा हो । एमालेले बोकेको विचारले यस्तो परिवर्तन सम्भव छ भन्ने लाग्यो । म उठ्दा पार्टीको त्यही विचार कार्यान्वयन गर्न सक्छु भन्ने पनि मेरो विश्वास थियो ।

शिक्षाले सामाजिक समानताको आधारको काम गर्छ भनिन्छ । संविधानले पनि सबैका लागि शिक्षाको अवसरमा जोड दिएको छ ।

हामीले वडाका सबै सिमान्तवर्गका परिवारका बालबालिकाहरु, दलित, असहाय, विपन्न नागरिकका सन्तानहरु विद्यालय जाने उमेरका सबैलाई आवश्यक परेको खण्डमा स्टेसनरी किनेर दिने, छात्रवृत्तिको व्यवस्था गर्ने, आर्थिक अनुदान र सहयोग समेत दिएर विद्यालय पठाउन अभियान चलायौं ।

विकास भन्नाले एकातिर भौतिक संरचनाहरुको

निर्माण हो भने अर्को मानवीय विकास पनि हो । समाज के हो भन्ने चेतना हुनु र त्यस अनुरुप व्यवहार गर्ने प्रगतिशील भावना हुनुपनि विकास हो । त्यसलाई प्राप्त गर्न हामीले सचेतना कार्यक्रमहरु र शिक्षालाई जोड दिएका थियौं । वडामा निर्वाचित भएपछि हामीले विगत ५ वर्षमा गरेका मुख्य कामहरु यस्ता छन् :

**भौतिक संरचना र पूर्वाधारका क्षेत्रमा**

ढलान र कालोपत्रेसहित बाटो बनयौं, विस्तार गर्‍यौं, फुटपाथ बनायौं, सडक र यातयात यात्रुमैत्री बनाउन ट्राफिक कार्यालय बनायौं, डिभाइडरहरु राख्न लगायौं ।

वडाका मुख्य सडक, चोक र हाइवेमा सेन्सर बत्ती जडान गरेका छौं, प्रतीक्षालयहरु बनाएका छौं, खानेपानीको सार्वजनिक ट्याकीहरु मर्मत, पुनर्निर्माण, क्षमता विस्तार गरेका छौं ।

वाराही मावि र धर्मस्थली आधारभूत विद्यालयमा भवनहरु बनाएका छौं, भौतिक स्रोत साधन र सूचना प्रविधिको व्यवस्था गरेका छौं, खानेपानी, शौचालय, कम्प्युटर ल्याबका दृष्टिले पूर्ण बनाइयो, भौतिक संरचनालाई अपांगमैत्री बनाइएको छ ।

**आर्थिक विकासका क्षेत्रमा**

» सिँचाइ कुलो बनाइयो, त्यसैले वडामा तरकारी खेती बढ्दै गएको छ

» पशुपालनका क्षेत्रमा गोठ सुधार कार्यक्रम अन्तर्गत ५ देखि २० हजारसम्म अनुदान दिइएको छ । वडामा दुग्ध व्यवसाय बढ्दै गएको छ

» कृषि यन्त्र खरिद गर्न किसानलाई ५० प्रतिशत अनुदानको व्यवस्था गरिएको छ

» कम्पोस्ट मल बनाउन कम्पोस्ट बिनको वितरण गरियो, यसले कौंसी खेतीदेखि तरकारी खेतीका लागि सहयोग पुगेको छ

**लक्षित वर्ग कार्यक्रम**

» २५ जना ज्येष्ठ नागरिक, एकल महिला तथा न्युन आय भएका उत्पिडित समुदायका सदस्यलाई स्वास्थ्य बिमाको व्यवस्था गरिएको छ ।

» कानुनी सचेतना कार्यक्रम सञ्चालन गरियो, जनप्रतिनिधि महिलाहरुलाई पनि शसक्तीकरणका लागि तालिम दिइयो ।

» सवारी चालक, सिलाइ कटाइ, कम्प्युटर तालिम, गहना बनाउने तालिम दिइयो । तालिम लिएका मध्ये १५ प्रतिशत जति स्वरोजगार भएका छन् ।

» उपमेयरसँग महिला कार्यक्रमबाट ऋण लिएर कतिपयले साना व्यवसाय सञ्चालित गरेका छन् ।

**स्वास्थ्य, सफाइ तथा वातावरण**

» महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई खाजा भत्ताको व्यवस्था, भ्रमणको व्यवस्था तथा सार्वजनिक सम्पर्कका विषयमा तालिम दिएर प्रोत्साहित गरियो ।

» गरिब विपन्नहरुलाई उपचारमा आर्थिक सहयोग गरियो ।

» ग्रिन सिटी अभियानलाई सहयोग पुऱ्याउन जिल्ला वन कार्यालय, महानगरको वातावरण शाखा तथा नेपाल प्रहरीको सहयोगमा हाइवेको दायाँ बाँया ८ सय बिरुवा रोपियो ।

» वडाभित्र ५ वटा पार्कका लागि काम भइरहेको, ३ वटा सम्पन्न भएका छन्, २ वटा तयार हुँदै छन् । यसमा ८ लाखदेखि २ करोडसम्मको लगानी भएको



**बालकालिका तथा युवा**

» बालबालिकाको क्रिकेट प्रतियोगीता, फुटबल प्रतियोगिताहरु आयोजना गरियो

» टोलस्तरीय फुटबल, ठेलो प्रतियोगित २ पटक, भलिबल प्रतियोगिता, ब्याडमिन्टन प्रतियोगिताहरु आयोजना गरियो ।

» ब्याडमिन्टन कोर्ट, भलिबल कोर्ट, बास्केटबल कोर्ट तथा व्यायामशाला बनायौं,

**ज्येष्ठ नागरिक**

» ज्येष्ठ नागरिक क्लब दिवा सेवा केन्द्र बनाएको छ । २ वटा सञ्चालनमा छन्, एउटा पूर्वाधारको काम सकिन लागेको छ

» ज्येष्ठ नागरिकलाई बुढो नहुने कला सिकायौं, भ्रमणमा लग्यौं ।

**विविध**

» स्थानीय पुस्तकालय सञ्चालन गर्दै प्रविधिसँग जोड्ने र निरन्तरता दिने काम गरेका छौं

» वडाले गरेका सबै कामहरुलाई समेटेर वडा दर्पण पत्रिका प्रकाशित गर्ने गरेको छ । ४ अंक निस्केको छ, पाँचौ निस्कने तरखरमा छ ।

» हरेक वर्ष पत्रकारसम्मेलन गरेर आफ्ना कामका बारेमा सार्वजनिक सूचना दिने गरेका छौं

» स्ट्रिट नम्बर दिएर विभिन्न टोलका बाटोलाई सूचना सञ्जालनमा ल्याउने काम गरिएको

» वडाका कामहरुको बारेमा डकुमेन्ट्रि बनाउने काम भइरहेको छ

» आमा समूहलाई सरसफाइका काममा सहभागी बनाएका छौं

दलित समुदायको प्रतिनिधिका रुपमा मेरो उपस्थितिले अरु साथीहरुलाई उत्साहित गरायो, दलितहरुको वडा सेवामा पहुँच सहज भयो, वहाँहरु खुसी हुनुहुन्छ । मैले आफ्नै पनि र हाम्रो समुदायको पनि आत्म गौरव बढेको महसुस गरेको छु । म आफ्ना कामबाट खुसी छु ।

**पर्स्याङ बगैंचा पार्क**





वडा ६

# समाज सेवाकै विस्तार हो मेरो कार्यकाल



**जगतबहादुर पहारी**
वडाध्यक्ष वडा नम्बर ६




श्री पुष्पा घले पाहारी
कार्यपालिका सदस्य



श्री राममाया वि.क.
वडा सदस्य



श्री विष्णुबहादुर भट्टराई
वडा सदस्य



श्री हरिकृष्ण पाहारी
वडा सदस्य



मैले लामो समय फेवा सेरोफेरोका धेरै विद्यालयमा शिक्षण पेशा गरें । त्यस क्रममा स्थानीय जनतासँग सम्वाद सम्पर्क र हेलमेल भएँ । मलाई समाजमा घुलमिल हुन, सामाजिक काममा सहभागी हुन मनपर्ने । कसैसँग नराम्रो नमिठो नहोस भन्ने मेरो स्वभाव हो । त्यस बीचमा वडावासीहरु सबैसँग मित्रतापूर्ण र हार्दिक सम्बन्ध स्थापित भयो । वडामा अरु सबै नेकपा एमालेका प्रतिनिधिले जित्दा पनि अध्यक्षमा मैले जित्नु त्यही सम्बन्ध सम्पर्कको योग हो भन्ने मलाई लाग्छ । मैले नेपाली कांग्रेसको वडा समितिमा रहेर दुई कार्यकाल नेतृत्व गरें । नगर समितिमा रहेर काम गरिरहेकै समयमा मलाई वडाध्यक्षका रुपमा उठ्ने अवसर मिल्यो । जनताले पनि विश्वास गर्नुभयो । वडाध्यक्ष एउटा दलको र सदस्यहरु अर्को दलको भएपनि हामीबीच कहिल्यै कुनै काममा मत बाझ्ने र सहकार्य नहुने अवस्था सिर्जना भएन । मिलेरै काम गरेका छौं । हामीलाई व्यक्तिगत लाभ हानीको लोभ पनि भएन ।

आउने बित्तिकै वडाको सेवालाई पारदर्शी र सहज बनायौं । हामीकहाँ कसैले पनि सेवा लिन लामो समय कुर्ने, झन्झट व्यहोर्ने गर्नुपर्दैन । निवेदन लेख्न नजान्ने कतिपय सेवाग्राही आउनु भयो भने म आफै उनीहरुसँग गफ गर्दा गर्दै निवेदन लेखेर काम गरिदिन्छु । वडाबाट लिइने सेवामा जनताको कुनै गुनासो छैन । सेवा दिँदा राजनीतिक पक्ष विपक्ष भनेर कुनै भेद गरिन्न ।

हाम्रो वडाको आफ्नै जनसंख्या कम भएपनि वडा व्यापार व्यवसायको केन्द्र भएकोले जनघनत्व बढी छ । विभिन्न प्रकारका मानिसहरुको आवत जावत हुन्छ । सोही अनुरुप सडक, खानेपानी, शान्ति सुरक्षाको व्यवस्थापन गर्नुपर्ने हुन्छ । वडा पर्यटकीय क्षेत्र भएकोले सफा सुन्दर हुनुपर्छ, शान्ति सुरक्षाको अवस्था प्रभावकारी हुनुपर्छ र सडक सुविधा राम्रो हुनुपर्छ भन्नेमा हामी पहिलेदेखि नै सचेत थियौं । त्यस क्षेत्रमा काम भएको छ । पार्कहरुको सौन्दर्य बढाउने, फुटपाथ राम्रो बनाउने सडक भत्केमा तत्काल रिसोलिङ गर्ने काम भएका छन् । फेवातालको हकमा कतिपय काम हुन बाँकी छन् ।

कोरोनाका समयमा हामीले वडामा राहत वितरणलाई प्रभावकारी बनयौं । हामीलाई वडास्थित विभिन्न संघ संस्थाले सहयोग गर्नुभयो । कतिपयले हाम्रो समन्वयमा सोझै राहत वितरण गर्नुभयो ।

समग्रमा वडावासीहरु खुसी छन्, म पनि आफ्नो कार्यकालमा केही थप काम गर्न पाएको भए हुन्थ्यो भन्ने असन्तोष रहे पनि जे जति काम भए त्यसबाट खुसी नै छु ।

पोखराका अस्फाल्टको काम आरम्भ भयो, पछि थपिएका ग्रामीण भेगका वडाहरुलाई सहरसँग जोड्ने सम्पर्क सडकहरुको विस्तार भयो । केही काम अवश्य बढी हुनसक्थ्यो तर जे जस्ता प्रयास भएका छन् तिनबाट असन्तुष्ट हुनुपर्ने कारण छैन ।

मलाइ खट्केको कुरा चाहिँ फेवातालको सुरक्षा र संरक्षणमा जे जति काम हुनुपर्ने हो त्यो भएन भन्ने नै हो । यसलाई जोगाउन नसक्ने हो भने आजको पोखरा पोखरा जस्तो नै रहन्न । तालकै कारण पोखराको जुन सान मान छ देश विदेशमा त्यो हराउँछ । जे कमाइ पोखराले गरिरहेको छ त्यो पनि गुमाउँछ ।

**वडा नं ६ बैदामभित्र भएका विकास निर्माण कार्यहरुको प्रगति विवरण**

**सडक पिच, ढलान र स्तरोन्नतिका ३० वटा वडा सम्पन्न**

गौरीघाट शिव मन्दिर

बलौदीखोला इस्वर बरालको घरनेरको वगैचा वास बरालको घर पछाडिको बाटो

- » बंलादी सिम्पानी बाटो ढलान
- » समिको पाटन थापा होल बाटो
- » बाराही चोकदेखि बगैचासम्म पिच
- » ज्येष्ठ नागरिक पार्क
- » स्कुल पाटन पार्क
- » पहारी घाट
- » देवी स्थान घाट
- » समिकोपाटन चौतारा निर्माण
- » मंगल नेपाली घरनेर चौतारा निर्माण कालीकटनेर चौतारा निर्माण,
- » गौरीघाट चौताराहरु र बारहीघाटका चौताराहरु, याम कमारको घर नेरको चौतारो निर्माण
- » बुलौदी क्लब निर्माण
- » कटुजे खोलामा पहिरो रोकथामका लागि चेक ड्याम निर्माण
- » बुलौंदी घाट निर्माण
- » बुलौंदी चिसो खोलामा चेकड्याम निर्माण
- » लालुपाते मार्ग बाटो निर्माण
- » फिर्के खोलामा वाल र ग्याविङ वाल निर्माण
- » जरेबरदेखि शान्ति पाटनसम्म फुटपाथ निर्माण
- » स्ट्रिट नम्बरहरु राखियो
- » सडकमा बत्ती राख्ने कार्य सम्पन्न
- » नगरबस र स्कुलबसको लागि स्ट्यान्ड निर्माण सम्पन्न
- » नहर मार्ग विश्वेश्वर पौडेल र बासेको घरनेर भासिएको पुनर्निर्माण गरिएको जमिन पुरी बाटो
- » बाराहीघाट नेर नेपाल ट्रस्टको जमिनभित्र बुकओम फाउन्डेसनको संयुक्त लगानीमा ट्वाइलेट निर्माण गरिएको
- » वडा कार्यालय भवन निर्माण प्रक्रिया अगाडि बढेको

» बुलौदीदेखि हल्लनचोकसम्म अपांगमैत्री टायल लगाउने योजना अगाडि बढेको १ करोड ९९ लाख टेन्डरमा गएको
» यसै आर्थिक वर्षभित्र ठाडोपसल मार्ग मेहरमान श्रेष्ठको घरदेखि तालवाराही मा.वि बगैचा मार्ग हुँदै शान्तिपाटनसम्म र अम्बोट मार्ग, लालुपाते मार्ग, सरोवर मार्ग, समिकोपाटन मार्ग, गौरीघाट मार्ग, प्रगति मार्ग साथै पिसफुल मार्ग रिसिलिङ गर्ने
» गौरीघाटमा नौ लाखको फाउन्टेन बन्दै
» फेवा सेरोफेरो अन्तर्गत गैरा चौतारा बंलादी क्षेत्रमा ताल किनारमा वाल निर्माण र फेवाघाटदेखि पहारी घाटसम्म वाल थप्ने काम

**दलित वर्ग उत्थान तथा विकास कार्यक्रम**

» १५ जना युवाहरुका लागि १ महिने कुक तालिम सञ्चालन गरिएको,
» १० जना युवाहरुलाई १ महिने ड्राइभिङ तालिम सञ्चालन गरिएको
» उत्पिडीत समुदायका महिलाहरुलाई लक्षित गरी नेतृत्व विकास तथा उत्घोषण तालिम सञ्चालन गरिएको
» कानुनी सचेतना तालिम सञ्चालन गरिएको

**महिला उत्थान तथा विकास कार्यक्रम**

» चुरापोते बानाउने तालिम सञ्चालन गरिएको
» धुप बनाउने तालिम सञ्चालन गरिएको
» बेकरी बनाउने तालिम सञ्चालन गरिएको
» कानुनी सचेतना तालिमहरु सञ्चालन गरिएको

**कृषि क्षेत्रमा**

» मौरी पालन तालिम सञ्चालन गरि कृषकलाई मौरी सहित घार वितरण गरिएको
» कौसी खेती तालिम सञ्चालन गरिएको
» कृषकहरुलाई बिउबिजन तथा विरुवाहरु वितरण गरिएको कुरिलो, कागती)

**युवा खेलकुद क्षेत्रमा**

» छात्राहरुका लागि १ महिने आत्मरक्षा तालिम सञ्चालन गरिएको
» पो.म.न.पा.वडा न ६ बैदामको भेट ट्रान्स टिमका खेलाडीहरुलाई फुटबल प्रतियोगितामा नवलपरासीमा पठाउनका लागि आर्थिक सहयोग गरिएको
» स्कुल पाटन पार्क, ठाडोपसल पार्क, बसुन्धरा पार्कमा टेबल टेनिस कोर्ट निर्माणमा आर्थिक सहयोग गरिएको
» स्कुलपाटन पार्कमा शारीरिक व्यायमका लागि खेलकुद सामग्रीको व्यवस्थापन गरिएको





वडा ७

# आर्थिक विकासका योजना कम भए



**रामचन्द्र बराल (५६)**
वडाध्यक्ष वडा नम्बर ७



श्री प्रभा पन्त
वडा सदस्य



श्री सुकमाया नेपाली
वडा सदस्य



श्री दिनवन्धु पौडेल
वडा सदस्य



श्री किसोर बराल
वडा सदस्य




पार्टीको काम गर्दा गर्दै समाजसेवामा लागियो । त्यसैक्रममा वडाका साथीहरुले वडाध्यक्षका रुपमा अघि सार्नुभयो । निर्वाचित भइसकेपछि वडाबाट जनतालाई दिने सेवा छिटोछरितो र प्रभावकारी बनाउने प्रयास गरिएको छ । वडा भवन नयाँ बनाएर सेवा सहज रुपमा दिइएको छ । कसैले वडाबाट पाउने सेवामा गुनासो गर्ने ठाउँ दिइएको छैन ।

स्थानीय रैथाने वासिन्दा भएको ठाउँमा स–साना विकासका काम, सडक विस्तार जस्ता काम गर्न अलि किचलो र असहयोग पनि व्यहोरियो । माइग्रेट जनसंख्या भएको ठाउँमा अलि सजिलो पनि हुने रहेछ भन्ने अनुभव छ हामीलाई । तैपनि यो सहरी क्षेत्र भएकोले पहिले नै पूर्वाधारका धेरै काम भएका छन् । अहिले हामी आएपछि त्यसलाई विस्तार गर्ने र थप योजनाहरु लागू गर्दै वडालाई सुविधा सम्पन्न बनाउने प्रयास गरिएको छ ।

व्यक्तिगत सम्पत्ति अधिग्रहण गर्न या छाड्न लगाउन नसकेर पूर्वाधार विस्तारका क्षेत्रमा केही



समस्या छन् । फिर्के करिडर बनाउने काममा अवरोध आएकोले यो काम गर्न सकिएन, जुन यो वडाको मात्र नभएर समग्र पोखराको विकासका लागि महत्वपूर्ण योजना हुनसक्थ्यो । सामुदायियक भवन ज्येष्ठ नागरिक डे केयर सेन्टर भवन बनाउन सकिएन ।

भौतिक पूर्वाधरमा बढी लगानी आउँछ, आर्थिक विकासका पक्षमा काम गर्न कम बजेट आउँछ । पूर्वाधार भएका वडामा आर्थिक विकासका योजना ल्याएको भए राम्रो हुन्थ्यो । तर नगरपालिकाको खर्च संरचनाले यस्तो कामलाई प्राथमिकतामा रखेको छैन । सडक तथा अन्य पूर्वाधार कम भएका सहर बाहिरका वडा र पूर्वाधारका काम धेरै भएका सहरी क्षेत्रका वडालाई दिइने बजेटको प्रकृति बदल्नुपर्नेदेखिन्छ ।


महानगरका हकमा कर्मचारीको काहाँ छ कसले काम गरेको छ कसले गरेको छैन भन्ने नै थाहा नपाइने अवस्था छ । आज अघि बढेको फाइल भोलि खोज्दा नपाइने गरी कर्मचारीले नै अल्झाइदिन्छन् । कर्मचारी संयन्त्रले काम गर्न अवरोध गर्छ । जोडबल गर्ने र पहुँच हुनेले बजेट बढी पाउने तर सिधा तरिकाले प्रणालीले काम नगर्ने अवस्था पनि छ ।

प्रशासन प्रविधियुक्त छैन, नागरिक अभिलेख डिजिटलाइज छैन, त्यसले काम गर्नमा उल्झन आउने गरेको छ ।

भएकै कामको पनि प्रचार नहुँदा काम नभएको जस्तो लागेपनि काम नभएको भन्न मिल्दैन । वडास्तरमा हामीले गरेका प्रतिवद्धता लगभग पूरा भएको छन् । महानगरका काम पनि यो पाँच वर्षमा खासगरी पूर्वाधारका क्षेत्रमा महत्वपूर्ण काम भएका छन् । कोभिडले अवरोध नगरेको भए योभन्दा उल्लेख्य रुपमा काम हुने थियो । पछिल्लो वर्ष मेयरको स्वास्थ्यका कारणले पनि केही अप्ठेरा आएका हुन् । समग्रमा हाम्रो कार्यकालका कामबाट म सन्तुष्ट नै छु ।







श्री किरण गौतम
वडा सदस्य



श्री लक्ष्मी कौसल
सदस्य



श्री कृष्णमान ठूसाजु
वडा सदस्य



श्री पुष्पराज सिग्देल
वडा सदस्य

वडा ७

# सेवा प्रवाह सुधार आएको छ



**रूद्रनाथ बराल (४७)**
वडाध्यक्ष वडा नम्बर ८



निर्वाचित भएर आएपछि वडालाई व्यवस्थित गरियो, कागजका ठाउँमा कम्प्युटराइज गरियो, वडाको सेवा प्रवाहलाई छिटो छरितो बनाइयो यसले वडावासीहरुलाई छिटो छरितो सेवा दिन सकिएको छ । सेवा प्रवाहको अवस्थाबाट वडावासीहरु खुसी हुनुहुन्छ । वडाका पाँचवटा सडक पिच र ढलान गरियो । यसले यहाँको आधारभूत पूर्वाधारमा सुधार आएको छ । महिलालाई स्वरोजगार बनाउन तालिमहरुको व्यवस्था गरियो ।

यो सहरको कोर एरिया भएकोले सरसफाइको काम गर्नुपर्ने थियो । फोहोरलाई वर्गीकरण गरेर कुहिने फोहोरको मल बनाएर बेच्ने र नकुहिनेलाई अलग व्यवस्थापन गर्ने काम गरियो । १२ सय महिलालाई कम्पोस्ट मल बनाउने तालिम दिएर कम्पोस्ट बिनका लागि ५० प्रतिशत अनुदान दिइयो । यसको प्रयोग गरेर कतिपयले कौँसीमा गमलाामा तरकारी फलाएर उपभोग गरेँ, कतिले तरकारी बेचेर पनि आय गरेँ । ८ हजार जति सयपत्री फूलको बिरुवा वितरण गरियो । गमलामा रोपेर भएपनि कमसेकम मालाका लागि फूल किन्नु नपर्ने बनाइयो ।

सिर्जना चोकमा आकासेपुल बनाउन आवश्यक लागेर योजना अघि बढाइयो । स्व. रवीन्द्र अधिकारीले स्थानीय विकास साझेदारी कोषको ५० लाख दिनुभो बाँकी वडा र महानगरको खर्चमा आकासे पुल बनेर सञ्चालनमा आएको छ । यो पुल पोखराकै पहिलो आकासे पुलले ट्राफिक व्यवस्थापनमा सहयोग पुगेको मात्र छैन एउटा आकर्षको विन्दु पनि बनेको छ ।

- शिवालय मार्गमा फुट ट्र्याक बनाइयो
- जाल्पा रोडलाई फुट ट्र्याक सहित फराकिलो बनाइयो
- वडा उज्यालो कार्यक्रम चलाइयो
- केही टोलमा सिसी क्यामरा जडान गरियो
- सय वटा जति बुटिक चौतारी बनाइयो

- सडक किनारमा ३० भन्दा बढी फलका बोट लगाइयो
- जनप्रिय माविमा युरोगार्डको व्यवस्था गरी शुद्ध पिउने पानी उपलब्ध गराइयो
- श्रीराम आधारभूत विद्यालयको पूर्वाधारमा स्तरोन्नति गरियो
- जनप्रिय माविको प्रत्येक कक्षा कोठामा सिसी क्यामरा राखेर अफिसबाट मनिटरिङ गर्ने व्यवस्था गरियो,
- लक ब्लक राखेर विद्यालयको मैदानलाई खेलमैत्री बनाइयो
- आइसिटी ल्याब बनाइयो

मेरो अनुभवमा महानगरको काममा सबैभन्दा ठूलो बाधा प्रशासनिक संयन्त्र रहेको छ। पहिले लामो समय राजनीतिक नेतृत्व नहुँदा उनीहरुले एकलौटी काम गर्दै आएकोले एउटा ढर्रामा काम गर्थे, राजनीतिक नेतृत्वसँग तालमेल मिलाएर काम गर्न नसकेको या नरुचाएको जस्तो देखियो । नेतृत्वको इच्छा र प्रक्रियाले अल्झाउने कर्मचारी संयन्त्रका बीच समस्या उत्पन्न हुँदा कामले जे जस्तो गति लिनु पर्ने हो त्यस्तो हुन सकेन ।

प्राविधिक कर्मचारी र अरु कर्मचारीको क्षमता कमजोर हुनुपनि एउटा बाधा रहेको थियो। पहिले सानो बजेटका विकासे काम गरेकाहरुलाई अहिले ठूलो बजेटमा काम गर्न मुश्किल परेको थियो ।

पहिलो आधा वर्ष त हाम्रो समय उद्घाटन शिलान्यास, टोल विकास संस्था र आमा समूहका काममा गएरै बित्यो । पछि पनि विषयगत समितिहरु परिचालित भएनन् त्यसले राजनीतिक परिचालन र टिम परिचालनमा समस्या उत्पन्न भयो । यसै बीचमा एमाले र माओवादी केन्द्र एकीकृत भए र नेकपा बन्यो । तर पार्टी गतिविधि ठप्प जस्तो भयो। राजनीतिक रुपमा हाम्रो काममा नेतृत्व गर्ने, सुझाव दिने, अनुगमन गर्ने, कामको स्वामित्व लिने काम पार्टीबाट नहुँदा पनि अन्योलको अवस्था बन्यो । महानगरका काम जे जस्तो गर्न सकिन्थ्यो त्यती नहुँदा पुरै सन्तुष्ट छैन। पूर्वाधारका क्षेत्रमा भने यस बीचमा राम्रा काम भएका छन् । पोखरा बन्छ भन्ने धारणा विकास भएको छ । अब हुन लागेको निर्वाचनबाट आउने नेतृत्वलाई काम अघि बढाउने पर्याप्त संस्थागत आधार भने तयार भएका छन् ।






वडा ९


# धनीहरू र सुकुम्बासी: वडाका दुई अनुहार



**रामराज लामिछाने**
वडाध्यक्ष वडा नम्बर ९, /सचेतक



**श्री राममाया मानन्धर**
**वडा सदस्य**



**श्री गीता चर्माकार**
**सदस्य**



**श्री नन्दराम गिरी**
**वडा सदस्य**



**श्री सुरेश खवास**
**वडा सदस्य**



सेवाग्राहीलाई कहिलैपनि भोलि आउनुस् भनेनौं । भ्रष्टाचार रहित हिसाबले सुशासन दिन सक्यौं । त्यो त नागरिकहरुले पनि महसुस गर्नुभएको छ ।

हामीले जनतासँग गरेका अधिकांश प्रतिबद्धता पूरा गरेका छौं । वडा नम्बर ९ प्रदेशकै मुटु हो । सबैभन्दा धेरै राजश्व यही वडाबाट उठ्छ । बत्ती पानी, सडक राम्रै छन् । तर आजभोलि खानेपानी पाइपलाइन विस्तारका कारण राम्रा सडकहरु छियाछिया भएका छन् । पानीको निकास सहि नहुँदा ठाउँठाउँमा भ्वाङ पर्छन् । महेन्द्रपुलम लगायत केही ठाउँमा यस्तो समस्या छ । भासिने अवस्था खानेपानीकै कारण आएको हो । त्यसैले खानेपानी र ढलको उचित व्यवस्थापन गर्नुपर्छ, गर्दैछौं । भौतिक विकाससँगै वडामा सामाजिक रुपान्तरणमा समेत हाम्रो मेहिनत छ ।

हाम्रो वडामा दुईखालको पाटो छ, एउटा सुकुम्बासीको बसोबास छ भने अर्कोतिर धनीहरुको बसोबास छ । सुकुम्बासी बस्तीमा आय आर्जनका कार्यक्रम सञ्चालन गर्‍यौं । अर्को क्षेत्रमा फेसबुकमा मान्छेहरु भुल्ने, टिभी हेरेर दिन बिताउनेहरुलाई समाजमा घुलमिल हुन सिकाएका छौं । बत्ती पानीको सिफारिसका लागि लालपुर्जा माग्ने गरिन्छ । मैले निवेदनको आधारमा लालपुर्जा नभएपनि सिफारिस दिएँ । खानेपानी र बत्ती नैसर्गिक अधिकार हो भन्ने मैले बुझेको छु ।

धार्मिक र जातीय हिसाबका कार्यक्रममा हामीले विभेद नगरी सहभागी भयौं । हाम्रै पहलमा अत्याधुनिक शवदाह गृह निर्माण भयो । नगर क्षेत्रको प्रमुख समस्या भनेकै सरसफाइ रहेछ । मैले पहिलो नगरसभामै सरसफाइको जिम्मा वडालाई दिनुपर्छ भनेर प्रस्ताव गरें तर सबैलाई तर्कले बुझाउन सकिन । मैले आफ्नै पहलमा वडालाई सँधै सफासुग्घर बनाइ राख्न टोल समितिहरुसँग समन्वय गरें । हाम्रो वडा अहिले निकै सुन्दर र सफा छ ।

शिक्षा र स्वास्थ्य धेरै राम्रो बनेको छ । पुरानो वडा कार्यालयमा अत्याधुनिक स्वास्थ्य केन्द्र बनाएका छौं । कोरोनाको नियन्त्रण राम्रैसँग गर्‍यौं । हिजो चल्नै नसक्ने नवप्रभात स्कुल अहिले राम्रोसँग चलेको छ । सहारा प्रावि, महेन्द्र मावि र कलेजको भौतिक संरचना निर्माणसँगै शैक्षिक गुणस्तर कायम गर्न सकेका छौं ।

मलाई खिन्न लागेका केही योजनाहरु छन् । बसपार्क निर्माण गर्न सकिन्छ कि भनेर धेरै प्रयास गरें । सफल भइन, यसमा महानगरको भूमिका पनि प्रभावकारी भएन । प्रदर्शनी केन्द्रमा अन्तराष्ट्रिय स्तरकोसम्मेलन केन्द्र बनाउने प्रस्ताव अघि बढ्न सकेन । वडाले प्रयास गरेको हो । महानगरले जे जति गर्न सक्थ्यो त्यति नगरको मेरो अनुभव छ । सीमित श्रोतका बीच पनि कसैले औंला उठाउन नसक्ने गरी कार्यकाल पूरा गर्‍यौं ।

**वडा नं. ९ का पाँचर्षका कामहरु**

» शैक्षिक संस्था सुधार/भौतिक निर्माण
» पोखरा बहुमुखी क्याम्पस भवन निर्माण कार्य अघि बढेको
» सहारा आधारभूत विध्यालयको भवन निर्माण/ फर्निचर
» नव प्रभात मा.वि. स्तरोन्नति/शौचालय निर्माण/क्यान्टिन निर्माण/सभाहल निर्माण/डिजिटल हाजिरी
» महेन्द्र मा.वि. भौतिक सुधार /ग्राउण्ड ढलान/ शिक्षक बस्ने कोठा निर्माण/ फर्निचर

**स्वास्थ्य तर्फः**

» सहरी स्वास्थ्य केन्द्र मर्मत/प्रसुति जाँच कक्ष निर्माण, आमन्त्रित प्रतीक्षालय
» २२ वटा चौतरा पुनर्निर्माण/ संरक्षण, सुधार र वृक्षरोपण
» बालमैत्री वडा घोषणा कार्यक्रम अन्तिम चरणमा

**सामाजिक विकास तर्फः**

» विभिन्न जातजातिका महिलाहरुलाई सीप मुलक तालिम/संस्कार र संस्कृति जगेर्ना कार्यक्रम
» अपागंता भएका व्यक्तिलाई जिविकोपार्जन सहयोग तथा सामग्री वितरण
» वडाको पहलमा अत्याधुनिक शवदाह गृह निर्माण
» रामघाटमा शौचालय, वाथरुम र लुगा फेर्ने कोठा निर्माण
» नयाँबजार र साँघुमुखमा पार्क निर्माण
» प्रदेशको पहलमा प्रदेश सँग्रहालय पुन निर्माण तथा मर्मत
» सडक बालबालिकाको व्यवस्थापन

**पूर्वाधार विकास**

**क) सडक ढलान**

» दिपज्योति मार्ग, बुद्दमार्ग, पार्वतीटोल मार्ग निर्माण, दरवारथोक मार्ग, शुभकामना टोल मार्ग, क्षेत्री समाज घर वाट तमुधिं जाने बाटो, तमुधिं वाट शान्तिवन ओरालोसम्म बाटो, स्वास्थ केन्द्र ९ को पछाडि बाटो, दरवारथोक चोकदेखि महेन्द्र मा.वि.सम्म बाटो, हिमालय बैंकको पछाडि बाटो, होटल देउरालीदेखि कृष्ण मन्दिरसम्म बाटो, शान्तिवन मार्ग सडक निर्माण, होटल समाटदेखि कृष्ण मन्दिरसम्म बाटो ढलान गरिएको

**सडक कालोपत्रे**

» चाइनापुलबाट पृथ्वीचोक जाने वैकल्पिक मार्गको रुपमा शिव टोल बाटो, संगम मार्ग र प्रगरि मार्ग, अनुपम मार्ग बाटो, पार्वतीटोल मार्ग, शुभकामना टोल मार्ग, शिवटोल मार्ग, नागढुंगा सडक
» पालिखेचोकमा बाटो चक्लाइ आइल्याण्ड पार्क निर्माण
» न्युरोड र चिप्लेढुंगामा अस्फाल्ट पिच
» नयाँबजारमा अल्फाल्ट पिच हुँदै

**भवन तथा संरचना**

» तमुधि भवन निर्माण
» क्षेत्री समाज भवन निर्माण
» ट्रेड युनियन काँग्रेस भवन निर्माण
» सहारा आधारभूत विध्यालय भवन
» पोखरा बहुमुखी क्याम्पस भवन निर्माण
» जलारी समाज भवन
» नयाँ बजार आमा समूह भवन

**पुल तथा कल्भर्ट निर्माण**

» चोर साघु पुल मर्मत
» नयाँ बजारमा रहेको पुल मर्मत

**सामाजिक विकास**

» ज्येष्ठ नागरिकका लागि राम मन्दिरमा १ लाख बराबरको भजन कृतन गर्ने सामान खरिद
» शान्तिघाटमा रहेको ज्येष्ठ नागरिकका लागि १ लाख बराबरको भजन कृतन सामान खरिद
» लेखाको तालिम
» बोल्ने कलाको तालिम






» स्वास्थ्य शिविर
» ६ ठाँउमा योग केन्द्र सञ्चालन
» बसपार्क कृष्ण टोलमा साप्ताहिक स्वास्थ्य क्लिनिक
» दलितका लागि कम्प्युटर तालिम
» कानुनी साक्षरता कार्यक्रम
» सिटिइभिटी लगायत अन्य संस्थाद्वारा वडाको पहलमा विभिन्न आय आर्जनको लागि तालिम

**आर्थिक विकास**

» कौसी खेती कार्य
» दलित वस्तीमा पञ्चेबाजाका सामान वितरण रोजगारी सिर्जना
» बुटिक सम्बन्धी तालिम र गुडिया बनाउने तालिम

**संस्थागत विकास तथा सेवा प्रवाह**

» वडाको पार्श्वचित्र प्रकाशन क्रमागत ४ वटा प्रकाशन

**वन तथा बातावरण**

» नागढुंगा पार्क निर्माण
» साँघुमुख पार्क निर्माण
» महेन्द्रपुल पार्क निर्माण
» सेतीगंगा डिलमा रहेको पार्क निर्माण र सरसफाइ/जनचेतना/वृक्षरोपण

**विपत् व्यवस्थापन**

» कोभिडको बेलामा राहत वितरण
» वडा अन्तर्गत विभिन्न स्थानमा भासिएको ठाँउमा पुनर्निर्माण





श्री निशा मल्ल
वडा सदस्य



श्री प्रतिभा वि.क.
वडा सदस्य



श्री दीपकबहादुर थापा
वडा सदस्य



श्रीसम्मरबहादुर श्रेष्ठ
वडा सदस्य

वडा
१०

# संविधानले दिएको अधिकार पनि संकूचन गरिएको छ



**राजकुमार गुरूङ (५३)**
वडाध्यक्ष वडा नम्बर १०



म सुरुदेखि नै प्रजातन्त्रतिर आस्था राख्थें । सानो छदा जनमत सँग्रह भएको थियो, त्यतिबेला पनि मलाई अलिअलि बहुदल ठिक भन्ने मनोवैज्ञानिक छाप परेको थियो । ०४५/०४६ को आन्दोलनका समयदेखि मेरो त्यही विश्वास झन बलियो भयो । त्यसपछि नै म नेपाली काँग्रेसको नजिक भएँ । तर आस्थामात्र थियो, सक्रिय थिइन । अहिले त राजनीतिक पार्टीका नाममा फाइदा लिनेहरु छन् पहिले हामी त्यस्तो थिएनौं । पार्टीलाई सहयोग गर्ने, आफ्नो काम गर्ने खाने । मलाई पदको चाहना पनि भएन । ०५४ मा तरुण दलको जिल्ला सदस्य भएर काम गरें । ०५९ मा पार्टी विभाजन भएपछि मलाई त्यति जाँगर लागेन, कतैपनि पक्ष लिइन । ०७४ सालको स्थानीय निर्वाचनमा पार्टीले उठ्नुपर्छ भन्यो अनि वडाध्यक्ष भएँ ।

वडाको सेवा प्रवाहका दृष्टिले नयाँ संविधान पछि जनताले सुविधा केही पाएका छन् । सेवा प्रवाह सहज भएको छ, जनताको पहुँच स्थापित भएको छ । तर गाउँगाउँमा सिंहदरवार भनिएपनि संविधानले दिएका अधिकार पुरै उपभोग गर्न पाइएको छैन । संविधानका भावना भन्दा विपरीत अहिले पनि निर्णयको अधिकार र स्रोतमा केन्द्रीकरण हाबी छ । संघबाट प्रदेशमा र प्रदेशबाट महानगरमा आउँदा क्रमश: खुम्चिदै गएको जस्तो लाग्छ । वडासम्म आउँदा त धारा त खुलेको छ तर पूरा खुलेको छैन, तुरतुरे जस्तो भएको छ भन्ने मलाई लाग्छ ।

वडाध्यक्षलाई अधिकार त दिएको छ तर सिफारिस गर्ने बढी योजना आफैले लागू गर्नेभन्दा महानगरसँग सम्झौता गरेर मात्र लागू हुन्छ । वडालाई आफै बजेट परिचालन गर्ने अधिकार नदिएकोले अधिकार नै नभएको जस्तो लाग्छ । महानगरले गतवर्षदेखि मात्र वडालाई बजेट दिन थालेकोले अलिकति सक्रिय हुन पाइएको हो ।

हाम्रो वडामा गत निर्वाचन अघि १८ हजार जनसंख्या थियो । अहिले थपिएर कति पुगिसक्यो तर जनसंख्याको अनुपातमा बजेट आउँदैन । हेर्दा वडा सानोदेखिए पनि जनसंख्या धेरै भएपछि काममा व्यस्तता हुने नै भयो । वडाभित्रको

संरचनाको कुरा गर्दा सडक, विद्युत, खानेपानी विद्यालय भवन जस्ता विषय आउँछन् । जे जति धुले सडक थिए ती सबैलाई पाँच वर्षमा कालोपत्रे वा ढलान गरेर सक्ने हाम्रो योजना थियो । काम हुन थालेको बेलामा कोरोना आयो र बजेट खर्चसमेत गर्न सम्भव भएन ।

हाम्रो वडाको एउटा महत्वपूर्ण काम भनौं या पोखरा महानगरकै एउटा उल्लेख्य काम भनेको रामघाट बौद्ध गुम्बा निर बन्न थालेको विद्युतीय शवदाह गृहको निर्माण हो । यसको निर्माण अन्तिम चरणमा पुग्दै छ । दैनिक रुपमा शव दहन गर्दा लाग्ने समय, जलाइने दाउरा र निस्कने धुँवाका कारण हुने प्रदूषण, खर्च समेतका दृष्टिले हाम्रो परम्परा समयानुकुलदेखिन्न । अब शवदाह गृह बनेपछि यस्ता पक्षबाट सर्वसाधारण नागरिकलाई हुने सुविधा र हुने खर्चको बचतले पनि यसको सकारात्मक असरदेखिएला । यसको अर्थ कसैले पनि दाउराको चितामा शव जलाउन पाउन्नन् भनेको होइन, आफ्नो इच्छा हो तर विस्तारै सबै यतै आउने कुरा निस्चित छ । बढ्दो जनसंख्याका कारण आउने समस्या मात्र होइन अहिले नै कोरोनाकासम्मयमा पनि शवदाह नहुँदाका समस्या झेल्नुपरेको थियो ।

हामी आएपछि वैदेशिक रोजगारमा जानेहरुलाई स्काफोल्डिङ, प्लम्बिङ, डकर्मी, वायरिङ लगायतका तालिमहरु दिलायौं । बिमा गरिदियौं । यसले वैदेशिक रोजगारलाई सुरक्षित बनाउन मद्दत पुगेको छ । आमा समूहहरुलाई पनि सिलाइ कटाइ, माला बुन्ने, चुरामा फूल भर्ने, पोते बनाउने, ब्युटीपार्लर जस्ता तालिम दिएका छौं । वहाँहरुलाई रोजगारी सिर्जना गर्न मद्दत पुगेको छ ।

महानगरको कामका दृष्टिले मैले मेयरसँग केही काम गरौं भनेर सुरुमै प्रस्ताव गरेको थिएँ । तालको जलाधारमा सिल्टेसन ड्यामको कुरा पनि मैले सुरुमै प्रस्ताव गरेको, तालको फोहोर र जलकुम्भी सफा गर्नु भन्दा यहाँ फोहोर नै आउन नदिने गरी काम गरौं भनेको हो । पछि त्यो क्रमशः लागू भयो । रामघाटको सिल्टेसन उपयोगको कुरा पनि महानगरले नै गर्दा राम्रो हुन्छ, महानगर स्रोत सम्पन्न हुन्छ भन्ने मेरो भनाइ हो । डेभिज फल्सको कुरा पनि महानगरले गर्न सक्छ । अहिले आएर यसलाई सार्वजनिक निजी साझेदारीको मोडलबाट काम अघि बढाइएको छ । हामीले यो पाँच वर्षमा महानगरबाट महत्वपूर्ण र दिर्घकालीन रुपमादेखिने विशिष्ट काम गर्न सक्यौं जस्तो लाग्दैन ।

मापदण्डकै विषयमा पनि हामीले एउटा स्तर कायम गरेर जान अझै सकेका छैनौं । मुख्य सहरी क्षेत्रमा नसके पनि अब बन्ने सहरी क्षेत्रमा मापदण्डहरु कडाइका साथ लागू गर्न सकिएन भने सहरको व्यवस्थापन झन अप्ठ्यारो पर्छ । मापदण्ड व्यवस्थापन गर्न नसक्दा ढल व्यवस्थापन पनि समस्या पर्छ । पानीपर्दा महेन्द्र पुलमा स्कुटर बगाएको दृष्य भाइरल भएको थियो । सहरको मुख्य भागमा भलले र ढलले मोटरसाइकल बगाउँदा हाम्रो नगरको सहरी विकासका अहिलेसम्मका प्रयास अधुरा छन् भन्ने देखाउँछ ।

अब हामीले आफ्नो काम गर्ने शैली बदल्नु पर्छ । राजनीतिक दलबाट हामी निर्वाचित भएर आएपनि दल विशेषका हित भन्दा माथि उठेर समग्र महानगरको विकासमा काम गर्न अझै सकिएन भन्ने लाग्छ ।





श्री तीर्थकुमारी गुरूङ
वडा सदस्य



श्री टुकुरादेवी परियार
वडा सदस्य



श्री जंगबहादुर हमाल ठकुरी
वडा सदस्य



श्री मीनबहादुर गुरूङ
वडा सदस्य

वडा
११

# अधिकतम समय जनसेवामै



**श्री मोहनप्रसाद बास्तोला**
वडाध्यक्ष वडा नम्बर ११




११ नम्बर वडा पहिलेको उपमहानगरपालिका र गाविस मिलेर बनेको हो । भौगोलिक हिसाबले ठूलो पनि छ र उत्तिकै विकट पनि थियो । सबैभन्दा पहिले खानेपानीको कामबाट हाम्रो कार्यकाल सुरु भयो । बाटो, खानेपानी नै यहाँको प्रमुख एजेन्डा थिए । जनताले विकास भनेकै यसैलाई मान्थे । वडा कार्यालय एउटा कोठामा थियो, अहिले भव्य बिल्डिङ बनेको छ । विभिन्न बाटाहरु अस्फाल्ट कंक्रिट गरेका छौं । मनिपाल जाने बाटो, रानीपौवाको बाटो अहिले सर्रर बनेको छ । धेरै लामो समयपछि निर्वाचित भएर हामी आउँदा जनतासँग धेरै अपेक्षा, गुनासा थिए । क्रमबद्ध रुपमा पूरा गर्दै संघीयताको ट्र्याक खोलेका छौं ।

जनताले वडा कार्यालयबाट कुनैपनि काम भएन, दुख पायौं भन्ने गुनासो सुन्नुपरेको छैन । ११ नम्बर वडाले कुनैपनि काममा दोषी ठहर् याएर मुद्दा मामिला र उजुरी थेग्नुपरेन । एउटा जनप्रतिनिधिलाई यो भन्दा ठूलो खुसी के हुन सक्छ ? हामीलाई गर्व के लाग्छ भने, जति पनि विकास निर्माणका काम गरेका छौं, यो टिकाउ र बलिया छन् । २० वर्षसम्म नभत्कने गरि बनाएका छौं । अब आउने जनप्रतिनिधिले हामीले गरेकै कामलाई सुन्दर बनाईराख्ने हो भने वडा नम्बर ११ कुनैपनि कुराले पछि पर्दैन । पिछडिएको जस्तो अनुभव गर्नुपर्दैन ।

प्रदेश सरकारबाट हाम्रो वडाले एउटा पनि योजना पाएन । विकास निर्माणका काम सबै वडा तहमा गर्नुपर्छ, तर वडासँग कुनै समन्वय हुँदैन । स्थानीय तहलाई अहिले भएको भन्दा



मजबुत बनाउन सकियो भने संघीयता स्थापित हुन्छ । महानगरसँग पर्याप्त बजेट नभएकोले संघ र प्रदेश सँग माग्नुपर्छ । तर त्यो सुविधा पाएनौं । जनतालाई झन् उल्झन थपियो । बास्तवमा काम गर्ने भनेको वडा सरकार हो ।

पाँचवर्ष अघि र अहिलेको यहाँको सडक, खानेपानी, अरु विकास हेर्नुस् त । निकै फेरबदल भएको छ । काहुँ धरहरालाई पर्यटकीय गन्तब्यको रुपमा विकास गर्दै गएका छौं । हिजो काहुँको नाम नसुन्नेहरु पनि थिए । अहिले यसको प्रचार र प्रबर्द्धन निकै राम्रोसँग भएको छ । सबै घरमा खानेपानी पुगेको छ, सिंचाई पुगेको छ । हामीले लिफ्टिङ आयोजना पनि पूरा गरेका छौं । कार्यकालको अधिकतम समय जनसेवामै खर्च भयो । गणतन्त्रात्मक नेपालको पहिलो वडाध्यक्ष भएर काम गर्न पाउँदा म निकै भाग्यमानी महशुस गरेको छु ।



वडा
१२

# वडाका लागि स्वर्ण समय



**रामबहादुर कार्की**
वडाध्यक्ष वडा नम्बर १२



श्री सीता बास्तोला
वडा सदस्य



श्री विष्णु वि.क.
वडा सदस्य



श्री निर्मलबहादुर थापा
वडा सदस्य



श्री देशभक्त के.सी.
वडा सदस्य




पाँच वर्षमा यत्रो समयदेखि नभएका काम पूरा गरें भन्दिनँ । तर धेरै काम गर्न सक्यौं । म आफ्नो तर्फबाट धेरै सन्तुष्ट छु । पोखरा महानगरमा एउटै पार्टीबाट निर्वाचित भएका थिएनौं । कांग्रेस भन्दा एमालेका साथीहरु धेरै हुनुहुन्छ । तर पनि परेको ठाउँमा सबैले सहयोग गर्नुभएको छ । असहयोग छैन । हामीबीचमा कहिलै विवाद भएन । कहिलेकाहीँ बैचारिक रुपमा तलमाथि भैहाल्छ, व्यवहारत: सबै समान हिसाबले नै अघि बढ्यौं । ठूलो पार्टी भएपछि आफ्नातिर बजेट बढी लगेकै छन्, तर हामी पनि कम भएनौं । डाडु पन्यु आफ्नो हातमा भएपछि तर काटेर त सबैले खान्छ । कांग्रेसले नै मेयर जितेको भएपनि त्यो गर्थ्यो होला ।

हामीले सुरुकै वर्षदेखि जनताका चाहना के छ, त्यो बुझेर वडा सदस्य समेतको परामर्शमा योजना अघि बढायौं । ५ वर्षमा के गर्‍यौं भनेर विवरण तयार गर्दै छौं । मलाई लाग्छ: यो ५ वर्ष हाम्रो वडाका लागि स्वर्ण समय हो । धेरै विकास भएको समय हो । बाटाहरु पीच र ढलान भएका छन् । खानेपानीका पाइप बीच छ्याएका छौं । सबै महानगरले दिएको बजेटबाट मात्रै त पुगेन । लागत सहभागिताका आधारमा काम भए । कुनै योजनामा ७० प्रतिशतसम्म सहभागिता जुटायौं ।

कुनै नागरिकले हामीलाई योजना दिएन, राजनीतिक विभेद गर्‍यो भन्ने ठाउँ राखेका छैनौं । एउटा पार्टीबाट निर्वाचित भएपछि सबैलाई समान आँखाले हेर्‍यौं । यो संघीयता कार्यान्वयनमा सबैभन्दा ठूलो भूमिका केन्द्र र प्रदेशको हुने रहेछ । वडासम्म आइपुग्दा महानगरको पनि साथ चाहिन्छ । हाम्रो नेपालको नीति नियममा सरलपना छैन । साना काममा पनि झण्झट छ । लागत इस्टिमेट गरेर योजना कार्यान्वयन गर्न सकिँदैन । एउटा घरेडी मात्रै लिएर बसेका हुन्छन्, उनीहरुसँग विकासका लागि पैसा लेउ कसरी भन्ने ? यो लागत सहभागिताको नीति सुधार्नुपर्छ । स्टिमेट अनुसारको बजेट पनि घटाईदिन्छन् । यसलाई सुधारेनौं भने राज्यप्रति नागरिकको आक्रोश बढ्छ ।



यो समयमा कर्मचारीको सहयोग पनि राम्रो पायौं । महानगरबाट पनि असहयोग भएन । अहिले बसिरहेको भव्य भवन हाम्रै कार्यकालमा बनेको हो । अब वर्षौंसम्म यो भवनबाट काम गर्न मिल्छ । मलाई धेरै खुसी लागेको छ । अलिकति कम्पाउन्ड बनाउन पाएको भए अझै खुसी मिल्थ्यो । तथापी बजेट अनुसार धेरै राम्रा र उत्कृष्ट काम गर्न सक्यौं । यो सबै अहिलेको व्यवस्थाको उपज हो । आउने जनप्रतिनिधिलाई एउटा ट्र्याक खुलेको छ, धमाधम काम गर्न सक्ने बनाएका छौं ।





श्री कृष्णकुमारी गुरूङ
वडा सदस्य



श्री कमला वि.क.
वडा सदस्य



श्री रहिमुल्लाह मियाँ
वडा सदस्य



श्री टंकप्रसाद भट्टराई
वडा सदस्य

वडा
१३

# मानवीय विकासलाई प्राथमिकतामा राखेर काम गर्‍यौं



**लेखबहादुर तामाङ (दर्शन लामा), (३८)**
वडाध्यक्ष वडा नम्बर १३



**कार्यपालिका सदस्यका रुपमा**

आरम्भमा महानगर राम्रो बनाउन सकिन्छ भन्ने पूर्ण आत्मविश्वासका साथ हामी आएका थियौं । स्थानीय निकायबाट स्थानीय तह या स्थानीय सरकारको रुपमा नेपालकै लागि पहिलो अनुभव थियो । सुरुमा कतिपय कानुन नभएको र प्रशासनिक क्षेत्रमा दक्ष जनशक्तिको अभावले गतिशील ढंगले काम गर्न सकिएन । २०५४ को स्थानीय निकायमा निर्वाचित भएका कतिपय प्रतिनिधिले स्थानीय सरकारका रुपमा भूमिका खेल्न पनि समय लाग्यो । धेरैले विकास भनेको नै बाटो सडक र भौतिक संरचना मान्ने मानसिकता देखियो ।

मानवीय विकास र सामाजिक विकास र आर्थिक विकासलाई उचित प्राथमिकता दिन नसक्नु यो महानगरको सबैभन्दा कमजोरी रह्यो भन्ने मलाई लाग्छ ।

यसबाहेक स्थानीय सरकारको मुख्य जिम्मेवारी मानिने फोहोरमैला व्यवस्थापनको क्षेत्रमा काम गर्न सकिएन । संघीय र प्रदेश सरकारले राम्रोसँग काम गर्न नसकेको या नगरेकोले पनि हामीलाई समस्या भयो ।

कामले गति लिन लागेको समयमा कोभिड समस्या आयो र धेरै काम अघि बढ्न पाएनन् । तर यस बीचमा सडक निर्माण र विस्तारका क्षेत्रमा हामीले सोचेभन्दा बढी काम भएको छ । खानेपानी विस्तारमा पनि राम्रो काम भएको छ । शिक्षामा विस्तारै सुधार भएको छ, महानगरले


आफ्नै कलेज र अस्पताल बनाएको छ । अब हुन लागेको निर्वाचनबाट आउने जनप्रतिनिधिलाई तीव्र गतिमा काम गर्ने वातावरण बनेको छ ।

**वडाध्यक्षका रुपमा**

म वडाध्यक्ष हुँदा मेरो मुख्य लक्ष्य जनताले वडाबाट पाउने सेवा सहज रुपमा पाउन सकुन् र प्रशासनिक ढिलासुस्ती र भ्रष्टाचार हटाउन भन्ने थियो । महानगरमा हाम्रो पहिलो वडा हो जसले सबै नागरिकको डिजिटल नागरिक प्रोफाइल तयार गरेको छ (नागरिकता, लालपुर्जाको फोटोकपी, घरघरको जिआइएस म्यापिङ) । प्रत्येक घर परिवारका सदस्यहरु, उनीहरुको लोकेसन र घर तथा उनीहरुले उपयोग गरेको सडक, खानेपानी लगायतका सुविधा सबै मापन गर्न अब सहज भएको छ । विस्तारै कुन परिवारलाई कस्तो सेवा आवश्यक पर्छ भन्ने जानकारी पनि यसबाट लिन सकिने छ । अहिले सेवा प्रवाह सहज बनाउन आफ्नै एप बनाएर कार्यान्वयनको तयारी भइरहेको छ । अब यस्तो एपमा मोबाइल नम्बर राखिने छ, घरमुलीको पर्सनल आइडी बनाएर उसले अनलाइनमार्फत् सेवाको माग गर्न सक्ने र उसको काम भइसकेपछि खबर जाने व्यवस्था गरिने छ । क्युआर कोर्डबाट सेवा लिन सकिने व्यवस्था मिलाइएको छ ।

शिक्षाका क्षेत्रमा सामुदायिक विद्यालय सुधार कार्यक्रम ल्याइयो । हाम्रो वडामा आठ वटा विद्यालय छन् । हरेक विद्यालय एउटै पाठ्यक्रम लागू गराइयो । एसएलसी र आठको अन्तिम परीक्षा बाहेक सबै कक्षाको परीक्षा वडाले लिने व्यवस्था गरियो । चार तहका परीक्षा चलाउने, बिदा र ग्याप कम गर्दै जाने गर्नाले शिक्षा क्षेत्रमा सुधार आएको छ । एक तले भवन बनाएर वडा कार्यालयमा रहेको पुस्तकालय व्यवस्थित गरियो ।





**बालमैत्री वडा**

» सामुदायिक र निजी विद्यालयका बीच सिकाइ आदान प्रदान कार्यक्रम, अतिरिक्त क्रियाकलापहरुको आयोजना
» विद्यार्थी कम भएका तर वरपर जनसंख्या बढी भएका विद्यालयमा भइरहेको संरचना स्तरोन्नति गर्ने नयाँ भवन बनाएर व्यवस्थित गर्ने काम भयो
» बालमैत्री पार्क, वडाको योजना छनोटमा बालबालिकाको सहभागिता, विद्यालय व्यवस्थापमा बालबालिकाको सहभागिता सुनिश्चित गरियो
» अशक्त अपांग मैत्री सडक संरचनामा हाम्रो वडा पहिलो बनेको छ
» निजी विद्यालयले गरिब परिवारका बालबालिकालाई कक्षा एकदेखि १०सम्म सामाजिक उत्तरदायित्व अन्तर्गत अनिवार्य छात्रवृत्ति दिने व्यवस्था मिलाइयो । यसलाई व्यवस्थित गर्नका लागि वडामै परीक्षा लिने र जेहेन्दार विद्यार्थीलाई सिफारिस गरेर पठाउने व्यवस्था मिलाइएको छ ।
» टिनको छानो विस्थापन कार्यक्रम (खरको या पूरानो टिनको) महानगरले लागू गर्न नसकेर रकम फिर्ता भयो
» फोहरमैला व्यवस्थापनका क्षेत्रमा यो वडा अग्रस्थानमा छ । यो वडालाई पहिलो शून्य फोहोर वडाका रुपमा स्थापित गरियो । हाम्रो वडामा फोहोर हुँदैन, कुहिने फोहोर घरघरमै व्यवस्थापन हुन्छ । अरु फोहोर संकलन गरेर घरघरबाटै बिक्री गर्नुहुन्छ । यस्तो फोहोरको मूल्य वडाले नै तय गरेको छ ।
» हरित वडा भनेर वडा आफैले बनाएका सडकको छेउमा बोट बिरुवा र फलफूल लगाउने काम गरेका छौं । वडाभवन वरपर पनि पार्क बनाइयो ।
» एडिबीसँगको सहकार्यमा आर्वा उपल्लो गाउँमा ५० रोपनीभन्दा बढी जमीनमा महप्रभु पार्क बनाउने निर्णय भइसकेको छ । त्यहाँ एड्भेन्चर टुरिजम सम्बन्धी पूर्वाधारको तयारी गर्दैछौं । यी सबै काम वडाकै पहलमा भएका हुन् ।
» चोकचोकमा स्टारलाइट सिसी क्यामरा जडान गरिएको छ ।

**स्वास्थ्य सेवा र कोभिड**

» महानगरमै पहिलो पटक वडा स्थित सहरी स्वास्थ्य केन्दमा आफ्नै ल्याबको व्यवस्था गरियो
» कोभिडको समयमा अक्सिजनसहित उपचारको व्यवस्था गरियो
» ६६ दिनसम्म पहिलो लकडाउनका समयमा महानगरको क्वारेन्टिन बस्नेहरुका लागि खानाको व्यवस्था गरियो । क्वारेन्टिनको

व्यवस्था गर्न सहरी स्वास्थ्य केन्द्रलाई २२ वटा खाट उपलब्ध गराइयो ।

» ग्याँसको अभाव भएका परिवारलाई वडा कार्यालयमा नै खाना खुवाइयो

» बिरामीलाई अस्पतालमा बेड नपाउँदा खाली भएको बेड सम्बन्धी सूचना तत्काल उपलब्ध गराउने काम पनि भयो

**भौतिक संरचनाहरु**

» ८७ प्रतिशत जति सडक कालोपत्रे गरिएको छ

» ६ करोडको लागतमा स्यानीखोला खानेपानी आयोजना सम्पन्न गरी साविक आर्वा विजयको १, २, ३ र ४ नम्बर वडाका वेसी क्षेत्रको वस्तीमा खानेपानी व्यवस्था गरियो

» वडाकै पहलमा साविक १३ नम्बर र १४ को केही भागलाई खानेपानी उपलब्ध गराउने लक्षसहित २२ करोडको लागतमा बृहत काँहुखोला खानेपानी योजनाको काम आरम्भ भएको छ ।

» घट्टेखोला भौरीखेत पुल निर्माण सम्पन्न भएको छ ।

» जिमिरेको डिलको कल्भर्ट

» विपीमार्गमा कल्भर्ट

» पहार ट्रस्ट र पुनर्निर्माण प्राधिकरणसँगको सहकार्यमा तीन वटा विद्यालय भवन निर्माण भएका छन्

» २२ सय विद्यार्थी अध्ययनरत रहेको भद्रकाली माविलाई नमुना विद्यालय बनाउने प्रयासमा आइसिटी ल्याब सञ्चालन गरियो ।

» वडाले २ जना जेहेन्दार विद्यार्थीलाई मेकानिकल इञ्जिनियर पढ्न छात्रवृत्ति दिएको छ ।

**आय आर्जन**

» १८ जना महिलालाई दालमोठ बनाउने तालिम दिएर एउटा उद्योग नै जिम्मा लगाइयो, पहिलो २ वर्ष आठ लाख नाफा गर्नुभयो । कोभिडका कारण पछि नाफामा





जान सकेन

» कपाल काट्ने तालिम दिइयो, र शैलुन चलाउन चाहने २ जनालाई पसल आरम्भ गर्न ५० हजारका दरले सहयोग दिइयो

» कृषिमा १ सय जना किसान छानेर अर्गानिक कृषि पकेट इलाका बनाउने गरी योजना अघि बढायौं

» सुरुमा १० परिवारलाई सूर्यमुखी फूलका लागि बिउ दियौं, उनीहरुले आम्दानी गर्ने बेलामा कोभिड लाग्यो

» १ सय परिवारलाई टनेलको व्यवस्था गरेको

» ८० परिवारलाई मौरी सहित ८० घार वितरण गरियो


» राम्रो उत्पादन गर्ने ५ जना उत्कृष्ट किसानलाई १० हजार पुरस्कार पनि दियौं

» महानगरकै पहिलो कृषि बजार काँहुकोलामा स्थापना गरेका थियौं, कोरोनाका कारण यो पनि अप्ठ्यारोमा परेको छ

हाम्रो काम विभिन्न पत्रपत्रिकाले प्रचार गरेका छन् । निजामती कर्मचारी संघले यो वडालाई राम्रो काम गरेकोमा पुरस्कृत गरेको थियो । हाम्रो वडाको कामले स्थानीय सरकारको महत्व स्थापित गर्न देशभर एउटा सन्देश दिएको छ कर्मचारीको क्षमता विकास राम्रोसँग नगर्ने हो भने महानगरले परिणामुखी काम गर्न सक्दैन । यसरी कर्मचारीको गुणस्तर विकास गर्ने कुरामा हामीले लगानी गर्न सकेनौं जस्तो लाग्छ ।



श्री यशोदा के.सी.भट्टराई
कार्यपालिका सदस्य



श्री सुनकमली वि.क.
वडा सदस्य



श्री ढोलबहादुर गुरूङ
वडा सदस्य



श्री जीतेन्द्रजगं थापा
वडा सदस्य

वडा
१४

# सामुदायिक विद्यालयमा विद्यार्थी संख्या बढेको छ



**प्रेमबहादुर कार्की (७४)**
वडाध्यक्ष वडा नम्बर १४



२०२६ सालमा कलेज पढ्दादेखि नै वामपन्थी विद्यार्थी आन्दोलनसँग जोडिएर कम्युनिस्ट पार्टीको नजिक पुगियो । पछि त्यहि झुकाव र क्रियाशीलताका कारण नेकपा एमालेसँग आवद्ध भएर २०४९ को स्थानीय निर्वाचनबाट वडा नम्बर १४ को वडा सदस्य भएर काम गरें । त्यतिबेला अहिलेको जस्तो वडाहरु साधन र स्रोत सम्पन्न थिएनन् । विकासका काम गर्न स्रोतको अभाव थियो, तैपनी केही केही विकासको काम गरियो । अहिले भने स्थानीय तहका रुपमा स्थानीय सरकार बनेकोले महानगरसँग स्रोत र साधन ह्वात्तै बढेको छ ।

अहिले त चार वर्षमा २७ करोड बजेट वडामा आयो । यो वर्ष संघ र प्रदेशकोसहित १० करोड बजेट आयो । हाम्रो वडामा ल्यान्डफिल साइट पनि पर्ने भएकोले केही अरु वडामा भन्दा बढी बजेट आएको थियो । त्यसले गर्दा वडाबाट जनतालाई दिने सेवा र सुविधामा पनि विस्तार भएको छ। सेवाप्रवाहका दृष्टिले यो पाँच वर्षको कामबाट सन्तुष्ट छु ।

**महत्वपूर्ण काम**

- ५ किमी कालोपत्रे गरियो
- ७ किमी ढलान पनि भएको
- खानेपानी वितरण पाइप वितरण गरियो
- सिटी बसपार्क बनाउन १ करोडको योजना परेको छ

विद्यालयहरुमा भवन र कक्षा कोठा थप गरिएको





छ । विद्युतीय हाजिरी कार्यक्रम हरेक विद्यालयमा लागू गरियो । पठन पाठनको गुणस्तरमा सुधार आएको छ । सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना संख्या बढेको छ ।

कृषिमा मल, बिउ बिजन र टनेलमा अनुदान दिएको छ । वडाबाट भन्दा महानगरको कृषि शाखाबाटै वडाको सिफारिसमा यस्तो अनुदान वितरण हुने गरेको छ । लक्षितवर्गलाई विभिन्न खाले सिप विकास र आय आर्जनका लागि आवश्यक तालिम दिएको छ । कौसी खेती विकास गरिएको छ ।

महानगरले सडक सुधार र विस्तारको काममा महत्वपूर्ण प्रगति गरेको छ । महानगरसँग उपलब्ध स्रोतको तुलनामा व्यवस्थापकीय पक्ष थप प्रभावकारी बनाउन सकिएको भए अरु क्षेत्रमा पनि थप उपलब्धि हासिल गर्न सम्भव थियो ।

विषयगत समितिका संयोजक हुनेले आफू अनुकुल बजेट वितरण गर्न जोड दिए, शिक्षामा दरबन्दी मिलान राम्रोसँग भएको छैन, यसमा पनि राम्रोसँग समन्वय भएन । पूर्वाधार, शिक्षा, स्वास्थ्य, सिँचाइ लगायतमा राम्रै काम भएको छ । हाम्रो वडाका सन्दर्भमा खानेपानी सबै ठाउँमा अझै राम्ररी वितरण भएको छैन ।

वडाका जनप्रतिनिधि र पार्टीका बीच उचित समन्वय र सहकार्यको अभाव भने देखिन्छ जसले गर्दा जे जति काम भएको छ त्यसको पनि राम्रो प्रचार भएको छैन । कोरोनाका कारण कतिपय काम अघि बढाउन सम्भव भएन । यो वडामा सुकुम्वासी वस्ती निकै ठूलो छ, त्यसको व्यवस्थापनमा अझै पनि देखिने गरी काम भएको छैन । समग्रमा कतिपय कमिका बावजुद यो पाँच वर्ष महानगरले गरेका कामबाट म सन्तुष्ट नै छु ।



वडा १५

# राज्य र नागरिकका बीच पुल बनेर काम गर्‍यौं



**प्रकाश पौडेल (४७)**
वडाध्यक्ष वडा नम्बर १५



**श्री पार्वती कार्की**
वडा सदस्य



**श्री मन्दीरा परियार**
वडा सदस्य



**श्री रूकबहादुर गुरूङ**
वडा सदस्य



राजनीतिक र सामाजिक रुपमा विद्यार्थीकालबाटै सहभागी थिएँ । पछि टोल विकास संस्थामा सक्रिय भएर टोलका विकास कार्यहरुमा सहभागी हुने नेतृत्व गर्ने काम गर्दै आएँ । लामो समय पार्टीको वडा र नगर कमिटीमा रहेर काम गरेकोले स्थानीय जनताको साथ सहयोग र पार्टीको विश्वास जितेरै वडाध्यक्ष हुन पुगेको हो । विगत पाँच वर्षमा जनता र पार्टीको त्यो विश्वासमा कमी हुन दिएको छैन ।

हामी निर्वाचित भएर आइसकेपछि जनताले स्थानीय तहको सबैभन्दा तल्लो निकाय वडाबाट अभिभावकत्व पाएको अनुभव गरें । लामो समय जनप्रतिनिधि नहुँदा एक प्रकारको नेतृत्व विहीनताको अवस्था थियो । अब वडामा जनप्रतिनिधि भएपछि विकास निर्माणदेखि सेवा प्रवाहमा सहज अवस्था आउने गरी परिवर्तन भएको हेर्न चाहेको हामीले पायौं । वडा प्रतिनिधिहरुसँग विकास निर्माणदेखि सामाजिक सेवा र मानवीय विकासका क्षेत्रमा सहयोग र नेतृत्वको अपेक्षा गरेको पाइयो । जनताका प्रतिनिधिका रुपमा हामीले नै नगरपालिका र नागरिकका बीच सेतुको काम गर्ने प्रयास गर्‍यौं । वडा कार्यालयलाई व्यवस्थित गर्ने, सेवा प्रवाहलाई चुस्त दुरुस्त र पारदर्शी बनाउने काम गरेका छौं । वडाको पूर्वाधार विकासका कामलाई प्राथमिकताका आधारमा क्रमस: पूरा गर्दै जाने गरी हामीले यो पाँच वर्ष जनताकै सेवामा बिताएका छौं । वडाका सबै मूल र शाखा सडकहरु पिच र ढलान गरेका छौं । विद्युत र खानेपानीका समस्या हल गरेका छौं ।

वडालाई बाहिरी वडासँगको सम्पर्क सञ्जालमा नल्याइ यहाँ उद्योग व्यापारको विकास नहुँने भएकोले वडा नम्बर १७, ३३ र २१ हुँदै विस्तारित भूगोलसँगको सम्पर्क सञ्जाल बनाउन रातो छहरेहुँदै सडक खोलेर ओशो ध्यान केन्द्र माथि सेतीमा पुलको योजना अघि सार्‍यौं । त्यस अनुरुप त्यहाँसम्म पुग्ने सडक बनाएका छौं, १४ करोडको लागतमा पुल निर्माणको काम धमाधम भइरहेको छ । वडामा मानवीय विकास, लक्षितवर्गलाई स्वरोजगार र आय आर्जनको काममा लगाउन तालिमहरुको व्यवस्था गर्‍यौं । वडाभित्र विद्यालय जान नसक्ने या पढाउन नसक्ने परिवारका बालबालिकाको शिक्षाको जिम्मेवारी हामी लिन्छौं भनेर घोषणा पनि गरेका छौं । हरियोखर्कदेखि घलेचोकसम्म अपांग मैत्री फुट ट्र्याक निर्माण गरेका छौं । ज्येष्ठ नागरिकका क्षेत्रमा पनि काम गरेका छौं ।

वडाका प्रत्येक चोकलाई सिसी टिभीको निगरानीमा वडाकार्यालयबाटै मनिटरिङ गर्न मिल्ने गरी शान्ति सुरक्षाको कामलाई थप प्रभावकारी बनाइयो । हामीले जनतासँग निर्वाचनका समयमा गरेको प्रतिवद्धता ८० प्रतिशत जति पूरा गरेका छौं ।

यस बीचमा कोरोनाका कारण सबै काम योजना अनुरुप हुन चुनौति थपियो । यस बीचमा राजनीतिक परिचालनका सन्दर्भमा जनप्रतिनिधि र जनताका बीच सम्पर्कको काम गर्ने र विकास निर्माण लगायतका क्षेत्रमा प्राथमिकता निर्धारण गर्न पार्टीको भूमिकाको महत्व हुन्छ । तर हाम्रो पार्टी यस बीचमा झण्डै तीनवर्ष निष्क्रिय जस्तो रहन जाँदा पनि केही समस्या अवश्य भयो ।

महानगरको हकमा ८० प्रतिशत जनसंख्या भएको कोर सिटीमा भन्दा अत्यन्त न्युन जनसंख्या भएका पेरिफेरिका वडाहरुलाई सहरसँग निकट ल्याउन बजेट बढी लगानी गर्दा सहरको ब्युटिफिकेसन, सडक विस्तार जस्ता क्षेत्रमा कम काम गर्न सकियो । पोखरा बसपार्क बनाउन आवश्यक थियो त्यसमा सकिएन । विकटलाई निकट ल्याउन कनेक्टिभिटिका क्षेत्रमा महत्वपूर्ण काम भयो ।

» वडा कार्यालय भवन १० वर्षे सशस्त्र द्वन्द्वको समयमा बमका कारण ध्वस्त भएको थियो । हामी निर्वाचित भएको १ वर्षभित्रै वडा भवन निर्माण गरी सेवालाई प्रभावकारी बनाएका छौं ।
» वडा नं १५ का मूल बाटोहरु माछापुच्छ्रे मार्ग, अन्नपूर्ण मार्ग, र लक्ष्मी टोल मार्ग जीर्ण र कच्ची अवस्थामा थिए । हाल पिच गरिएको छ
» मूल बाटोहरुमा फुट ट्र्याकको काम सुरु गरी अधिकांश ठाउँमा निर्माण जारी राखेका छौं ।
» सबैभन्दा महत्वपूर्ण वडा नं १५ लाई व्यवसायिक वडा निर्माणका लागि पोखराको निर्मलपोखरी, भरतपोखरी हुँदै स्याङ्जा जोड्ने बाटो दीर्घकालीन योजनाका साथ रतिखहरेमा मोटरबाटाको ट्र्याक खोल्ने काम गरिएको छ । त्यसका लागि सेती नदीमा पुल निर्माणका लागि टेन्डर आह्वान समेत भइसकेको छ ।
» वडा नं १५ मा भएका मूल बाटोहरुसँग जोडिएका शाखा बाटोहरुलाई चक्लाबन्दी गरी व्यवस्थित ढलान बाटोमा रुपान्तरण गरिएका छन् ।
» वडा नं १५ मा खानेपानी पाइपलाइन विस्तार भएको थिएन । धेरै ठाउँमा करिब सबै ठाउँहरुमा खानेपानीको पाइपलाइन विस्तार गरेका छौं ।
» खानेपानीको दिर्घकालीन व्यवस्थापनका लागि कोलपाटनस्थित निर्माण भइरहेको ओभरहेड ट्यांकीको काम पूरा हुने चरणमा रहेको छ ।
» वन विज्ञान अध्ययन संस्थान क्याम्पसलाई राष्ट्रिय महत्व र विकासमा अनुसन्धान विज्ञ उत्पादन गर्न पहल गरी यहाँबाट सञ्चालन भएको डिन कार्यालय काठमाडौंमा स्थान्तरण गरेकोमा कानुनी



घलेचोक वन विज्ञान क्याम्पस सडक

लडाइँमार्फत् पोखरामै फिर्ता ल्याउन लगाएका छौं ।

» वडामा भएका सार्वजनिक जग्गाहरुलाई संरक्षण गरी कानुन बमोजिम सरकारको बनाएका छौं । साना साना पार्क, बाल उद्यान निर्माण सुरु गरेका छौं ।

» स्थानीय तह वडा नं १५ मा बसोबास गर्ने सुकुम्बासी बस्तीलाई भूमि सम्बन्धी समस्या समाधान आयोगको निर्देशन अनुसार भूमिहीन दलित, भूमिहीन र अव्यवस्थित बसोबासी गरी ३ किसिमले वर्गीकरण गरी लगत राख्ने काम गरेका छौं । साथै उनीहरुलाई व्यवस्थित रुपमा लालपूर्जा वितरणमा सहयोग पुग्ने छ भने बस्तीहरुमा विभिन्न भौतिक पूर्वाधारहरु पनि निर्माण गरिएको छ ।

» युवाहरुलाई प्रोत्साहन गर्न खेलकूदसँग जोड्ने गरी खेलाडी उत्पादन, टोल टोलमा भएका खेलका प्रतिभाहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले वडा अध्यक्ष कप फुटबल, दौड प्रतियोगीताको सुरुआत गरेका छौं ।


» सुखी नेपाली समृद्ध नेपालको अभियानलाई सार्थक बनाउन वडामा विभिन्न प्रकारका सीपमूलक तालिम, सञ्चालन गरी नागरिकहरुको आय आर्जन र आत्मनिर्भरतासँग जोडेका छौं ।

» वडामा भएका धार्मिक, सांस्कृतिक महत्वका मठ मन्दिर पाटीपौवाहरुको संरक्षण र समयसापेक्ष स्तरोन्नति गरेका छौं ।






श्री विष्णुदेवी नेपाली
वडा सदस्य



श्री राजेश गुरूङ
वडा सदस्य




श्री मेहरमान थापा
वडा सदस्य

वडा १६

# सबैलाई समेटेर काम गर्‍यौं



**जीवनप्रसाद आचार्य (४४)**
वडाध्यक्ष वडा नम्बर १६



महानगरको कार्यपालिका सदस्य र वडाध्यक्षका रुपमा विगत पाँच वर्षमा हाम्रा मिश्रित अनुभवहरु रहे । नयाँ संविधान बनेपछिको पहिलो निर्वाचित जनप्रतिधिका रुपमा र पहिलो पटक अभ्यासमा आएको पहिलो स्थानीय सरकारका रुपमा हाम्रा केही सिमाहरु पनि थिए । पहिलो वर्ष कतिपय कानुनहरुको अभाव रहेकोले पनि सरासर कामगर्न अवरोध र उल्झन उत्पन्न भएका थिए ।

अहिलेको संवैधानिक तथा कानुनी व्यवस्थाले वडालाई ६४ प्रकारका सिफारिसहरु दिने अधिकार र कर्तव्य दिएको छ । सबैजसोमा वडाध्यक्षको हस्ताक्षर आवश्यक पर्छ । यस्ता नियमित काममा निकै व्यस्त रहनु पर्ने भएकोले विकास निर्माणका काममा समय व्यवस्थापन गर्न समेत चुनौति छ ।

महानगरको कार्यपालिका सदस्यका रुपमा गरिने काम भने मेयर र उपमेयरले कसरी हामीलाई परिचालन गर्छन् भन्नेमा भरपर्दो रहेछ । मेयरले कार्यपालिका चलाउँदा सहयोग लिने र परिचालन गर्ने कुरामा ध्यान दिए भने उपलब्धिमूलक हुन्छ । अरु वडाध्यक्षहरुको पनि नेतृत्व र भूमिका स्थापित हुन्छ ।

विभिन्न समितिहरु छन् तर बजेट विनियोजन गरेपछि समितिका सदस्यहरुलाई जिम्मेवारी दिने परिपाटी बसाउन सकिएन । हामी वडाध्यक्षहरु कार्यपालिका सदस्यका रुपमा भूमिका खेल्नबाट एक अर्थमा बञ्चित भइयो ।

१६ नम्बर वडाका हकमा हामीले सबै दललाई समेटेर, सर्वदलीय सहभागिता गराएर निर्णय प्रक्रियामा सामेल गर्ने, सबै मिलेर अनुगमन गर्ने विधि अपनाइएकोले यहाँ सबैको चासोको सम्बोधन गर्ने परिपाटीको विकास भयो । मापदण्ड कायम गर्न सर्वदलीय बैठक र सहमति गरेर काम गरिएको थियो, योजना अनुगमनमा पनि सबैलाई सँगै लिएर हिँडियो । हामी एमालेबाट निर्वाचित प्रतिनिधिहरुलाई आफ्नो पार्टीको स्थानीयस्तरमा पूर्ण सहयोग र समर्थन रहेकोले पनि काम गर्न सहज अनुभव भयो ।

समस्यारहित काम भने यो होइन । सार्वजनिक जमीन सुरक्षा गर्न खोज्दा मुद्दा पर्ने समस्या पनि व्यहोरियो । पुल बनाउँदा पनि मुद्दा हाल्नेहरु भए र काममा उल्झन भयो ।

महानगरमा कर्मचारी र राजनीतिक नेतृत्वबीच अन्तर्विरोध रहेको देखियो, त्यसले पनि काम गर्न कठिनाइ पर्दो रहेछ । महानगरमा मेघा प्रोजेक्ट बनाउन सकिएन भन्ने पछुतो भने मलाई छ । यसमा नगरको नेतृत्व र पार्टीका बीच सहकार्य र आपसी समझदारीको कहिलेकहीँदेखिने अभावले पनि नकारात्मक भूमिका खेलेको मेरो अनुभव छ । स्थानीय निर्वाचनका पछि प्रदेश र संघीय संसद तथा उपचुनाव पनि भएकोले पनि हामीले कतिपय मामिलामा सम्झौता गर्नुपरेको थियो । यसले बसपार्क बनाउने लगायतका काममा वाधा पुग्यो । कोरोनाले दुइ वर्ष अवरोध गरेकाले पनि समस्या पऱ्यो ।

कार्यपालिकामा मनोनित सदस्यका रुपमा मनोनित हुनेहरुमा विभिन्न क्षेत्रका विज्ञहरु राख्नुपर्नेतिर आगामी दिनमा सबै जसको पार्टीले जितेपनि ध्यान दिनुपर्ने देखेको छु । समग्रमा यो पहिलो कार्यकाल उत्साहजनक रहेको मान्छु । कनेक्टिङ रोड बनेका छन्, महानगरमा सामेल भएका गाउँतिर पनि नगर विस्तार हुँदै गएको छ । शिक्षा स्वास्थ्य लगायतका भौतिक संरचना भनेका छन् । आधारभूत रुपमा जनतको दैलोमा नगर सरकार पुगेको छ । आगामी निर्वाचनपछि आउने नेतृत्वलाई अब कुनै झन्झट विना नगरका विकासका काम गर्न सहज अवस्था सिर्जना गर्न सकिएको छ, यो नै हाम्रो कार्यकालको मुख्य उपलब्धि हो ।

संघीय सरकार र प्रदेश सरकारको व्यवहार भने यस बीचमा संघीयतालाई सहयोग पुग्ने खालेको रहेन, स्थानीय तहलाई बाइपास गरेर योजना छर्ने काम अहिले पनि गरिएकै छ ।

**हाम्रो कार्यकालमा वडामा भएका महत्वपूर्ण कामहरु :**

**भौतिक संरचना**

» सुन्दरफिडदेखि गोर्खा बोर्डिङसम्म नालासहित बाटो फराकिलो
» केआइसिंह पुलदेखि महेन्द्र गुफासम्म अस्फाल्ट पिच
» सुन्दरफिडदेखि लामाचौर गण्डकी बोर्डिङसम्म अस्फाल्ट पिचका लागि टेन्डर भइसकेको
» घार्मी खोलादेखि जोगिमणी तुम्केसम्म नाला निर्माणसहित सडक फराकिलो बनाएको
» घोरकुना खोलामा मोटरेबल पक्की पुल निर्माण
» अर्मला विसौनी-घार्मी-पुरेचौर-मूलाछर्ने सडकमा कालोपत्रे
» घार्मीखोला-अर्मलाको सडक २ किमी कालोपत्रे गरेको बाँकी नालासहित निर्माणको काम भइरहेको
» महेन्द्र गुफा अगाडिको सडक विस्तार गरी चमेरेगुफासम्म स्तरोन्नति गरिएको
» जुम्लेटी-ढिकीडाँडा सडक ६ सय मिटर ढलानसहित स्तरोन्नति
» मातृ शिशु अस्पतालदेखि मदन आश्रित पार्कसम्म जाने सडक स्तरोन्नति गरिएको

**भवन संरचना**

» राष्टिय पुनर्निर्माण प्राधिकरणसँगको सहकार्यमा विन्ध्यवासिनी माविको ३२ कोठे भवन निर्माण
» शान्ति मावि जुम्लेटीमा ८ कोठे भवन र

शौचालय

- » जनता आधारभूत विद्यालयमा ४ कोठा र शौचालय
- » अन्नपूर्ण मावि टाँड विसौनामा ४ कोठा र शौचालय
- » इन्द्रराज्य माविमा गेट र शौंचालय निर्माण
- » सीता आधारभूत विद्यालयमा २ कोठे भवन र शौचालय

**सामाजिक**

- » अर्मलाकोट, रियाले र पात्लेमा एक घर एक धारा योजना सम्पन्न
- » हरिपाउ, जुम्लेटी, खहरेपानी बृहत खानेपानी आयोजना निर्माणको चरणमा
- » बढहरबोट-चिप्लेकुना खानेपानी विस्तार गरिएको

**स्वास्थ्य**

- » मातृशिशु मितेरी अस्पताललाई ५० शैय्यामा स्तरोन्नति गरी सुविधा सम्पन्न अस्पतालका रुपमा विकास
- » अर्मला प्राथमिक स्वास्थ्य केन्द्रको नयाँ भवन निर्माण गरी सेवा सञ्चालन
- » मातृ शिशु अस्पतालमा कोबिड वार्ड सञ्चालन गरी निशुल्क उपचार र खानाको समेत व्यवस्था
- » महेन्द्र गुफा पार्कलाई चिल्ड्रेन पार्कका रुपमा स्तरोन्नति

**पर्यटन**

- » अर्मलाकोट, रञ्जित, गर्लाङ र हरिपाउमा सामुदायिक होमस्टे सञ्चालन गराइएको
- » ढिकीडाँडालाई पर्यटकीय स्थलका रुपमा विकास गर्न पूर्वाधार निर्माण
- » अर्मलाकोटदेखि चोकोडाँडासम्म फुट ट्र्याक निर्माण

- » विद्युतीकरणका क्षेत्रमा पोल विस्तार गरी १ सय ५० अति विपन्न परिवारलाई मिटर जडानको लागि अनुदान दिएका

**सिँचाइ**

- » चिप्ले कुना सिँचाइ कुलो निर्माण
- » कालीखोला पिप्ले कुलो
- » तल्लो मजुवा र उपल्लो मजुवा २ वटा कुलो निर्माण

**जलाधार**

- » कालीखोला जलाधार संरक्षण कार्यक्रम अन्तर्गत विभिन्न ठाउँमा चेकड्याम निर्माण

**आय आर्जन**

- » कृषि हाट बजार व्यवस्था
- » व्यवसायिक कृषि कार्यलाई प्रोत्साहन गरेको
- » महिला र विपन्न समुदाय लक्षित विभिन्न तालिमहरु सञ्चालन गरी आय आर्जनका क्षेत्रमा लाग्न सहयोग गरेको

**विविध**

- » श्रवणकुमार ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र निर्माण
- » मदन आश्रीत पार्कमा सभाहलसहितको पार्क निर्माण
- » गन्धर्भ सँग्रहालय भवन निर्माण गरिएको (गायक टोल)
- » विन्ध्यवासिनी क्याम्पसलाई शिक्षा विकासका लागि अनुदान

**खेलकुद**

- » बढहरबोट खुल्ला व्यायामशाला निर्माण



पोखरा १६ घोरकुना पुल



पोखरा १६ घोरकुना पुल उद्घाटन गर्दै प्रमुख मानबहादुर जिसी



श्री राधिका शाही योगी
कार्यपालिका सदस्य



श्री तारादेवी परियार
वडा सदस्य



श्री शान्तादेवी गुरूङ
वडा सदस्य



श्री वैकुन्ठ भण्डारी
वडा सदस्य

वडा
१७

# विकासका लागि पूर्वाधार प्राधिकरण आवश्यक छ



**तीर्थराज अधिकारी (६२)**
वडाध्यक्ष वडा नम्बर १७



**राष्ट्रबैंक चोक बिरौटा सडक**

म व्यवसाय गरिरहेको मान्छे । पार्टीमा पनि लामो समय काम गरियो, संगठन र अन्य गतिविधिमा पनि नियमित रुपमा सहभागी भइयो । गत निर्वाचनमा मलाई साथीहरुले नै तपाई उठ्नोस भन्नु भयो, अनुभव प्रयोग गर्नुस भन्नु भयो । जनताले पनि साथ दिनुभयो ।

महानगरको समग्र योजनावद्ध विकासका लागि प्राविधिक जनशक्तिसहितको विकास प्राधिकरण चाहिन्छ भन्ने मेरो अवधारण थियो, महानगरमा मैले प्रस्ताव पनि गरेको थिएँ तर त्यसलाई लागू गराउन सकिएन् । महानगरका महाशाखाहरुलाई वडाध्यक्षहरुसँग टाइअप गर्नुपर्छ भन्ने मेरो प्रस्ताव थियो । वडाहरुको पनि क्लस्टर बनाएर डिभिजनमा लाने, कुन वडामा के गर्ने भन्ने त्यसले प्रस्ताव ल्याउँथ्यो । त्यसो गर्दा काम गर्न र समग्र टिम परिचालन गर्न पनि सहयोग पुग्छ । हामीलाइ आरम्भमा आवश्यक ऐन कानुनहरुको पनि अभाव भयो, प्राधिकरण बनाउने कुरा पनि कानुन नबनेर अल्झेको हो । संघीय प्रणालीका तीन तहका सरकारको बीच सम्बन्ध सुधार गर्नुपर्ने देखिन्छ । पहुँचका आधारमा प्रदेश र संघीय सरकारबाट बजेट आउँछ । संघीय र प्रदेश संसदका माननीयहरुले पनि स्थानीय वडाहरुसँग समन्वय नगरी बजेट दिने गर्दा समस्या हुन्छ । तीन तहका सरकारहरुको बीच समन्वय र सम्वाद नभइ संघीय बजेट पनि ल्याउन हुन्न भन्ने मेरो मान्यता हो । फेवातालको मापदण्ड सम्बन्धी समितिको संयोजक छु । मापदण्ड

निर्धारणको प्रतिवेदन बुझाइयो र महानगरको कार्यपालिकाले हाम्रो प्रतिवेदन अनुसार मापदण्ड पनि तोकिसकेको छ ।

महानगरले कनेक्टिभिटी सडक सबै वडामा पुऱ्याएको छ, यो भिजिबल प्रोजेक्ट हो ।

क्षेत्रफल १०.५ वर्ग किमी रहेको यो वडामा ७० हजार जति जनसंख्या छ, पुतलीबजार नगर पालिकाको ५५ हजार होला । अर्थात यो वडा आफैमा एउटा नगरपालिका जत्रो हो । बजेट निर्धारण गर्दा भूगोल र जनसंख्याको आधारमा समानुपातिक आधारमा वितरण हुन्छ । महानगरको बजेट, प्रदेश सरकारको र संघीय सरकारको योजना आउँछन, बजेट आउँछ त्यसलाई परिचालन गरेर विकास निर्माणका काम भइरहेका छन् ।

गण्डकी प्रदेशकै राम्रो खेलमैदान हाम्रो वडामा छ (पावरहाउस फुस्रे खोला खेल मैदान) त्यहाँसम्म जाने सडकका लागि सहयोग चाहिएको छ । यो मैदानलाई ५ सय रोपनीसम्म फैलाउन सकिन्छ । महानगरमै सबैभन्दा बढि परियोजना प्रस्ताव तयार गर्ने हामी नै हौं । प्रदेश सरकार बदलिएकै कारण बिरौटा चोकदेखि बाघमाराहुँदै कोत्रे निस्कने सडक विस्तारका लागि आएको बजेट काम हुँदाहुँदै रोकियो ।

**हाम्रो कार्यकालमा :**

- राष्ट्रबैंक चोकदेखि बिरौटा चोकसम्म पहिलो अस्फाल्ट पिच गरियो
- खानेपानीका क्षेत्रमा एक घर एक धारा अवधारणा अनुसार काम भएको छ । वडामा ४५ किमी खानेपानी पाइप विस्तार भएको छ
- सामुदायिक विद्यालयको स्तर सुधार भएको छ
- गुप्तेश्वर बहुमुखी क्याम्पसमा सामुदायिक स्तरमा होटल म्यानेजमेन्ट विषयको पढाइ भएको छ, गुफाको आयस्ताबाट यो चल्छ ।
- छोरेपाटन मावि गण्डकीकै उत्कृष्ट माविमा पर्छ, पाताले छाँगोबाट हुने आयले यसको सञ्चालनमा भरथेग भएको छ
- महत गौंडाको आधारभूत विद्यालयलाई मावि बनाएर राम्रोसँग चलेको छ
- मुस्ताङ चोकको पार्दी मावि पनि पूर्वाधारहरुमा स्तरोन्नति गरेर राम्रो गुणस्तरसहित चलेको छ

हामी आएपछि पहिलो काम दामोदर कुना छोरेपाटनको भलपानी को डुबान क्षेत्रको पानी निकास दिएर फुस्रेखोलामा लगियो र एकतरहले समस्या समाधान गरियो

हामी आउँदा स्वास्थ्यकेन्द्र थियो, त्यसैबाट सेवा दिइन्थ्यो । त्यसको भवन बन्दै थियो, असरल्ल थियो, भवन बनाएर सहरी स्वास्थ्यकेन्द्र सञ्चालनमा छ । सेवा प्रवाहका दृष्टिले वडामा भएका सुधारबाट म सन्तुष्ट नै छु । अझ राम्रो गर्न सकिन्छ होला, तर त्यसका लागि नीति र राजनीति दुबै सही हुनुपर्छ ।

वडा १८


# सबैभन्दा सन्तोष खानेपानी पुऱ्याउँदा



**रणबहादुर थापा (६६)**
वडाध्यक्ष वडा नम्बर १८




**श्री भोजकुमारी थापा**
**वडा सदस्य**



**श्री सरला नेपाली**
**वडा सदस्य**



**श्री हरिप्रसाद लम्साल**
**वडा सदस्य**



**श्री ज्ञानबहादुर थापा**
**वडा सदस्य**




**पोखरा १८ सराङकोट कनेक्टिङ सडक**

०५३ फागुनमा नेपाल आर्मीबाट अवकास लिएपछि ०५४ सालमा नेकपा एमालेमा प्रवेश गरें । त्यसपछि नेपाल भूतपूर्व सैनिक संगठनको जिल्ला सदस्य भएर काम गरें । ०५५ मा सँगठित सदस्य, २०६४ मा गाउँ पार्टीको उपाध्यक्ष भएर दुई कार्यकाल काम गरें । पछि दुई कार्यकाल पार्टीको गाउँ अध्यक्ष भएर काम गरें । अहिले जिल्ला कमिटिको सदस्य छु । मैले शान्ता माध्यामिक विद्यालय व्यवस्थापन समिति अध्यक्ष भएर काम गरें । सराङकोट बुढीमूल लिफ्टिङ खानेपानी आयोजनामा अध्यक्ष भएर काम गरें । ०७४ को निर्वाचनमा पार्टीले मलाई उम्मेदवार बनायो र आम नागरिकले नै मलाई वडाध्यक्षको रुपमा निर्वाचित गर्नुभयो ।

मैले गरेको सबैभन्दा राम्रो काम खानेपानीको क्षेत्रमा हो । १५ सय घरमा एक घर एक धारा कार्यक्रम सफल भएको छ । बाँकी पनि योजना चालु अवस्थामा छ । अहिले संघीय सरकारले बजेट काटेकाले योजना सम्पन्न गर्न वाधा पुगेको छ ।

सडक सञ्जाल सबै टोलमा पुग्यो । शैक्षिक क्यालेन्डर लागू भएको छ । सामुदायिक विद्यालयमा पनि अंग्रेजीमा पढाइ गरिएको छ । शान्त विद्यालयमा बस व्यवस्था गरिएको छ ।

स्वास्थ्य चोकी भनवमा अर्को भवन थपेर बर्थिङ सेन्टर बनाइयो । भकुण्डेमा सहरी स्वास्थ्य केन्द्रको भवन निर्माण गरेर सेवा सञ्चालन भएको छ । वडा कार्यालय व्यवस्थापन गरियो सेवा प्रवाहमा सहज भयो । कृषि तथा पशु सेवा केन्द्र स्थापना गरेर वडाको बजेटमा कृषि प्राविधिक राखेर काम सुरु गरिएको छ ।

फेवा जलाधारले स्थापना गरेको नर्सरीमा अहिले महानगरको बिउबिजन महाशाखाले नर्सरी सञ्चालन गरेर बिरुवा उत्पदन गरेर वितरण गर्दै आएको छ । तीन वटा दलित बस्तीमा एक घर एक करेसाबारी कार्यक्रम, टनेल दिने बिउ बिजन दिने गरियो । यसले घरघरमा हरियो परियो साग सब्जी खाने अवस्था बनेको छ । सय जनालाई सिप विकास तालिम दिइयो । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सय जनालाई काम दिइयो ।

महानगरको हकमा कनेक्टिङ रोडको अवधारणा अनुसार भएको काम महत्वपूर्ण रहेको छ । यसले मुख्य सडकहरु र शाखा सडकहरु बनेका छन् । यो काम देखिने खालको छ । अस्फाल्ट गर्ने काम पनि राम्रो भयो । मेयरले सम्झौता गरेर थालिएको मर्दी खानेपानी योजना पनि यो समयको महत्वपूर्ण काम हो पोखराका दृष्टिले । यही आयोजनाबाट लिफ्टिङ गरेर मर्दीको पानी पनि हाम्रो वडाका केही भागमा ल्याउने योजना छ ।

महानगको पहलमा हाम्रै वडाम राष्टिय विभूति पार्क बनेको छ । यो पनि महत्वपूर्ण काम हो महानगरले सम्पन्न गरेको । खुल्ला व्यायामशाला निर्माणको राम्रो काम भएको छ । कोभिड नभएको भए अझ बढी काम हुन्थ्यो ।

प्रशासन अझै आवश्यक मात्रामा सुधार भएन । यस मामिलामा हाम्रो टिमको केही कमजोरी रहेको हो । कर्मचारी प्रशासनले खासै सहयोग गरेन । वडाध्यक्षहरुले पनि मेयरलाई गर्नुपर्ने सहयोग गरिएन कि जस्तो लाग्छ । वितग पाँच वर्षमा वडामा गरेका कामबाट म पूर्ण सन्तुष्ट छु ।





श्री कोपिला के.सी.
वडा सदस्य



श्री तारादेवी परियार
वडा सदस्य



श्री कृष्णप्रसाद गौतम
वडा सदस्य



श्री कमलप्रसाद बास्तोला
वडा सदस्य

वडा
१९

# घरघरमा सरकार पुगेको छ



**शोभामोहन पौडेल**
वडाध्यक्ष वडा नम्बर १९/सचेतक



संघीय प्रयोगको पहिलो जनप्रतिनिधिको रुपमा हामी आइसकेपछि जनताको घरघरमा सरकार पुग्ने गरी काम गरेको हामीलाई अनुभव भएको छ । तर स्थानीय निर्वाचन भएर सरकार बनिसकेपछि पनि स्थानीय सरकार सञ्चालन गर्ने विधि र कतिपय कानुनहरु नआउँदा सरकार हतियार विहीन बन्न पुग्यो । शिक्षाको जिम्मेवारी स्थानीय तहलाई दिने तर त्यसका लागि चाहिने ऐन कानुन अहिले पनि नबनेको अवस्था छ ।

प्रदेश सरकार कुन उद्देश्य लक्ष्य र विधिमा चलेको छ भन्ने अत्तोपत्तो छैन । संघीय सरकार र कर्मचारी संयन्त्र पनि स्थानीय तहको नेतृत्वलाई अविश्वास गर्ने, संविधानले दिएको अधिकार प्रयोग गर्नबाट रोक्ने र कतिपय सन्दर्भमा स्थानीय तहका अधिकार खोस्नेतिर लागेको अनुभूति हुन्छ । यसले गर्दा पनि स्थानीय तहका सरकारहरुले पूर्वाधार निर्माण, आर्थिक विकास र सामाजिक सेवाका क्षेत्रमा जे जस्तो काम गर्न सक्थे त्यति गर्न पाएका छैनन् ।

साझा अधिकारका विषय छन् । तर यसको समन्वय गरेर साझा अधिकारको उपयोगलाई सहजीकरण गर्ने काम भएको छैन । प्रदेश सरकारसँग वित्तीय अनुशासनको विधि पनि भएन । प्राविधिक जनप्रतिनिध र प्रशासनीक क्षेत्रको जनशक्तिको व्यवास्थापनमा पनि समस्या रहेको पाइयो । एउटा सरकार बदलिएर अर्को आउने वित्तिकै योजना फेरिने, खोसिने अवस्था आयो । व्यक्ति बलियो छ, बोलक्कड छ, पहुँच भएको छ भने स्रोत बढी पाउने नसक्नेले नपाउने अवस्था पनि छ ।

**स्रोत माथिको पहुँच**

वडामा पहिले बजेट आउँदैनथ्यो । चारवर्ष लडेपछि बल्ल गत सालबाट वडालाई बजेट दिन थालियो । वडामा आउने बजेट, महानगरले सोझै दिने वडास्तरका कार्यक्रम र अन्तरवडा पूर्वाधारमा लगानी गर्ने बजेट, प्रदेश सरकारबाट

दिइने योजनागत बजेट र संघीय सरकारका तर्फबाट वडाका योजनामा परेका बजेटका आधारमा हामी पूर्वाधारका क्षेत्र लगायतमा लगानी गर्छौं । हाम्रो योजना छनोट प्रक्रिया समुदायस्तरसँग प्रत्यक्ष गाँसिएको हुन्छ । समुदायबाट योजना छनोट र माग आएपछि हामी त्यसलाई प्राविधिक रुपले अध्ययन गरेर अघि बढाउँछौं । यसबाट छनोट गरेर योजना बैंक बन्छ ।

तर, हामीलाई एउटा समस्या अनुभव भएको छ । वडास्तरका जनप्रतिनिधि र वडाको नेतृत्व गर्ने सचिवलाई योजना छनोट, सञ्चालन र अनुगमनका लागि पर्याप्त तालिम र ज्ञान छैन । वडास्तरका योजनाको दबाब झेल्न सक्ने गरी वडा अधिकृतहरुको स्तर विकास भएको छैन । न हामीलाई पार्टीले गतिलो अभीमूखीकरण तालिम दियो न सरकारका तर्फबाट नै यस्तो तालिम दिइयो । व्यवहारमा जे आइलाग्छ त्यसलाई समाना गर्दै जाँदा जे सिकियो त्यही गरियो ।

**महत्वपूर्ण काम**

यो उत्तरी क्षेत्रको पर्यटन विकासको लागि उच्च सम्भावना भएको लामाचौर माछापुच्छ्रे सडकको डिपिआर तयार भएको छ ।

पुरञ्चौर-घाचोक सम्पर्क सडकको कालोपत्रेन्याय सम्पादका हिसाबले हामीले यो वडालाई अरु भन्दा असल अभ्यास गरेका छौं । आर्थिक अवस्था कमजोर भएका, आवाजविहीनहरु, विपन्न र सिमान्त समुदायका भै झगडा र मुद्दा मामिला हामीले यहीं निर्णयमा पुऱ्याउने व्यवस्था मिलायौं । १९० मुद्दा त यहींबाट लिखित निर्णय गरेर किनारा लगाएका छौं । मौखिक रुपमा वडाध्यक्षका तर्फबाटै भएका फैसला या दिइएका न्यायको संख्या त हजार पनि पुगे होलान । हामीले यहाँको झगडा महानगरसम्म जान दिएनौं । जुन मुद्दा प्रक्रियाकै रुपमा जिल्लातिर पुग्यो त्यसमा पनि पीडित पक्षलाई हामीले खर्चे व्यहोरेर या विभिन्न ढंगले सहयोग गरेर न्यायमा पहुँच स्थापित गर्न सहयोग गरेका छौं । लोग्नेबाट अंश नपाएका महिलाका सन्तानले त्यही अंश नपाएका कारण पढ्न नपाएको र हामीले अंश दिलाएपछि सन्तानले डक्टरी पढेका छन् । यस अर्थमा हामीले उनीहरुलाई डक्टरी पढ्न पनि सहयोग गरेका छौं । यस मामिलामा मलाइ गर्व छ ।

हाम्रै वडाका एक जना ज्येष्ठ नागरिकले उमेर पुगेपछि पनि ६ महिना कुरेपछि मात्रै वृद्ध भत्ता पाउने परम्पराविरुद्ध हामीलाई मुद्दा हाल्नु भयो । त्यो हाम्रा बीचको सहमतिमै भएको थियो । उक्त मुद्दा मन्त्रीपरिषदसम्म पुग्यो र उमेर पुगेको मितिदेखि नै भत्ता पाउने नीतिगत निर्णय भयो । यसमा हामी उदाहरण नै बनेका छौं ।



वडामा तीन वटा मावि र ६ वटा आधारभूत विद्यालय छन् । दुइटा माविमा ८ कोठे पक्की भवन बनायौं ।

भारती भवन माविको अन्य सुविधा विस्तार गरिएको छ । हामी भारती भवनको गुणस्तरको अवस्था निजी विद्यालय भन्दा कम छैन, पुस्तकालय राम्रो बनाइएको छ । विद्यार्थी संख्या पनि तीन वटै विद्यालयमा राम्रो छ ।

महानगरलाई हामीले निर्वाचित भएर जानु भन्दा अघि राम्ररी बुझेका रहेनछौं । घोषणापत्र बनाउनेहरुले निर्वाचनमा जनतालाई भ्रम पार्ने र मत माग्ने उद्देश्यले बढाइचढाइ गरेको जस्तो लागेको छ । घोषणापत्रले बोकाएको भारी स्थानीय तहले बोक्नसक्ने वास्तविक क्षमतासँग मेल खाने खालको थिएन । सिकाइ के भयो भने अवास्तविक या काल्पनिक योजना अघि सारेर जान हुँदैन ।

जस्तो स्मार्ट सिटीको अर्थ नै नबुझिकन हामीले स्मार्ट सिटीको नारा दियौं । नागरिक स्मार्ट बनाउने कल्पना नगरी भौतिक संरचनामा स्मार्ट सिटीको कुरा गरियो । त्यो त लागू हुने कुरा भएन ।

हाम्रो समयमा महानगरमा भएको सबैभन्दा राम्रो काम भनेको भित्री सडकहरुको निर्माण हो । त्यो अत्यन्त धेरै भएको छ ।

वडामा आएपछि सबैकुरा पारदर्शी छ र भ्रष्टाचार भएको छैन, भएकै भएपनि अत्यन्त कम छ । ३३ वटै वडामा भवनहरु या त नयाँ बनेका छन् या त मर्मत स्तरोन्नति गरेर सेवाग्राहीलाई सहज रुपमा सेवा लिन सक्ने अवस्थामा लगिएको छ । यसले सुशासन कायम गर्न सघाउ पुगेको छ ।

अर्को राम्रो काम पिचको ठाउँमा अस्फाल्ट प्रयोग गरेर सडकहरुको आयु बढाएको छौं ।

हामीले यो वडालाई चर भागमा बाँडेका छौं । त्यसलाई चार जना वडा सदस्यले हेर्नुहुन्छ । पाँचवटा विभागहरु छन् । हामी सबैले त्यसमा जिम्मेवारी विभाजन गरेर काम गरेका छौं ।

मलाई गर्न चाहेको र नसकेको चैं माछापुच्छ्रे सडकको फुट ट्र्याक बनाउन पाएको भए हुन्थ्यो भन्ने छ । अर्को कुरा अब भौतिक पूर्वाधारको काम त धेरै गरियो तर मानवीय विकासमा पर्याप्त काम गर्न सकिएको छैन । यसैगरी स्मार्ट सिटी हैन न्युनतम प्रविधिको ज्ञान भएका स्मार्ट नागरिक बनाउनु पर्छ त्यसका लागि वडाले लगानी गर्नुपर्छ भन्ने मलाई लागेको छ । आउने निर्वाचन पछि जो आएपनि त्यता ध्यान दिए भने समाज राम्रो बन्छ ।






श्री लक्ष्मी सुवेदी
वडा सदस्य



श्री मनबुजा वि.क.
कार्यपालिका सदस्य



श्री मोतीप्रसाद पौडेल
वडा सदस्य



श्री भीमप्रसाद बास्तोला
वडा सदस्य

वडा
२०

# हामी वडाको विकासमा केन्द्रित भएका छौं



**सीम गुरूङ**
वडाध्यक्ष वडा नम्बर २०



निर्वाचित भएर आएसँगै वडाको विकासमा हामीले महत्वपूर्ण कामहरु गरेका छौं । वडा सदस्यहरु, वडावासीहरु लगायत यहाँका बुद्धिजीवी, अन्य राजनीतिक दल र समाजका अगुवाहरुसँग सहकार्य गर्दै वडाको विकासमा हामी केन्द्रित भएका थियौं । सबैको प्रयास र सहभागितामा भौतिक, सामाजिक, सांस्कृतिक, आर्थिक र पर्यावरणीय विकासका महत्वपूर्ण कामहरु सम्पन्न भएका छन् ।

**भौतिक विकास**

यस अवधिमा भलाम ज्यालेचौर मौजा सडकको भलाम खण्ड कालोपत्रे गरिएको छ । मदन आश्रित पार्कदेखि भलाम सडक स्तरोन्नित गरिएको छ । भलामखोला चौरीपाटन देउराली हरिहरगुफा डाँडागाँउ अर्मला सडक कालोपत्रे गरिएको छ । भलामखोला सिँचाइ योजना



सम्पन्न गरिएको छ । महानगरपालिकाको पहलमा कनेक्टिङ सडक निर्माण गरिएको छ । यस अवधिमा वडामा करिब १६ सय मिटर अस्फाल्ट पिच गरिएको छ । भने ७ सय मिटर सडक कालोपत्रे तथा मर्मत गरिएको छ । १८ सय मिटर सडक ढलान र ३ हजार मिटर नयाँ ट्र्याक खोलिएको छ ।

स्यानीखोला पुल (वडा १३देखि २० जोड्ने पुल) मोहरिया काफलडाँडा झोलुंगे पुल, साउनेखोला कल्भर्ट निर्माण सम्पन्न गरिएको छ । वडामा रहेको महेन्द्र माविमा चार कोठे भवन निर्माण गरिएको छ । आँटीघर सार्वजनिक शौचालय, हरिहर आमा समूह भवन निर्माण, कुरागाँउ साँस्कृतिक थलो निर्माण, हरिहर सन्यास आश्रम भवन, शिवमन्दिर घारी सामुदायिक भवन निर्माण भएका छन् ।

मौजा शुक्लाडाँडा पार्क र हाइ अल्टिच्युड खेल मैदान पनि वडाको विकासका महत्वपूर्ण कामहरु हुन् ।

**सामाजिक विकास :**

वडाभित्र रहेका सबै विद्यालयमा इन्टरनेट जडान भएको छ । विभिन्न स्थानमा निशुल्क स्वास्थ्य शिविर, कोभिड १९ क्वारेन्टाइन व्यवस्थापन तथा राहत वितरण कार्यक्रम गरिएको छ । वडामा एक घर एक धारा कार्यान्वयनमा रहेको छ । स्थानीयको क्षमता अभिवृद्धि तालिम, ज्येष्ठ नागरिकसम्मान तथा भ्रमण, घरघरमा औषधी वितरण जस्ता कामहरु वडाले गरेको छ ।

**आर्थिक विकास**

संघ, प्रदेश महानगर, वडा कार्यालयको सहकार्यमा कृषि, पशुपालन, उद्योग, सहकारी, पर्यटन विकासका लागि काम गरिएको छ । व्यवसायिक फर्म दर्ता एवम कृषक वर्गीकरण, बाख्रा पकेट क्षेत्र विस्तार, उन्नत जातका बोका तथा राँगा वितरण, कृषि यान्त्रिकीकरण, वीरेन्द्र गुफा र हरिहर सन्यास आश्रम संरक्षण र संस्थागत विकास तथा सेवा प्रवाह समेतमा वडाले काम गरेको छ ।

**संस्थागत विकास :**

वडाले राजश्व, व्यवसाय दर्ता, तथा घरनक्सा सफ्टवेयर प्रविधिमा सञ्चालन गरेको छ । वन तथा वातावरण, विपद् व्यवस्थापनका लागि पनि वडाले महत्वपूर्ण कामहरु गरेको छ ।

साथै विद्यालय, स्वास्थ्य संस्था, आमा समूह, सामुदायिक भवन, मठ मन्दिर, पार्टी पौवा, प्रतीक्षालय लगायत अन्य भवन निर्माण मर्मत तथा रंगरोगन समेत गरिएको छ । आँटीघर गाउँघर क्लिनिक, डाँडाघर गाउँघर क्लिनिक, मौजा गाउँघर क्लिनिक, देउराली मन्दिर निर्माण समेत वडामा भएका विकासका कामहरु हुन् ।



**श्री अम्बिका थापा**
**वडा सदस्य**



**श्री नन्दलाल अधिकारी**
**वडा सदस्य**



**श्री रामबहादुर गुरूङ**
**वडा सदस्य**

**वडा २१**

# हाम्रो वडा पर्यटकीय गन्तव्य बनेको छ



**खगराज आचार्य (५४)**
वडाध्यक्ष वडा नम्बर २१



घाचोकको शुक्लागण्डकी माविमा अध्ययन गर्ने क्रममा आठ कक्षाबाटै अनेरास्ववियूमा आवद्ध भएर राजनीतिमा सामेल भएको थिएँ । पृथ्वीनारायण क्याम्पस अध्ययन गर्दा पनि अनेरास्ववियूका विभिन्न जिम्मेवारीमा रहेर काम गरें । ०४७ मा युवासंघको सदस्य र ०५१ मा पार्टी सदस्य भएर लगातार काम गरिरहेको छु । निर्मलपोखरी गाउँपार्टी कमिटीमा सदस्य, उपसचिव र सचिव भई काम गरेको, इलाका सदस्यको रुपमा तीन कार्यकाल पूरा गरेको हुँ । ०५१ सालमा दोबिल्लादेखि निर्मलपोखरीसम्मको बाटो निर्माण समितिको कोषाध्यक्ष भएर काम गरें, घरजग्गा धितो राखेर चाइनिज क्याम्पबाट डोजर लगेर बाटो बनाइयो । ३८ दिनमा सडक बन्यो । यो सफलतापछि भरतपोखरी, कृष्ती र निर्मलपोखरी तिनै गाविसका जनताले खानेपानी योजनाको अध्यक्ष बनाए । ०४२ सालदेखि सुरु भएर सम्पन्न नभएको निर्मलपोखरी वृहत खानेपानी योजना मेरै नेतृत्वमा सम्पन्न भयो । मुख्य लाइन ३२ किमी, शाखा ३० किमी भएको यो खानेपानीको ६ वर्ष अध्यक्ष भएर काम गरें, २ करोड ६ लाखको यो आयोजना ०५९ मा सम्पन्न गरी हस्तान्तरण गरेकोले गाउँमा मेरो सामाजिक आधार बनेको थियो ।





पर्यटन क्षेत्रमा पनि पोखरा टानको कोषाध्यक्ष, सचिव, महासचिव र उपाध्यक्ष भएर काम गरें । यही अनुभवका कारणले ०६६ मा नेपाल सरकारले राष्ट्रिय पर्यटन परिषद्मा सदस्यका रुपमा मनोनयन गरेको थियो ।

जेसिजमा रहँदा भरतपोखरीको कालिकास्थानमा अन्नपूर्ण हेल्थपोस्ट बनाउन योजना पारी काम सम्पन्न गरेको अनुभव पनि मलाई हासिल थियो । समाजशास्त्रमा एमएसम्म अध्ययन गरेको, ल र ग्रामीण विकासमा स्नात्तकोत्तर गरेको शैक्षिक योग्यताले पनि मलाई सामाजिक क्षेत्रमा सक्रिय हुन वैचारिक आधार दिएको थियो । यसै पृष्ठभूमिमा म वडा नम्बर २१ मा वडाध्यक्ष पदमा निर्वाचित भएको हुँ ।

मेरो कार्यकालमा वडाबाट प्रवाह हुने सेवाको प्रभावकारिताका दृष्टिले म, महानगरमै अग्रणी स्थानमा छु । विकासका दृष्टिले फिल्ड भिजिट, जनसंख्या र योजनाको प्राथमिकीकरणका आधारमा काम गर्दा म असफल कहीं पनि भइन् । मैले वडाको कामलाई निम्न अनुसारको प्राथमिकता क्रममा राखेर काम गरेको थिएँ :

पहिलो वर्षदेखि नै पर्यटकीय गुरुयोजना बनाएर काम गरेको कारणले वडा नम्बर २१ नयाँ पर्यटकीय गन्तव्यका रुपमा स्थापित भएको छ । लिंक रोड र सहरसँगको सहज सम्पर्क भएपछि वडावासीको आर्थिक गतिविधि बढ्दै गएको छ । उत्पादनको काममा बढोत्तरी आएको छ, तरकारी उत्पादन बढेको छ । बाख्रा तथा भैंसी पालन बढ्यो । यी सबै क्षेत्रमा अनुदान, तालिमको व्यवस्था, मौरी वितरण बिउ वितरण गरिएको छ । यतिबेला पनि नै लहरे बालीको तालिम गरिएको छ जसमा १ सय ६० जना किसान सहभागी छन् । ५० जना भन्दा बढीले डकर्मी तालिम लिएका छन् । मानवीय विकासको पक्षलाई ध्यान दिएर नयाँ प्रविधि, मानिस र प्रक्रियाका बीच अन्तर्क्रिया हुने अवस्था सिर्जना गरियो । त्यहाँका परिवारको जीवनशैली नै परिवर्तन भएको छ । पढ्न र सिक्न उत्सुकता बढेको छ । प्रक्रिया पनि सिक्नुपर्ने रहेछ, त्यो पूरा नहुँदा कराएर मात्र काम हुन्न भन्ने थाह पाएका छन् ।


समाजशास्त्रीय या ग्रामीण विकासको अवधारणा अनुसार विपन्न वर्गलाई अघि बढाउने विषयमा पनि काम गरें । ७ वटा दलित बस्तीमा गएर उनीहरुकै छनोटमा ७० जना विपन्न परिवारको छनोट गरियो । विपन्न वर्गसँग जनप्रतिनिधि कार्यक्रम अन्तर्गत यी परिवारको उत्थानमा सहयोग गर्ने अभियान अघि बढ्यो । यसले लक्षित वर्ग कार्यक्रमलाई प्रभावकारी र परिणाममुखी बनाएको छ । पाँच वर्षमा महानगरले प्राथमिकता तय गरेर काम गर्न सकेन जस्तो लाग्छ । दुई वर्ष यता पि वान मोडलमा काम गर्न थालेपछि अलिकति कामले गति लिएको छ । आफ्नो कार्यकालका उपलब्धिबाट पूर्ण सन्तुष्ट छु ।




श्री ओमकुमारी गुरूङ
वडा सदस्य



श्री सीता वि.क.कामी
वडा सदस्य



श्री मातृकाप्रसाद बराल
वडा सदस्य



श्री चेतभक्त शर्मा बराल
वडा सदस्य

वडा
२२

# टोल टोलमा स्वास्थ्य परीक्षण



**मित्रलाल बराल, (७४)**
वडाध्यक्ष वडा नम्बर २२



स्थानीय तहको निर्वाचन पश्चात हामी प्रतिनिधि भएर आएपछि वडाका सबै बासिन्दालाई आधारभूत स्वास्थ्य सेवामा पहुँच होस् भनेर टोलटोलमा ३१ वटा स्वास्थ्य आमा समूह गठन गरियो र सचेतना कार्यक्रममा सहभागी गराइयो। स्वास्थ्य शिविरहरु सञ्चालन गरियो। पूर्ण खोप वडा, पूर्ण साक्षरता वडा घोषणा गराइयो। तुलसी बाटीका भन्ने संस्थासँग मिलेर टोलटोलमा सामान्य स्वास्थ्य परीक्षण हुन्छ, आरोग्य नागरिक स्वास्थ्य केन्द्र स्थापना गरिएको छ। वडामा २५ वटा टोल छन्, ३१ जना स्वास्थ्य स्वयंसेविका छन्। एम्बुलेन्स सेवा सञ्चालन गरिएको छ सहरी स्वास्थ्य केन्द्र सञ्चालनमा छ।

सबै टोलमा ज्येष्ठ नागरिक समिति छ। नागरिकहरुको बैठक राखेर मासिक १ सय राखेर सहकारी सञ्चालन गरिएको छ। बगुवामा ज्येष्ठ नागरिको दिवा सेवा केन्द्र बनेको छ। महानगरको सहयोगमा कोभिडको समयमा सुत्केरीलाई राहत दिने काम गरियो।

पावर टेलरदेखि थोपा सिँचाइ लगायतको सामग्रीमा अनुदान दिने व्यवस्था गरिएको छ। यसले कृषिको उत्पादकत्व बढेको छ। कृषि संकलन केन्द्र सञ्चलन गरिएको छ, यसले किसानको उत्पादन संकलन गर्छ र बजार पुऱ्याउन सहयोग गर्छ। पशुपालनमा पनि अनुदानको व्यवस्था छ, दुग्ध उत्पादन बढेको छ। महिला सशक्तीकरणमा महिला हिँसा विरुद्धको कार्यक्रम हरेक वर्ष सञ्चालन भयो, लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यविधि लागू गरिएको छ। आय आर्जनका

लागि माला, चुरापोते बनाउने गुडिया बनाउने तलिम सञ्चालन गरियो ।

कुल घर धुरी २०५० रहेको वडाका १६५० घर धुरीमा एक घर एक धारा कार्यक्रम भएको छ । हामीले निर्वाचनका समयमा जनतासँग गरेको प्रतिवद्धता अनुरुप प्रहरी चौंकी ल्याउन चाहेको पूरा भएको छैन । बाँकी ८० प्रतिशत प्रतिवद्धता पूरा गरिएको छ । म आफ्नो कामबाट सन्तुष्ट छु । वडाका काममा पार्टीहरुको पनि सहयोग र सहभागिता रहेको छ ।

महानगरको हकमा कतिपय महत्वकाँक्षी योजनाहरुलाई प्राथमिकता दिएर काम गर्न नसकेको जस्तो अनुभव भयो । कनेक्टिभिटी विस्तारमा महत्वपूर्ण काम भएको छ ।

**वडा भित्र भएका मुख्यकामहरु**

» फुस्रेखोला पक्की मोटरेबल पुल
» वडा कार्यालय भवन निर्माण
» छोरेपाटन शान्ति स्तूपा पिच
» विशाल महादेव मूर्ति निर्माण
» कुभिण्डे ढावा उल्लेरी मोटरबाटो स्तरोन्नति
» छोरेपाटन शान्ति स्तुपा फुट ट्र्याक
» एक घर १ धारा खानेपानी
» शुक्रराज मावि. छात्रावास भवन निर्माण
» उल्लेरी खेल मैदान निर्माण

**पूर्वाधार विकास**

» छोरेपाटन शान्ति स्तूपा कुभिण्डे उल्लेरी खण्ड
» छोरेपाटन खाल्से कुभिण्डे सडक
» पुम्दीभुम्दी खानेपानी १ घर १ धारा कार्यक्रम
» सेरा खोला पानी शुद्धीकरण ट्यांकी निर्माण
» तारेभिर चिसापानी सडक
» बडहरे चौतारे डाँडा सडक
» संगम चोक ठूलीबिडी सडक
» खर्दको भैसानी सडक
» कुभिण्डे उल्लेरी सडक
» तिलाहार वडा कार्यालय पक्की सडक १.५ कि.मि.
» अनदु मोटर बाटो
» घैयाखेत मोटर बाटो
» टारीखेत मोटर बाटो
» तल्लो कोदी मोटरबाटो
» अर्चलबोट मोटर बाटो
» भ्युप्वाइन्ट भेडीखर्क
» नेट निउरिनी ग्रामीण सडक
» काफलडाँडा ससर्कु बेसी सडक
» फलेटे पुम्दीभुम्दी सडक
» छोरेपाटन खाल्से कुभिण्डे सडक
» पैयौं चौतारी तारेभिर चिसापानी सडक
» चत्राल मोटरबाटो
» फुलुंक मोटर बाटो
» वडा कार्यालय बास्पानी मोटरबाटो
» पैयौं चौतारी चिसापानी मोटरबाटो
» पालाइचे मोटरबाटो
» तम्बे चौतारी रेयूकाइ मोटर बाटो
» टुनार मोटर बाटो
» काउलेपानी लौसीबोट मोटर बाटो निर्माण
» रातीपोखरी डाँडाथोक मोटरबाटो
» दोबाटे मोटर बाटो
» केउरानी मोटर बाटो
» पाम्दुर खाल्से मोटरबाटो

**भवन**

» ओखले डाडा भुम्दीकोट मा.वि. रंगरोगन
» वडा कार्यालय भवन निर्माण
» टारीखेत आमा समूह भवन
» गणेश मिलन आमा समूह
» कोदी शान्ति आमा समूह
» कालीमाटी आमा समूह
» अर्चलबोट आमा समूह
» ध्रुवतारा आमा समूह
» विकासमूलक आमा समूह भवन
» दलित आमा समूह भवन
» काभ्रेदेउराली स्वाराआमा समूह भवन
» भुम्दी टुनार आमा समूह भवन
» तल्ला गाउँ आमा समूह भवन
» शुक्रराज मावि छात्रावास निर्माण

**पुल तथा कल्भर्ट**

» फुस्रेखोला पक्की मोटरबेल पुल निर्माण
» टुइसे खोला कल्भर्ट पुल

**सामाजिक विकास**

» पुम्दीभुम्दी खानेपानी १ घर १ धारा कार्यक्रम
» गडहरे खानेपानी योजना निर्माण
» शेराघाट खानेपानी योजना मर्मत
» शेराखोला पानी सुद्धीकरण ट्यांकी निर्माण
» महाभिर खानेपानी मर्मत
» भुम्दी ग्रामीण खानेपानी योजना मर्मत
» सिलडाँडा शौचालय निर्माण
» कालीमाटी शौचालय निर्माण
» ढलेपिपल सामुदायिक भवन

**आर्थिक विकास**

» टनेल बिउ बिजन वितरण
» ग्रिनहाउस निर्माण
» आइपिएम कृषि पाठशाला सञ्चालन
» हाते ट्याक्टर, सिँचाइ ट्यांकी, सिँचाइ पाइप वितरण
» कृषि उपज संकलन केन्द्र निर्माण २ वटा
» कृषि तालिम उपकरण वितरण कार्यक्रम
» नर्सरी ग्रीन हाउस निर्माण ३ वटा
» हाइटेक प्रविधि टनेल निर्माण
» स्थायी टनेल निर्माण १५ वटा
» कृषि तालिम
» वन तथा वातावरण विपद् व्यवस्थापन
» फुर्सेखोला सुष्म उप जलाधार
» उल्लेरी पैह्रो नियन्त्रण
» तारेभिर पोखरी निर्माण
» कालीमाटी भ्याउलुङ खोला पैह्रो नियन्त्रण
» फुर्सेखोला, छविसे खोला नियन्त्रण
» वृक्षरोपण कार्यक्रम विभिन्न सामुदायिक भवनहरुमा
» धारुखोला मुहान संरक्षण
» पिपलडाली खानेपानी ट्यांकी निर्माण
» पोखरी संरक्षण ५ वटा
» चौतारी संरक्षण ५ वटा

**पाँच वर्षमा सडक विस्तारको अवस्था**

| योजना | कुल अनुमानित लम्बाई |
|---|---|
| कालोपत्रे | ३.५ कि.मी. |
| कालोपत्रे मर्मत | १ किमि |
| ढलान | ५०० मिटर |
| ग्रावेलिङ | २ किमि |
| नयाँ ट्र्याक निर्माण | ५ कि.मी. |



श्री गीता भट्टराई क्षत्री
वडा सदस्य



श्री यामकुमारी सुनार
वडा सदस्य



श्री भरतराज भण्डारी
वडा सदस्य



श्री दुर्गाबहादुर घले
वडा सदस्य

वडा
२३

# प्राथमिकता तोकेर काम हुनुपर्छ



**विष्णुप्रसद पराजुली**
वडाध्यक्ष वडा नम्बर २३



म वडामा विगत पाँच वर्षमा भएका कामबाट त सन्तुष्ट नै छु । महानगरको काम भनेको मेयरको निर्णयमा भरपर्दो रहेछ । फिल्ड भिजिट गर्ने, आवश्यकता पहिचान गर्ने र सोही अनुरुप प्राथमिकता तोकेर काम गर्ने, सबैसँग सम्वाद गर्ने खालको नेतृत्व भयो भने महानगरको विकास थप प्रभावकारी हुन्छ । जो सुकै मेयर आएपनि यहि हो । मेरा वडामा विगत ५ वर्षमा भएका कामका बारेमा तलको विवरणले सबै बताउँछ ।

**स्थानीय तहका पाँच वर्ष**
**मुख्य १० कामहरु**

१ भदौरे स्वास्थ्य चोकी निर्माण
२ ठूलाखेत खानेपानी योजना
३ वडा समितिको कार्यालय भवनमा तल्ला थप गर्ने कार्य
४ कुद्धविडाँडा सामुदायिक भवन तथा ठूलाखेत सामुदायिक भवन निर्माण
५ खहरे खोला मोटरेबल पुल निर्माण
६ बैदाम पामे घाटीछिना मोटर बाटो निर्माण
७ खरीखोला सिँचाइ योजना
८ बाम्दी खेल मैदान निर्माणाधीन
९ गुरुङ समाज भवन निर्माण
१० घाटीछिना कुद्विडाँडा पञ्चासे भन्ज्याङ सडक स्तरोन्नति

**क. पूर्वाधार विकास**

» कयरवारी चैनपुर तामागी रिडी राजमार्ग
» बाम्दी चापाकोट ठाडोबाटो ३०० मिटर ग्रावेल पिच
» सिन्टाबोट बराम मकानपुर पामे सडक
» कात्रे बाम्दी घाटीछिना सडक
» सिल्टेसन ड्याम हर्पन खोला र खहरे खोला
» **महानगरपालिका तर्फः**
» सिद्धबराह तपोवन सन्यास आश्रम छात्रावास,

ओखलढुंगा

- » आमा समूह भवन निर्माण
- » **वडा तर्फको बजेट:** विश्वकर्मा मन्दिर कुइराडाँडा हर्पन शिव मन्दिर हर्पन सामुदायिक भवन, वराङ सामुदायिक भवन, औसेलुचौर आमा समूह भवन, घडेरी सामुदायिक भवन निर्माण, बाम्दी सामुदायिक भवन, हर्पनखोला गुरुङ समाज भवन मार्गी सामुदायिक भवन, सुनार समाज भवन, क्रियापुत्री भवन मैदान पोखरी, क्रियापुत्री भवन दमदमे, क्रियापुत्री भवन रैकर मगर गाउँ २.४ भवन अन्य भवन निर्माण सम्बन्धी योजना
- » पञ्चासे परिवर्तनशील आमा समूह भवन ठूलाखेत
- » सामुदायिक भवन निर्माण: मैदानपोखरी
- » ठाडोबाटो दलित भवन
- » लालिगुराँस आमा समूह भवन
- » बहुउद्देश्यीय सामुदायिक भवन हर्पन
- » सामुदायिक भवन मकानपुर
- » अस्थायी प्रहरी चोकी बाम्दी स्थापना तथा मर्मत निर्माण
- » ३ पुल तथा कल्भर्ट निर्माण

**पुल तथा कल्भर्ट निर्माण:**

- » प्रदेश सरकार खहरे खोला मोटरेवल पुल
- » खहरे खोला पुल निर्माण
- » हर्पन ककहरे झोलुंगे पुल निर्माण
- » बाम्दी झोलुंगे पुल निर्माण
- » मार्किदेखि चंखपुर फड्के पुल
- » टोड्केखोला मोटरेबल पुल निर्माण
- » दलित संस्कार घाट हर्पन खोला
- » घाटीछिना सिम्पानी गोरेटोबाटो
- » वैदाम पामे सिधाने पञ्चासे सडक
- » पुम्दी सिमाना च्यानडाँडा हुँदै मार्गी विरीम कात्रे चनौटे भन्ज्याङ सडक
- » ठूलाखेत हर्पन तामागी सरुभञ्ज्याङ खुरुन्पैचे हुँदै भन्ज्याङ सडक
- » लैरुक बाम्दी घडेरी ओखलढुंगा तारेभिर सडक
- » चनौटे खोरपाखा ऐसेलुचौर तारेभिर ग्रामीण सडक
- » कात्रेपुल घाटीछिना बराङ मकानपुर सडक
- » डाँडागाउँ सिधाने दलितवस्ती सडक
- » घाटीछिना दमदमे कुद्रिडाडा भन्ज्याङ सडक
- » विरीम आरुबोट सडक
- » चादुखोला देखि लिताटुङसम्म सडक
- » इलाखेत कयरवारी चोक सडक पधेरा खाल्टा विमराबोट मार्सीखेत हुँदै पहिराको डिलसम्म सडक
- » घाटीछिना कुद्रिडाडा सिधाने भन्ज्याङ सडक
- » कात्रे निर्वाने सडक
- » लौरुक बाम्दी चापाकोट घडेरी ओखलढुंगा
- » चनौटे खोरपाखा ऐसेलुचौर तारेभिर
- » सिन्टाबोट बराङ मकानपुर ठूलाखेत कयरवारी हर्पन तामागी सडक
- » ककहरे पुल भाटवारी गोरेटोबाटो
- » मार्सीखोलादेखि पञ्चकोशी गोरेटोबाटो
- » पिपलडाली देखि मकानपुर गोरेटोबाटो
- » डुडेफाँट घोरफाले गोरेटोबाटो
- » पधेराखाल्डा मडकिल्नाकोडिल गोरेटोबाटो
- » दमदमे गोरेटोबाटो
- » घाटीछिना कालीरह गोरेटोबाटो
- » चापाकोट घडेरीडिल गोरेटोबाटो
- » तामागीदेखि माथि गाउँ गोरेटोबाटो
- » हर्पन गोरेटोबाटो
- » नौविसे भित्री सडक

**ख. सामाजिक विकास**

**शिक्षा तर्फ**

- » वडा शिक्षा समिति गठन
- » पञ्चकोशी आधारभूत विद्यालय भवन मर्मत
- » जन्मसिद्ध आधारभूत विद्यालय भवन मर्मत
- » मकन्नादेवी आधारभूत विद्यालय
- » पिपलडाली आधारभूत विद्यालय
- » हर्षनकोट मावि
- » सेतुवराही प्रावि

**खानेपानी तर्फ**

- » खानेपानी एकघर एक धारा कार्यक्रम
- » गाउँघर क्लिनिक सञ्चालन
- » स्वयंसेविका कार्यक्रम
- » ठूलाखेत डुडे खानेपानी
- » कुद्रिडाडाँ दमदमे खानेपानी
- » कुवाघाटीछिना खानेपानी योजना

**ग. आर्थिक विकास**

- » पञ्चकोशी कृषि सहकारी आय आर्जन कार्यक्रम
- » सगरमाथा महिला विकास बचत तथा ऋण सहकारी संस्था
- » घाटीछिना तरकारी कृषि सामग्री संकलन केन्द्र
- » प्रभावकारी महिला विकास बचत तथा कृषि सहकारी
- » चिसाखोला खरिगोटे बगर पाइप सिँचाइ
- » पहारीखोला ल्वागा सिँचाइ कुलो
- » श्री सिद्धवराह मन्दिर हनुमान मूर्ति निर्माण कार्यय निरन्तरता
- » निम्न आय भएका कृषकहरुलाई अनुदान कार्यक्रम
- » आधुनिक कृषि आयआर्जन सिपमूलक तालिम क्षमता विकास तालिम
- » सिद्धकफी उत्पादन समूह हर्पन आयआर्जन
- » सामुदायिक होमस्टे प्रवर्द्धन तथा अन्तरक्रिया कार्यक्रम
- » पर्यटन गोरेटोबाटो निर्माण घडेरी
- » निर्माने भ्य प्वाइन्ट ग्रीनपार्क निर्माण
- » सन्तेखोला बस्ती संरक्षण ठूलाखेत धारापानी वस्ती संरक्षण
- » रातोमाटा ढावा बस्ती संरक्षण
- » तल्लो सिधाने वस्ती संरक्षण क्युखादो खोला नियन्त्रण
- » खहरे खोला थुम्काको उत्तर ढावाकुना वस्ती संरक्षण
- » माझथुम नौबिसे कार्कीको तगारा वस्ती संरक्षण
- » हर्पनखोला वाम्दी वस्ती संरक्षण
- » खुल्ला क्षेत्र वृक्षरोपण कार्यक्रम
- » बाम्दी खेलमैदान
- » भञ्ज्याङ खेलमैदान

ठाडोखोला मजुवा कदेले पैह्रो नियन्त्रण






श्री सन्तुदेवी सुवेदी
कार्यपालिका सदस्य



श्री मीना नेपाली
वडा सदस्य




श्री सोमनाथ भट्टराई
वडा सदस्य



श्री अग्निधर त्रिपाठी
वडा सदस्य

वडा
२४

# पद्धतिमा जोड दिइनु पर्छ



**ओमप्रसाद सुवेदी (५०)**
वडाध्यक्ष वडा नम्बर २४




स्थानीय तहको निर्वाचन भएपछि २०७४ जेठ १४ गते हामीले पदभार ग्रहण गरेका थियौं । यो वर्षौं पछि बनेको जन निर्वाचित प्रतिनिधिहरुको टिम थियो । पहिलो वर्ष डेढ महिना मात्र समय बाँकी रहेकोले त्यसवर्षका योजना समायोजन गरेर काम थालियो ।

हामीले यस बीचमा वडा भित्रका सबै १ हजार ८ सय घरमा एक घर एक धारा कार्यक्रम सम्पन्न गर्‍यौं । त्यसका लागि ३ ठाउँमा बोरिङ सञ्चालन गरेर घरघरमा पानी लाने काम सम्पन्न गरेका हौं । दिर्घकालीन योजन के हुनसक्छ भन्ने खोजी गर्दा लौरुक खोला लिफ्टिङ खानेपानी योजना सञ्चालन गरेर दिगो स्रोत व्यवस्थापन गर्ने योजना बन्यो । अहिले ७ करोडको योजना अन्तर्गत ३ करोडको काम सम्पन्न भइसकेको छ । दुर्भाग्यवस प्रदेश सरकार बदलिएकाले योजनामा परेका पैसा पनि खोसियो । एकीकृत ढंगले पानी वितरण गर्ने गरी एउटै ट्यांकीमा जम्मा गर्ने र १ हजार घरधुरीमा पुर्‍याउने योजना अनुरुप काम अघि बढेको छ ।

महानगर बन्दा साविकको पोखरा, लेखनाथ र १७ वटा गाविस थपिएका थिए । हामीले पहिलो नगरसभाबाटै सबै वडाको समानुपातिक विकास गर्नका लागि नीतिगत रुपमा निर्णय गरेर अघि बढ्न निकै दबाब दियौं । सबै नगरसभामा यसका लागि आवाज उठायौं । तर त्यसरी व्यवस्थित नीति बनाउने प्रयास खासै सफल भएन् । सामन्ती युगमा जस्तो जसले भन्न सक्यो, दबाब दियो उसको वडामा बढी बजेट जाने अवस्था बनिरह्यो । हामी जस्तो

पछि परेको वडामा बढी बजेट माग्दा पोखरा सहर भित्रका वडाले पनि उतिकै माग गर्ने र दबाब दिने अवस्थादेखियो । तर हाम्रो प्रयास र मेयरको पनि सहयोगमा थपिएका गाविसमा पूर्वाधारका काममा अलि बढी बजेट विनियोजन गर्न सकियो । त्यस क्रममा २७ वटा सम्पर्क सडक योजना अघि बढाइयो । रफतारमा काम भरहेको समयमा कोभिड महामारीले केही रोक्यो धिमा भयो । तर योजना अघि बढिरहेका छन् ।

वडा नम्बर २४ मा पामे-बैदाम सडक, बाग्लुङ बसपार्क-सराङकोट-कास्कीकोट-सल्यानहुँदै डिमुवा जोड्ने कृषि सडक र विन्ध्यवासिनी -सराङकोट -कास्कीकोट मूल सडक कालोपत्रे भएका छन्, हुने क्रममा छन् ।

पामे राउटेवडार सडक, बासकोट-लौरुक -गैरावारी -ढोकाको मुख सडक, सुइखेत-देउराली सडक, अंकुना, गुन्टेचौर देउराली निर्माण सम्पन्न हुने क्रममा छन् । कुनै टेन्डरमा गएका छन् । कृषि सडक पनि यसै वर्ष ६ करोडको लागतमा बन्दै गरेको छ ।

स्वास्थ्य चोकी भवन सम्पन्न हुने क्रममा छ । वडा भवनका रुपमा पूरानो भवनलाई सुधार गरेर पार्कसहित आकर्षक बनाइएको छ ।

विदेशमा बसेर फर्केका युवाहरुलाई कृषि फर्महरु-बाख्रा, भैंसी, कुखुरा फर्म खोलेर काम गर्नुभएको छ । वडामा १७५ वटा कृषि तथा पशु फर्म दर्ता भएका छन् । त्यसमा ४० वटा बाख्रा फर्म छन् । वडाले केही अनुदान दिएको छ । प्रधानमन्त्री कृषि कार्यक्रमबाट, महानगरको कृषि महाशाखाबाट अनुदान लिएका छन् । १ लाखसम्म कुखुरा पाल्ने फर्म पनि छन् । कुखुरा पालकहरुका बीच सहकारी बनाएर दाना र चल्ला समेत उत्पादन गर्ने गरी खरिद बिक्री गर्ने व्यवस्था गर्न सके राम्रो हुन्थ्यो भनेर हामीले कृषि सहकारी बनाउने प्रयास गरेका छौं ।

**पर्यटन**

कुलमण्डन शाहको दरवार र गुप्तकालिका मन्दिर वरपर कुलमण्डन पार्क निर्माण गरिएको छ । कश्यप ऋषिको आश्रम निर्माण र पूर्वाधार व्यवस्थित गर्ने, कश्यप ऋषिको मूर्ति स्थापना गर्ने काम भएको छ । ठूलीपोखरी (कश्यप ताल) को मर्मत गरेका छौं । ८ किलोमिटरको साइकल मार्ग बनाइएको छ । सराङकोट कास्कीकोट हुँदै नाउँडाँडा जोड्ने पर्यटकीय पैदल मार्ग निर्माण गरिएको छ । यो अब पोखराबाट सबैभन्दा नजिकको आकर्षक पैदल मार्ग बन्ने छ ।

देउराली बाट नाउडाँडासम्म ३ किमी अपांग मैत्री ह्विलचेयर मार्गका रुपमा पर्यटक सडक बनाएको छ ।

अहिले पर्यटकीय दृष्टिले महत्वपूर्ण नेपाल वृन्दावन धाम निर्माण गर्न सम्बन्धित पक्षसँग सहकार्यको थालनी भएको छ । तयारीको काम भइरहेको छ ।



कृषि र पर्यटनलाई जोड्ने योजनासहित कास्कीकोट महोत्सवको आयोजना गरियो । यद्यपी कोभिडका कारण त्यसलाई निरन्तरता दिन सकिएन ।

**शिक्षा**

पाँच कक्षासम्मको स्थानीय पाठ्यक्रम बनाएर लागू गरिएको छ । रचनात्मक कार्यकलापहरु आयोजना गरेर विद्यार्थीहरुलाई सामुदायिक विद्यालयमा आकर्षित गर्ने प्रयास भएको छ । सामुदायिक विद्यालयमा विद्यार्थी संख्या बढेको छ । पहिलो वर्ष नै १ सय ४५ जना विद्यार्थी थप गर्न सक्यौं । पामेमा प्राविधिक विद्यालय सञ्चालनको योजना छलफलमा छ ।

यो वडामा ३ सय हाराहारी घरधुरी दलितको बस्ती छ । सामाजिक चेतनाका कार्यक्रमहरु सञ्चालन गर्न ३२ वटा आमा समूह, ९ वटा क्लबहरु छन्, सामाजिक संस्थाहरु मार्फत हामीले काम गरेका छौं । ट्याक्टर मर्मत गर्न किसानलाई नै तालिम दिइयो, प्लम्बर पनि तालिम दिइयो । ३२ वटा आमा समूहलाई सामूहिक रुपमा तालिमहरु दिइयो, मादल दिइयो, मादल बजाउन सिकाइयो, गुडिया बनाउन, माला, बनाउने तालिमहरु दिइयो । ८ सय जना महिला परिचालन गरेर तालिमहरु सञ्चालन गरियो ।

जनतासँग जे जे प्रतिवद्धता गरेर वडामा गएका थियौं त्यो पुरा गरेका छौं । प्राथमिकता क्रम निर्धारणमा ध्यान दिन सकेको भए अझै प्रभावकारी काम गर्न सम्भव थियो कि भन्ने लाग्छ ।

गाउँपालिका या गाविसमा रहनुभन्दा महानगरमा जाँदा हामीलाई विकासमा फड्को मार्न सहयोग भयो । हामीले डेढ अर्ब लगानी यो समयमा भित्र्याएका छौं । संघीय प्रणाली हाम्रा लागि राम्रो भयो, स्रोत माथि पहुँच विस्तार भयो । तर संघीय र प्रदेश सरकारले अझै पनि पालिकाको जानकारी विना योजनाहरु ल्याउन छाडेको छैन । प्रदेशले ५० हजारसम्मको योजना ल्याउँछ । संघले एक दुई लाखका योजना पनि वडामा आफै ल्याउँछ । यसले संघीयतालाई कमजोर बनाएको छ ।

- » अम्कुना लिखिमडाँडा रैकर गुण्टेचौर देउराली सुइखेत कनेक्टिभिटी रोडको नाला तथा ग्राबल
- » पामे कुला मुनी काउले राउसेओडार मोटर बाटो कनेक्टिभिटी
- » बागलुङ बसपार्कदेखि वनपालेसम्मको मोटर बाटो पिच तथा स्तरोन्नति
- » वैदाम पामे घाटीछिना मोटर बाटो पिच तथा स्तरोन्नति
- » पोखरा–२४ मा रहेको १८०० घर धुरीमा स्वच्छ पिउने पानीको लागि एक घर एक धारा निर्माण
- » लौरुक लिफ्टिङ खानेपानी आयोजना पोखरा २४

» कश्यप ताल (पोखरी) मर्मत तथा संरक्षण
» श्री गुप्तकालिका मन्दिर निर्माण
» कुलमण्डल पार्म निर्माण
» सराङकोट, कास्कीकोट पर्यटकीय पदमार्ग निर्माण

**क) पूर्वाधार विकास**

» वडाभित्र १२ वटा सामुदायिक भवन निर्माण तथा मर्मत
» वडाभित्र १५ वटा किरियापुत्री भवन ट्रस निर्माण

**सडक**

» बैदाम पामे घाटीछिना मोटर बाटो
» बागलुङ बसपार्क सराङकोट कास्कीकोट कृषि सडक
» पामेबाट वडा कार्यालय जोड्ने मोटर बाटो
» अम्कुना चिलिमडाँडा सिलमचौर देउराली हुँदै सुइखेत जोड्ने मोटर बाटो
» बास्कोबाट ढोकामुखल सडक
» लौरुकदेखि बाङकाटी हुँदै ढोकामुख
» बास्कोट, गैराबारी गुण्टेचौर ढोकामुख
» कास्कीको तगरा चिसापानी सडक
» पामे डाँडाखेत सडक
» पामे उखारी कृषि सडक
» पहरेपानी बुकुनेखोला कश्याम धाम सडक
» कृषि सडक, वनपाले सडक
» हुलाक मुड्के पोखरी कृषि सडक
» कुल मन्दिरदेखि कृषि सडक
» वनपाले फुल्सेडाँडा गुण्टेचौर सडक
» प्रगतिशील रानीस्वाँराबाट पहरेपानीसम्मको सडक
» देउराली सुइखेत सडक
» पामे खोलामा मोटरेबल पुल
» वनपालेदेखि गुण्टेचौरसम्म सडक मर्मत
» कुलमण्डल पार्क निर्माण
» पामे खोलामा मोटरेबल पुल

**२) भवन निर्माण**

» बाल प्रवोधिनी आधारभूत विद्यालय
» कालिका मावि
» सदाशिव आधारभूत विद्यालय
» विजय आधारभूत विद्यालय
» सरस्वती कुञ्ज आधारभूत विद्यालय
» कास्कीकोट स्वास्थ्यचोकी भवन निर्माण
» बास्कोट खोप केन्द्र भवन निर्माण

**पुल तथा कल्भर्ट निर्माण**

» वेतेनी खोलामा फलामे फड्के पुल निर्माण
» पामे खोलामा कल्भर्ट निर्माण
» सिल्टेसन ड्याम निर्माण
» कश्यपधाम पार्क तथा भवन निर्माण
» कुलमण्डन पार्क निर्माण
» कश्यप ताल फुटपाथ तथा रेलिङ निर्माण
» मौला पोखरी संरक्षण
» देउराली पार्क





» बास्कोट, लौरुक, कार्स्कीको तगारा, रत्नेटोकोचौर गैराबारी, खोरियापानी गुण्टेचौर देउराली फुल्सेडाँडामा खेलमैदान

**ख) सामाजिक विकास**

» वडा भित्रका कुल १८०० घर धुरीमा एक घर एक धारा कार्यक्रम
» वडा भित्रका १२ वटा खानेपानी आयोजना सम्पन्न भएको ।

**ग) आर्थिक विकास**

» वडाभित्र विभिन्न समयमा करिब ४०० थान टनेल प्लास्टिक वितरण गरिएको
» कृषि बिउ जिन वितरण गरिएको
» बाख्रा पालक कृषक २५ जनालाई २० हजारको दरले अनुदान दिइएको
» अदुवाको बिउ अनुदानमा वितरण गरिएको

**घ) संस्थागत विकास तथा सेवा प्रवाह**

» विभिन्न तालिमहरु (दलित तथा महिला लक्षित)
» प्रस्तावना लेखन
» कानुनी सचेतना सम्बन्धी
» लैंगिक हिंसा सम्बन्धी तालिम
» ब्युटी पालर सम्बन्धी
» मादल बजाउने तालिम
» नेतृत्व विकास सम्बन्धी तालिम
» गुडिया बनाउने तालिम
» वक्तृत्वकला प्रतियोगिता

**ङ) वन, वातावरण, विपद् व्यवस्थापन**

» रत्नेटाका चौरमा खेल मैदान निर्माण
» गिरीगाउँमा खेलमैदान निर्माण
» कुलमण्डल पार्क निर्माण
» बास्कोट खेल मैदान निर्माण
» मैदान खेल मैदान निर्माण
» लौरुक खेल मैदान निर्माण
» गैरावारी खेल मैदान निर्माण
» खोरियापानी खेल मैदान निर्माण
» देउराली खेल मैदान निर्माण

**यस वडामा पाँच वर्षमा भएको कालोपत्रे ढलानको विवरण**

| योजना | लम्वाई (किमी) |
|---|---|
| कालोपत्रे | ७ किमी |
| कालोपत्र | १ किमी |
| ढलान | १५०० मिटर |
| ग्राभेल | २० किमी |
| सडक फुटपाथ | ८ किमी |



श्री लक्ष्मी अधिकारी
वडा सदस्य



श्री तारा विश्वकर्मा
वडा सदस्य



श्री दलबहादुर कुवँर
वडा सदस्य



श्री जीतबहादुर कार्की
वडा सदस्य

वडा
२५

# केन्द्रबिन्दुमा जनता



**शोभाकर तिमिल्सिना**
वडाध्यक्ष वडा नम्बर २५




वडावासीले दिएको महत्वपूर्ण जिम्मेवारीलाई हामीले यो ५ वर्षको अवधिमा निकै गम्भीरतापूवर्क जनतालाई नै केन्द्रविन्दुमा राखेर काम गरेका छौं । हामीले विकासका काममा कुनैपनि कन्जुस्याँई गरेका छैनौं । तर कोरोना महामारीका कारण हामीले सोचेजस्तो विकास गर्न अझै कठिनाइ भएको यथार्थ हो । यस अवधिमा हामीले भौतिक, सामाजिक, आर्थिक, साँस्कृतिक विकासमा महत्वपूर्ण कामहरु गरेका छौं । यस ५ वर्षको अवधिमा हामीले अन्तरिक सडक निर्माण तथा स्तरोन्नति, खानेपानी लाइन विस्तार, स्वास्थ्यचोकी भवन निर्माण, नहर तथा सिँचाइ कुलो स्तरोन्नति, विद्यालय भवन निर्माण, खेलकुद मैदान स्तरोन्नति, ज्येष्ठ नागरिक दिवासेवा केन्द्र निर्माण, मध्यपहाडी लोकमार्गको हेमजा खण्ड निर्माण, मिलानचोक-मेलबोट-हुँदै माछापुच्छ्रे जोड्ने सडक निर्माण, झिझिर्का खानेपानी ट्यांकी निर्माण, मर्दी हिमाल पदमार्गको हेमजा खण्ड निर्माण, बाँसकोट खानेपानी ट्यांकी निर्माण , सेरा खानेपानी ट्यांकी निर्माण, मूलपानी खानेपानी ट्यांकी निर्माण, सुर्का खानेपानी ट्यांकी निर्माण लगायतका महत्वपूर्ण कामहरु हामीले सम्पन्न गरेका छौं ।

## पूर्वाधार विकास

वडाबासीको पहिलो आवश्यकता भौतिक पूर्वाधारतर्फ केन्द्रित भएको पाइन्छ । सोही अनुरुप यस वडाले वडाभित्रका सडक निर्माण, अन्तरिक सडक स्तरोन्नति, अन्तरिक सडक ग्राभेल, खानेपानी ट्यांकी निर्माण, विद्यालय

भवन निर्माण, स्वास्थ्य चौकी भवन निर्माण, झलुंगे पुल निर्माणमा विशेष चासो दिएको छ। यस वडामा ५ वर्षको अवधिमा १२ किलोमिटर सडक अस्फाल्ट प्रविधिबाट पिच गरिएको छ। ४ किलोमिटर सडक कालोपत्रे/ मर्मत गरिएको छ भने, ५ किलोमिटर बाटो ढलान र १० किलोमिटर बाटो ग्राभेलिङ गरिएको छ। साथै वडामा २ किलोमिटर सडक नयाँ ट्र्याकको विस्तार गरिएको छ।

वडामा मध्यपहाडी लोकमार्गको हेमजा खण्ड निर्माण गरिएको छ। लामपाटा सडक स्तरोन्नति गरिएको छ भने मिलचोक-मेलबोट-हुदै माछापुच्छ्रे जोड्ने सडक निर्माण गरिएको छ। त्यस्तै गन्धर्व बस्ती बाटो निर्माण, विश्वकर्मा बस्ती बाटो निर्माण, मसिना बगर सडक स्तरोन्नति, सानो पाटन रामचोक सडक निर्माण, मिलनचोक-गौरीशंकरमा बि सडक निर्माण, भित्री सडकहरु निर्माण पनि यस अवधिमा भएका महत्वपूर्ण कामहरु हुन्।

साथै यस वडामा प्रदेश सरकार मातहत, संचालित, प्रदेश सासद विकास कोष अन्तर्गत पनि विकास निर्माणका कामलाई वडामा अघि बढाइएको छ। जस अन्तर्गत, हारहारी-चण्डीस्थान सडक निर्माण, मिलनचोक-मेलबोट सडक निर्माण, याम्दी-पूरानो भित्री बाटो निर्माण सापकोटाचोक-बाबियातरा सडक निर्माण, जैसीचौर खेल मैदान स्तरोन्नति, विश्वकर्मा बस्ती सडकमा ढल निर्माण र सिलपिङ वुद्ध दृश्यावलोकन केन्द्र, रुद्र महादेव मणि निर्माण प्रमुख कामको रुपमा रहेका छन्।

वडाले पोखरा महानगरपालिकाद्वारा कनेक्टिङ सडकका रुपमा सञ्चालित एवं रु. ५० लाख भन्दा ठूला सडक निर्माण योजनाहरु पनि यहाँ उल्लेख गरिएको छ। जस अन्तर्गत कालीगण्डकी घाटमा प्रवेश मार्ग निर्माण, तमु समाज घर निर्माण र कृषि सडक स्तरोन्नति रहेका छन्।

साथै पोखरा महानगरपालिका तथा वडा कार्यालयद्वारा सञ्चालित हामी बनाउँछौ हाम्रो महानगर अन्तर्गत विभिन्न योजना सञ्चालनमा रहेका छन। शुक्लागण्डकी घाटमा शवदाह घाट निर्माण र शुक्लागण्डकी घाटमा प्रवेश मार्ग निर्माण यसका केही उदहारणहरु हुन्।

साथै वडामा संघ सरकार वा संघ सरकार मातहत संचालित, प्रदेश सरकार वा प्रदेश सरकार मातहत संचालित, पुनर्निर्माण प्राधिकरण द्वारा निर्मित विद्यालय भवन, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत निर्मित विद्यालय भवन, शौंचालय भवन, पुस्तकालय भवन, स्थानीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम समेतद्वारा संचालित भवन निर्माण, मर्मत तथा रंगरोगन सम्बन्धी महत्वपूर्ण कामहरु वडामा सम्पन्न भएका छन्। जस अन्तर्गत गौरीशंकर माध्यमिक विद्यालय भवन निर्माण, अम्विका माध्यमिक विद्यालय भवन निर्माण, विष्णुपादुका माध्यमिक विद्यालय भवन निर्माण र बालकल्याण अधारभूत विद्यालय भवन निर्माण रहेका छन्।

साथै विष्णुपादुका माइस्थान मन्दिर निर्माण, सुइखेल मातृकेश्वर मन्दिर निर्माणमा समेत वडाले सहयोग गरेको छ।

**पुल तथा कल्भर्ट निर्माण**

यस वडामा गैरी तल्लाचौर झोलुंगे पुल निर्माण, कालिकाचोक सेरा मोटरेबल पुल, सुइखेत खोला तटबन्धन कार्यक्रम, फुर्केटारी बोरिङ तथा सिँचाइ आयोजना, फुर्केटारी विद्युतीकरण आयोजना निर्माण भएको छ। साथै कास्की सेतोढुंगा डिपबोरिङ सिँचाइ योजना पनि वडाको अर्को महत्वपूर्ण काम हो।



**सामाजिक विकास**

५ वर्षको अवधिमा यस वडा कार्यालयमा सञ्चालित शिक्षा, स्वास्थ्य, सामाजिक विकास, खानेपानी तथा सरसफाइ सम्बन्धी महत्वपूर्ण कार्यहरु गरिएका छन्। जस अन्तगत महिला सशक्तीकरण कार्यक्रम, दलित उत्थान कार्यक्रम, जनजाति सशक्तीकरण कार्यक्रम, विभिन्न सिपमूलक तालिम तथा प्रशिक्षण कार्यक्रम, महिला सशक्तीकरण तथा कम्प्युटर तालिम कार्यक्रम रहेका छन्।

**आर्थिक विकास**

वडाले संघ, प्रदेश, महानगर, वडा कार्यालयद्वारा सञ्चालित कृषि, पशुपालन, उद्योग, सहकारी, पर्यटन विकास, सांस्कृतिक सम्पदा संरक्षणमा महत्वपूर्ण कामहरु गरेको छ। वडाले टनेल प्लास्टिक वितरण कार्यक्रम, हाते ट्र्याक्टर वितरण कार्यक्रम, कृषि बिउ वितरण कार्यक्रम, आलु खेती विस्तार कार्यक्रम, रुद्रमहादेव मणि पर्यटन पूर्वाधार निर्माण, फलायखेत-झिझिर्का सिँढी निर्माण, मठ-मदिर संरक्षण तथा जीर्णोद्वार गरेको छ। साथै संस्कृति संरक्षण तथा भाषा साहित्यको उत्थान सम्बन्धी कार्यक्रम, मातृशिशु कार्यक्रम, बालबालिका प्रोत्साहन कार्यक्रम, बाल अध्यायन तथा टिटी कोर्ट निर्माण, महिलाहरुका लागि स्वास्थ्य परीक्षण तथा पाठेघरको क्यान्सर रोग परीक्षण, विभिन्न विद्यालयमा शौचालय निर्माण, संस्थागत विकास तथा सेवा प्रवाह लगायतका कामहरु वडाले गरेको छ।






श्री मुरली थापा
वडा सदस्य



श्री शर्मिला विश्वकर्मा
वडा सदस्य




श्री रामकृष्ण जि.सी.
वडा सदस्य



श्री खड्कबहादुर रानाभाट
वडा सदस्य

वडा
२६

# वडामा जाने बजेट बढाउनु पर्छ



**नारायण बराल (६५)**
वडाध्यक्ष वडा नम्बर २६



२०५४ को निर्वाचनमा तत्कालीन लेखनाथ नगरपालिका चारको वडाध्यक्षका रुपमा काम गरेको र २०७४ पछि पोखरा महानगरपालिका वडा नम्बर २६ को अध्यक्षका रुपमा काम गरेकोले मलाई दुवै व्यवस्थाको अनुभव छ । पहिले स्रोत कम हुन्थ्यो र अधिकार पनि कम नै थियो । स्थानीय तहका रुपमा स्थानीय सरकार बनेपछि पहिले नगरपालिका र गाविसहरुले गर्ने मध्येका सिफारिस लगायतका धेरै काम वडाले नै गर्नुपर्छ । महानगर अन्तर्गतका वडाहरुलाई सिधै खर्च गर्न पाउने बजेट निकै कम छ । महानगरले आफै योजना छनोट र बजेट विनियोजन गरेर वडामा पठाउने भएपनि वडालाई बजेट नदिँदा समस्या हुने गरेको छ ।

वडाध्यक्षलाई अत्यधिक कामको बोझ छ । ऐनले नै वडाध्यक्ष कुनै कर्मचारीका झैं १०देखि ४ बजेसम्म कार्यालय नै बस्नुपर्ने जस्तो बनाएको छ, यसले विकास निर्माणका अरु काममा समय दिन मुश्किल पर्छ । यसलाई बदल्नु पर्छ ।

पहिले नभएका धेरै काम अहिले भएका छन् । विजयपुर खोलामा दुई वटा मोटरेबल पुल बने । सडक चौडा गर्न सकिएको छ, २६ मा अस्फाल्ट पिच सहितको ८ मिटर चौडा पिच बाटो बनेको छ । सडक मापदण्ड विस्तारमा पहिले विजयपुर ब्यारेकले अवरोध गरेकोमा अहिले खुलेको छ । खराने-कालिका सडक कालोपत्रे बन्दै छ ।

बितेका पाँच वर्ष महानगरले केही महत्वपूर्ण काम गरेको छ । प्रदेश सरकारको सहयोगले पनि काम भएको छ । संघीय सरकारबाट भने यो वडामा त्यति महत्वपूर्ण सहयोग आएन ।

वडाका राजनीतिक पार्टी र वडा जनप्रतिनिधिका बीच सहयोगात्मक सम्बन्ध नै रह्यो

वडा सदस्यको जिम्मेवारी ऐनले निश्चित नगरेको कारण बैठकका निर्णयमा सहभागिता हुने बाहेक निश्चित काम नहुँदा हामीले क्षेत्र बाँडेर काम गर्ने मेसो मिलाएका छौं । यसलाई ऐन बाटै निश्चित गरिनु उपयुक्त हुन्छ ।

म, आफ्नो कार्यालयबाट हुने सेवा प्रवाहका दृष्टिले पूर्ण सन्तुष्ट छु जनताले पनि यस्तो महसुस गर्नुभएको छ भन्ने मलाई लागेको छ ।

विकासका कामका मामिलामा भने अझै गर्नुपर्ने काम धेरै छ । राज्यले र महानगरले पनि फेवाताललाई फोकस गर्दा यताका तालहरु (गुँदे र न्यूरेनी, खाष्टे) संरक्षणमा खासै सहयोग गरेन, हामीले भने वडा र जनस्तरबाट ताल संरक्षणमा राम्रै काम गरिरहेका छौं ।

**विगत ५ वर्षमा वडामा भएका मुख्य कामहरु**

**शिक्षा**

» भवानी कालिका मावि घारीपाटनमा दुई वटा भवन निर्माण
» अमरज्योति गाउँफर्क मावि जल्धारे एक भवन र एक तला थप
» रामज्योति मावि अर्घौ दुई वटा भवन निर्माण
» लक्ष्मी मावि दुई तला भवन निर्माण र शौंचालय निर्माण योजना
» सिर्जना बहिरा मावि अर्घौ तला थप, होस्टल र भान्साघरको भौतिक सुधार

**कृषि**

» सोह्र लाख रुपैंयाँ लागतमा पावर टेलर (खनजोत गर्ने औजार), स्प्रेयर, प्लास्टिक, मेटल , मौरी घार, बेभिङ मेसिन, विभिन्न बिउ बिजन वितरण
» तालहरुमा माछाका भुरा वितरण
» सहुलियत ब्याज दरमा कर्जा कार्यक्रम (उपमेयरसँग महिला कार्यक्रम)
» कृषि सेवा केन्द्रबाट प्राविधिक सहयोग
» चैते धान तथा अन्य बिउ बिजनहरु वितरण

**पर्यटन**

» माझको मुल पिकनिक स्पटमा स्मार्ट शौचालय, पोखरी निर्माण, खानेपानी धारा जडान ट्यांकीसहित
» तीन वटा तालहरुको संरक्षण योजना
» जलधारे पार्क निर्माणधीन
» नरेशपुर सामुदायिक वन ब्युटिफिकेसन
» तालहरुको ब्युटिफिकेसन

**खानेपानी**

» लेखनाथ सहरी खानेपानी उपभोक्तासँग सहकार्य गरी पहाडी भागमा पानी धारा वितरण
» यस क्षेत्रमा सञ्चालित विभिन्न खानेपानी योजनाहरुको मर्मत सुधार
» कुवा, पँधेरोहरुको मर्मत सुधार, संरक्षण
» यस वर्ष पनि विभिन्न योजनाहरुमा बाह्र लाख बराबरको मर्मत सुधारको काम हुँदै

**सिँचाइ**

» विजयपुर सिँचाइ मर्मत सुधार

**सडकहरु**

» विजयपुर बेगनास सडक स्तरोन्नति कालोपत्रे (पक्की सडक) यस वर्ष पनि थप स्तरोन्नति हुँदै,
» शान्ति मार्ग सडक कालोपत्रे,
» संगमनगर सोतो सडक कालोपत्रे,
» भवानी चोक सोतो सडक कालोपत्रे,
» कालिकाचोक भित्री सडक ढलान,
» श्यामसुन्दर सक्नेरी (हाइड्रोपावर) आर्शीवाद सडक कालोपत्रे/ढलान,
» सक्नेरी भित्री सडक कालोपत्रे,
» मुलनहर सडक ढलान
» सक्नेरी भित्री सडक ढलान हुँदै
» बुद्ध आमा समूह भवन रिठ्ठेपानी सडक कालोपत्रे
» बुढीबजार गुँदेताल सडक कालोपत्रे
» मद्दतको पाटन तालवेसी सडक ढलान
» अर्घौ बजार घैटेखोर सडक कालोपत्रे
» सुन्दरीबजार भित्री सडक ढलान
» अर्घौ बजार भित्री सडक ढलान
» जरुवा ढलेपीपल सडक ढलान
» सोतो सडक ढलान
» देउराली चाँपाचौर सडक ढलान



- धुम्की खोरिया घर सडक ढलान
- कालिकाचोक थुम सडक कालोपत्रे/ढलान
- बुढीबजार खराने सडक कालोपत्रे
- बरालडाँडा जल्धारे सडक कालोपत्र
- अर्घौबजार खराने सडक कालोपत्रे
- कालिकाचोक गड्वा
- कालोपत्रे/ढलान
- बुढीबजार भण्डारीथर सडक कालोपत्रे
- चण्डीचोक चण्डीमन्दिर सडक कालोपत्रे/ढलान
- खराने कालिका सडक कालोपत्रे निर्माणाधीन
- जल्धारे राखीडाँडा सडक स्तरोन्नति
- पैते खास्टेताल सडक स्तरोन्नति
- बञ्जराथर कडिनी सडक स्तरोन्नति
- कालिकाचोकदेखि गोर्जे वेसी सडक (ढलान)
- पृथ्वीराजमार्गको मापदण्ड संरक्षण
- गुँदेताल कृषि सडक मर्मत सुधार

**विभिन्न बाटोहरुमा ग्राभेल/मर्मत सुधार**

**पुल**

- गड्वा पक्की पुल निर्माण सम्पन्न
- डहरे साँगु विजयपुर पुल निर्माणाधीन
- साँघुमुख विजयपुर पुल निर्माणाधीन
- विभिन्न कल्भटहरु चौडाककक गराइएको
- पृथ्वी राजमार्गको पुल मर्मत सुधार, अर्को बेलिब्रिज निर्माण सम्पन्न भई पुल निकालेर अन्यत्र लगिएको अवस्था

**स्वास्थ्य**

- राखी स्वास्थ्य चोकी पक्की भवन निर्माण
- गण्डकी आर्युवेदिक अस्पताल भवन थप र मर्मत सुधार
- पचास शैय्याको गण्डकी प्रदेश आयुर्वेदिक अस्पताल निर्माणाधीन
- कोरोना खोप सञ्चालन तथा रोकथाम अभियान
- रक्तदान कार्यक्रम
- विभिन्न स्वास्थ्य शिविरहरु सञ्चालन

**भवनहरु**

- विभिन्न सामाजिक भवनहरु निर्माणार्थ बजेटको व्यवस्था साथै मर्मत सुधार
- लोक सांगितीक भवन मर्मत सुधार सक्नेरी
- ३.पिलबोट गार्डेन मर्मत सुधार जलधारे
- अर्घौबजार खेलकुद भवन मर्मत सुधार अर्घौ बजार
- दिवा सेवा केन्द्र मर्मत सुधार सिलिंगे
- दिवा सेवा केन्द्र मर्मत सुधार जलधारे
- दलित भवन मर्मत सुधार जलधारे

**ऊर्जा**

- राजमार्ग तथा विभिन्न सडकमा बत्ती (सोलार सहित)

**युवा खेलकुद**

- अर्घौ बजार इण्डोर स्पोर्ट भवन, अर्घौ
- विजयपुर खेल मैदान (निर्माणाधीन)
- केही खेल मैदान निर्माण तथा मर्मत सुधार
- युवाहरुलाई सिपमुलक तालिम
- अध्ययनको लागि छात्रवृत्ति

**सामाजिक विकास**

- विभिन्न तालिम, सेमिनार, गोष्ठी सञ्चालन गरिएको

**पशुपंक्षी**

- पशु सेवा केन्द्रबाट प्राविधिक सहयोग
- उन्नत जातका बिउ बहर तथा बोका अनुदानमा उपलब्ध गराउन सहयोग गरेको
- कुखुराका चल्ला वितरण

**संस्कृति**

- भीमसेन मन्दिर जीर्णोद्धार (निर्माणाधीन)





**श्री बुद्धिमाया रिजाल**
**वडा सदस्य**



**श्री सरस्वती सार्की**
**वडा सदस्य**



**श्री प्रेमप्रसाद बराल**
**वडा सदस्य**



**श्री शेखरनाथ लामिछाने**
**वडा सदस्य**

**वडा**
**२७**

# काम गर्न सक्नेले बजेट पाउनुपर्छ



**पूर्णबहादुर गुरूङ (५४)**
वडाध्यक्ष वडा नम्बर २७
तथा महानगर सार्वजनिक लेखा समितको सभापति




रिठ्ठेपानीका युवाहरुका बीच क्लब स्थापना गरेर सामाजिक कार्यमा सक्रिय रहेको थिएँ। ०५१ मा नेपाली कांग्रेसको साधारण सदस्यता लिएपछि पार्टीको क्षेत्रीय कमिटी र तरुण दलमा काम गरेँ। मेरो सामाजिक सक्रियताका कारण मलाई पार्टीले विश्वास गरेर यहाँ निर्वाचनमा उम्मेदवार बनायो, जनताले विश्वास गर्नुभयो र म निरन्तर काममा खटिरहेकै छु। मेरो एउटा मात्र सोच समाजमा केही काम गर्नुपर्छ, सकारात्मक योगदान गर्नुपर्छ भन्ने हो। जनप्रतिनिधि भएपनि नभएपनि म यो काममा लागिरहन्छु। कोरोनाको समयमा पनि मैले आफ्नो गाडीलाई नै एम्बुलेन्स बनाएर रात दिन नभनी आफै सक्रिय भएर खटें। सौभाग्य भनौं मलाई कोरानाले छोएन। घरमा ९० वर्ष माथिका बुवा हुनुहुन्छ, मलाई त कतै मेरै कारणले बुवालाई सर्ला र दोषको भागी हुनुपर्ला भन्ने पिर थियो। तर मैले कहिल्यैं जनताको सेवा गर्ने कुराबाट पिठ फर्काइन।

महानगरको बजेट विनियोजनको तरिका नै अमिल्दो जस्तो छ। एकातिर विकास बजेटको जम्मा ३२ प्रतिशत मात्र खर्च हुन्छ अर्कोतिर वडामा बजेट न्यून भएर विकसका काम गर्न पाइँदैन। हाम्रो वडामा रकमान्तर गरेर पठाए जति पनि कामहरु छन् त्यस्तो बजेट हामी प्रयोग गर्न सक्थ्यौं। हामी निर्वाचित भएर आइसकेपछि वडामा धेरै काम भएका छन्। मुख्य कामहरु यस्ता छन् :

**पूर्वाधार**

मरेखरेघाटदेखि लेखनाथ चोकसम्म जाने सडक १ किमी ढलानसहित सजिलो बनाइएको

शिक्षामा प्रविधिक पहुँच पुर्‍याउन आवश्यक देखेर सामुदायिक विद्यालयका शिक्षकहरुलाई प्राविधिक तालिमको व्यवस्था गरेको, कम्प्युटर ल्याबको व्यवस्था गरेको गरिएको छ। विद्यालयको भौतिक पूर्वाधार सुधार गरेर स्तरीय बनाइएको छ।राम्रो भएका विद्यालयमा विद्यार्थीहरुको संख्या पनि बढेको छ

खानेपानीमा सानासहरी खानेपानी आयोजनाले वितरण गरेको छ तर यो पानी खानयोग्य नभएको भन्दै वैकल्पिक खानेपानी प्रयोग भइरहेको छ। दलित लक्षित कार्यक्रममा कुखुराको चल्ला वितरण गरियो। दलितहरुलाई महानगरले नै स्वाास्थ्य बिमा गरिदिनु पर्ने देखिन्छ

उपमेयरसँग महिला कार्यक्रम अन्तर्गत आय आर्जनमा लाग्न चाहने महिलाहरुलाई ५५ लाख जति वितरण भएको छ। यो सस्तो व्याजको ऋण कार्यक्रम हो। यसमा धितो चाहिँदैन।

मेरो अनुभवमा पाँच वर्षको काम हेर्दा गरिब निमुखा जनताले संघीयता र प्रजातन्त्रको अनुभव गर्न पाएको छैन। रोजगारी सिर्जना गर्न सकिएन यो चाहिँ मलाई सबैभन्दा बढी खट्केको विषय हो। उनीहरुलाई प्रत्यक्ष लाभ हुने खालको काम गर्न सकिएन। जे जस्तो परिवर्तन हामीले गर्नुपर्ने हो त्यस्तो नमुना काम गर्न नसकेको जस्तो लग्छ। बाटोघाटो त बनाइयो तर साधारण जनताको जीवन परितर्नका क्षेत्रमा देखिने काम गर्न सकिएन। लोकतन्त्रलाई साधारण जनतको जीवनसँग जोड्न अझै सकिएन।

कृषि लगायतका क्षेत्रमा आएको बजेट सही तरिकाले विनियोजित भएन, त्यसमा वडाध्यक्षहरुलाई भूमिका पनि दिएको छैन। शाखामा बजेट बस्ने वडाले सिफारिस गरेर बजेट ल्याउन पाउने अवस्था भयो। कर्मचारी संयन्त्र अहिले पनि सहज विकासको लागि बाधक छ।

पोखराको विकासका क्षेत्रमा यो टिमले धेरै सपार्न नसके पनि अहिलेसम्म विगारेको छैन। भ्रष्टाचरका विरुद्ध सबै पार्टी र निर्वाचित जनप्रतिनिधि लाग्ने हो भने धेरै काम गर्न सम्भव छ।


मोरेखहरे घाट जाने ढलान बाटो

वडा
२८

# प्रशासनलाई सेवामुखी बनाउन थप प्रयासको खाँचो छ



**निर्मल दियाली (४३)**
**वडाध्यक्ष वडा नम्बर २८**



श्री अम्बिका बुढाथोकी
वडा सदस्य



श्री कल्पना परियार
वडा सदस्य



श्री विष्णुप्रसाद तिवारी
वडा सदस्य





**विजयपुर बेगनास सडक अन्तर्गत पोखरा २८ ओख्ले सडक खण्ड**

दुई दशकसम्म स्थानीय निकायहरु जनप्रतिनिधि विहीन भएको अवस्था थियो । अहिलेका मेयर नै ०४९ देखि ०५९सम्म गाविस अध्यक्ष हुनुहुन्थ्यो । त्यसपछि केही वर्ष म गाउँको पार्टी अध्यक्ष भएको थिएँ । त्यसक्रममा गाउँमा आउने बजेटको विनियोजनमा सर्वदलीय संयन्त्रले काम गर्थ्यो ।

त्यतिबेला गाविसलाई ३५ लाख जति बजेट आउँथ्यो । केन्द्र सरकारबाट थप केही बजेट पर्न सक्थ्यो । त्यसको बाँडफाँटबाट जे जति काम हुन्थ्यो त्यसमा पनि मानिसहरु सन्तुष्ट नै थिए । अनि केही गुनासो पनि रहिरहन्थ्यो । अहिले हाम्रो वडाकै मेयर हुनुहुन्छ, वडाकै जिल्ला समन्वय समिति संयोजक पनि हुनुहुन्छ ।

प्रदेश र संघीय संसदका सदस्य पनि यही क्षेत्रका हुनुहुन्छ । सबै एउटै पार्टीका भएकाले यो वडामा करोडौं बजेट आउँछ । निकै अप्ठेरो र धेरै क्षेत्रफल भएको वडा हो यो तर सडक, पुल र अन्य भौतिक निर्माणका काम धेरै भएका छन् । त्यतिबेला पनि नागरिक सन्तुष्ट थिए र अहिले करोडौं बजेट आउँछ र पनि भएका

काममा पूर्ण सन्तुष्ट बनाउन सकिन्न ।

मानिसहरु आएको बजेट कसरी सदुपयोग गर्ने भनेर सल्लाह सुझाव दिन भन्दा कुरा काट्न बढी आन्न्द मान्छन् । यो भएन त्यो भएन भन्ने तर यसो गरौं भनेर प्रस्ताव नल्याउने बानी हामी कहाँ पनि उस्तै छ ।

मेयर पनि यही वडाका हुनुहुन्छ । समग्र महानगरको योजना अनुरुप नै हामीले पनि पहिलो प्राथमिकता सडक कनेक्टिभिटीलाई दियौं । अहिले विजयपुरदेखि सौरेसम्म सडक विस्तार गरी अस्फाल्ट भइरहेको छ । विजयपुरबाट काफलघारी सुर्के मैदान, खरोनेवेसीदेखि सुर्केमैदान, आरुपाटादेखि शान्ति मैदान, देउमाडीदेखि ओख्ले सडक कालोपत्रे बन्दै छन्, कतिपय बनिसकेका छन् । पुलहरु बनेका छन्, वडाभित्र अन्तर सञ्जालयुक्त सडक निर्माण सम्पन्न हुने क्रममा छन् । ठूलाकोट १५ सय मिटरमा छ, पूर्वाधर बनाइएको छ । चार्ल्स रुटलाई कतिपय ठाउँमा नयाँ एलाइन्मेन्ट गरेर फुट ट्याक बनाउने योजनासहित काम भएको छ । विद्यालय भवनहरु, आवश्यक भौतिक पूर्वाधारहरु धमाधम बनेका छन् । तर भौतिक सुविधा अनुसारको शैक्षिक गुणस्तर वृद्धि गर्न सकिएको छैन । समग्रमा सामाजिक विकास, आर्थिक विकास, लक्षित वर्ग कार्यक्रम जतातत‍ै हाम्रो नेतृत्व आएपछि महानगरका योजना अनुरुप काम भइरहेका छन् । कतिपयले त्यसबाट प्रत्यक्ष लाभ हासिल गरेका छन् । प्रशासनलाई सुधार गरेर सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाउन भएका प्रयासले आँशिक उपलब्धि हासिल गरेपनि अझै प्रशासनिक संयन्त्रलाई अपेक्षा अनुसार सुधार गर्न सकिएको छैन ।

संघीयता र समावेशी लोकतन्त्रको मर्म अनुरुप शक्ति विन्यास भइरहेको कुरालाई अझ प्रभावकारी बनाउन, पछि पारिएका महिला, दलित, जनजातिबाट आउने नेता कार्यकर्ताको राजनीतिक चेतनास्तर उकास्न र उनीहरुलाई सक्षम बनाउन थप प्रयास राजनीतिक दलले पनि र राज्य संयन्त्रले पनि गर्नुपर्छ । यसका लागि दल र समाजमा रहेको मानसिकता परिवर्तन गर्न पनि पर्याप्त काम हुनुपर्छ, क्षमतालाई जात र लिंगसँग तुलना गर्ने मनोविज्ञान हटाउनु पर्छ ।

गरेका कामको जस नदिने अरु ठाउँकै जस्तो रोग यता पनि छ । समग्रमा यो पाँच वर्षमा मैले वडाध्यक्षका रुपमा गरेका कामबाट सन्तुष्ट छु । राजनीतिक परिचालनका लागि निर्वाचित जनप्रतिनिधि र सम्बन्धित राजनीतिक दलको बीच सहकार्य भयो भने यो भन्दा बढी काम गर्न सकिन्छ, सम्भव छ ।




श्री निर्मला पौडेल
वडा सदस्य



श्री मनकुमारी सुनार
वडा सदस्य



श्री थलबहादुर पाँडे थापामगर
वडा सदस्य



श्री हेमबहादुर बानियाँ
वडा सदस्य

वडा
२९

# समाजमा केही गर्ने अठोट



**चेतबहादुर गुरूङ**
वडाध्यक्ष वडा नम्बर २९



भण्डारढिकमा निर्माण गरिएको खुला व्यायामशालाको उद्‌घाटन गर्दै प्रमुख मानबहादुर जिसी

करियरका दृष्टिले म नेपाल राष्ट्रबैंकमा अधिकृतस्तरको २९ वर्ष सेवा गरेर वडाको निर्वाचनमा प्रतिस्पर्धा गर्ने उद्देश्यले राजीनामा दिएर आएको हुँ । २०३८ सालमा तुलसीलाल अमात्य समूहको सँगठित सदस्य भई काम गर्दै आएको र २०४८ सालदेखि नेकपा एमालेको राजनीतिमा सामेल भएको थिएँ । जागिर खाएकै समयमा वडा कमिटी सल्लाहकार, लेखनाथ नगर कमिटी सदस्य २ पटक, कास्की क्षेत्र नम्बर क्षेत्रीय कमिटी सदस्य २ कार्यकाल काम गरेकोले पनि साथीहरुले मलाई वडाध्यक्षमा विश्वास गरेर उठाउनु भयो, निर्वाचन पनि जितियो । समाजका केही गर्ने अठोट लिएरै राजनीतिमा सशक्त भएको छु । २०७४ सालमा निर्वाचित भएर आइसकेपछि भएका मुख्य मुख्य कामहरु :

**सडकतर्फ/१२ किमी सडक कालोपत्रे**

» राधे राधेदेखि शिसुवा जाने सडक
» ओमकारेश्वर मन्दिरदेखि पुल्चोक वडा नं ३३ जोड्ने सडक
» पट्नेरी–बगादी खोला नर्मदेश्वरदेखि ३३ वडा जोड्ने सडक
» आयल निगम मुसेटुँडा सडक
» पुल्चोकदेखि ओडारे जाने बाटो
» पृथ्वीराज मार्गदेखि खड्कपुर जानेबाटो
» पट्नेरी आधारभूत विद्यालयदेखि जलकुनी दुलेगौंडा सडक
» पृथ्वीराजमार्गदेखि न्यूरेकुनाहुँदै भण्डारी राइसमिल जाने बाटो
» सैनिक बस्ती ग्रुप नं. १ अन्नपूर्ण लाइन कालोपत्रे एवं ढलान
» माछापुच्छ्रे टोल पियू जाने बाटो
» पियू १ नं. चोकबाट कमलामाई मन्दिर जाने सडक
» पृथ्वीराजमार्ग आमा समूह भवन हुँदै पट्नेरी जोड्ने हुन्द्रुङ गौडासम्म जाने बाटो
» नौविसे टोल सिटी मार्ग सुगम मार्ग ढलान कालोपत्रे
» पृथ्वीराजमार्गदेखि वडा कार्यालय मालपोत जोड्ने रिङ रोड
» चेम्बरमार्गदेखि प्रेमबहादुर थापाको घरसम्म जोड्ने ढलान बाटो

**शिक्षा**

» ४ सय विद्यार्थी रहेको जनप्रकाश माविमा अहिले १२ सय विद्यार्थी अध्ययनरत छन्
» जनप्रकाश उच्च माविको भवनमा पोखरा महानगरपालिकाद्वारा सञ्चालित पोखरा बहुप्राविधिक शिक्षालयको अटो मेकानिक र सिभिलतर्फ इन्जिनियरिङ विषयमा अध्यापन हुन्छ
» पोखरा बहुप्राविधिक शिक्षालयमा वडाका तर्फबाट दुई जनालाई छात्रवृत्ति
» जनप्रकाश माविको दुईतले दुई भवन सभाहलसहित निर्माण
» जनप्रकाश माविमा कम्प्युटर ल्याबको व्यवस्था
» जनप्रकाशमा २ वटा शौंचालय निर्माण
» बाल उद्यान
» पानी ट्यांकी निर्माण
» विद्यालयमा युरोगार्डको व्यवस्था
» पूरानो भवनको मर्मत संभार
» पूनर्निर्माण प्राधिकरणबाट पट्नेरी आधारभूत विद्यालयको २ कोठा भवन निर्माण
» नवदुर्गा आधारभूत विद्यालयमा जीर्ण भवन मर्मत र बाल उद्यान निर्माण

**भवनतर्फ**

» वडा कार्यालयको साढे दुई तले भवन निर्माण
» सहरी स्वास्थ्य क्लिनिक भवन स्तरोन्नति र कोठा थप
» ङ्योए तमुधिँ भवन स्तरोन्नति एवं शौंचालय निर्माण
» खेमा फैलु कोइबो घोतघोतेमा तटबन्धन एवं शौंचालय निर्माण
» क्षेत्री समाज/कुमाल समाज/महिला तथा आमा समूह र विभिन्न जनजातिका भवनहरुमा स्तरोन्नतिका लागि सहयोग
» कर्म त्रियाङ धर्मचक्र वौद्ध विहारमा कम्पाउन्डवाल निर्माण
» नर्मदेश्वरसहित धार्मिक संघ संस्थाका मन्दिर तथा भवनहरु स्तरोन्नति

**खेल तर्फ**

» पोखरा महानगरपालिकाको रंगशालाको विकल्पको रुपमा हेरिएको भण्डारढिक रंगशालाको स्तरोन्नति
» सोही रंगशालामा कभर्डहल निर्माण
» खुल्ला व्यायामशालाको निर्माण

**पार्क**

» महानगरपालिका वडा नं. २९ मा रहेको खुइले डाँडामा भ्यूप्वाइन्ट र पार्क निर्माण
» भ्यू प्वाइन्टमा जाने सिढीमा रेलिङ निर्माण

**खानेपानी**

» नवदुर्गा टोलमा भूपू सैनिक अन्तर्गत ४० लाख रुपैंयाँमा ट्यांकी निर्माण
» आरुपाटादेखि सैनिकबस्तीसम्म पाइपलाइन विस्तार
» लेखनाथ साना सहरी खानेपानी उपभोक्ता संस्थाबाट विपन्न नागरिकका लागि सामुदायिक धारा वितरण
» बगादी खोला पट्नेरी खानेपानी पाइपलाइन

विस्तार र स्तरोन्नति

- » बगादी खोला पट्नेरी ओमकारेश्वर खानेपानी ट्यांकी निर्माण
- » पट्नेरी बाग्लुङ मगर समाज र गणेश टोलामा खानेपानी पाइपलाइन विस्तार

**सिँचाइ**

- » नौविसे कुलो मर्मत
- » बेगनास विसी १ नहर मर्मत
- » पट्नेरी गणेश टोल कुलो मर्मत
- » कृषि आय आर्जन
- » विभिन्न महिला समूहलाई च्याउ खेती सम्बन्धी तालिम
- » कृषि सञ्जाल गठन तथा टनेल राखेर सस्तो शुलभ तरकारी बिरुवा वितरण
- » मौरी पालन तालिम प्रदान
- » कृषक पाठशाला सञ्चालन
- » दीपशिखा महिला सहकारीका सदस्यहरुलाई आलु खेती कार्यक्रम प्रवर्द्धन र सहयोग

**स्वास्थ्य तर्फ**

- » कोभिड महामारीको समयमा क्वारेन्टाइन निर्माण, विपन्न नागरिकलाई खाद्यान्न वितरण, दिर्घ रोगीलाई औषधी वितरण, विभिन्न चरणमा कोभिड विरुद्धको भ्याक्सिन वितरण
- » सहरी स्वास्थ्य क्लिनिक नियमित रुपमा सञ्चालन

**जग्गा संरक्षण**

- » पोखरा महानगरपालिकाको वडा नं. २९ र ३० को सिमानामा झण्डै १४ रोपनी जग्गा मुद्दा लडेर नेपाल सरकारको नाउँमा ल्याइएको र पोखरा बहुप्राविधिक शिक्षालयको भवन निर्माण गरिँदै आएको छ ।






वडा
३०

# मेरा ७० प्रतिशत लक्ष्य पूरा भएका छन्




**श्रीराम पोखेल (५७)**
वडाध्यक्ष वडा नम्बर ३०




**श्री शारदा बास्तोला**
**वडा सदस्य**



**श्री रमा नेपाली**
**सदस्य**



**श्री सोमलाल कँडेल**
**वडा सदस्य**



**श्री चोलाप्रसाद बराल**
**वडा सदस्य**



हामी निर्वाचित भएर आउँदा वडाभित्र सडक पूर्वाधारको अवस्था नाजुक थियो । काम गर्न सक्रियता बढाएपछि हामीले प्रस्तावित गरेका कामको ७० प्रतिशत लक्ष्य हासिल भयो । म यस अर्थमा आफूलाई सफल वडाध्यक्ष ठान्छु ।

**सडक कालोपत्रे**

- नमुना आदर्श मार्ग नहरचोकदेखि विश्वविद्यालयको त्रिभुवनशान्ति मावि चोकसम्म नालासहित कालोपत्रे,
- सनसारी माइ मार्ग, जय गुरुदेव मार्ग, सोलढुंगा मार्ग, नागवेली मार्ग, बञ्जाडे चौतारो मार्ग, माछापुच्छ्रे चोक मार्ग, शिशुवा चोक -नहरचोक -पिपलटारी मार्ग
- सामुदायिक अस्पताल नजिकबाट साभा निस्कने मार्ग
- ढुंगेपाटनमा चोक नम्बर १देखि ४सम्मका सडक
- वडाप्रहरी कार्यालय वरपरका सडकहरु
- मोहरियाको अस्पताल चोकबाट गुडलक रिसोर्टसम्म कालोपत्रे गरिएको (१ करोड भन्दा बढीको लगानी) मोहरियकै अर्को सडक पनि ढलान गरिएको
- राम बजारमा २ वटा सडक ढलान
- ढुंगेपाटनको भूगोलपार्कबाट जाने शाखा सडकहरु कालोपत्रे गरेको
- पावर हाउस चोक फिल्महल पछिका दुइटा सडक कालोपत्रे
- नहरको छेउछेउका सडक कालोपत्रे
- मकैखोले चोक-संघर्ष मार्ग कालोपत्रे भएको
- ढलान गरिएको : श्रीमार्ग ६ मिटर, गार्डेनसिटी मार्गको कालोपत्रे र दोहोरो नै गमला राखेर फूल फुलाइएको, त्यहाँ बत्ती बालेर राम्रो बनाइएको
- ढलान र पिच गरी १६ किमी पक्की सडक बनाइएको
- खुदी गोरखनाथ मार्ग कालोपत्रे हुने गरी टेन्डर भइसकेको, देउरालीबाट अर्को सडक स्तरोन्नति

**सामाजिक सेवा**

- डुँडामुखमा एक करोडको योजना बनिरहेको छ, ७० कुरिया भन्दा बढीले सुविधा पाउनेछन्
- ज्येष्ठ नागरिक भवन, ज्येष्ठ नागरिक भ्रमण कार्यक्रम हरेक वर्ष चलाएको, खोपकेन्द्र,
- ३० नम्बर वडा भवन निर्माण सम्पन्न भएर सेवा सञ्चालन
- २ वटा पार्क निर्माण गर्न काम भइरहेको - विकल्प ग्रिन पार्क डिपिआर बनाइसकेको, राम मन्दिर जनता पार्क निर्माणको प्रक्रियामा रहेको

**शिक्षामा**

- त्रिभुवन शान्ति नमुना माविमा सबै नयाँ भवन बनाइयो, विज्ञान कार्यक्रम चलाइयो
- हामी आउनु अघि ४ सय २३ जना विद्यार्थी रहेको यो माविमा अहिले ११ सय जना विद्यार्थी अध्ययन गर्छन्
- विज्ञान विषयमा प्रवेश परीक्षा लिएर मात्र विद्यार्थी भर्ना लिनुपर्ने अवस्था आएको छ
- अंग्रेजी माध्यममा पढाइ हुन्छ
- ३ वटा आधारभूत विद्यालयमा कम्पाउन्ड बनाउने, फर्निचर व्यवस्था गर्ने काम भयो ।

**स्वास्थ्य क्षेत्र**

- नगर स्वास्थ्य केन्द्रको स्थापना
- महाननगरको एक मात्र अस्पतालका रुपमा शिशुवा स्वास्थ्य चोकीको स्तरोन्नति गरेर १५ शैय्याको अस्पताल बनायो । अब त्यसलाई १ सय बेडको बनाउने तयारी भइरहेको छ । गण्डकी प्रदेश स्तरीय संक्रामक रोग अस्पताल पनि ३० नम्बर वडामा नै आएको छ । हाम्रो पहलमा ३० शैय्याको अस्पताल बनेको यसलाई जनरल सेवा दिने अस्पतालको रुपमा पनि सेवा दिने गरी काम भएको
- पोखरा युनिभर्सिटी क्षेत्रमा नै अब यसको उद्घाटन


**महिला तथा लक्षित वर्गका क्षेत्रमा**

- तालिमहरु दिइयो आया आर्जनका काम (च्याउ खेती, अचार बनाउने, तान बुनाइ, सिलाइ कटाइ, गुडिया लगायतका तालिम) वडाक कार्यालयबाट
- उपमेयरसँग महिला कार्यक्रमबाट ऋण
- दलित लक्षित कार्यक्रम चेतनामूलक कार्यक्रम गराइयो


**कृषि र पशुपालनमा**

- गोठ सुधार र टनेल वितरणका लागि अनुदान दिइयो । अहिलेसम्म करिब ४० जनाले यस्तो अनुदान लिनु भएको छ, गतवर्ष यस्तो अनुदान रकम रु. १० हजार थियो, अहिले २० हजार छ ।
- बहुप्राविधिक शिक्षालयमा २ जनालाई छात्रवृत्ति दिएर पढाइरहेको
- वडाको सेवा प्रवाहमा सुधार आएको छ
- डुँडामुखमा १० लाखको खानेपानी योजना
- गगनगौंडा बजार सतिघाटमा नमुना शवदाहस्थल बनाएको
- डिपिआर अनुसारका पार्क सम्पन्न भयो भने यो महानगरको लागि पनि हाम्रो लागि पनि सम्पत्ति हुन्छ
- वडाको प्रोफाइल बनाएर योजनावद्ध विकासको आधार तयार पारिएको छ


हाम्रो वडामा पनि र महानगरमा पनि कतिपय सवालमा पार्टी र जनप्रतिनिधिका बीचमा सम्वाद र योजनावद्ध विकासका सन्दर्भमा केही कमिकमजोरी रहेका हुन । तर समग्रमा म आफ्नो वडामा गरेको कामले सन्तुष्ट छु । म आफ्नो कार्यकाललाई सफल ठान्छु ।



श्री विष्णु सुनार
सदस्य



श्री विण्णुबहादुर भुजेल
वडा सदस्य



श्री पूर्णाखर पाण्डे
वडा सदस्य

वडा
३१

# समाजसेवाको हुटहुटीले वडाध्यक्ष बनायो



**कमल थापा (६३)**
वडाध्यक्ष वडा नम्बर ३१



वडा कार्यालय ३१ को भवन डिजाइन

बेगनासको आर्थिक सामाजिक विकासका लागि केही गरौं भन्ने हुटहुटीले वडाध्यक्ष भएको हुँ । राजनीतिमा सानै उमेरदेखि सक्रिय थिएँ । २०३५ सालमा भूमिगत रुपमा नै किसान संगठनबाट सदस्यता लिएर काम थालेको हो । पार्टीको साधारण सदस्य हुन थप २ वर्ष लाग्यो । त्यसक्रममा पार्टी विस्तारमा सहभागी बनियो, सुरक्षा दस्तामा बसेर काम गरियो । पछि पार्टी सम्पर्कमा रहेर केही वर्ष जागिर पनि गरें र पछि फेरि पार्टी काममा नै लागें । त्यहीं निरन्तरताकै कारणले साथीहरुले २०७४ मा वडाध्यक्ष बनाउनु भयो ।

वडाध्यक्षका रुपमा बेगनास र रुपातालालाई राम्रो बनाउनु पऱ्यो, यसको व्यावसयिक उपयोग गरौं, आर्थिक समृद्धिमा योगदान गरौं भन्ने सोचाइ थियो । वडाध्यक्ष भएपछि तालहरु कसले चलाउँछन्, कुन निकाय मातहत पर्छन् भन्ने पनि क्लियर भएन । अहिलेसम्म रुपामा माछापालन छ, बेगनासमा डुंगा र माछा व्यवसाय मात्र छ । यसको बहुपक्षीय उपयोग गर्ने सम्भावना छ तर काममा लगाउन पाइएन । बेगनास तालमा वाटर स्पोर्टस् क्रुजहरु बनाएर पर्यटकीय दृष्टिले उपयोग गर्ने, वरपर फुट ट्र्याक बनाउने, भित्र वार कफिसपहरु बनाउने भन्ने प्रस्तावसहित अर्बौंको लगानी गर्नेहरु आएका थिए । तर महानगरले हाम्रो प्रस्ताव स्वीकार नगरेर असरल्ल छ ।

बेगनास कोटमा भ्यु टावरको डिपिआर बनाएर तयार पारेको प्रस्ताव पनि अघि बढ्न सकेन । रुपातालमा एउटा झोलुंगे पुल बनाएर वारिपारि रिसोर्टको बनाउने, पुलमा क्याबिनहरु बनाउने र कफी चिया मगाएर खान मिल्ने गरी प्रस्ताव गरिएको थियो । यसले पर्यटन व्यवसाय बढ्थ्यो, रोजगारी सिर्जना हुन्छ भन्ने थियो । डिपिआर तयार भएपनि महानगरले स्वीकृति नदिएकोले सम्भव भएन । महानगरले पिपिपी मोडल भन्छ तर आएका यस्ता प्रस्ताव स्वीकार नगरेर असरल्ल छन् । यस बीचमा भौतिक पूर्वाधार निर्माणका क्षेत्रमा केही काम भएका छन् :


पोखरा ३१ मा निर्माण गरिएको लिफ्टिङ खानेपानी






बेगनास बृहत लिफ्टिङ खानेपानी योजना अन्तर्गत स्याङ्खुदीबाट पानी तानेर कोटमा पुऱ्याइएको छ । कोटमा पानी जम्मा गर्ने ट्यांकी बनाएर एक/एक धाराको अवाधारणा अनुसार वितरणको काम भइरहेको छ । जम्मा ६०० धारा वितरण गर्ने लक्ष्य छ, ४०० जति धारा वितरण भइसकेको छ ।

- किम्वेसीमा सडक निर्माण गरिएको छ
- विद्यालय भवनहरु, कम्पाउन्ड, शौचालयहरु बनाइएका छन्
- आनन्द ज्योति माविमा एउटा भवन वडाको योजनामा बनाइयो, पुनर्निर्माण प्राधिकरणसँगको सहकार्यमा थप २ वटा भवन बनाइएको छ
- आइसिटी ल्याब सञ्चालनमा ल्याइएको छ
- आनन्द ज्योति विद्यालयमा कृषि प्राविधिक विषयमा कक्षा १२सम्म पढाइ सुरु सञ्चालन गरिएको छ । विद्यार्थीहरुका लागि कृषिको व्यवहारिक अभ्यास गर्न आवश्यक पर्ने ३० रोपनी सार्वजनिक जमीन विद्यालयलाई उपलब्ध गराइएको छ ।
- अमरसिद्ध माविमा कम्पाउन्ड वाल, क्यान्टिन हल निर्माण गरिएको छ
- लमाश्वँरा अरुणज्योति विद्यालयमा कम्पाउन्ड बाल बनाइएको छ
- बेगनासको ठूली पोखरी बनाउने काम भइरहेको
- आय आर्जनका क्षेत्रमा कृषि टनेल, बाख्रा, गाइ भैसी वितरण गरियो, यो वर्ष ७८ जनाले टनेल माग्नु भएको छ, ।
- दलित लक्षित कार्यक्रम अन्तर्गत पञ्चेवाजा वितरण गरियो,
- लक्षित समूहका लागि सिलाइकटाइ तालिमको आयोजना गरियो
- सानो क्षेत्रफलको चार नम्बर वडालाई पनि १ करोड दिने हामी जस्ता ठूला वडालाई पनि १ करोड दिदाँ महानगरको बजेटको समानुपातिक वितरण भएन यसले विकासमापछि परेका इलाकाहरुलाई अघि ल्याउन समस्या परेको जस्तो लाग्छ ।
- पाँच करोडको योजना पेश गरेको ठाउँमा १ करोड आउँछ । पालिकामा कर्मचारी प्रशासन राजनीतिक नेतृत्वमाथि हाबी भएर पनि काम हुन सकेको छैन । फेवाताल वरपरको स्वार्थ समूहले लेखनाथका तालको विकास हुन पनि रोक्दो रहेछ । लगानी उतै लाने, पर्यटक उतै रोक्ने दबाब हुँदोरहेछ ।
- यस बीचमा महानगरमा पार्टी र निर्वाचित प्रतिनिधिका बीचको सहकार्य राम्रो भएन । जे जस्तो रुपमा पार्टीले कामको स्वामित्व लिने, संयोजन गर्ने गर्नुपर्ने हो त्यस्तो रहेन । वडास्तरमा पार्टीले सहयोग गरेको थियो । अर्कोतिर विषयगत समितिहरुलाई पनि प्रभावकारी बनाउन सकिएन ।
- यी सबै कारणले गर्दा पनि पाँच वर्षमा चाहे जस्तो काम गर्न सकिएन । केही नभएको होइन तर सम्भावनाहरु पुरै उजागर गर्न सकिएन ।



श्री विष्णुमाया धमला
वडा सदस्य



श्री सुनमाया नेपाली
वडा सदस्य




श्री विष्णुप्रसाद तिवारी
वडा सदस्य



श्री धर्मबहादुर बस्नेत
वडा सदस्य

वडा
३२

# टिम वर्कले सफल भइयो



**अक्कलबहादुर कार्की (६४)**
वडाध्यक्ष वडा नम्बर ३२



म भारतीय सेनाबाट अवकास भएदेखि नै सामाजिक रुपमा सक्रिय थिएँ। २०५१ सालदेखि नेपाली कांग्रेसमा आवद्ध भएर काम गरें। त्यस क्रममा साविक लेखनाथ न.पा वडा नं. १३ वडा इकाई समितिको कोषाध्यक्ष, २०६२/०६३ मा नेपाली कांग्रेस लेखनाथ नगरसमितिको सदस्य भएर काम गर्दै आएँ। २०७४ सालमा नेपाली कांग्रेसको तर्फबाट पोखरा महानगरपालिका वडा नं. ३२ को निर्वाचित वडाध्यक्ष भएँ। हाम्रो वडामा मिश्रित परिणाम आएको थियो, वडाध्यक्ष र एक जना सदस्य नेपाली कांग्रेसबाट निर्वाचित एक दलित महिला सदस्य, एक महिला सदस्य र एक जना पुरुष सदस्य नेकपा एमालेको तर्फबाट निर्वाचित भएका थियौं। हामीले आपसी सल्लाह र समभ्रदारीमा नै काम गर्दै आयौं। हाम्रो पहिलो कार्यकाल मेरो विचारमा सफल रहेको छ।

**पाँच वर्षमा भएका मुख्य कार्यहरु**

**सडक**

- ढोडवेसी भित्री बाटो सडक ढलान
- मालेपाटन र डाँडा गाउँ सडक ढलान
- राजाको चौतारा अस्थायी प्रहरी चोकीदेखि भित्री बाटो ढलान
- राजाको चौतारादेखि तिवारी साधुँसम्म ढलान
- तिवारी साँघुदेखि बाटिका बाख्रा फर्म हुँदै कटुन्जे जाने सडक
- खोलाको छेऊ–मोहनडाँडा पुल–ठाँटीदेखि बस्नेतको कुलायन मन्दिरहुँदै कमर डहर
- जोड्ने सडक ढलान
- साभा बजारदेखि पूर्व सिता प्राविसम्मको सडक ढलान
- सातमुहाने चैनपुर सडक ढलान
- गगनगौंडा बाट सातमुहाने जोड्ने मोटर बाटो ढलान र पिच
- खुदीखोलाबाट चैनपुर बाह्रविसे जाने

सडक
» मालेपाटन भित्री सडक ढलान
» भौरीचोकदेखि शितलनगर, ओढारेसम्म जाने सडक ४ किमी कालोपत्रे
» रुची मार्ग १ किमी सडक पिच
» मालमूल डिल तिवारी समुदाय भवनदेखि गण्डकी विश्व विद्यालयसम्म पुग्ने सडक
» ढलान
» गगनगौंडादेखि वडा कार्यालयहुँदै राजाको चौतारा सडक पिच १.५ किमी
» शान्ति नमूना मार्ग पिच २.२ किमी सडक पिच
» झोलुंगे पुल मार्ग १.२ किमी सडक ढलान
» लाहुरे टोल भान्जा टोल सडक ६ सय मिटर पिच
» छुचीबाट मजुवा कोत्रे निस्कने ४ सय मिटर ढलान/पिच
» लामे आहालबाट गन्धर्व टोल हुँदै कालिका मन्दिर जाने सडक ढलान
» खहरे खोलादेखि लामेआहाल जाने सडक ढलान
» लामेआहाल नयाँ बस्ती सडक ढलान
» भत्केको चौकीदेखि लामगादी जाने सडक पिच
» वडा नं. ३२ देखि वडा नं. ३३ जोड्ने सडक पिच सडक १ किमी
» तिवारी साँघु बर्नेपोखरीहुँदै रुपा गाउँपालिका जोड्ने सडक निर्माण

**पुल**

» खुदी खोलादेखि शेरावेसी शुक्ला गण्डकीको थप्रेक जोड्ने सडकमा पुल निर्माण
» मालेपाटनदेखि थप्रेक झोलुंगे पुल निर्माण

**भवन**

» सुविधासम्पन्न वडा कार्यालय भवन निर्माण
» गोगन माविमा चार कोठे पक्क भवन निर्माण
» व्रह्मा रुपा मावि १२ कोठे भवन निर्माण
» लामेआहाल स्थित संस्कृत गुरुकुल विद्या श्रममा ८ कोठे पक्की भवन निर्माण
» सीता आधारभूत प्राविको ६ कोठा भवन निर्माण
» चन्द्रज्योति प्रावि ४ कोठा भवन निर्माण
» हिमालय आधारभूत विद्यालय ६ कोठा पक्की भवन निर्माण

**शिक्षातर्फ**

» शिक्षामा भौतिक तथा दक्ष जनशक्तिमा सुधार र अंग्रेजी माध्यमबाट अध्यापन भएपछि विद्यार्थी संख्या बढेको
» गोगनमा माविमा पहिला ८ सय विद्यार्थी भएकोमा अहिले १४०० र व्रह्मरुपामा पहिला ६ सय विद्यार्थी भएकोमा अहिले ११५५ विद्यार्थी अध्ययन गर्दैछन् ।
» सामुदायिक विद्यालयमा सिसी क्यामेरा, ल्याब, कम्प्युटर जडान गरी भौतिक पूर्वाधारमा सुधार गरिएको
» पोखरा बहुप्राविधिक शिक्षालयमा एक जनालाई छात्रवृत्तिमा अध्ययन गराइएको
» वडामा स्थापना भएको गण्डकी विश्वविद्यालयले १२ वटा भवन निर्माण गरेको छ । त्यो पनि वडाको सम्पत्ति नै हो

**स्वास्थ्य**

» हिमालय टोल, दुर्गा मन्दिर टोल र मालेपाटनमा गरी तीन वटा सहरी स्वास्थ्य क्लिनिक रहेको
» विपन्नलाई औषधी निशुल्क वितरण
» हिमालय स्वास्थ्य क्लिनिकमा डाक्टर र




ल्याबको व्यवस्था

**आर्थिक विकास तथा रोजगारी**

» वडाका विभिन्न टोलमा गरी २८ समूहद्वारा पशुपालन गरिएको र २१ सय ५० लिटर दूध दैनिक उत्पादन भएको
» वडामा ४१ वटा बाख्रा फर्म सञ्चालनमा रहेका
» एक हजार हेक्टर जमिन सिँचाइ हुने बेगनासतालबाट ल्याइएको नहर गत वर्षको पानीले भत्काएर क्षति पुऱ्याएपछि प्रदेश सरकारको सहयोगमा पुनर्निर्माणका लागि पहल गरिएको र अघिल्लो आर्थिक वर्षमा १ करोड ७० लाखको लागतमा मर्मत संभार समेत गरिएको । यस आ.ब मा २ करोडको लागतमा पुन मर्मत सम्भारको काम अगाडि बढाइएको
» तरकारी खेतीका कृषकहरुको ३७ वटा समूह गठन गरिएको
» प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अर्न्तगत हाइटेक विधिबाट तरकारी खेती गर्ने एक जना कृषक रहेको
» मालेपाटनमा कृषि उपज खरिद बिक्री केन्द्रका लागि भवन निर्माण गरिएको
» चार सय जनालाई सिलाइकटाइसँग सम्बन्धित तालिम प्रदान गरिएको
» ८० जनालाई गुडिया र चुरा बनाउने तालिम दिइएको
» ऐतिहासिक सम्पदा पुर्ननिर्माण
» नेपाली सेना, स्थानीय आमा तथा महिला समूह, युवा क्लब समेतको सहयोगमा ऐतिहासिक राजाको चौताराको पुनर्निर्माण गरिएको ।
» सीताको गुफालाई संरक्षण गरिएको
» पौराणिक गणेश मन्दिरको मर्मत संभार गरिएको



श्री शान्ति आचार्य
वडा सदस्य



श्री शोभा सार्की
वडा सदस्य



श्री दीपक लामिछाने
वडा सदस्य



श्री लीलबहादुर श्रेष्ठ
वडा सदस्य

वडा
३३

# वडाले काँचुली फेरेको छ



**शिवप्रसाद अचार्य (४७)**
वडाध्यक्ष वडा नम्बर ३३



पार्टीमा निरन्तर काम गरेकोले होला साथीहरुले उम्मेद्वार हुन प्रस्ताव गर्नुभयो । स्व. रवीन्द्र अधिकारी दाईले मलाई सिधै प्रस्ताव गरेर तिमीले उठेर काम गर्नुपर्छ भन्नु भयो । यसरी स्थानीय साथी, आफ्नो नेता र पार्टीले अघि सारेकाले म वडाध्यक्ष निर्वाचित भएँ र काम गर्ने अवसर पाएँ । हाम्रो वडा महानगरका अरु वड भन्दा भौगोलिक रुपमा निकै ठूलो छ । बस्ती धेरै फैलिएको छ । विविध खालका समस्या छन् । हाम्रो यो कार्यकाल सबै टोल र वस्तीमा भौतिक पूर्वाधारका काम सडक, खानेपानी, विद्यालयमा भौतिक संरचना बनाउँदैमा बित्यो । पहिले माननीय रवीन्द्र अधिकारी र पछि माननीय विद्या भट्टराई पनि यही वडाको भएकोले वहाँहरुको पनि ध्यान गयो, सहयोग भयो । प्रदेश र संघीय सरकारका योजना पनि परे, पार्न पहल गरियो । समग्रमा यी पाँच वर्षमा हाम्रो वडाले काँचुली फेरेको छ ।

**कालोपत्रे**

» बिरौटा चोकदेखि पुणेटारको सडक चाक्लो बनाउने
» भण्डारढिक बहेली चोकसम्मको बाटो विस्तार
» उपल्लो गगनगौंडाबाट तिक्लाङसम्मको सडक विस्तार र कालोपत्रे
» भत्केको चोकीदेखि लामगादीसम्मको सडक
» ठुल्दुंगादेखि सुरतान सडक
» पानी ट्यांकीदेखि देउरालीसम्म
» पुँर्णेटारदेखि चवादीसम्म सडक फराकिलो

**पुलमा**

» चवादी सुरौदीखोला पुल
» कोत्रे मोटरेबल पुल
» लामगादी मोटरेबल पुल
» मुसेटुंडा मोटरलेबल पुल बनेका, बन्दै गरेका
» चाउथे चोकबाट चमेरेघाट हुँदै भेटेको

चौतारासम्म सडक विस्तार गरी मोटरेबल पुलको अवधारण अनुसार काम भइरहेको, यसमा २ वटा पुल बनाउने योजना

**खानेपानी**

» साना सहरी खानेपानी योजनाले बाघमारा सबै भेग समेटेको छ

» संघ र महानगर र उपभोक्ता मिलेर गरेर बृहत भरतपोखरी खानेपानी योजना सञ्चालनमा आउने तरखरमा (करिब १ अर्बको लगानीमा)

» तल्लो पुँडिटार, उपल्लो पुँडिटार, मगर वेसी, थप्ल्याङ, ठूलो पाखा, चवादी, लामगादी, असिमुरे महारुद्र खल्दु जिब्रेढुंगा, खरवादी पौवा, हनुमान पोखरी, लाखुश्वाँरा, चैनपुर

पाँचवर्ष म जनप्रतिनिधि भएर काम गर्दा चवादीमा ड्याम बनाएर रिजर्बवयर बनाउने योजना सफल बनाउन सकिएन ।अन्यथा जनप्रतिनिधि भएर काम गर्छु भनेर लाग्ने र इच्छाशक्ति हुने हो भने गर्न नसकिने भन्ने नै छैन । महानगरको विकासका दृष्टिले अस्फाल्ट पिचको प्रविधि आयो, राम्रो सडक बन्ने भयो । हामीले पोखरामा ८० प्रतिशत कार्यपालिका शक्ति हात पारेको हो । मेयरले टिम परिचालनमा पर्याप्त ध्यान दिएको भए अझ बढी काम गर्न सकिन्थ्यो राजनीतिक पहल कदमीको कमि भयो कि जस्तो लाग्छ । यस बीचमा हामीले चाहेर पनि पोखरा बसपार्क बनाउन सकिएन, पोखरा कोत्रे वैकल्पिक बाटो बन्नुपर्थ्यो बनेन, फोहोर व्यवस्थापनमा काम हुन सकेन, सडक छेउमा हुर्केका रुख सारेर हरियाली बनाउने योजना पनि बनेन काम हुन सकेन । यी काम गर्न सकेको भए पोखरा अझ अकार्षक गन्तव्य बन्ने थियो ।

विकास एउटा अवधारणा पनि हो । कसरी आफ्नो टोल र गाउँ सहरको विकास गर्न सम्भव छ । प्रदेश, संघ र महानगरसँगबाट वडातहसम्म स्रोत लैजानका लागि पर्याप्त लबिङ चाहिन्छ । त्यसो जसले गर्न सक्छ त्यसले विकास गर्छु । मेरो अनुभवमा मैले स्रोत परिचालनमा अरु



वडाका साथीहरुले भन्दा राम्रो काम गर्न सकें भन्ने लाग्छ ।

हामीले पोखरा कोत्रे चवादी सडक जतिको राम्रो योजना अर्को छैन, यहाँबाट सुरौदी ५ किमी पर्छ, त्यहाँबाट स्याङ्जा २२ किमी छ । यसरी हेर्दा कोत्रेबाट ३० किमीमा स्याङ्जा पुगिन्छ, पोखराबाट जाँदा ६० किमी पर्छ । यो कुरा राम्ररी बुझाउन नसकेकाले त्यो काम आरम्भ गर्न सकिएन भन्ने एउटा पछुतो छ । बाँकी आफ्ना कामबाट सन्तुष्ट छु ।



**प्रकाशक**

पोखरा महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पोखरा-८, न्युरोड